
२९२

# भक्तपुर

मासिक

Bhaktapur Monthly

फागुन २०७७



ISSN 2705-4454




## नेपालको पहिलो

## श्वासप्रश्वास पुनर्स्थापना केन्द्र सञ्चालन

# श्वासप्रश्वास पुनर्स्थापना केन्द्र सञ्चालन तथा भवन उद्घाटन कार्यक्रम




प्रमुख अतिथि नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँलगायत श्वासप्रश्वास पुनर्स्थापना केन्द्र सञ्चालन तथा भवन उद्घाटन कार्यक्रममा मञ्चासिन अतिथिहरू (पुस २९)



प्रमुख अतिथि नेमकिपाका अध्यक्ष बिजुक्छेँ श्वासप्रश्वास पुनर्स्थापना केन्द्रको भवन उद्घाटन गर्नुहुँदै (पुस २९)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० म.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{#*★cÆ $★g];=!$!★lj-;=@)&&kmfug★A.D.2021

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)






'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

**‘क्रान्तिपछि राजनीति सामाजिक विकास र पुनर्स्थापनाको साधन बन्न जान्छ र राजनीतिको मुख्य काम समाजमा परिवर्तन ल्याउनको लागि चेतनालाई जागृत गर्नु हुन्छ ।’– कार्ल मार्क्स**

## यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) नेमकिपाको ३१ औँ केन्द्रीय परिषद्‌बाट पारित राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावहरू | – | ३ |
| २) शिक्षा र स्वास्थ्यबारे समसामयिक टिप्पणी – नारायणमान बिजुक्छेँ (रोहित) | – | ६ |
| ३) स्वास्थ्य सेवामा भक्तपुर नगरपालिका सधैँ जनताको साथमा | प्रमुख सुनिल प्रजापति | ७ |
| ४) ‘सामुदायिक विद्यालय सुधारको जिम्मा निजी विद्यालयलाई दिनु राज्यको गैर जिम्मेवारीपन हो’ | प्रमुख सुनिल प्रजापति | ९ |
| ५) हामीले श्वासप्रश्वासमा समस्या भएका नगरवासीहरूको सेवा गर्ने अवसर पायौँ | उपप्रमुख रजनी जोशी | ११ |
| ६) इखालाछि मठ र कुम्हः त्वःका अन्य सम्पदा | डा. पुरुषोत्तमलोचन श्रेष्ठ | १२ |
| ७) मध्यकालीन पश्चिम नेपालका बाइसी, चौबीसी र गोरखा राज्य | डा. बलराम कायस्थ | २६ |
| ८) भक्तपुरको एक लुप्त सम्पदा : लाँपाँदेग | ओम धौभडेल | ३० |
| ९) ज्यापू जातिको इहिपा (विवाह) गर्ने संस्कार (२) | डा. हरिराम सुवाल | ३४ |
| १०) वास्तुशास्त्रका तीन थ्या–साफू | गणेशभक्त शिल्पकार | ३५ |
| ११) चिटिक्क भक्तपुर | उपेन्द्र लामिछाने | ३७ |
| १२) विश्व प्रसिद्ध छवि र छविकार | वन्दिता | ३९ |
| १३) होली पर्वको सामाजिक तथा सांस्कृतिक आयाम | सुनिता गाइसी | ४६ |
| १४) किम इल सङको संस्मरण : शताब्दीका साथ (४) | – | ४७ |
| १५) हेनरी किसिञ्जरको आँखामा चीन (२) | एक शिक्षक | ५३ |
| १६) भक्तपुर नगरपालिकाको कार्यपालिकाको बैठक निर्णय | – | ५८ |
| १७) भक्तपुर नगरपालिकाको आठौँ नगरसभा सम्पन्न | – | ८३ |
| १८) भक्तपुर नगरपालिकाका विविध गतिविधि | – | ८६ |
| १९) विविध समाचार | – | १०१ |
| २०) भक्तपुर नपाबाट सञ्चालित जनस्वास्थ्य केन्द्रबाट सेवा (तथ्याङ्कमा) | – | ११८ |
| २१) संसदीय व्यवस्था – बुच्चे कि ‘मौलिक’ ? (सम्पादकको पृष्ठ) | – | १२४ |

**साथमा** : घर दैलो नर्सिङ सेवाको प्रतिवेदन (माघ)– ४५/ तस्बिरमा केही गतिविधि (रङ्गीन पृष्ठ)– ६१/ बसिबियाँलो– १०३/ आफन्तीको कथा– ११६/ हाम्रो स्वास्थ्य– ११७/ नेपालमा कोरोना सङ्क्रमण– ११९/ विश्वमा कोरोनाको स्थिति– १२०/ स्थानीय सरकार सञ्चालन ऐन (१६)– १२२/ SKETCHES FROM NIPAL (57) - Henry Ambrosr Oldfield- १२३





# नेमकिपाको ३१ औं केन्द्रीय परिषद्बाट पारित राष्ट्रिय–अन्तर्राष्ट्रिय प्रस्तावहरू




नेमकिपाको ३१ औं केन्द्रीय परिषद्को अध्यक्षता गर्नुहुँदै अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)

(नेपाल मजदुर किसान पार्टीको फागुन ८, ९ र १० मा सम्पन्न ३१ औं परिषद्बाट पारित)

**राष्ट्रिय प्रस्ताव :**

१) माओवादी सशस्त्र द्वन्द्वको बेला भारतसँगको सिमानाका नेपाली सुरक्षाकर्मीको चौकी भत्काइएको हुँदा भारतबाट थप सीमा अतिक्रमण भयो । त्यसबेला नेपाली अधिकारीहरूले भारतमा बसेर तयार गरेको नेपाल–भारत स्ट्रीप (सीमा) नक्सामा पश्चिम नेपालको कञ्चनपुरको नेपाली भूमि र भौतिक पूर्वाधार नहर, विद्यालय र अन्य संरचना भारततर्फ परेको छ । यो स्ट्रीप नक्साअनुसार भारतसँगको खुला सीमासँग जोडिएका अन्य जिल्लाहरूको नेपाली भूभाग पनि भारततर्फ परेको छ । तसर्थ नेपाल–भारतको हालको स्ट्रीप (सीमा) नक्सा खारेज गरी नयाँ स्ट्रीप (सीमा) नक्सा तयार गर्न र संलग्न कर्मचारीहरूलाई छानबिन गरी कारबाही गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

२) नेपालीसँग विवाह भएका विदेशी पुरुष वा महिलालाई अङ्गीकृत (कृत्रिम) नेपाली नागरिकता सजिलै र छिट्टै दिने तथा उनीहरूका छोराछोरीलाई वंशजको नेपाली नागरिकता दिने कानुनी प्रावधान देश र जनताको हितमा नहुने हुँदा

यस्तो कानुनी प्रावधान हटाउन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

३) भारतसँगको खुला सीमाको कारण सीमा क्षेत्रका नेपाली जनता बढी पीडित छन् । सीमा क्षेत्रका ग्रामीण बस्तीहरूमा दैनिक उपभोग्य वस्तु सस्तो र सुलभ नहुँदा सीमाका नेपालीहरू भारतमा किनमेलमा जान बाध्य छन् । सीमा क्षेत्रका ग्रामीण बस्तीहरूमा समेत दैनिक उपभोग्य वस्तुलगायत शिक्षा, स्वास्थ्यजस्ता आधारभूत आवश्यकताहरू व्यवस्थापन गरी खुला सीमा बन्द गर्न यो परिषद् पुनः जोड दिन्छ ।

४) तराईका किसानहरूको एक आर्थिक स्रोत उखु बालीको समयमै भुक्तानी नहुँदा नगदे बाली उखु खेतीतर्फ किसानहरू निरुत्साहित छन् । नेपालका उखु किसान निरुत्साहित भई भारतबाट चिनी आयात बढ्दो छ । नेपाली किसानहरूले उत्पादन गरेको उखुको उचित मूल्य निर्धारण गरी सरकारले नै खरिद गर्ने तथा उखुको भुक्तानी नगरेका शासक पार्टीका सांसद एवम् कार्यकर्ता बनेका उखु मिलका मालिकहरूलाई अविलम्ब कारबाही गर्न यो परिषद् सरकारसँग माग गर्दछ ।

५) काठमाडौं उपत्यकाभित्र एक लाख रोपनीको एक र दश हजार रोपनीको तीनसमेत चार ओटा ठूला सहर निर्माण गर्ने सरकारी निर्णयबाट उपत्यकामा खानेपानीको समस्या, अपराध, प्रदूषण र सडक जाम बढाउने हुँदा जनस्वास्थ्यलाई थप पीडा हुने सो निर्णय सरकारले फिर्ता लिई काठमाडौं उपत्यकामा जस्तै प्रदेश राजधानी र जिल्ला सदरमुकामहरूमा अस्पताल, विद्यालय, कलेज, सडक र अन्य पूर्वाधारहरू निर्माण गरी देशको सन्तुलित विकास गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

६) काठमाडौंको थःवही (ठमेल) स्थित सार्वजनिक एवम् ऐतिहासिक कमलपोखरी मासेर निजी कम्पनीको नाममा छायाँदेवी कम्प्लेक्स निर्माण गराइएको विरोधमा स्थानीय जनता आन्दोलनरत छन् । उक्त कमलपोखरी साविकबमोजिम सार्वजनिक नै कायम गर्न यो परिषद् नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ र स्थानीय जनताको सङ्घर्षमा ऐक्यबद्धता जनाउँदछ ।

७) काठमाडौं–बारा फास्ट ट्र्याकको नाममा खोनाको सांस्कृतिक सम्पदा क्षेत्र सिकाली चौरसमेत विनाश हुने गरी स्थानीय खोकना–बुङ्मतीका जनताको मुआब्जा नलिएको खेतीयोग्य जग्गामा डोजर चलाई चौडा सडक निर्माण गरी स्थानीय जनतालाई विस्थापित गरिँदै छ । जनतालाई पीडा हुने काठमाडौं–बारा द्रुतमार्ग र चोभारको सुख्खा बन्दरगाह निर्माण अविलम्ब खारेज गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ र स्थानीय जनताको सङ्घर्षमा ऐक्यबद्धता प्रकट गर्दछ ।

८) नेपाल सरकारको कृषिमा विदेशी लगानी भित्र्याउने हालैको निर्णयबाट देश आर्थिकरूपले उपनिवेश हुने, कृषि उत्पादनमा विदेशी एकाधिकार कायम हुने, नेपाली कृषकहरू विदेशीको थिचोमिचोमा पर्ने, देश परनिर्भर हुने भएकोले कृषिमा वैदेशिक लगानीसम्बन्धी सरकारी निर्णय अविलम्ब फिर्ता गर्न यो परिषद् माग गर्दछ ।

९) अन्धविश्वास, कुप्रथा, चेलिबेटी बेचबिखन, महिला हिंसालगायतका बेथिति अन्त्य नभएकोमा आजसम्मका सरकारहरू नै जिम्मेवार भएको हुँदा यो परिषद् ती सरकारहरूको विरोध एवम् भर्त्सना गर्दछ ।

१०) बलात्कारी, महिला हिंसा, चेलीबेटी बेचबिखनका जघन्य अपराधी र ठूला भ्रष्टाचारीहरूलाई संविधान संशोधन गरी मृत्युदण्ड दिने कानुनी बन्दोबस्त गर्न यो परिषद् सरकारको पुनः ध्यानाकर्षण गराउँदछ ।

११) नेपाललाई कृषिमा आत्मनिर्भर बनाउन खेतीयोग्य जमिनमा सिँचाइको बन्दोबस्त गरी उन्नत बीउ बिजनको व्यवस्था तथा स्वदेशमै रासायनिक मल कारखाना स्थापना गरी समयमै किसानहरूलाई सस्तोमा मल एवम् आवश्यक अन्य कृषि सामग्रीमा अनुदान उपलब्ध गराउन यो परिषद् जोड दिन्छ ।

१२) नेकपाको दुईतिहाइ मतको सरकारले देश र जनताको हितमा काम गर्न नसकेको र नेकपाभित्र पदको भागबन्डाको 'कुकुरझगडा' भएको कारण २०७७ पुस ५ गते प्रतिनिधिसभा विघटनको स्थितिमा पुगेको हो । २०७८ वैशाख १७ र २७ गते प्रतिनिधिसभा निर्वाचन गर्न ताजा जनादेशको नयाँ मिति घोषणा भएकोमा यो परिषद् औचित्यको अनुभव गर्दछ ।

१३) कोभिड–१९ विरुद्धको खोप सर्वसाधारणलाई समयमै निःशुल्क उपलब्ध गराउन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

१४) कोरोना महामारीको बहानामा बिनाकानुनी आधार उपदान नदिई मजदुरसमेत निष्काशन गरेका निजी क्षेत्रका प्रतिष्ठान र उद्योगहरूलाई कानुनी कारबाही गर्न र निष्काशित मजदुरहरूलाई पुनः बहाल गरी कानुनअनुसार उपदान र अन्य सेवा सुविधा प्रदान गर्न गराउन यो परिषद् जोड दिन्छ ।

१५) मावि तहसम्मको शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क गरी शिक्षाको सम्पूर्ण दायित्व सरकारले लिन यो परिषद् पुनः जोड दिन्छ ।

१६) मासिक रु. ६ हजारमा कार्यरत पूर्व प्रावि तहका ईसीडी शिक्षिकाको न्यूनत्तम योग्यता एसईई कायम गरी सोही सरहको न्यूनत्तम पारिश्रमिक निर्धारण गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

१७) लामो समयदेखि कार्यरत राहत, करार, ईसीडी र पीसीएफ शिक्षकहरूलाई प्रक्रिया पुऱ्याई स्थायी गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

१८) नेपालका ८० लाखभन्दा बढी युवाहरूलाई आफ्नो घरखेत बेच्न लगाई वैदेशिक रोजगारीको नाममा बहुराष्ट्रिय कम्पनीहरूको लागि सस्तो ज्यामी बन्न पठाउने म्यानपावर कम्पनीहरूमाथि छानबिन गरी मानव बेचबिखनमा कारबाही गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

१९) अधिकांश भूकम्प पीडितहरूको भूकम्पमा भत्किएका घर-भवन अझै पुनः निर्माण हुन नसकेको हुँदा भूकम्प पीडितलाई अनुदान दिने र सहुलियत ब्याजमा ऋण उपलब्ध गराउने सरकारी व्यवस्थाको समयावधि थप गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

२०) नेपालको जल, जङ्गल, जडिबुटी र जनशक्तिलाई नेपाली जनताकै हितमा प्रयोग गर्न र पर्याप्त जलविद्युत् उत्पादन गरी खाना पकाउने ग्यासलगायत इन्धन आयातमा भइरहेको वर्षको खबौँ रूपैयाँ व्यापारघाटा घटाउन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

२१) प्रतिनिधिसभाको समानुपातिक निर्वाचनमा ३ प्रतिशत र प्रदेशसभाको समानुपातिक निर्वाचनमा १.५ प्रतिशत मत प्राप्त नगरेका राजनैतिक दललाई राष्ट्रिय मान्यता नदिने कानुनी प्रावधान प्रजातन्त्रविपरीत भएकोले उक्त कानुनी प्रावधान खारेज गर्न यो परिषद पुनः जोड दिन्छ ।



**अन्तर्राष्ट्रिय प्रस्ताव :**

१) कोभिड-१९ को महामारी नियन्त्रण गर्न विश्वका विभिन्न देशहरूलाई आवश्यक सहयोग गरी समाजवादी देश चीन र चिनियाँ कम्युनिस्ट पार्टीले निर्वाह गरेको भूमिकाको यो परिषद् उच्च मूल्याङ्कन गर्दछ । हाल कोभिड-१९ विरुद्धको खोप उपलब्ध गराउने कार्यमा समेत चीन र चिनियाँ कम्युनिस्ट पार्टीबाट महत्त्वपूर्ण योगदान हुने यो परिषद् विश्वास गर्दछ ।

२) समाजवादी देश क्युवाले कोभिड-१९ महामारीमा परेको युरोप र अफ्रिकी मुलुकहरूमा विशेषज्ञ चिकित्सकसहितको टोली पठाई मानवीय गुण लगाएकोलाई विश्वका न्यायप्रेमी जनताबाट उच्च मूल्याङ्कन भएको छ । क्युवाली सरकार र क्युवाली कम्युनिस्ट पार्टीको यो मानवीय सेवा आगामी दिनमा समेत निरन्तर हुने यो परिषद् विश्वास गर्दछ ।

३) समाजवादी देश क्युवाविरुद्धको नाकाबन्दीलाई थप कडा पार्ने अमेरिकी राष्ट्रपति बाइडेन प्रशासनको हालैको निर्णयलाई यो परिषद् विरोध एवम् भर्त्सना गर्दछ । संरा अमेरिकाले प्रजग कोरियासँग स्थायी शान्ति सम्झौता गरी दक्षिण कोरियाबाट अमेरिकी सेना र हतियार अविलम्ब फिर्ता गर्न यो परिषद् माग गर्दछ ।

४) हिन्द-प्रशान्त क्षेत्रमा अमेरिकी नेतृत्वको सैन्य गठबन्धन एमसीसी सम्झौता फिर्ता गरी अविलम्ब खारेज गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

५) दक्षिण एसिया र बाँकी विश्वमा शान्ति कायम गर्न चीन र भारतको मित्रता महत्त्वपूर्ण छ । अमेरिकी उक्साहटमा चीनविरुद्ध भारतको सीमा विवाद पनि अन्त्य हुनु जरुरी छ । भारत र चीनको सीमा विवाद अन्त्य गर्न र दुई देशको मित्रता बलियो बनाउन चीनविरुद्ध भारतलाई झगडा लगाउने उद्देश्यसहित बेलायती-भारतले कोरेको म्याकमाहोन सीमा रेखा खारेज गरी ऐतिहासिक प्रमाण र तथ्यको आधारमा दुई देशको सीमा रेखा पुनः निर्धारण गर्न यो परिषद् अपिल गर्दछ ।

६) चिनियाँ कम्युनिस्ट पार्टीको सरकारले चीनका करोडौँ जनतालाई गरिबीबाट माथि उठाएको तथा संसारकै साझा लक्ष्यको रूपमा 'क्षेत्र र मार्ग अगुवाई' (BRI) बृहत् अभियान अघि बढाएकोमा यो परिषद् चिनियाँ कम्युनिस्ट पार्टी र यसका नेता एवम् कार्यकर्ताहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछ ।

स्रोतः 'मजदुर' दैनिक

# शिक्षा र स्वास्थ्यबारे समसामयिक टिप्पणी

• नारायणमान बिजुक्छेँ (रोहित)

उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य आदि हरेक क्षेत्रमा नाफाको निम्ति अपराधीकरण बढ्दै गएको सम्बन्धमा घरघरमा छलफल र चिन्ता व्यक्त भइरहेको छ। पूँजीवादी समाजमा नाफाकै निम्ति उद्योगधन्दाको निर्माण हुन्छ भने समाजवादी समाजमा देश र जनताको हितको निम्ति उद्योगधन्दाको व्यवस्था हुन्छ।

अनेक सहुलियतको नाममा निजी विद्यालय र विश्वविद्यालयहरूले विद्यार्थीबाट शुल्क लिएको पाइन्छ। शुल्क वृद्धि भएकोमा असन्तोष व्यक्त गर्दै विद्यालय र महाविद्यालयहरूमा ताला लगाएका समाचारहरू बरोबर प्रकाशित भइरहेका छन्।

नेपालमा भारतका नक्कली तथा सक्कली विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयहरूको प्रमाणपत्रहरूको छेलोखेलोबारे प्रचार माध्यमहरूमा आइरहेका छन्। काठमाडौं र नेपालका विभिन्न क्षेत्रमा ती शिक्षण संस्थाहरूले लिएका परीक्षाहरूमा हाकाहाकी नक्कल गर्न दिइएको र कमजोर विद्यार्थीले समेत धेरै अङ्क ल्याएर उत्तीर्ण गरेको हल्ला नौलो विषय रहेन।

यसका केही कारण छन् : नेपालका विश्वविद्यालयका प्राध्यापकहरू 'विश्व बजारमा बिक्ने शिक्षाबारे' प्रचार गर्छन् र बजारमा सक्कली र नक्कली, राम्रो र नराम्रो, असल र खराब सामान भएजस्तै शिक्षामा पनि विविधता हुनु स्वाभाविक भनी प्रचार गर्छन्। नामै नसुनिएका भारत र अन्य देशका स्तरहीन विश्वविद्यालयहरूलाई त्रिविले समकक्षता दिनुले नै समस्या बल्झिएको हो। भारतका विश्वविद्यालयहरूको पढाइ ३ वर्षको भनी नेपालले पनि ३ वर्षे बनाउँदा विदेशमा नेपालको विश्वविद्यालयको पढाइ र प्रमाणपत्रलाई मान्यता दिन नमानेको सुन्नमा आइरहेको पनि धेरै वर्ष भयो। तर, विद्यावारिधिमा नेपालमा ४ वर्षेको बन्दोबस्त गर्दा व्यापक नकारात्मक प्रचार गरी धेरै विद्यार्थी ३ वर्षे भारतीय विद्यावारिधिको अध्ययनमा सामेल भए। त्यसले गर्दा नेपालको ठूलो रकम पलायन भयो भने कमजोर श्रमशक्ति देशले प्राप्त गर्दै छ।

विश्वविद्यालय अनुदान आयोग र विश्वविद्यालयले विद्यार्थीलाई छात्रवृत्ति र 'अध्ययन अनुदान' को बन्दोबस्त गरेमा नेपालकै ४ वर्षे विद्यावारिधि अध्ययनमा सामेल भई विद्यार्थीले स्तरीय शिक्षा पाउँथे।

काठमाडौं उपत्यकाकै कलेजहरूमा कतै सेमेस्टर तथा कतै पूर्णकालीन शिक्षण बन्दोबस्त गरियो र नक्कली हाजिरी रेकर्ड राख्नेजस्ता हुने नहुने उपायहरू अपनाउँदा शिक्षामा



अराजकता र माफियाकरण (अपराधीकरण) ले बढावा पायो। यसको उदाहरण 'गोल्ड मेडलिस्टलाई १४ महिना कैद' जस्ता उदाहरणहरू जनताले बरोबर सुन्नुपर्ने हुन्छ *(कान्तिपुर, १५ असोज २०७७)*।

**शिक्षा क्षेत्रमा हुने हरेक त्रुटि र लापरबाहीले व्यक्ति, समाज र देश नै पराधीन हुने सम्भावना प्रबल हुन्छ। प्रजातन्त्रमा राजनीतिक दलहरूको स्तरहीनता, व्यक्तिगत महत्त्वाकाङ्क्षा एवम् अदूरदर्शिताले सेना, प्रहरी, गुप्तचर विभाग, प्रशासन र न्याय क्षेत्रमा समेत विदेशी प्रभावको सम्भावना रहन्छ। साँचो अर्थमा देश स्वतन्त्र, स्वाधीन र सार्वभौम हुनेछैन।**

यसकारण, विदेशी विश्वविद्यालयको लहलहैमा लागेर आफ्नो देशको शिक्षाको स्तरलाई कमजोर बनाउनु हुन्न। हामीले आफ्नै देशको निम्ति हरेक क्षेत्रमा सक्षम श्रमशक्तिको निर्माण गर्ने हो, विदेशको निम्ति ज्यामी उत्पादन गर्ने होइन। नेपाल सदा विदेशीको गोर्खाली सिपाही, 'दरवान, कुल्ली, पिउन' र ज्यामीको निर्यातकर्ता भइरहनु उचित होइन। अहिलेसम्मको यो नीति पूर्णरूपले दोषपूर्ण छ। विदेशभक्ति र हीनताबोधबाट नेपाली समाजलाई मुक्त गर्नु जरुरी छ। विदेशको नक्कली प्रमाणपत्रहरूबाट नेपाली समाजलाई जोगाउनै पर्छ।

कोभिड-१९ पछि नेपालमा मात्रै होइन सम्पूर्ण पूँजीवादी देशहरूमा स्वास्थ्य क्षेत्रमा हाकाहाकी नाफाको व्यापार भएको र जनताको सेवा गर्ने निजी क्षेत्रको पर्दा च्यातिएको छ। सरकारी क्षेत्र र नेपाल मेडिकल काउन्सिल नै पटक-पटक भ्रष्टाचार ➲

# स्वास्थ्य सेवामा पनि भक्तपुर नगरपालिका सधैं जनताको साथमा

– सुनिल प्रजापति
प्रमुख, भक्तपुर नगरपालिका

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का. नारायणमान बिजुक्छेँज्यूबाट श्वासप्रश्वास पुनःस्थापन केन्द्रको उद्घाटन गर्न पाउँदा हामी अत्यन्त खुशी छौँ । भक्तपुर नगरपालिकाले जनताको स्वास्थ्यलाई प्राथमिकतामा राखी निरन्तर काम गर्दै आएकोमा आजबाट थप एउटा सेवा विस्तार गर्दैछौँ । यस केन्द्रको उद्घाटन २०७६ चैत्र ३ **गते** गर्ने र सोही दिनबाटै सेवा सञ्चालनमा ल्याउने हाम्रो तयारी थियो । तर अन्तिम समयमा आएर कोभिडका कारण रोकिनुपऱ्यो । आज झण्डै १० महिनापछि यो कार्यक्रम गर्दैछौँ ।

आज पनि कोभिडकै कारण जापानबाट आउने प्रतिनिधि साथीहरू आउन सक्नुभएन । उहाँहरूको भिडियो सन्देश प्राप्त भएको जानकारी आएको छ । यस सेवा सञ्चालनको लागि सहयोग गर्ने जापान सरकार र सहयोगी संस्था जिम्टेफप्रति आभार व्यक्त गर्दछौँ । हाम्रा चिकित्सकहरूले जापानमा गएर दम खोकीको उपचारसम्बन्धी




तालिम लिएर आउनु भएको छ । ती तालिम प्राप्त चिकित्सकहरूबाट अहिले स्वास्थ्यकर्मीहरूलाई तालिम दिने कार्य पनि भइरहेको छ ।

---

➲ र पक्षपातको आलोचनाको कठघरामा उभिएको तथ्य हो । दुर्गम तथा सुगम क्षेत्रमै म्याद नाघेको गुणस्तरहीन तथा नक्कली औषधि बिक्री वितरण भइरहेको छ । अनाधिकृत चिकित्सकबाट बिरामी जाँच, छात्रवृत्तिमा भ्रष्टाचार, चिकित्साशास्त्रको अध्ययनमा लाखौँलाखको रकमको खेल र चिकित्सक एवम् स्वास्थ्यकर्मीहरूबाट रोगीहरूप्रति गरिने व्यवहार र अनियमितताको कारण रोगीका आफन्तबाट अस्पतालको सामानको भाँचकुँच आदि दैनिक घटना बन्दै छन् । साथै, पूँजीवादी देशका कम्पनीहरू कोभिड-१९ को खोपबाट आफै मुनाफा कमाउन राजनैतिक प्रभावलाई प्रयोग गर्दै छन् ।

सरकारी अस्पतालहरूमा थप सुविधाको बन्दोबस्त आवश्यकता छ । हरेक प्रदेशमा एउटा स्तरीय अस्पतालको स्थापना नभएसम्म अस्थायी अस्पतालको बन्दोबस्त आवश्यक छ ।

चिकित्सकहरूले थप अध्ययन गर्न नेपालको निजी मेडिकल कलेजहरूमा पढ्न लाखौं शुल्क तिर्नुपर्ने हुँदा मित्र राष्ट्रले प्रदान गरेको छात्रवृत्तिलाई फिर्ता पठाउने प्रवृत्ति नेपालको हितमा छैन । 'नयाँ पत्रिका' ले लेख्यो, 'चीनबाट छात्रवृत्तिको ४२ कोटा, तर तीन जनामात्र सिफारिस, सरकारी चिकित्सकबाट मात्रै आवेदन माग्दा चीनले दिएको ३९ कोटा गुम्ने सम्भावना' *(२०७७ फागुन ३)* । चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष डा. श्री कृष्ण गिरीले प्रस्ट गरे, 'सरकारी अस्पतालमा कार्यरत चिकित्सकलाई छात्रवृत्ति दिने भन्ने व्यवस्था भएकाले छात्रवृत्तिको कोटामा कम सिफारिस भएका हुन् ।' त्यसो भए के सरकारी अस्पतालमा माथिल्ला स्तरको अध्ययन गर्ने चिकित्सकहरू ३ जनामात्रै छन् ? यसबारे उपाध्यक्ष गिरीले व्याख्या गर्नु उपयुक्त होला !

देशको उद्योगधन्दामा विस्तारै विदेशी पूँजीको प्रभाव बढ्दै छ । मुलुकमा तीन ठूला व्यावसायिक घरानाहरूको संयुक्त लगानीमा स्थापित सौर्य सिमेन्ट उद्योग शङ्कर ग्रुप, अम्बे ग्रुप र सिके गोल्छाको लगानीमा उत्पादन सुरु हुँदै छ ।

ढुवानी व्यवसायमा समेत ठूलो भ्रष्टाचार भएको र पेट्रोलमा मट्टीतेल मिसाएर ल्याइएको ट्याङ्कर पक्राउको सङ्केत पाउनासाथ सो ट्याङ्कर त्रिशुली नदीमा जानाजान खसालेको हुँदा चालक र सहचालक पक्राउ परेको थियो भने ट्याङ्कर धनी अप्सरा पौडेलबाट '२१ लाख क्षतिपूर्ति असुल' गरेको समाचारले बतायो ।

यसरी देशको स्वास्थ्य र शिक्षामा समेत भइरहेको अनियमितता, भ्रष्टाचार, भेदभाव र अराजकताबारे विद्यालय र विश्वविद्यालय स्तरबाटै नयाँ पुस्तालाई सचेत पार्नु समीचीन हुन्छ ।

*(ख्वप माविको २१ औँ, ख्वप कलेजको १९ औँ र शारदा क्याम्पसको ३० औँ वार्षिक उत्सवको अवसरमा प्रकाशित बुलेटिन-२०७७ बाट)*

नेपालमा सर्नेभन्दा नसर्ने रोगहरूले जनता आक्रान्त बन्दैछन् । दम खोकीजस्ता श्वासप्रश्वाससम्बन्धी रोगले पनि धेरै जनता पीडित छन् । विश्व वातावरणमा आएको परिवर्तन, अनियन्त्रित जङ्गल फडानी, तीव्र गतिमा शहरीकरण, औद्योगिकीकरणसँगै धूलो, ध्वनि र रसायन उद्योगहरूबाट हुने वातावरण प्रदूषण तथा अनियन्त्रित रूपमा आयातित सवारीसाधनहरूले श्वासप्रश्वाससम्बन्धी रोगलाई मलजल दिइरहेको छ । सरकारको तर्फबाट उचित प्रयास र जनता सचेत नभएसम्म यसलाई नियन्त्रण गर्न सम्भव छैन ।

विश्वको औसतभन्दा बढी नेपालमा वातावरण प्रदूषण भएको र काठमाडौं उपत्यका झन् बढी प्रदूषित भएको विभिन्न रिपोर्टहरूमा जनाइएको छ । भक्तपुरवासीहरूमा बढ्दै गएको दम खोकीको उपचारसम्बन्धी खोजी गर्दै जाने क्रममा श्वासप्रश्वास पुन:स्थापन केन्द्र सञ्चालन गर्नेमा हामी पुग्यौं । यसलाई व्यवस्थित रूपमा अगाडि बढाउनेछौं ।

आर्थिक उदारीकरणसँगै स्वास्थ्य सेवा पनि बिस्तारै निजीकरण हुँदै गएपछि गरिब जनताको लागि स्वास्थ्य उपचार निकै महँगो हुन पुग्यो । स्वास्थ्य उपचारमा नागरिकहरूको सहज पहुँच र सस्तो र गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्रदान गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले च्याम्हासिंह, भगवतीस्थान र ब्यासी गरी तीनओटा जनस्वास्थ्य सेवा केन्द्रहरू सञ्चालन गर्दै आएको छ । कोभिड महामारीबीच पनि भक्तपुर नगरपालिकाबाट सञ्चालित ती स्वास्थ्य केन्द्रहरू बन्द भएनन् । जनतालाई सङ्कट परेको बेला झन् बढी सेवा गर्नुपर्छ भन्ने भावनाले स्वास्थ्य मापदण्डको पालना गरी निरन्तर सेवा प्रदान गर्दै आयौं ।

ओपीडी सेवा, इमर्जेन्सी सेवा, हाडजोर्नी, नाक कान घाँटी, एक्स रे, दन्त सेवा, ल्याबसहित १९ थरीको स्वास्थ्य सेवा प्रदान गर्दै आएकोमा २०७७/७८ को बितेको ६ महिना (श्रावनदेखि पौष मसान्तसम्म)मा भनपाबाट सञ्चालित जनस्वास्थ्य केन्द्रहरूबाट कुल ५५ हजारभन्दा बढी बिरामीले उपचार पाएका छन् । मासिक ९ हजारभन्दा बढी अर्थात औसतमा दैनिक ३ सयभन्दा बढी नागरिकले स्वास्थ्य उपचार सेवा पाउँदै आएका छन् ।

त्यसैगरी नगर प्रमुखको अध्यक्षतामा गठित व्यवस्थापन समितिको निर्देशनमा जिल्ला सामुदायिक आँखा केन्द्र च्याम्हासिंहमा सञ्चालनमा छ । त्यस केन्द्रबाट आ.व. २०७७/७८ को बितेको ६ महिनामा १५,३६८ जनालाई सेवा प्रदान गरेको छ । त्यस केन्द्रबाट आँखा जाँच, चस्मा जाँच, मोतिबिन्दु शल्यक्रिया, जलविन्दुको जाँचलगायतको सेवा प्रदान गर्दै आएको छ । उक्त सेवाबाट जनता आँखाको सामान्य उपचारको लागि काठमाण्डौंको तीलगंगा आँखा अस्पतालसम्म जानुपर्ने बाध्यता हटेको छ । ख्वप अस्पतालकै प्राङ्गनमा व्यवस्थित आँखा अस्पताल बनाउने तयारीलाई पनि अगाडि बढाइरहेका छौं ।

यही माघ महिनाको २४ गतेदेखि भक्तपुर नगरपालिका क्षेत्रभित्र नगरस्तरीय नागरिक आरोग्य केन्द्र पनि सञ्चालनमा आएको छ । आयुर्वेदिक औषधीको उपचारमा पनि भक्तपुरमा सहज सेवा उपलब्ध भएको जानकारी गराउन चाहन्छौं ।

देशकै सानो नगरमध्ये पर्ने भक्तपुर नगरपालिकाभित्र स्तरीय क्यान्सर अस्पताल, शहीद धर्मभक्त राष्ट्रिय अङ्ग प्रत्यारोपण केन्द्र, भक्तपुर अस्पतालजस्ता सरकारी अस्पतालहरू छन् । भक्तपुर क्यान्सर अस्पताल जनताकै जग्गा र पैसाबाट निर्माण भएकोलाई नेपाल अर्बुद रोग निवारण संस्था नामको गैरसरकारी संस्थाले निजी अस्पतालझैं चलाएको र त्यहाँ भ्रष्टाचारको समाचार बाहिरिन थालेपछि नगरपालिकाले आफ्नै व्यवस्थापन समिति गठन गरेर सञ्चालन सुरु गर्‍यो । सर्वोच्च अदालतको अन्तरिम आदेशको कारण त्यहाँ नगरपालिकाले प्रत्यक्ष काम गर्न पाएन तर उक्त अस्पताललाई सरकारी स्वामित्वमा ल्याउन भने निरन्तर जोड दिइरह्यो । यही २०७७ साल कार्तिक महिनादेखि मन्त्रिपरिषद्बाट भक्तपुर क्यान्सर अस्पताल विकास समिति गठन आदेशको आधारमा सरकारी स्वामित्व प्राप्त भएको छ । अब अन्य सरकारी अस्पतालसरह नै जनताले सेवा सुविधा पाउने भएका छन् ।

भक्तपुर नपामा जनप्रतिनिधिले पदभार ग्रहणसँगै भक्तपुर अस्पतालमा पनि विगतका कमी कमजोरी हटाई राम्रो सेवा प्रदान गर्ने उद्देश्यले सुधारका निकै प्रयासहरू भए । अस्पतालसँगैका जग्गा केही वर्षको लागि अस्पताललाई प्रदान गरी त्यहाँ आईसीयुभन्दा कम र सामान्यभन्दा माथिको हाइ डिपेन्डेन्सी युनिट समेतको बन्दोबस्तसँगै अहिले २०० बेडको स्वीकृति आएको जानकारी प्राप्त भएको छ । उक्त अस्पतालमा ५ जना नर्सहरू र अन्य केही स्टाफहरू नगरपालिकाले खटाई सेवामा सहज बनाइरहेको छ । खुशीको कुरा हो, यो वर्ष भक्तपुर अस्पताल बागमती प्रदेशकै एक उत्कृष्ट अस्पताल हुन सफल भएको छ ।

भक्तपुर नगरपालिकालाई २५ शय्याको अस्पताल सञ्चालनको लागि स्वीकृति प्राप्त छ । सुविधासम्पन्न अस्पताल निर्माण गर्ने उद्देश्यले ख्वप अस्पताल भवन निर्माणको काम तीव्र गतिमा भइरहेको छ । उक्त भवन सञ्चालनमा केही ढिला हुने सम्भावना भएकोले छिटै नै हामीसँग उपलब्ध भवनहरूमा अस्पताल सञ्चालनको तयारी प्रक्रिया अगाडि बढाउँदैछौं ।

मन्तव्य : ख्वप मावि, ख्वप कलेज र शारदा क्याम्पसको वार्षिकोत्सव

# 'सामुदायिक विद्यालय सुधारको जिम्मा निजी विद्यालयलाई दिनु राज्यको गैर जिम्मेवारीपन हो'

– प्रमुख सुनिल प्रजापति




सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने र २१ औं शताब्दीका लागि योग्य नागरिक तयार गर्ने उद्देश्यले आजभन्दा दुइ दशक अगाडि ख्वप माविको स्थापना र त्यसपछि ख्वप कलेज हुँदै २ ओटा इन्जिनियरिङ कलेजसहित ६ वटा कलेज गरी ७ ओटा शैक्षिक संस्थाहरू भक्तपुर नगरपालिकाले सञ्चालन गर्दै आएको छ। दुई दशकको निरन्तरको प्रयासपछि ती सबै शैक्षिक संस्थाहरू देशकै उत्कृष्ट शैक्षिक संस्थाहरूका रूपमा स्थापित भएका छन्। देशभरका झण्डै ६ हजार विद्यार्थी अध्ययनरत यी शैक्षिक संस्थाहरू स्थानीय तहबाट सञ्चालित नेपालकै पहिलो शैक्षिक संस्थाहरू हुन्।

देशमा आर्थिक उदारीकरणको नीति लागू भएसँगै निजी विद्यालय र कलेजहरू व्यापक रूपमा खोलिन थालियो। सरकारको पूर्ण स्वामित्वमा नयाँ विद्यालय, कलेज र विश्वविद्यालयहरू स्थापना र सञ्चालन गर्ने प्रक्रिया पूरै बन्द भए। शिक्षालाई सार्वजनिक सेवाको रूपमा लिइनुपर्नेमा सरकार स्वयंले निजी बेचबिखनको वस्तु झैं बनाउँदै लग्यो। महँगा महँगा विद्यालय र कलेजहरूमा गरिब जनताका छोराछोरीहरूले पढ्न सक्दैनन्। प्रतिस्पर्धी निजी शैक्षिक संस्थाहरूसामु सामुदायिक शैक्षिक संस्थाहरू ओझेलमा पर्दै गए। सर्वसाधारण जनतामा पनि सामुदायिक शैक्षिक संस्थाहरू राम्रो नभएको छाप पर्न थाल्यो। कतिपय गरिब परिवारलेसमेत आफ्ना सन्तानको भविष्यका लागिभन्दै खाइ नखाइ निजी शैक्षिक संस्थाहरूमा पढाउने संस्कारको विकास हुँदै गयो। भक्तपुर नपाबाट सञ्चालित शैक्षिक संस्थाहरूले उत्कृष्ट नतिजा दिइरहेका छन्। स्थानीय जनता, जनप्रतिनिधि, व्यवस्थापन समिति, शिक्षक, प्राध्यापक, अभिभावक र विद्यार्थी सबैको संयुक्त प्रयासले यो सम्भव भएको हो।

अहिले सरकारमा बस्ने राजनैतिक दलले निर्वाचन

---

भक्तपुर नगरपालिकाले निर्वाचन घोषणापत्रअनुसार देशमै पहिलोपटक घरदैलो नर्सिङ सेवा सुरु गऱ्यो। वडा वडामा खुला व्यायामशालाहरू स्थापना गरी सम्पूर्ण नागरिकलाई शारीरिक व्यायामको अवसर प्रदान गऱ्यो। कोभिडको बेला सुविधासम्पन्न आइसोलेसन केन्द्र, क्वारेनटाइनको बन्दोबस्त र ती केन्द्रहरू र घरघरमा एकान्तबास बसेका नागरिकहरूलाई स्वास्थ्य सेवा, सरसफाइ र परामर्श सेवा प्रदान गर्दै आयो। सम्पूर्ण जनप्रतिनिधिहरू सदा जनताको साथ र सेवामा समर्पित रहँदै आउनु भएको छ।

क्यान्सर, मस्तिष्कघात, मृगौला र मुटु रोगजस्ता घातक रोग लागेका बिरामीहरूलाई सरकारी सुविधाको अतिरिक्त प्रतिव्यक्ति १० हजारका दरले आर्थिक सहयोगसमेत नगरपालिकाले प्रदान गर्दै आएको छ।

भक्तपुर नगरपालिका सधैं जनताको साथमा छ। भक्तपुर शिक्षा, सम्पदा संरक्षण र सरसफाइमा उत्कृष्टतासँगै अब स्वास्थ्य उपचारमा पनि उत्कृष्ट सेवा प्रदान गर्ने हाम्रो उद्देश्य हो। नगरपालिकाको काममा निरन्तर साथ र सहयोग प्रदान गर्नु भएका सम्पूर्ण नगरवासी दाजुभाइ दिदी बहिनीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै निरन्तर सहयोगको अपेक्षासहित बिदा हुन्छु।

*(२०७७ माघ २९ गते, बिहीबार श्वासप्रश्वास पुनःस्थापन केन्द्रको भवन उद्घाटन तथा उपचार सेवा शुभारम्भ कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको मन्तव्य)*

घोषणापत्रमा शिक्षाको लागि कूल बजेटको २० प्रतिशतसम्म विनियोजन गर्ने बताएको थियो । निर्वाचनपछि गठित दुई तिहाइको सरकारले निर्वाचन घोषणापत्रलाई बिर्सेर शिक्षामा बर्सेनी बजेट कम गर्दै लगेको छ । चालू आ.व २०७७/७८ मा झण्डै १० प्रतिशत पु¥याइको छ । त्योसँगै राज्य शिक्षाको महत्त्वपूर्ण जिम्मेवारीबाट पूरै पन्छिन खोज्दैछ । सामुदायिक विद्यालय सुधारको जिम्मा निजी विद्यालयलाई दिनु त्यसको ज्वलन्त उदाहरण हो । यो आर्थिक वर्षको बजेटमा संस्थागत विद्यालयलाई सामाजिक उत्तरदायित्व पूरा गर्न एक सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार सामग्रीसहित शैक्षिक गुणस्तर सुधार्ने जिम्मेवारी दिने नीति घोषणा गर्‍यो । यो सङ्घ सरकारको गैर जिम्मेवार र लज्जास्पद कार्य हो । व्यवहारले यो शैक्षिक माफियाहरूको स्वार्थबाट प्रेरित भएर आएको अनुमान गर्न सकिन्छ ।

नेपालको संविधानमा मावि तहसम्म निःशुल्क शिक्षाको व्यवस्था छ । मौलिक हकमा राखिएको व्यवस्था कार्यान्वयन गर्नतिर सरकारले ध्यान दिएको छैन । संविधानअनुसार कक्षा ११ र १२ मावि अन्तर्गत पर्छ । अहिलेसम्म सरकारले आवश्यक न शिक्षक दरबन्दीको व्यवस्था गर्‍यो न कुनै भौतिक पूर्वाधार वा अनुदानकै व्यवस्था गरेको छ । त्यसैले सामुदायिक विद्यालयहरू विद्यार्थीहरूबाट पैसा उठाएर पढाउन बाध्य छन् ।

सरकारले आवश्यक व्यवस्था गरी नदिँदा हाम्रा शैक्षिक संस्थाहरू परनिर्भर हुँदै गएका छन् । स-साना सेमिनार, गोष्ठी, अन्तरक्रिया वा तालिमहरू तथा स-साना विकास निर्माणका काम गर्न समेत विदेशीको मुख ताक्नुपर्ने अवस्थामा पुगेका छन् । **विदेशीहरूले नेपाली विद्यार्थीहरूमा भएको अन्यायविरुद्ध लड्ने सङ्घर्षशील भावनालाई कमजोर बनाउन पनि तालिम र सेमिनारको नाउँमा करोडौं पैसा खर्च गरिरहेका हुन्छन् । यसबारे हाम्रा शिक्षक विद्यार्थीहरू सधैं सचेत हुनुपर्छ ।**

भक्तपुरका कुनै पनि विद्यार्थी पैसाको कारण उच्च शिक्षा हासिल गर्ने अवसरबाट वञ्चित नहोस् भन्ने हाम्रो सोच हो । विगत दुई वर्षदेखि गरिब परिवारका विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्न रु. ५ लाखसम्म सहुलियत ब्याजदरमा नगरपालिकाले ऋण प्रदान गर्दै आएको छ । यो आ.व. २०७७/७८ मा १४२ जना विद्यार्थीहरूले उच्च शिक्षा पढ्न शैक्षिक ऋण माग गरेका छन् । वडा वडामा शिशु स्याहार केन्द्रको सञ्चालन, मावि, कलेजहरू स्थापना र सञ्चालन गर्दै शैक्षिक ऋणसमेत प्रदान गरी नगरपालिकाले आफ्नो स्रोत र साधनले भ्याएसम्म शिक्षाको जिम्मेवारी बहन गर्दै आएको यहाँहरूमा जानकारी गराउन चाहन्छौं ।

देशको लागि भविष्यमा आवश्यक पर्ने शैक्षिक जनशक्ति उत्पादन गर्न इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति र नेपालभाषा लिई जुनसुकै कलेज र विश्वविद्यालयमा अध्ययनरत नगरवासी विद्यार्थीहरूलाई सम्पूर्ण छात्रवृत्ति प्रदान गर्दै आएको पनि जानकारी गराउँछौं ।

हामीले ख्वप विश्वविद्यालय सञ्चालनको लागि पनि प्रयास गर्दै आएका छौं । संसदीय समितिले समेत विश्वविद्यालय सञ्चालनको लागि सिफारिस गरीसक्दा पनि विधेयक संसदबाट पारित हुन सकेको छैन । विधेयक पारित भएमा शिशुशालादेखि विश्वविद्यालय तहसम्म सञ्चालन गर्ने भक्तपुर नगरपालिका देशकै पहिलो स्थानीय तह हुनेछ । त्यो पनि छिट्टै आउने आशा गर्दछौं । धन्यवाद !

*(भक्तपुर नगरपालिकाद्वारा सञ्चालित 'ख्वप माध्यमिक विद्यालयको २१ औं, ख्वप कलेजको १९ औं र शारदा क्याम्पसको ३० औं वार्षिक उत्सव कार्यक्रम-२०७७', ( २०७७ फागुन १४ गते) मा कलेज/मा.वि.व्यवस्थापन समितिका अध्यक्ष एवं नगर प्रमुख सुनिल प्रजापतिबाट व्यक्त मन्तव्यको सार सङ्क्षेप)*

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# 'हामीले श्वासप्रश्वासमा समस्या भएका नगरवासीहरूको सेवा गर्ने अवसर पायौँ'

– रजनी जोशी
उपप्रमुख, भक्तपुर नगरपालिका




आज हामीले देशकै लागि अति आवश्यक एवं महत्त्वपूर्ण उपचार सेवाको शुभारम्भ यसै सेवाकै लागि निर्माण गरिएको भवनबाट गर्दैछौँ । यो हामी भक्तपुरवासीहरूको लागि गौरवको विषय हो । हुन त यो एक वर्ष अघि नै सञ्चालन गर्ने योजना भए तापनि कोरोना भाइरस (Covid–19) को कारणले गर्न असमर्थ भयौँ तथापि ढिलै भएपनि आज हामीले हाम्रा श्वासप्रश्वासमा समस्या भएका हाम्रा नगरवासीहरूको सेवा गर्ने अवसर पायौँ र यस सेवालाई हामीले निरन्तर अघि बढाउने विश्वास दिलाउन चाहन्छु ।

भक्तपुर नगरपालिकाले यस सम्पदा र सांस्कृतिक नगरका जनताको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर काम गर्दै आइरहेको यहाँहरूलाई विदितै छ । ३० वर्ष अघिको भक्तपुरका जनताको स्वास्थ्यको अवस्था अति दयनीय थियो भन्ने हामीले सुन्दै आएका हौँ र हाम्रा अग्रजहरूले भोग्दै पनि आउनु भएको थियो । नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्षलगायतका अग्रजहरूबाट खस्कँदो स्वास्थ्य, विशेषगरी त्यतिखेर फाडाबान्ता लाग्नुका कारण सरसफाइको कमी भएकोले वहाँहरूले नगरभरि सरसफाइको अभियान चलाउनु भएको थियो । यो सँगसँगै जनतालाई स्वास्थ्यबारे सचेत गराउने एकमात्र अभियानको रूपमा शिक्षालाई पनि अभियानकै रूपमा अगाडि बढाउनु भएको थियो । यसै सिलसिलामा भनपा आफैले २०५६ सालदेखि नगरवासीहरूलाई उच्च शिक्षा हासिल गराउन ख्वप उच्च मा.वि. बाट शुरु गरेको र हालसम्म २ ओटा इन्जिनियरिङ्ग कलेजहरू, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, ख्वप कलेज, शारदा क्याम्पस माबि, शारदा क्याम्पसलगायत ७ ओटा शिक्षण संस्थाहरू सञ्चालन गरी देशकै लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गराइरहेको यहाँहरूमा विदितै छ । यसरी उत्पादन भएका जनशक्तिको सीप र दक्षतालाई पनि आफ्नै देश/आफ्नै ठाउँमा सक्दो प्रयोग भइरहेको पनि यहाँ राख्न चाहन्छु । त्यसै कारणले पनि हामीले यो र अन्य स्वास्थ्य संस्थाहरू सञ्चालन गर्न समक्ष भएका छौँ ।

हामीले देश विकासका लागि आवश्यक क्षेत्रमा क्षमता विकास गर्न लागिपरेका छौँ र लागिरहने छौँ । जति जति हामी निराकरणको लागि अघि बढ्छौँ, चुनौति पनि सँगै आउँदो रहेछ । शायद यसरी चुनौतिसँग जुध्दै समस्याहरूको हल गर्दै जानु नै विकासको सूचक हो कि ?

आज हामीले यस केन्द्र भक्तपुरमै सञ्चालन गर्नुको उद्देश्य पनि यहाँको विशेष भौगोलिक अवस्थाको कारण र यहांका जनताले भोग्नु परेको श्वासप्रश्वास रोगले गर्दा नै हो । विश्वमा श्वासप्रश्वास रोगको तथ्याङ्कले १० प्रतिशत मानिस पीडित भएको देखाएको छ भने नेपालमा १२ प्रतिशत रहेको छ । तर देशभित्र भक्तपुर जिल्लामा १९ प्रतिशत रहेको देखाएको छ । यो अत्यन्तै भयावह अवस्था रहेको श्वासप्रश्वास सम्बन्धी विज्ञहरूको राय रहेको छ । भक्तपुरको भौगोलिक अवस्था/पश्चिमी वायुको कारण र राजमार्गमा चल्ने सवारी साधनका प्रदूषणको कारणले पनि यहाँको यो अवस्था रहेको वहाँहरूको बुझाइरहेको छ । यसर्थ हामीले यस अवस्थालाई बढ्न नदिन यस श्वासप्रश्वास केन्द्रको अति आवश्यक रहेकोले भ.न.पा.ले JIMTEF/SOLID NEPAL सँगको सहकार्यमा यो केन्द्रको आजैबाट आजका हाम्रा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष का. नारायणमान बिजुक्छेँज्यूबाट समुद्घाटन गराउन पाउनु हामी सबैको लागि गौरवको विषय हो । एउटा ऐतिहासिक दिन हुनेमा विश्वस्त छौँ र यहाँबाट श्वासप्रश्वासबाट पीडित सम्पूर्ण नेपालीहरूले सेवा पाउने छन् ।

हामीले परिस्थिति र चुनौतिसँग जुध्दै गत वर्षदेखि विश्वलाई नै अक्रान्त बनाएको कोभिड–१९ ले भक्तपुरलाई पनि असर परेको हामी सबैले भोगेका हौँ। यस परिस्थितिसँग पनि भनपाले स्वास्थ्यकर्मी/कर्मचारी/नगरवासीहरूसँगको सहकार्यले धेरै ठूलो सङ्कट भोग्नु परेन तापनि अझै पनि संसारका अन्य देशहरूमा यो सङ्क्रमणको स्वरूप परिवर्तन भइरहेको हामीले थाहा पाएका छौँ र अझै पनि हामीले स्वास्थ्य मापदण्ड पालना गरी दैनिकीलाई निरन्तरता दिनुपर्ने हुन्छ । त्यसैले उपस्थित सम्पूर्णमा स्वास्थ्य मापदण्डमा रहेर आफू र आफ्नो समाजलाई स्वस्थ बनाउँ भन्दै पुनः यस श्वासप्रश्वास केन्द्रको उद्घाटन कार्यक्रममा स्वागत गर्दै बिदा हुन्छु । धन्यवाद ।

*(२०७७ माघ २९ गते, बिहीबार श्वासप्रश्वास पुनःस्थापन केन्द्रको भवन उद्घाटन तथा उपचार सेवा शुभारम्भ कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको मन्तव्य)*

# इखालाछि मठ र कुम्हः त्वःका अन्य सम्पदा



डा. पुरुषोत्तमलोचन श्रेष्ठ

**भूमिका–** भक्तपुर शहरको दक्षिणभेकमा रहेको एउटा टोलबस्ती इखालाछि/इखालखु हो। यहाँ एक शैवमठ छ जुन स्थानीय लोकजीवनमा 'इखालाछि मठ' र त्यसैगरी 'इखालखु मठ' भनी प्रख्यात छ। हाल यस मठको उत्तरपश्चिम खण्डमा भक्तपुर नगरपालिका वडा नं ४ को कार्यालय बसेको छ। सो मठ कालक्रमले उसै पनि जीर्ण थियो, २०७२ साल वैशाख १२ गतेको महाभूकम्प र त्यसपछि पनि गएका परकम्पनहरूले गर्दा झनै क्षतिग्रस्त भएर गर्ल्याम्मै ढल्ने, धरापिलो अवस्थामा पुगेको थियो।

भक्तपुर नगरपालिकाले यस नगरका अनेक अनुपम सम्पदाहरूको जीर्णोद्धार, पुनर्निर्माण कार्य गरी नेपालमै सर्वप्रथम 'सांस्कृतिक पुनर्जागरण' को लहर नै ल्याएको छ। त्यसमध्येको एउटा सम्पदा यो मठ पनि हो। यी पङ्क्ति लेख्दासम्ममा करीबकरीब यस मठको पुनर्निर्माणकार्यले पूर्णता पाउनै लागिसकेको छ। सम्पदाका बारेमा जान्ने एक अकाट्य प्रामाणिक ऐतिहासिक आधार पुरातात्त्विक स्रोत शिलालेख हो। यस्तै संवत् ८६५ अङ्कित एक शिलालेख यस मठमा पनि छ। शिलालेख स्वयंमा एक अमूल्य सम्पदा हो, राष्ट्रकै निधि हो। यो मठलगायत यहाँका अन्य सम्पदाका बारेमा जान्ने मूल आधार पनि यही शिलालेख रहेको हुँदा हाम्रो विषयवस्तुको थालनी पनि यसैबाट गरौँ।



क्षतिग्रस्त इखालाछिमठ



ने.सं.८६५ को शिलाभिलेख। ८१x४४ से.मि.। लिपि : नेपाललिपिबाट प्रभावित देवनागरी। भाषा : नेपालभाषाबाट प्रभावित हिन्दी।

इखालाछिमठको चोकको कुनामा यो शिलालेख छ। यसको शिरोभागको बीचमा दुईतहको एक शिवलिंग (जसको जलहरि बायाँतर्फ फर्केको छ) र त्यसको दायाँ बायाँ सूर्य र चन्द्र अङ्कित छन्। यस शिलालेखका केही भाग कुनै गहुँगो वस्तु यसमाथि खसेर क्षतिग्रस्त अवस्थामा पुगेको देखिन्छ जसले गर्दा ती भागका अक्षरहरू नष्ट भइसकेका छन्। अभिलेखको तल सिंहासन अङ्कित छ जसमाथि यो शिलालेख अडेको छ। अभिलेख ३६ पङ्क्ति छन् जुन यस प्रकार छ :

## मूलपाठ

१. *श्रीगणे(शायनमः ॥) श्रीवि(श्वे)श्व(रायैनमः ॥) क .... घजिद्धस्तिजिद्धुर्गाविग्रहपं–*

२. *चकं रा(?) ...............त् ............. (जा)लिमगिरिर्निर्मायिनर्व्य मठं दे–*

३. *व ब्व्राम्ह(ण) ...................जितस्वौ(?)त्कर: ॥ ॥ (अ)जवगिरि समाख्यस्तस्यसिष्यस्तु*

४. *धर्मा, गुरु ....................................... (शि?) ..तां । अषां(?) ... परिपाटीचाकरोन्तस्यशिष्यैगुरु*

५. *विधृतसृ .........................॥ स्वस्ति (श्रीनेपा)लसम्वत ८६५ वैशाखशुक्ल अ–*

६. *क्षयतृतीया ........मह(?) ....(अ)जवगिरि ...ततश्रीश्री३विश्वेश्वर श्रीपंचदेवता इ–*

७. *षालाछेटोल .....थापना किया ए सव घर(षे)तवारि(?)श्रीशिव प्रीति किया षेतका नाम*

८. *लिवालिवि रो ....जयधुंवारी ४ या वि .... रो १३। दिको रो .३ ॥।*

*दिको रो ३ देभो–*

*९. सिमारो ४ ........७३(?) इषु रो १ सिमिग(ाल ....... तो रो ४ दफे सात रो २ वलाको रो २ भुति*

*१०. रो ६ भुंदोल रो ४ .... रो २ चेदोल ..च ......इदोल रो १ ।। पांक्वजवा ।।।। नकपलि रो ३*

*११. नकपलि रो ४ नकपलि (?) रो २ धालाषुसि .........तादोल रो ३ कापाति रो ५ मिल्लि रो ४ वादे–*

*१२. षात रो ४ वादेषात .....यथौ रो २ दुगुम(ला) ........ङादोल रो २ जद्दो रो १ ।। दत्ताल रो ५ फो–*

*१३. षताल रो ३४।। ......ञातो रो २ नपदोल रो १ ....याजिलि जवा ।।। जसिगालव्य ।।। थे–*

*१४. मिका षेत जा ...... ठिमि तिलागाल रो २ ठेमि लाभादोलं जवा ।। ठेमि आ–*

*१५. गु लाजवा ।। ......।१।। एता नेपालीषेत, वागीश्वरषेत षुजोल रो २५ नेपाल व्यासि रो २५ ने–*

*१६. पाल व्यासि ......फुमाग ुवारि घर समेत १ भगवति पारि १ अनंतलिगवारि १ तचपा–*

*१७. लपारि १ बेषाल (वारि १ ?) ठेमि वारि १ ठेमि घर समेत वारि १ इछु घर १ इछु घर १ नेपाली षेतम–*

*१८. ध्य हिटिपाटिका (गुपुरु?)षा रो ३० । फुटातुटा विगरे तो वनाउनेका वास्ते रषा मथमे श्री विश्वेश्वर–*

*१९. का पूजारि व्राम्हणके पटगोटोओपि रो ४ पूजाकरणा दोनो वालि षाना मठधारि महंत ने एध–*

*२०. र्म चलाउना वैशाखशुक्ल, अक्षयतृतीयामे वुसाधन करना पाथि १ दुध पंचामृत अभिषेक क–*

*२१. रणा व्राम्हणको दक्षिणा चार आना । दोसेर चावल दाल नोन सव सव मिलाय सिधा देना कार्त्तिक शु–*

*२२. दी १५ का दिन अभिषेक करणा पाथि १ दुध पंचामृत फलफुल चहाउना व्राम्हणको दक्षिणा चार*

*२३. आना दोसेर चावल दाल नोन सिधा देना थान १ जराउरि कपरा देना अतित अभ्यागतको आध सेर अ–*

*२४. न्न सदावर्त्त देना मह(?) .. टा तुय वनाउना विगरे नेनपावय महंत मठधारिने ए धर्म चलाउना स–*

*२५. व वालगोपाल ... धर्म चलाउना ए घर षेत वारि वेचना नहि वंधक रषना नहि कदाचित् घ–*

*२६. र षेत वारि वेचेतो वंधक रषेतो पंचमाहापातक लगेगा वेचेतो वंधक रषेतो सहि नपरेगा जो म–*

*२७. हंत मठधारिका ....नो जगह मठ ......पतना, इषालाछे दोनो जगह पर हुकं–*

*२८. मू महंतका कोइवारा(?) (गो?)पालने तेरा मेरा करणा नहि । वको भक्ष वस्त्र देना किसी ने दुजी न क–*

*२९. रणा ।। पूर्णिमा अमा(वश्या)का दिन पंचामृत स्नान कराउना, सेर २ ।। चावल दाल नोन सिधा देना*

*३०. दोनो पर्व्वकाल धुप दीप सम्हार रषना ।। ।। आदित्य (च)न्द्रावनि लोनलश्च, द्यौर्भुमि रापो हृद–*

*३१. यंयमश्च । अहश्च रात्रिश्च उभेच संध्ये, धर्म्मश्च जानाति चरश्यवृत्तिं ।। ।। स्वदत्तां परदत्तां वा, ये हर–*

*३२. ति वसुन्धरां । षष्ठि वर्ष सहस्राणि, विष्ठायां जायेत कृमि ।। ।। शुभमस्तु सर्व्वदा कालः ।। ।।*

*३३. पुनर्भाषा मठिकायां ताम्र पित्तल कांस्य लौह निर्मित भाण्ड । नियावन्ति वस्तू निसन्ति तत्सर्व्वाणि श्रीविश्वेश्व–*

*३४. र प्रीतये समर्पितानि कालान्तरे जीर्णानि भविष्यन्ति तदा जीर्णोद्धाराणिकृत्वाभ्यांव्यानि मठिकायांकार्यकाले गृहात्वाका–*

*३५. र्याणि विधाय पुनः स्वमठिकाया स्वाप्यानिकेनचित् विक्रीयते गृह्यतेतस्मै पंचमाहापातकानि श्रीविश्वेश्वर कुदृष्टिश्च मठिकावस्तुज*

*३६. रक्षतिरक्षेते(?) श्रीविश्वेश्वर प्रसादात्कैलासप्राप्ति ।। शुभभूयात् ।। ।।*

**भावानुवाद–** श्रीगणेशलाई नमस्कार । श्रीविश्वेश्वरलाई नमस्कार । गुरु जालिम गिरीले दुर्गामूर्तिसहित देवब्राम्हण पुजारी हुने गरी निर्माण गर्न लगाएको इषालाछेंटोलको यस मठमा नेपालसम्वत् ८६५ मा शिष्य महन्त अजव गिरीले श्री३ विश्वेश्वर, श्रीपञ्चदेवता स्थापना गर्नुभयो, यी सबै घर, खेतवारी शिवलाई प्रीति गरी चढाउनुभयो । यी अनेक स्थानमा राखिदिएका घर, खेतबारीका आयस्ताले नित्य नैमित्तिक/पर्वकाल पूजा, दानदक्षिणालगायत मठको मरम्मत, संभार गर्नुपर्ने भयो । यस मठका महन्त, मठधारिलगायत मठसित सम्बद्ध जो कोहीले पनि मठका घर, खेतबारी बेच्न, बन्धक राख्न पाउने छैन, कसैले त्यसो गरेमा पंचमहापाप लाग्नेछ । आफूले दिएको वा अरूले दिएको जग्गा जसले हरण गर्छ, त्यो मानिस साठी हजार वर्षसम्म नरकमा कीरा भई रहन्छ । मठमा अर्पित ताँवा, काँस, लौह आदि भाँडावर्तनलगायतका वस्तुलाई सबैले जतन गरी राख्नुपर्नेछ । मठ, मठका निमित्त अर्पित गरी राखिदिएका घर, खेतबारीलाई महन्त, मठधारिहरूले बेचेमा, बन्धक राखेमा, भगवान् विश्वेश्वरको कुदृष्टि परोस्, स्याहार, संभार गरी राखेमा, कालान्तरमा जीर्ण भएमा, भत्के बिग्रेमा, जीर्णोद्धार गरी सुरक्षित गरी राखेमा भगवान् विश्वेश्वरको सुदृष्टि परोस्, पुण्य लागोस् । सदाकाल सबैको कल्याण होस् ।

**व्याख्या–** यो शिलाभिलेख अनेक दृष्टिले विशेष महत्त्वको छ ।

मठको इतिहास जान्न मात्र नभएर, तात्कालिक धार्मिक-सांस्कृतिक पक्षका कुरा जान्न, भक्तपुरभेकका स्थाननामलगायत लौकिकजीवनका केही कुरामा समेत यसले प्रकाश पारेको छ । भाषिक दृष्टिले पनि यो शिलाभिलेखको बेग्लै महत्त्व रहेको देखिन्छ ।

लोककल्याणका लागि गरिने सत्कर्म धर्म हो । अजव गिरी यस्तै धार्मिक थिए र असल गुरुका असल शिष्य थिए । उदाहरणार्थ यस शिलाभिलेखको अतिरिक्त भक्तपुर भेलुखेल, भीमसेनस्थानपरिसरको गोसाइहितिको उनको ने.सं.८८९ (वि.सं.१८२६) को शिलाभिलेखलाई लिन सकिन्छ ।[१] अत्यन्त जीर्ण अवस्थामा पुगेर पुरिनै लागेको सो सुन्दर गोसाइहितिको पनि जीर्णोद्धार कार्य गरी त्यसलाई पुनर्जीवन दिने ऐतिहासिक काम पनि अहिले भक्तपुर नगरपालिकाले गरिरहेको छ । सो गोसाइहिति र पाटी (हाल पाताल भइसकेको) अजव गिरीले आफ्ना गुरु जालिम गिरीको स्वर्गवास कामना गरी बनाउन लगाएका थिए । यो कुरा सो शिलाभिलेखबाट ज्ञात हुन्छ । यताबाट इखालाछि मठ बनाउन लगाउने मुख्य व्यक्ति जालिम गिरीको देहान्त ने.सं.८८९ तिर वा त्यसको केही समय अघि भइसकेको र उनको स्मृतिमा अजव गिरीले गोसाइहिति, पाटी बनाउन लगाएको कुरा यी दुई अभिलेखहरूको तुलनात्मक अध्ययनबाट विदित हुन आउँछ । यी दुबै अभिलेखहरूका लिपि र भाषा उस्तै (देवनागरी, हिन्दी) छन् र तत्कालीन नेपाल लिपि र नेपालभाषाको प्रभाव पनि उस्तै देखापर्छन् । यसैले मलाई लाग्छ, माथि उल्लेख गरे झैँ नेपालमा हालसम्म प्रकाशमा आएका शिलाभिलेखहरूभन्दा यी शिलाभिलेखहरू भिन्नै प्रकारका, भाषिक दृष्टिले विशेष लाग्छन् ।

विशेषगरी उत्तरप्राचीन-कालदेखि नै भक्तपुर स्वदेशका अनेक स्थानलगायत भारतका शैवानुयायीहरूको पवित्र तीर्थस्थलको रूपमा मान्यपुज्य र दर्शनीय रहिआएको देखिन्छ । पूर्वमध्यकालतिर त भक्तपुर नेपालमण्डलकै राजधानीनगरको रूपमा रहेको सन्दर्भसित भक्तपुरभेक वरपरका शैवमन्दिरहरू जस्तै सिपारे महाद्यः/डोलेश्वर, अँलालि महाद्यः/अनन्तलिङ्गेश्वर, आसपुरि महाद्यः, विकटेश्वर महादेव, नन्दीकेश्वर महादेव, काशीविश्वेश्वर, सुवर्णेश्वर, शुशिलभैरव, चरखण्डेश्वर, सोमलिङ्गेश्वर, ज्योतिर्लिङ्गेश्वर, किलेश्वरलगायत पशुपतिनाथ राजधानीनगर भक्तपुरकै सांस्कृतिक-भूगोलभित्रका थिए । र, राजधानीनगरको हृदयस्थलमा रहेका भैरवनाथ, दत्तात्रेय, यक्षेश्वरलगायतका अन्य उच्चतम देवताहरूसित समेत उक्त सन्दर्भलाई जोडेर हेर्दा तत्कालीन भक्तपुर नेपाललगायत भारतमा समेत पनि 'शैवतीर्थ'को रूपमा प्रख्यात थियो, यसो हुँदा भक्तपुर सारा शैवहरूको आदर्श, तीर्थस्थलकै रूपमा समृद्ध हुनपुगेको दृष्टिगोचर हुन्छ । यसो नहुँदो हो त यस शहरमा इतिहासको अनेक कालखण्डमा बनेका शैवमठहरू पनि बस्न आउने थिएनन् । इखालाछि मठ पनि उक्त कुराको अपवाद होइन ।

भक्तपुर शहरको सांस्कृतिक पहिचान र शान अनेक कालखण्डमा बनेका यहाँका शैव मठहरू पनि हुन् ।[२] नेवार कला र वास्तुकलाका यी अनुपम, विश्वश्रेणीका उदाहरणीय मठहरूको निर्माणमा शिवका अनन्य भक्त दशनामी सन्यासीहरू (आश्रम, तीर्थ, वन, अरण्य, गिरी, पर्वत, सागर, सरस्वती, भारती, पुरी) लगायत लिङ्गायत मतका आचार्य लिङ्गीब्राम्हण जङ्गमहरूको अतुल्य योगदान रहेको छ । इखालाछि मठ पनि यस कुराको एक उत्कृष्ट उदाहरण हो । इखालाछि मठको वास्तुकला र काष्ठकला विशेषलाई हेर्दा यस्तो लाग्छ मानौँ यो मठ मल्लकालीन नेवार कला र वास्तुकलाको अन्तिम अनुपम उपहार हो । इखालाछेँ टोलमा बनेको मठ हुँदा 'इखालाछि मठ' कहलिएको हो भन्ने कुरा सहजै जानिन्छ । **चार कुना मिलेको स्थानविशेषलाई नेपालभाषामा 'इखा' भनिन्छ** र, त्यस्तो कुना मिलेको ठाउँमा बनेको, कुना मिलेको घरलाई 'इखाछेँ' भनिन्छ । कान्तिपुरको 'इखापुखू', ललितपुरको 'इखालखु' उदाहरणस्वरूप छन् । त्यसैगरी घर अगाडिको खुला स्थानलाई 'लाछि' भनिन्छ । यस कुराको एक थप उदाहरण हाम्रै इखालाछि मठ पनि हो ।

'इखालाछि'को पुरानो नाम 'इखालखु' पनि प्रचलित रहिआएको कुरा यस विषयका मौखिक एवं ऐतिहासिक सामग्रीका आधारमा ज्ञात हुन आएको छ । यो कुरा विशेष महत्त्वको छ । इखालाछि मठको स्थापनाकालदेखि नै इपाछेँ टोलका राजोपाध्याय ब्राम्हण यस मठका पुजारीको रूपमा रहिआएको छ । सो मठका वर्तमान पुजारीका अनुसार *'यस मठको खास नाम 'इखालखु मठ' हो । मठभित्र रहेका पुजासामग्री, भाँडावर्तनहरूमा उत्कीर्ण अभिलेखमा पनि 'इखालखु मठ' नै भनिएको छ । हामीले पनि यही नामले यो मठलाई सम्बोधन गर्दै आएका छौँ । 'इखा' नामको लखु वा खोल्सो यहाँ बग्दथ्यो, त्यस्तो ठाउँमा बनेको मठ भएकोले 'इखालखु मठ' कहलिएको हो । यस्तै विशेषता भएका इखालखु नामका ठाउँ पाटन र काठमाडौंमा पनि छन् ।*[३]'

इखालाछि टोलसँगैको पश्चिमको टोल तालाक्व टोल हो । तालाक्व टोलमा पनि एउटा मठ छ । वि.सं.२०७२ को महाभूकम्प जानु अघि नै

जीर्ण अवस्थामा रहेको यो मठ सो महाभूकम्पले, पूरै भत्किएर अहिले पाताल भइसकेको अवस्थामा पुगेको छ । तालाक्व टोलमा रहेको मठ हुँदा 'तालाक्व मठ' कहलिएको कुरा जानिन्छ । यो मठ इखालाछि मठ भन्दा पनि पुरानो रहेको कुरा सो मठको ने.सं.७८५ को शिलाभिलेखबाट थाहा पाइन्छ ।[४] इखालाछि मठ तत्कालीन भक्तपुर राज्यका अन्तिम राजा रणजित मल्लको पालामा बनेको थियो भने यो तालाक्व मठ उनका पनि बराजु जगत्प्रकाश मल्लको पालामा अस्सी वर्ष अघि बनेको थियो । सो मठ जगत्प्रकाश मल्लको अनुमति लिएर वैजनाथ पुरीले ने.सं.७८५ (वि.सं.१७२२) मा मा चोक र गोठसहित बनाउन लगाएर सोही मठको भित्तामा मठविषयको सो शिलाभिलेख राख्न लगाएका थिए । सो शिलाभिलेखमा उनले आसपासका टोलका गन्यमान्य व्यक्तिहरूलाई दृष्टसाक्षी राख्ने क्रममा मंगलाच्छे, घटखा, न्हुलच्छे, क्वाठ, वोलाच्छे, नामका टोलहरू लगायत 'इतखालाच्छे' को उल्लेख पनि आएको छ । यताबाट परवर्तीकालमा चलेका 'इखालखु' र 'इखालाछि' कै पूर्व रूप 'इतखालाच्छे' हो भन्ने कुरा जानिन्छ ।

नेपालभाषामा दक्षिण दिशालाई 'इता' भनिन्छ । इखालाछि मठ मूल शहरीबस्तीको दक्षिणमा अवस्थित छ । **'इतखालाच्छे' को 'इत' ले दक्षिण दिशा बोध गराएको छ ।** त्यसैगरी तीर्थकै रूपमा मान्य रहिआएको खोलालाई 'लखु' भनिन्छ । कान्तिपुरको कंगसँगैको नेपाल संवत्सित सम्बद्ध रहिआएको तीर्थ वा लोकजीवनमा सुन बगेर आउने जनविश्वास पाएको 'लखुतीर्थ' उदाहरणास्वरूप छ । इखालखुको भौगोलिक अवस्थान, मान्यता र 'लखु' मा पनि यही कुराको छनक मिल्छ ।

लिच्छविकालका अभिलेखमा आएका 'तिलमक', 'लखमक' कुलोलाई बुझाउने तात्कालिक किरातपरिवारको जनभाषाका शब्द हुन् ।[५] विशेषगरी तिलमक ले कुलो र लखमकले दुई डाँडा वा अग्ला जमिनका बीचको, सानो सोतो बग्ने खोल्सो हो भन्ने मलाई लाग्छ । नक्साल नाराणचौरको अभिलेखमा 'लखमक' र 'तिलमक' को उल्लेख एकसाथ आएको छ ।[६] यहाँ हामीलाई तिलमकले वर्तमान तम्हारी/टौमढी टोललाई र त्यसैगरी लखमकले तम्हारी टोलसमीपको दक्षिणमा भिरालो परेर गएको ठाउँको इखालाछि/इखालखु टोललाई सम्झाएको छ ।

तम्हारीको पूर्वमध्यकालमा चलेको नाम 'तलमण्डे' हो[७] जुन लिच्छविकालभन्दा पनि अघिदेखि वा भनौँ किरातकालदेखि चलिआएको नामकै निरन्तरता हो भन्ने आभास हुन्छ । त्यही तलमण्डे नाम उत्तरमध्यकालमा आइपुग्दा तलमंडे, 'तवमंडे'[८] हुँदै त्यसको आधुनिककालमा चलेर आएको नामान्तर तम्हारी/टौमढी हुनपुगेको देखिन्छ । **यसरी आजको तम्हारीमा उहिले तलमण्डे नामको कुलो बग्दथ्यो भन्ने कुरा निश्चितरूपले थाहा पाइन्छ ।** तलमण्डे जस्तै हामीलाई ज्ञात हुनआएको अर्को एक तिलमक 'गोलमण्डे' पनि हो[९] जुन आजको गोम्हारी/गोलमढी टोल हो ।[१०]

इखालखु टोल र तालाक्व टोल (समग्रमा कुम्हः त्वः/कुम्हःले टोल भनी प्रसिद्ध) को बीचको डबलीमा सानो नारायण मन्दिर छ । सो मन्दिरको पश्चिमपट्टिको खोपामा समभङ्गमुद्रामा उभिएको अष्टभुज लक्ष्मीनारायणको सानो प्रस्तरमूर्ति छ । सोही मूर्तिको पार्श्वमा आजभन्दा झण्डै एक हजार चारसय वर्ष अघिका लिच्छवि राजा शिवदेव प्रथमको शिलाभिलेख रहेको छ ।[११] यस अभिलेखले पनि भक्तपुरको ऐतिहासिक महत्त्व बढाएको छ ।



लक्ष्मीनारायणमूर्तिको पार्श्वमा रहेको शिवदेव प्रथम (+अंशुवर्मा ?) को शिलाभिलेख। यसरी देवताको मूर्ति अडेस लगाएर राखिएको हु'दा अभिलेखका अधिकांश भाग प्रकाशमा आएको छैन। पूरै पढ्न सकेमा किरातकाल र लिच्छविकालको भक्तपुरभेकको बस्ती एवं इतिहासबारेमा अरू बढ्ता जानकारी प्राप्त हुनेछ।

भक्तपुरभेकमा पाँचौँ शताब्दीदेखिका लिच्छविकालीन अभिलेखहरू प्रकाशमा आएका छन् । तीमध्ये पनि शिवदेव+अंशुवर्माले राख्न लगाएका अभिलेखहरू बढ्ता पाइएका छन् । यताबाट किरातकालमै अनेक नामका बस्तीहरू भक्तपुरभेकमा आबाद भइसकेको र सातौँ शताब्दीतिर आइपुग्दा ती बस्तीहरू अनेक दृष्टिले समृद्ध हुँदै गएको कुरा लिच्छविकालीन अभिलेखहरूका आधारमा थाहा पाइन्छ ।[१२] कुम्हः त्वःको यस अभिलेखमा 'माखोदुलुं' को उल्लेख आएको छ । यताबाट किरातकालमै यो ठाउँ माखोदुलुं कहलिएको थियो भन्ने विदित हुन्छ । **मुख्य लखमक/खोल्सोलाई बुझाउन 'माखो' र त्यस्तो माखो बग्ने दुई डाँडाका बीचमा रहेको खेती गर्न हुने लामो सोतो जमिनलाई 'दुलुं' भनिएको बोध**

**हुन्छ ।** कुम्हः त्वः वा तालाक्व+ इखालखुको भौगोलिक अवस्थान पनि उस्तै मिल्छ जुन दक्षिणतिर लामो सोतो परेर गएको छ जहाँ माथिबाट बगेर आउने खोल्सो वा लखमक सामुन्नेको खोंह/हनुमन्ते नदीमा मिसिन पुग्ने कुरा निश्चितरूपले ज्ञात हुन्छ । यसरी खोल्सो र खोलाको संगमले यहानेर हामीलाई दोभानको स्मरण हुन्छ । यस अभिलेखमा जलसित सम्बद्ध नामविशेष जस्तै तिलं (तिलमक), दोभान भएको नदीको प्रणालीश्वरको पनि उल्लेख आएको छ । यसले पनि उक्त कुरा थाहा पाउन थप सहयोग मिल्छ । हाम्रो संस्कृतिमा दोभानले (दुई नदी/खोलाको संगम) तीर्थस्थलकै रूपमा मान्य पुज्य रहिआएको पाइन्छ । यस दृष्टिले उस बेलाको माखोदुलुं वा आजको कुम्हः त्वः इखालखु+तालाक्व र विशेषगरी तल हनुमन्ते नदीसँगैको राम मन्दिर परिसरसम्मकै भाग पवित्र तीर्थस्थलकै रूपमा प्रसिद्ध रहेको थियो भन्ने कुरा जानिन्छ । यसरी इखालखु हुँदै बग्ने लखमक तल नदीमा समागम हुनपुग्दा सो पुण्यस्थल धार्मिक-सांस्कृतिक महत्त्व बोकेको भक्तपुरको 'लखुतीर्थ' थियो भनी मान्न सकिन्छ । सो पवित्र स्थलसम्मको भाग 'कुम्हः गुँ' भनी चर्चित रहेको जानिन्छ । यो कुरा पनि विशेष महत्त्वको छ । नेपालभाषाको 'गुँ' शब्दले जङ्गल/थुम्कोलाई बुझाउँछ । कुम्हःत्वःको शिरैमा रहेको थुम्कोले हामीलाई सोही जङ्गल वा डाँडोको स्मरण गराउँछ । तम्हारी, इखालखु हुँदै पहिले खोला बग्दथ्यो जुन तल हनुमन्ते नदीमा गएर मिसिन्थ्यो भन्ने लोककथन चलेर आएको छ । २०७७ साल, मङ्सिर ९ गते इखालखु मठको पुनर्निर्माणका निमित्त, शिलान्यासका लागि जग खन्ने क्रममा पुरानो जगखण्डको तल खोलामा पाइने ढुङ्गा, बालुवा र पाँगा माटोको तह रहेको देखिन आएको छ । यस कुराले विशेष महत्त्व राख्छ ।[१३] यसले माखोदुलुंबाट लखमक बग्दथ्यो भन्ने कुरा जानिन्छ वा भनौँ मठ भएर खोला बग्दथ्यो भन्ने लोककथनलगायतका माथिका कुरालाई समेत पुष्टि गर्ने पुरातात्विक आधार मिलेको छ ।[१४]



इखालखु मठको जग खन्दा देखिन आएको लखमक/खोल्सोको अवशेष । यस चित्रमा सेतो धर्सोमुनि सङ्ख्या १ को तहमा खोलामा पाइने ढुङ्गा, बालुवाको तह र त्यसमुनि सङ्ख्या २ को तहमा पा'चा (पांगोमाटो) स्पष्टै देखापर्छ । चित्र साभार : कृष्णकुमारी महर्जन, भक्तपुर नगरपालिका ।

यहाँ चौबाटोमा भेलपाःद्यः छ । भेलुपाःद्यःको उत्तरमा बोलाछेँ, तम्हारी, पश्चिममा कुम्हःत्वः, तालाक्व त्वः, पूर्वमा इखालाछि मठ, योसिंख्यः र दक्षिणमा खोँह/मनुमद्तीर्थ छ ।

इखालखु मठको सामुन्ने बाटैमा आयताकार खाल्डो छ । सो खाल्डोमा लाम्चो परेको ढुङ्गा स्थापित छ । हेर्दा सामान्य देखिने सो ढुङ्गा स्थानीय धार्मिक-सांस्कृतिकजीवनमा 'भेलपाःद्यः' भनी विख्यात रहिआएको छ । 'इखालखु मठ भएर खोल्सो बग्दथ्यो भन्ने कुरा हाम्रो यस विषयको अध्ययनले देखिन आएको छ । यसबारेमा तपाईँहरूलाई केही थाहा छ ?' भनी मैले कुम्हःत्वःका स्थानीय बासिन्दाहरूसित सोद्धा उनीहरूले एकै स्वरमा भेलुपाःद्यः लाई देखाउँदै भने *'भेलुपाःद्यःया तःलय् खुसिचा अ नं दनि'* (भेलपाःद्यः मुनि अहिले पनि खोल्सो छ) । त्यसको समीपमै 'दोगन' (जहाँबाट तल खोँह्सम्म खोला बग्ने सुरुङजस्तो भाग) छ त्यहाँबाट खोला बग्दथ्यो ।[१५] पुरातत्त्वका दृष्टिले यो कुरा विशेष महत्त्वको छ । यताबाट सो भेलपाःद्यःमुनिबाट बग्ने खोल्सो र 'दोगन'ले हामीलाई किरातकालिक लखमकको स्मरण गराएको छ ।

### चतुर्बाहु गणेशमूर्ति



चतुर्बाहु गणेशमूर्ति, १७X१३ से.मि., तोरणसहित :४३X३१ से.मि. ।

इखालखु मठको भित्तामा क्षेपुको आकृति कुँदिएको तोरण भएको सिंहासनमा, पद्मासनमाथि ललितासन मुद्रा कसी बसेका चतुर्बाहु गणेशको सानो मूर्ति छ । यी गणेशले माथिका दुई हातमा परशु र अक्षयमाला एवं तलका दुई हातमा एकदन्त र मोदकपात्र लिएका छन् । कालक्रमले यिनको सूँड र दायाँ घुँडा झरिसकेका छन् । सिंहासनको दायाँ बायाँ एकजोडी सिंह छन् र, बीचमा उनका वाहन मुसाले मोदक खानलागेका छन् । हाम्रो धर्म-संस्कृतिमा पाँच प्रधान देवतामध्येका एक, एक मात्र माङ्गल्यदेव, विघ्नविनाशक गणेशलाई हरेक शुभकार्यमा अग्रपूजाको सम्मान प्राप्त छ । उनी 'ज्ञान र बुद्धी' का देवताका रूपमा लोकविख्यात छन् ।

इखालखु मठको विश्वेश्वर पंचदेवता प्रतिष्ठापित गर्भस्थानको ढोका

सामुन्ने दलिनमा एक घण्ट झुण्डिएको छ । सो घण्टमा १ पङ्क्तिको अभिलेख कुँदिएको छ जुन यस प्रकार छ –

*१. ॐ स ८७३ आस्वीन शुदि ८ श्री ३ विसेश्वर माहादेवप्रीतिन जालं गिरी गुसायिन दुता शुभं ॥*

यस घण्टमा उत्कीर्ण 'जालं गिरी' इखालाखु मठ बनाउन लगाउने जालिम गिरी हुन् । उनले मठका मूलदेवता श्री३ विश्वेश्वरलाई प्रीति गरी सो घण्ट चढाएका थिए । जालिम गिरीको नामको पछिल्तिर लागेको 'गुसायि' विचारणीय लाग्छ । यसले हामीलाई उनका शिष्य अजव गिरीले उनको स्वर्गबास कामना गरी उनको स्मृतिमा बनाउन लगाएको भेलुखेल भीमसेनस्थानको ढुङ्गेधारालाई पनि सम्झाएको छ । जसको चर्चा माथि भइसकेको छ । सो धारा स्थानीय जनजीवनमा 'गोसाइ हिति'/ गोसाइँ धारा भनी चर्चित छ । यताबाट यो धारालाई गोसाइ हिति किन भनियो भन्ने कुरा खुल्न आएको छ । तत्कालीन लोकजीवनले जालिम गिरीहरूलाई 'गोसाई' भनी सम्बोधन गर्दथे भन्ने कुरा थाहा पाइन्छ । योगी, महन्त, साधु–सन्यासी र त्यागीहरूलाई गरिने एक सम्बोधन यो हो । गेरुवा वस्त्र पहिरेर त्यागीझैँ देखिने र गृहस्थ जीवन नै व्यतीत गर्ने एक जाति गोसाइ (गोस्वामी) हो ।[१६]

### श्री ३ विश्वेश्वर पंचदेवता

इखालाखुमठका मुख्यदेवता श्री३ विश्वेश्वर पंचदेवता (गणेश, दुर्गा, सूर्य, विष्णु, विश्वेश्वर/शिवलिङ्ग, साथमा नन्दी) हुन् । यो कुरा माथिको शिलाभिलेखबाट पनि स्पष्ट भइसकेको छ । श्री३ विश्वेश्वरको गर्भगृह पश्चिमाभिमुख छ । सो गर्भगृह कलात्मक काष्ठद्वारले सजिएको सुन्दर र आकर्षक छ ।



श्री ३ विश्वेश्वर पंचदेवताको गर्भगृह । प्वाल परेको छानाबाट झरेका वर्षातको पानीले मठका भित्तालगायत सो गर्भगृहको सुन्दर काष्ठद्वार समेत रसाएर, मक्किएर ढुसी परेर बर्बाद–अवस्थामा पुगेको छ । प्रस्तुत चित्रमा सो गर्भगृहको तलतिरको भाग वर्षातको पानीले भिजेकै अवस्थामा देख्न सकिन्छ ।

### कीर्तिमुख भैरव



गर्भस्थानको भित्तामा प्रतिष्ठापित कीर्तिमुखभैरव । महादेवको शान्त र सौम्य रूप शिव हो, भयानक रूप भैरव हो ।

### चतुर्बाहु सरस्वती



'अति दुर्लभ' सरस्वतीको मूर्ति, १०x१३/२४x२७x२२ से.मि.

यहाँ प्रस्तर सिंहासनमा सुन्दर खोपाभित्र चतुर्बाहु सरस्वतीको सानो सुन्दर मूर्ति रहेको छ । यिनका चार हातमध्ये माथिका दुई हातहरूमा जपमाला र पुस्तक एवं तलका दुई हातहरूले वीणा समाइरहेकी छिन् । यी सरस्वती मकरासन र पद्मासनमाथि ललितासन मुद्रा कसी बसेकी छिन् । यिनको वाहन हंस/मयूर त्यहाँ देखिँदैन । त्यसको ठाउँ मकरले लिएको छ । मकर गंगाको वाहन हो । त्यही मकरको थुतुनोमा यिनले आफ्नो दायाँ पाउ अड्याएर राखेकी छिन् । यो कुरा विचारणीय लाग्छ । प्रतिमालक्षणाका दृष्टिले अन्य सरस्वतीका मूर्तिहरूभन्दा यो मूर्ति नितान्त भिन्नै प्रतीत हुन्छ । यस दृष्टिले यो मूर्तिलाई 'दुर्लभ' मात्र नभनी 'अति दुर्लभ' मूर्ति हो भनी मान्न सकिन्छ ।

बुद्धीका मालिक त गणेश नै हुन्, सरस्वती विद्या र वाणीकी देवी हुन् । यसैले तिनलाई 'वाग्देवी' मानिएको छ । वैदिक वाङ्मयमा यिनलाई नदीहरूको माता भनिएको छ । यिनी 'नदी' मात्र नभएर नदीहरूको संगम पनि हुन्, गंगा र यमुनाका संगम पनि हुन् । यसले हामीलाई 'सरस्वती–संगम' को लोकविख्यात तीर्थ र मान्यतालाई पनि सम्झाएको छ । यसले प्रकारान्तरमा हामीलाई माथि वर्णित 'इखालखु तीर्थ' (इखालखु मठ भएर बग्ने खोल्सो तल हनुमन्ते नदीमा मिसिएर आविर्भाव हुने संगम/दोभान) लाई पनि एकसाथ स्मरण गराएको छ । यस भावअर्थमा इखालखु तीर्थमा हामीलाई सरस्वती–संगमको पनि दर्शन मिल्छ । जालिम गिरी र अजव गिरीहरूले इखालखुको प्राचीन धार्मिक–सांस्कृतिक महत्त्वलाई बुझेका थिए । यसो हुँदा मठको भित्तामा मनले मान्ने, समुद्रको छालमा मस्तकमात्र निकालेका मकरको थुतुनो कुल्चेर बसेकी सरस्वतीको मूर्तिलाई त्यसरी खोपामा सजाएर राखेको दृष्टिगोचर हुन्छ ।

## चतुर्बाहु विष्णुमूर्ति



चतुर्बाहु विष्णुमूर्ति, ३३X१९ से.मि.।

यस विष्णुको मूर्ति सिंहासन+पद्मासनमाथि नागासनमा, सप्तनागकै छत्र ओढी समभङ्ग मुद्रामा उभिएका छन्। उनले आफ्ना चार हातमा शङ्ख, चक्र, गदा र पद्म पंचदेवतामध्येका एक विष्णु पनि हुन्। इखालखु मठको पूर्वपट्टि एक लाछि छ। त्यहाँ मठकै मल्लकालीन इँटाको थुप्रो र त्यसमाथि तिकिञ्झ्याःको अवशेष, मठको टेक्का लागेको भाग लगायत एक इनार देख्न सकिन्छ।

इखालखु मठभित्र एक कलात्मक सुन्दर काष्ठद्वार छ। सो काष्ठद्वार कलात्मक ढङ्गले कुँदिएका सूक्ष्म, सुन्दर बुट्टाहरू लगायत शिवपरिवारका मूर्ति कुँदिएका छन्। सो द्वारबाट भित्र पसेपछि खुला चोकमा पुगिन्छ जहाँ अर्को एक अनौठो इनार। सो इनार उक्त द्वारबाहिरबाट टड्कारै देखिन्छ। र, सो द्वारको दायाँपट्टि माथिल्लो तलाका दलिनहरू झरेर सो भाग पनि हवाङ्गै परेर धरापिलो अवस्थामा पुगेको छ।

## मठभित्रको अनौठो इनार

मठभित्रको यो चोकमा बनेको यस अनौठो सानो इनारले पनि चोकको शोभा बढाएको छ। हेर्दा साधारण नै



देखिने यो इनारको अर्धगोलाकार भाग अण्डाकार भागले ढाकिएको छ। यस्तो ढाँचा र शैलीमा बनेको इनार अन्यत्र देखिएको छैन। यसले यसलाई अतुल्य तुल्याएको छ। इनारलाई त्यसरी आधा भागले मात्र ढाकेको हुँदा स्थानीय लोकजीवनमा यो इनार 'बाग तुं' भनी चर्चित छ। स्थानीय बासिन्दाहरूका अनुसार सो इनार चोकको पेटीसँगै बनेको र सो पेटीबाट आवतजावत गर्दा इनारमा खस्न सक्ने भएकोले सुरक्षाका लागि त्यसभागमा सो अण्डाकार भाग उठ्ने गरी बनाउनुपरेको हो।

मठको पुनर्निर्माण अघि इखालखु मठको यत्रतत्र कालक्रममा झरेका (बेलैमा सो मठको मरम्मत संभार हुन नसक्दा) कलात्मक बुट्टा, अष्टमङ्गल एवं देवीदेवताका आकृतिअङ्कित दलिन, थाम आदि छिँडीमा थुपारिएको अवस्थामा राखिएको थियो।

## मठको दक्षिण लङ



इखालखु मठको हरेक भाग सुन्दर छ। काष्ठकलाको बेजोड नमुना यो मठ पनि हो। यसका अनेक भाग आँखा नै नहटाइकन हेरिरहुँ झैँ एकले अर्कोलाई उछिन्ने खालका सुन्दर र अनुपम छन्। चित्रमा देखिने यो भाग पनि उदाहरणस्वरूप छ। त्यसरी माथिल्लो तला जीर्ण भएर आधुनिक जस्ताको छाना हालिएको र त्यो समेत भताभुङ्ग हुँदासमेत र यसका भित्ता पनि वर्षातको पानीले रसाएर घाँस झारपात उम्रिन पुगेता पनि आफ्नो मल्लकालीन वास्तु-सुन्दरतालाई यसले यसका दलान, तीनमुखे झ्याल र तिनका दायाँ बायाँ एकजोडी साना तिकिञ्झ्याः र दुईमुखे झ्यालहरू र तेलिया इँटाका भित्ताले कायमै राखेको छ।

## मठको पूर्वी लङ



मठको कलात्मक झ्याल भएको पूर्वी लङ।

यसको छिँडी/दलानमा भित्रपट्टि कोठा निकाल्न खुला दलान ढाकेर गारो उठाइएको छ।

इखालखु मठ विगतमा नाम मात्रको टालटुले जीर्णोद्धार भएको र त्यो पनि आफ्नो अनुकूल हुने गरी र मठको मौलिक सुन्दरता हनन हुने गरी

प्रतिकूल रूपमा भएको रहेछ भन्ने कुरा यस भागलाई मात्र हेर्दा पनि स्पष्टै अनुभूत हुन्छ । सो भागमा यसको छिँडीतलाका कलात्मक काष्ठथामहरूलाई अतिक्रमण हुने गरी, पुरानो दलान बन्द हुने गरी गारो लागेको छ । माथिल्लो तला पनि जस्ताको छाना छाएर, तला थपेको देखिएकोले ती भागको सुन्दरता नष्ट हुनपुगेको देखिन्छ । तर त्यति भएर पनि बचेखुचेको दुई तहका यसका तीनमुखे भग्न झ्याल र रातै देखिने मल्लकालीन तेलिया इँटा, थाम, एकमुखे झ्यालले समग्रमा यसभागको मौलिक सुन्दरता र शोभालाई भने कायमै राखेको छ ।

हेरेर मनलाई शान्ति मिल्ने र आँखालाई आनन्द दिने अनि अन्त कतै नभएको नूतन पक्षको प्रयोग गरी अनुपम कलाको सिर्जना गर्न सक्नु नेवार वास्तुकलाको अतुल्य विशेषता भएको यसका झ्यालमा पनि दर्शनीय हुन आउँछ ।[१७] मठको यस भागको तलका ती तीनमुखे झ्याललाई अलिकता गहिरिएर हेरेमा सो झ्यालको दायाँ बायाँ कुनामा दुई पुरुष प्रतिमूर्तिहरू विपरित दिशातर्फ उन्मुख हुने गरी समभङ्ग मुद्रामा उभिएका छन् ।



सम्भवतः जालिम गिरि (बायाँ) र अजव गिरि (दायाँ) को प्रतिमूर्ति

यी प्रतिमूर्तिले यस झ्याललाई विशेष तुल्याएको छ । दुबै प्रतिमूर्तिका पुरुषले शिरमा पगडी गुथेका छन्, बाहुला भएको लामो उत्तरीय पहिरन र कम्मरदेखि गोलीगाँठासम्म आउने, मुजैमुजा परेको जामा लाएका छन्, निधारमा गोलो टीका लाएका छन्, कानमा कर्णकुण्डल र घाँटी टम्म हुने गरी रुद्राक्षमाला, जन्तरमाला र रुद्राक्षमाला धारण गरेका छन्, चुच्चो परेको जुत्ता लाएका छन्, ढाल र तरबार भिरेका छन् । सुलुत्त परेको नाक, ठूला-ठूला आँखा, बाक्लो जुँगा, र सलक्क परेको, छरितो शरीरले यिनीहरूको व्यक्तित्व अधिकार-सम्पन्न, ओजपूर्ण र प्रभावशाली देखिन्छ । यी प्रतिमूर्तिका पहिरन, उनीहरूले लिएका ढाल, तरबार एवं व्यक्तित्वले भक्तपुर राजदरबारको स्वर्णद्वार सामुन्नेको राजा भूपतीन्द्र मल्लको सालिग र राजदरबारको भैरवचोकको दक्षिणाभिमुख ढोकाको दायाँ बायाँका भूपतीन्द्र मल्ल र उनका पुत्र रणजित मल्लको युगल प्रस्तर सालिगलाई स्मरण गराएको छ । स्थानीय बासिन्दाहरूसित ती प्रतिमूर्ति कसका होलान् भनी सोद्धा *'छम्हा जुजुया, छम्हा महन्तया'* (एउटा राजाको र अर्को महन्तको) भन्ने उत्तर आयो । तर मलाई भने त्यस्तो लागेन । निःसन्देह त्यसबखतको शासक वर्गलगायतका उच्च वर्गमा यस्तो पहिरन प्रचलित रहेको देखिन्छ र त्यताबाट कुलीनवर्गको अधिकारसम्पन्न सामाजिक जीवनको झलक पनि तिनमा मिल्छ, तर त्यो भन्दा पनि महत्त्वपूर्ण कुरा, त्यही मठको माथि उल्लेखित ने.सं.८६५ को शिलालेखलाई आधार मानेर भन्नुपर्दा ती दुई प्रतिमूर्ति सो मठ बनाउन लगाउने गुरु जालिम गिरी र उनका शिष्य अजव गिरीहरूकै हुन् भन्ने दृष्टिगोचर हुन्छ । तसर्थ सो झ्यालको दायाँतर्फको प्रतिमूर्ति जालिम गिरी र बायाँतर्फको प्रतिमूर्ति अजव गिरीको हुनुपर्छ ।

**गद्दीबैठकको विलुप्त भित्तेचित्र**

यस मठको पहिलो तलाको गद्दी बैठकको खोपासहितको भित्तेचित्रको रङ्ग उडिसकेको र हराइसकेको छ । त्यसको शेषमात्र बचेको भाग दलिनहरू खसेकाले तल छिँडीबाट ह्वाङ्गै देखिने अवस्थामा पुगेको छ । सो भित्ता कस्तो/कुन प्रकारको भित्तेचित्रले सजिएको होला भनी मठका पुजारीसित सोद्धा उनले भने[१८] *'त्यो त थाहा भएन, किनभने सानो छँदा नै सो भित्ताको भित्तेचित्र मेटिइसकेको थियो । त्यहाँ वीणा बजाइरहेको एक आकृतिको सम्झनामात्र मलाई छ, त्यो नारदको हो वा सरस्वतीको हो त्यो पनि थाहा भएन । जे होस् कोठाको दायाँपट्टिको त्यो भित्तामात्र भित्तेचित्रले सजिएको थियो, खोपासमेत पनि चित्रले सजिएको थियो । त्यो कोठा लामो, तीन झ्याल भएको, महन्त बस्ने भएकोले गादिकोठा/'गद्दीकोठा' भनिन्थ्यो । सो कोठाको भित्तामा पचपन्नझ्याले दरबारको पहिलो तलाको कोठामा जस्तै हुक्का राख्ने खोपा थियो, महन्तले त्यही खोपाको हुक्का तान्थे । लक्ष्मीपूजाको बेलामा ढुकुटीकै रूपमा समेत प्रयोगमा आउने सो बैठक, महन्त बस्न नआएपछि सबैले भोज खाने कोठाको रूपमा परिणत हुनपुग्यो, भित्तेचित्र पनि हराउँदै गयो ।'*

इखालखु मठको भित्तेचित्र अब हाम्रो सामु रहेन । इखालखु मठमा जस्तै भक्तपुरका अन्य शैवमठहरूमा विशेषगरी महन्त बस्ने कोठाका भित्ता भित्तेचित्रले सजिएको पाइन्छ । ती भित्तेचित्रका बारेमा खासै अध्ययन भएको देखिँदैन । बेलैमा ती भित्तेचित्रको डकुमेन्टेशन/अभिलेखिकरण हुन सकेमा ती अमूल्य भित्तेचित्रमात्र नभएर तिनबाट तात्कालिक लोकजीवनका धार्मिक-सांस्कृतिक, सामाजिकलगायत अन्य अनेक पक्षका बारेमा जान्न सकिने कुरामा दुईमत नहोला ।

**तिकिझ्याः**

मठको मुख्य झ्यालको एकातर्फ रहेको कलात्मक, सुन्दर तिकिझ्याः छ । यस तिकिझ्याःको चौकोसको चारै कुनामा

बादलका टुक्रा र पंक्षीका आकृति कुँदिएका छन् । नेवार वास्तुरचनामा यस्ता झ्यालहरू मुख्य झ्यालको दायाँ–बायाँ सहायक झ्यालका रूपमा सजाएर राख्ने चलन रहेको ज्ञात हुन्छ ।

**मठको पश्चिम लङ्को एक खण्ड**



यो लङ नियति र कालक्रमले जीर्ण हुँदा जस्ता हालेर जीर्णोद्धार भएको देखिन्छ तर त्यसले सो भागको पुरानो मौलिक स्वरूप भने नष्ट हुन पुगेको छ । त्यति हुदाँ पनि यसको पुरानो सुन्दर कलात्मक खुला दलान र झ्यालहरूले सो लङलाई कुरूप हुनबाट जोगाएको प्रतीत हुन्छ किनकि हाम्रो आँखा समग्रमा जस्ता र खस्रोफुस्रो गारोमा नभएर ती सुन्दर उत्कृष्ट काष्ठकलाका नमुनाहरूमा गएर टिक्छ । सो दलानभित्र मठका काष्ठकलाका अवशेषहरू थुपारिएका छन् ।

**मठको दक्षिणाभिमुख कलात्मक झ्याल र खुला दलान भएको लङ**





पाच्ला (फलैंचा)

नेपालमण्डलको तीनवटै, मल्लकालीन दरबारहरू, मठ, विहारलगायत सर्वसाधारणका परम्परागत घरहरूका मूलढोकाभित्र दायाँ बायाँ यस्ता पाच्ला देख्न सकिन्छ ।

**यस मठका थाम र थामलाई पुर्नै लागेको फोहोरको थुप्रोलाई हेर्दा मनमा उठेका लहर**

*‘सुन्दर मनले सिर्जित कलासौन्दर्यको प्रतीक ती सुन्दर थाम*
*हेरेर आँखालाई आनन्द दिने, मनमा शान्ति मिल्ने, शिल्पी–मनका सिद्धहस्त–हातले सिर्जित,*
*कोरा काठबाट अनुपम कला बनेर मुसुक्क हाँसेका, कलाकौशलको प्रतीक ती कलात्मक थाम*
*हिलोमा फुलेको कमलको फूल झैँ लाग्ने ती सुन्दर थाम*
*हजारौँ वर्षको सीप, अनुभव र प्रयोगले सिर्जेको एक अतुल्य नमुना, मनलाई हर्ने ती मनोहर थाम*
*मनले नबुझ्दा, नदेख्दा के सुन्दर के असुन्दर; छुत्याउन नसक्ने भएका विगतका ती निर्बोध मनहरू*
*आज, मनहरूका मनमा आफ्नो असली पहिचान बनेर पुनः बसिसकेका छन् ती थामहरू*
*मनहरूले उठ्ने भएका ती थामहरूले मठलाई अब थाम्दा*
*बितेका यसका प्रत्येक क्षणलाई इतिहासले निष्पक्ष, सत्य साँचेर राख्ने छ*
*यसैले अब, अतीतका गौरव, वर्तमानका शान भएका छन् ती सुन्दर थामहरू*
*पुर्खाका शिल्पी छिनोको चञ्चल छनक ती थाममा अनुभूत गरी*
*मनको आँखाले हेर्न ठम्याउन सक्ने भएका छन् यहाँका मनहरू ती थाममा*
*सम्पदाको थामरूपि ऐनामा हेरेर सम्पदाभित्रको दार्शनिक–सुन्दरतालाई सुमसुम्याउन सक्ने भएका छन् यी मनहरू*
*अरूको भरले होइन, आफ्नै सीप, स्रोत र पसिनाका भरले सम्पदालाई सम्भार गरी,*
*पूर्वजहरूले सिर्जेर गएका अतुलनीय सौन्दर्यलाई उस्तै फर्काएर, सम्हालेर राख्न सफल भएका छन् यी मनहरू*
*अब भने फोहोर मिल्केर, थुप्रेर पुरिने अवस्थामा पुग्ने छैनन् ती सुन्दर थामहरू,*
*बरू त्यहाँ मिल्किएका एक टुक्रा फोहोर पनि जो सुकैले टिपेर सफा गर्न सक्ने भइसकेको छ यहाँका मनहरू*
*ढलेको थामलाई एक्लो मनले उठाउन खोज्दा अनगिन्ती असल मनहरूले एउटै मन भएर साथ दिन आउने,*
*छ महिनामै ङातापोल उठाउन सक्ने, अपत्यारिलो अद्‌भुत एकीकृत शक्ति जस्तो भइसकेको छ यहाँका मनहरू,*
*अनेक मनहरूलाई मुखले होइन, कामले देखाएर, मनहरूका मनलाई मनमा लिएर यो मठको पनि पुनर्निर्माणतिर,*
*सांस्कृतिक पुनर्जागरणका अग्रदूत भएर लागिपरेको छ भक्तपुर नगरपालिकाको मन ।*

## संस्कृति

भक्तपुरका अन्य शैवमठहरू जस्तै इलालखु मठ पनि यसको निर्माणकालदेखि नै यहाँका उच्चतम देवीदेवतालगायत सांस्कृतिक जीवनसित सांस्कृतिक रूपले गाँसिएर आएको देखिन्छ । प्राचीनकालदेखि नै धार्मिक–सांस्कृतिक महत्त्व पाएको शैव तीर्थस्थलकै रूपमा कुम्हःत्वः विख्यात रहिआएको

थियो । लक्ष्मीनारायणमन्दिरको शिवदेव प्रथमको शिलालेखका आधारमा विचार गर्दा यस भेकको सांस्कृतिक महत्त्व लिच्छविकालदेखि बढ्न थालेको विदित हुन्छ । नेपालमा मात्र नभएर विश्वप्रसिद्ध हुनपुगेको विस्कःजात्रा/विश्वजात्रा/विस्केटजात्राको शुभारम्भ र समापनको सांस्कृतिक थलो पनि कुम्हःत्वः नै रहिआएको देखिन्छ । लेलेको शिवदेव+अंशुवर्माको अभिलेखमा आएका 'इन्द्रगोष्ठी', 'ध्वजगोष्ठी' तिर विचार गर्दा सातौँ शताब्दीतिरको लिच्छविकालीन नेपालमण्डलमा ध्वजा फहराएर मनाइने विश्वजात्रा विख्यात भइसकेको दृष्टिगोचर हुन्छ । चैत्रमसान्तको दिनमा योसिंख्यःमा विश्वनाथभैरवको लिङ्गोत्थान गर्नुपूर्व कुम्हःत्वःमा ज्याठागणेशको सामुन्ने उनै अग्रपूजाप्राप्त एकमात्र माङ्गल्यदेव गणेशको लिङ्गोत्थान 'ल्हामरु यसिंद्यः' त्यस दिनको सूर्योदयसँगै सर्वप्रथम सम्पन्न गरिन्छ । र, वैशाख ५ गते उनै ल्हामरु यसिंद्यः ढालिसकेपछि मात्र विश्वजात्रा विधिवत् समापन भएको मानिन्छ । यस अघि वैशाख ३ गते कुम्हःत्वःमा वुल्चा भैलद्यः र ज्याठा गन्द्यःको खःल्वाकेगु (खट जुधाउने) जात्रा गरिन्छ ।

लिच्छविकालको उत्तरार्द्धदेखि नै नेपालमा नाथशैव सम्प्रदाय पनि प्रचारमा आउन थालेको देखिन्छ । यस सम्प्रदायका प्रवर्त्तक गुरु गोरखनाथ हुन् । कुम्हःत्वःको शिरैमा रहेको थुम्को वा डाँडोमा गुरु गोरखनाथको पादुका एवं भैरवनाथ स्थापित देवस्थल छ जुन स्थानीयहरूमा 'तालादंफो' नामले विख्यात रहिआएको छ । विश्वजात्राको पूर्वसन्ध्यामा (स्याकोत्याको) गोरखनाथलाई इष्टदेवता मान्ने दर्शनधारी र खड्गीहरू गोरखनाथ पादुकाको दर्शनपुजन गरी सँगैको भैरवनाथलाई सुँगुरको बलिसहित पूजा गर्ने परम्परा छ । सुँगुरको रगतले बगेको आहालमा स्थानीय महिलाहरू गोडाले टेकेर रगतले गोडा, कुर्कुच्चा मिच्ने चलन पनि छ । त्यसो गर्दा गोडा फुटेको निको हुने, छाला राम्रो हुने लोकविश्वास पनि रहिआएको पाइन्छ ।

नेपालमण्डलमा पूर्वमध्यकालतिरै लोकविख्यात भइसकेको प्राचीन जात्रा सापारु (गाईजात्रा) पनि हो । त्यसबखत नेपालमण्डलको राजधानीनगर भक्तपुर रहेको थियो । नेपालमण्डलको एक सांस्कृतिक ढुकढुकी यो जात्रा पनि हो । यो जात्रा देश (शहर) परिक्रमा गरी मनाउने चलन आज पनि छ र, हाम्रो कुम्हःत्वः पनि यस जात्राको एक प्रदक्षिणापथ रहिआएको छ ।

यसरी माथिका केही उद्धरण–प्रसङ्गहरूले पनि कुम्हःत्वः लिच्छविकालपूर्वदेखि नै मानवबस्तीको रूपमा मात्र नभएर धार्मिक–सांस्कृतिक महत्त्व पाउँदै आएको तदनुरूपको पवित्र शैव तीर्थस्थल थियो, लखुतीर्थ थियो, सरस्वतीसंगम थियो र, यसो हुँदा नै तालाक्व मठ लगायत यो मठ यहाँ बस्न आएको कुरा जानिन्छ ।

के बौद्ध, के शैव; शिवदेव+अंशुवर्माहरूकै समयदेखि धार्मिक मतहरूमा तन्त्रसिद्धान्तले व्यापक प्रश्रय पाउँदै 'तन्त्रप्रधान धर्म' कै रूपमा लोकप्रियता पाउँदै, विशेष प्रचलनमा रहिआएको विदित हुन्छ । एउटा उदाहरण 'भैरव'लाई लिन सकिन्छ । तम्हारी टोलका विश्वनाथभैरव हुन् वा इखालाछि मठ सामुन्नेका 'भेलुपाद्यः' नामले प्रख्यात भैरव; उनीहरू यहाँका विख्यात तान्त्रिक देवता हुन् । उनै भेलुपाद्यःको सामुन्नेमा बनेको मठ हुँदा इखालखु मठ स्थानीय बासिन्दाहरूमा 'भेलुखा मठ' नामले पनि चर्चित रहेको थाहा पाइन्छ ।

घण्टाकर्ण चतुर्दशीका दिन भेलुपाःद्यः भएको स्थानमा नवदुर्गा गणका वनमालाहरूले मखुण्डो निर्माणका लागि हाकुज्याः कुम्हःबाट विधिवत् कालोमाटो प्राप्त गर्छन् । मोहनीताका, पायोजात्राको भोलिपल्टको एकादशीका दिनमा नवदुर्गागण कुम्हःत्वःको यसै मठसामुन्नेमा आउँदा सिफोद्यः (महालक्ष्मी)को खट यसै भेलुपाद्यःपरिसरमा बिसाउने चलन छ । त्यसैगरी, इन्द्रजात्राताका इन्द्रायणीमाजुको खटजात्रा गरी ल्याउँदा यहाँ बिसाएर पूजा गरी लाने परम्परा छ । विस्कःजात्राताका भक्तपुरका देवदेवताहरूलाई 'द्यः सगं वि वानेगु' भनेर सगुन दिन जाने धार्मिक उत्सव जुलुसमा सूर्यविनायकका भगवान् गणेशलाई यहाँ ल्याएर राखिन्छ ।

भौतिक होस् वा अभौतिक, सम्पदाको प्राण गुठीजग्गा हो । गुठीजग्गा हराएमा सम्पदा पनि हराउँछ । इखालखु मठको नियति पनि यस्तै रहेको प्रतीत हुन्छ । स्थानीय वासिन्दाहरू लगायत मठका पूजारीका अनुसार यस मठसित सम्बन्धित धेरै पर्वपूजाहरू यसका आउने आयस्ताहरू सुक्दै गएकाले नाममात्रका चलेका छन् । विहानको नित्यपूजा चलेको छ तर साँझ आरति दिने चलन बन्द भइसेकेको छ । अक्षयतृतीयाको दिनमा दश पाथी सख्खरको सर्वत बनाएर विश्वेश्वरलाई अभिषेक गरी रूद्रीपुजा गरिन्थ्यो, गहुँको सत्तु बनाएर चढाइन्थ्यो । सर्वसाधारणलाई सख्खरको सर्वत, सत्तु प्रसादको रूपमा पिउन खान दिइन्थ्यो । रूद्रीपूजा भने चलेको छ । मठका ढोकाहरूमा नागका चित्रहरू टाँसेर नागपूजा गरी नागपञ्चमी मनाइन्थ्यो । दशैं भव्य रूपले मनाइन्थ्यो । दशैंताका महन्त र पुजारी दुवै बसेर घटस्थापना गर्ने, दशैंको सम्पूर्ण पूजाविधानहरू पुजारीले गर्ने, अष्टमीको दिनमा महन्तद्वारा पूजा संकल्प गरी छागबलिसहित कालरात्रिपूजा गर्ने, मठद्वारा नौवटा बोकाहरू बलि दिएर पूजा गर्ने, भेलुपाद्यःलाई छागबलिसहित

पूजा गर्ने, नवमीको दिनमा स्थानीय बालबालिकाहरूलाई गणाकौमारी (नौजना कुमारी) + गणेश, भैरव र कुमारका रूपमा जीवित देवताका रूपमा पूजा गर्ने, दशमीको दिनमा पुजारीद्वारा महन्तले जमरा र टीका ग्रहण गर्ने र सोही दिनमा मठबाट दत्तात्रेय मन्दिरमा पूजाभाग पठाउने, विजयादशमीको भोलिपल्ट/आश्विनशुक्ल एकादशीको दिनमा मठबाट नवदुर्गागणलाई पशुबलि चढाएर पूजा गर्ने, तिहारताका विशेषगरी लक्ष्मीपूजाको दिनमा मठमा विशेष पूजा गर्ने, धान्यपूर्णिमाका दिनमा मठको भण्डारकोठामा नयाँ बाली भित्र्याउँदा नयाँ धानलाई धान्यलक्ष्मीको रूपमा पूजा गर्ने, माघेसंक्रान्तिका दिनमा मठका देवीदेवतालाई घ्यू, चाकु, तरूल, तीलको लड्डु चढाएर पूजा गर्ने र मठबाट दत्तात्रेय मन्दिरमा घ्यू, चाकु, तरूल, तीलको लड्डुलगायतको पूजाभाग पठाउने, फाल्गुणाकृष्ण चतुर्दशीका दिनमा मठका विश्वेश्वरको विशेष पूजा गरी, रूद्री गरेर शिवरात्रि मनाउने, डल्लुमा दियो बालेर शिवको आरति गर्ने, केराउको पीठोबाट बनेका विशेष प्रकारका पकौडी दत्तात्रेय अखडा अन्तर्गतका मठहरूमा प्रसादको रूपमा बाँड्ने, आदि परम्परा रहेको देखिन्छ। त्यसैगरी मठमा भजन गर्ने भजनियाहरूलाई मकै, भटमास, गहुँ, केराउ फुराएर बनाएको लड्डु एवं चिउरासँगै लसुन, अदुवा, भटमास र अन्य परिकार राखेर समयबजी ख्वाउने चलन छ। यस्तो परम्परा अन्य मठमा रहेको देखिन्न। त्यसैगरी इखालखु मठका विश्वेश्वरलाई नित्य पूजा एवं सेवा गर्नाले पढाइमा सफलता प्राप्त हुन्छ, र भगवान्लाई चढाएको नैवेद्य ग्रहण गर्नाले राम्रो फल प्राप्त हुन्छ भन्ने जनविश्वास रहिआएको छ।[१९]

## निष्कर्ष

परिवर्तन प्रकृति र नियतिको प्रधान नियम हो। अनेक कालखण्डमा अनवरत भइरहने भौतिक निर्माणको परिवर्तनीय चरित्रतिर दृष्टि दिँदा कुम्हःत्वःको बस्तीबसाइको स्वरूपमा हजारौँ वर्षको अन्तरालमा निकै परिवर्तन आइसकेको कुरा सहजै दृष्टिगोचर हुन्छ। तापनि कुम्हःत्वःको हृदयस्थलमा रहेको लक्ष्मीनारायण मन्दिरको एक हजार चारसय वर्ष पुरानो, तत्कालीन लिच्छविराजा शिवदेव प्रथमको शिलाभिलेखमा आएका 'माखोदुलुं', 'हेलीतिल', 'सङ्कोसन्जरासम्पातनद्याः प्रणालीश्वर' (सङ्को र सन्जराको दोभान भएको नदीको प्रणालीश्वर) आदि स्थाननाम एवं जलसित सम्बद्ध शब्दावलीलाई आजको कुम्हःत्वःको भिरालो परेर तल खाँह्रसम्म पुगेको संगम र त्यसकै शिरमा रहेको तालादंफो, किरातकालिक लखमक (खुसिचा/खोल्सो) लाई आफ्नो छातिभित्र लुकाइराखेको भेलुपाद्यः, इखालखु मठको पुनःनिर्माणका क्रममा जग खन्दा त्यहाँबाट पनि पत्ता लाग्न आएका नदी वा खोल्साका अवशेष, कुम्हःगुँ लगायत आज पनि कुनै न कुनै रूपले उस्तै चलिरहेको विशेषगरी परिश्रमी र स्वावलम्बी कुम्हःत्वःवासी प्रजापतिहरूको माटाका भाँडावर्तन बनाउने उद्योग र उनीहरूको कृषिजीवनलाई समेत आधार मानेर विचार गर्दा विश्वमा सर्वत्र आजभन्दा करीब दश हजार वर्षअघि नवपाषाणयुग सकिनै लाग्दा कृषि, स्थायी बसोबास, पशुपालनलगायत माटाका भाँडावर्तन समेत बनाउन जानेर सभ्यताको युगमा मानवजातिले प्रवेश गरेको आद्यइतिहासको युगलाई स्मरण गराएको छ। मिश्रको सभ्यता नील नदीबाट, चीनको सभ्यता ह्वाङ्ह्वा नदीबाट, सिन्धुघाटीको सभ्यता सिन्धु नदीबाट उठेका हुन्। यसरी विश्वका प्राचीन सभ्यताहरूतिर दृष्टि दिँदा हाम्रो नेपालमण्डलको सभ्यता पनि उसैगरी बागमती, विष्णुमती, मणिमती, तुखुचा, हिजाखुसि, मनोहरा, कासाँखुसिलगायत खाँह्र (हनुमद्तीर्थ/हनुमन्ते नदी) बाट उठेका सभ्यता हुन् भन्ने कुरा निश्चित रूपले जानिन्छ। र, यसरी माथिका प्रसङ्गमा हामीलाई खाँह्रको उत्तर किनारामाथिका गोम्हारी, तम्हारीलगायत कुम्हःत्वः मा भक्तपुरको प्राचीन सभ्यताको प्रथम झुल्का परेको आभास हुन्छ। आजको कुम्हःत्वःमा लिच्छविकालपूर्व नै माखोदुलुं नामको किरातकालिक बस्ती आबाद भइसकेको थियो, लिच्छविकालमा यो नूतन सांस्कृतिक सम्पदाले समेत समृद्ध हुनपुगेको थियो र त्यही क्रमले मध्यकालमा आइपुग्दा अभौतिक सम्पदाले समेत यो धार्मिक-सांस्कृतिक जीवनको अभिन्न अङ्ग भइसकेको विदित हुन्छ।

पुजारीवर्ग लगायतको लोकजीवनमा 'इखालखु मठ' भनी कहलिएको यो मठ 'इखालाछि मठ' नामले पनि उत्तिकै चर्चित रहिआएको छ। यो मठ ने.सं.८६५ (वि.सं.१८०२) मा जालिम गिरी र उनका शिष्य अजव गिरी मिलेर बनाउन लगाएका हुन्। मठसित सम्बद्ध शिलालेखमा भक्तपुरका तत्कालीन राजा रणजित मल्लको नाम आएको छैन, तापनि यो मठ राजदरबारको समीममै रहेको र मठको झ्यालको दायाँ बायाँ राजसी ठाँटका पहिरन र ढाल तरबार लिएका जालिम गिरी र अजव गिरीहरूका प्रतिमूर्तिहरूतिर दृष्टि दिँदा राजाको अनुमति लिएर उनीहरूले यो मठ बनाउन लगाएका हुन् भन्ने बुझिन्छ। विशेषगरी यो मठको वास्तुकला, काष्ठकला भक्तपुरका पुजारीमठ लगायतका अन्य शैव मठहरूकै कोटिको अनुपम छ। यस्तो सुन्दर र पूरै बस्तीको शोभा बढाउने यो मठ यही टोल समीपका मङ्लाछेँ, तेखाचो, भार्वाचो टोलका सिद्धहस्त डकमि

(अवाल), सिकमि (शिल्पकार), लोँहकमि (शिलाकार) लगायतका ज्यामीहरूले बनाइदिएका हुन् भन्ने कुरामा पनि सन्देह नरहला। यो मठको वास्तुकला र काष्ठकलालाई मात्र हेर्दा पनि मठ बनाइदिने ती सिद्धहस्त कलाकारहरू विश्वश्रेणीका बेजोड रहेछन् भन्ने कुराको आभास जो सुकैलाई पनि हुन्छ।

इखालखु मठबाट पहिले खोला बग्दथ्यो जुन समीपको खोँहमा मिसिएर तीर्थकुण्डकै रूप लिनपुग्दा 'लखुतीर्थ', 'सरस्वतीसंगम' सदृश् तीर्थस्थलको रूपमा मान्यपुज्य थियो, इखालखु+तालाक्व वा भनौँ आजको कुम्हः त्वःमा किरातकालतिरै माखोदुलुं नामको बस्ती आबाद रहिआएको थियो भन्ने कुरा पनि यसै मठको प्रसङ्गमा प्रत्यक्ष प्रकारान्तरमा ज्ञात हुन आएको छ। कुम्हः त्वः नारायणमन्दिरमा रहेको लिच्छविकालीन शिलालेखका पुरै भाग पढ्न सकिएको खण्डमा भक्तपुरको बस्तीबसाइ, सांस्कृतिक भूगोल, इतिहास लगायत प्राचीन संस्कृतिका अनेक पक्ष खुल्ने आशा गर्न सकिन्छ। भोलिका दिनमा सो शिलालेख पढ्ने प्रबन्ध भक्तपुर नगरपालिकाले मिलाइ दिनेछ र स्थानीय बासिन्दाले यस कार्यमा सहयोग गर्ने छन् भन्ने मलाई आशा छ।

भक्तपुरका एक रैथाने जाति प्रजापति हुन्। भक्तपुर शहरको माथिल्लोभेकका रातो माटोको उद्योग गर्ने 'ह्याँउजा कुम्हः' ले विख्यात प्रजापतिहरू भक्तपुरमा तलेजुआगमनसँगै आएको बताउँछन् भने यसै टोलका कालो माटोको उद्योग गर्ने 'हाकुज्याः कुम्हः' ले विख्यात प्रजापतिहरू भने आफूलाई तलेजुआगमनभन्दा अघि देखि नै यहाँ बस्दै आएको बताउँछन्। यो कुरा विशेष महत्त्वको छ। मलाई लाग्छ यस कुम्हः त्वःका प्रजापतिहरू लिच्छविकालपूर्व वा किरातकालदेखि नै माखोदुलुंका रैथाने वासिन्दा थिए र उनीहरूको त्यसबखतको पेशा पनि कृषि तथा माटाका भाँडावर्तन बनाउने उद्योग नै थियो। यस बारेमा बेग्लै अध्ययन हुनु जरूरी देख्दछु।

भक्तपुरको एउटा सुन्दर, समृद्ध र शोभायमान, धेरै गुठीजग्गा भएको धनी मठ इखालखु मठ पनि रहेछ। तर त्यही सम्पत्ति र वैभव मठका लागि भने खान नहुने नुनिलो समुद्री पानी जस्तो हुन पुगेर टुहुरो जस्तै बन्न पुगेको छ। मठ कति सुन्दर र भव्य रहेछ भन्ने कुरा त यसका सुन्दर कलात्मक भग्नावशेषले देखाएको छ। मठ कति धनी रहेछ भन्ने कुरा शिलाभिलखेमा मठको पूजाआजा, मरम्मत सम्भार वा जीर्णोद्धारका लागि राखिदिएका सय रोपनीभन्दा बढी गुठीजग्गाहरूले देखाएको छ। ती कहाँ गए, कसले बेचे भन्ने कुरा बेग्लै विषयको कुरा हो। तर यसै शिलालेखमा जालिम गिरी र अजव गिरीहरूले भनेको कुरा लाग्ने हो भने उनीहरूकै शब्द लिएर भन्नुपर्दा मठका लागि राखिदिएका घर, खेतबारी बेचेर, बन्धक राखेर म्हास्ने बेच्ने चाहे महन्त होस् वा मठधारिहरू वा जो सुकै होस् ती गुहुका कीरा हुन् जो साठी हजार वर्षसम्म गुहुकै कीरा भएर रहने छन्। र, झण्डै लोप हुन लागेको, धरापिलो अवस्थामा पुगेर पातालै हुनलागेको यो मठको पुनःनिर्माण भक्तपुर नगरपालिकाले गरिरहेको छ। जालिम गिरी र अजव गिरीहरूकै शब्दाभाव लिएर भन्नुपर्दा भक्तपुर नगरपालिका, नगरपालिकाको मातहतमा यसको पुनःनिर्माणकार्यमा प्रत्यक्ष एवं परोक्ष रूपमा तन, मन र धनले सहयोग गरिहरका सबैको भलो हुनेछ, श्री३ विश्वेश्वर पंचदेवताको सुदृष्टि पर्नेछ। विशेषगरी धार्मिक-सांस्कृतिक दृष्टिले भक्तपुरको प्रसिद्धि पवित्र तीर्थस्थलकै रूपमा भारतवासीहरूमा रहिआएको, धार्मिक-सांस्कृतिक सम्बन्ध रहिआएको कुरा मठको शिलाभिलेखको भाषालगायत अन्य प्रमाण एवं भक्तपुर जंगममठमा रहेको सिलौटाको कन्नड लिपिमा लेखिएको अभिलेखका आधारमा समेत जानिन्छ।[२०]




**पुनर्निर्माण**

वि.सं.२०७७ साल मङ्सिर ९ गते, मङ्गलबारको शुभ दिनमा भक्तपुर नगरपालिकाले यस मठको शिलान्यास गरी पुनर्निर्माणको थालनी गरेको छ। सो कार्य अहिले पनि चलिरहेको छ र शीघ्र नै यो आफ्नो पुरानै शैली स्वरूपमा उठ्ने भएको छ। यसरी बेलैमा भक्तपुर नगरपालिकाले पुनर्निर्माण गरेकोले यो अद्वितीय सम्पदा नष्ट हुनबाट बच्ने भएको छ। यो पनि भक्तपुरको मात्र नभएर सारा मानवजातिको सम्पदा हो, सभ्यताको शान हो। भक्तपुर नगरपालिकाले यो लगायत यहाँका अन्य सम्पदाहरूको जीर्णोद्वार, पुनर्निर्माण, संरक्षण, संवर्द्धन गरी सुन्दरीकरण गरिरहेको असल कार्यहरू इतिहासमा सदा स्मरणीय रहने छ। भक्तपुर नगरपालिकालाई मुरी मुरी धन्यवाद।

**इखालाछि मठ पुनः निर्माण योजना र पुनर्निर्माण विषयको प्रचारपट्टी, चित्र साभार : राजेन्द्र माक, सदस्य, वडा न ४ ।**

*(प्रस्तुत लेख लेख्न प्रेरित गर्ने एवं स्थलगत अध्ययनका क्रममा सहयोग गर्ने भक्तपुर नगरपालिका वडा नं ४ का वडाध्यक्ष श्री कुमार चवाल, सदस्य श्री राजेन्द्र माक, इखालाछि मठ पुनर्निर्माण उपभोक्ता समितिका अध्यक्ष श्री पुरुषोत्तम तमखु, लैको, वडा नं ५ का मेरा मित्र श्री केशव तमखु, भक्तपुर नगरपालिकाका फोटोग्राफर श्री कृष्णकुमारी महर्जन, तालाक्वटोलका स्थानीय वासिन्दा श्री उद्धव प्रजापति लगायत इखालाछि मठका पुजारी एवं मेरा अनन्य मित्र श्री विनोदराज शर्मा राजोपाध्यायहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरी महत्त्वपूर्ण सुझावहरू दिएर सहयोग गर्नु हुने स्थानीय बासिन्दाहरू श्री पशुपति प्रजापति, श्री न्हुच्छेराम भेले, श्री तुल्सीराम सुवाल, श्री रामबहादुर प्रजापति, श्री जगतनाथ प्रजापति, श्री चन्द्र प्रजापति, श्री राजन ग्वाछाहरूप्रति पनि आभार प्रकट गर्दछु -लेखक)*

## पाद टिपोट

१) यस शिलाभिलेखको अभिलेखांश शंकरमान राजवंशीद्वारा संपादित **भक्तपुर-शिलालेख-सूची** (काठमाडौं : पुरातत्त्व र संस्कृति विभाग, वीर पुस्तकाललय, २०२०, अभिलेख सङ्ख्या २५०/पृष्ठ ९७) मा प्रथमपल्ट छापिएको छ । र, प्रथमपल्ट मैले सो शिलाभिलेखको पुरै मूलपाठ शुद्ध पढी व्याख्यासहित 'भक्तपुर-भेलुखेलस्थित भीमसेनस्थान परिसरको भूकम्पले पुरिएको एउटा शिलापत्र' शीर्षकको लेख खोपृङ (२३/२०७३, पृष्ठ २९-३४) मा प्रकाशमा ल्याएको छु ।

२) केही मुख्य मठहरू यस प्रकार छन् : जङ्गम मठ/लाव मठ (बोलाछेँ/टौमढी), पुजारीमठ/ पीरमठ (तचपालटोल), पुलांचोटा मठ/ (तचपाल टोल), चिकंफ मठ (तचपाल), क्वाठडौं मठ/श्री मठ (क्वाठडौं), त:जा मठ (तचपाल), दथु मठ (तचपाल), सिथु मठ (तचपाल), कुथु मठ (क्वाठडौं), गुच्चात्वः मठ (तचपाल), सुन्दर मठ (सुकुध्वाखा), तालाक्व मठ (तालाक्व), वि.सं.२०७२ सालको महाभूकम्पले यो मठ पुरै पाताल भएको छ ।), गोदावरी मठ (तचपाल), बार्दलीमठ (तचपाल) र इखालाछि मठ/ इखालखुमठ (इखालाछैं) ।

३) इखालाछि मठका पुजारी **विनोदराज शर्मा** राजोपाध्यायबाट प्राप्त जानकारी ।

४) प्रा.डा.पुरुषोत्तमलोचन श्रेष्ठ, **'भक्तपुर तालाक्व मठको नेपाल संवत् ७८५ को शिलालेख र तामापत्रको नक्कल'**, अभिलेख, ३०/२०६९, पृष्ठ ५६-६० ।

५) धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, कीर्तिपुरः नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०५३, पृष्ठ २६९-२७० । ....नक्साल नाराणचौरको अभिलेखमा 'तिलमक' शब्दको साथै 'लखमक' शब्दको पनि उल्लेख आएको छ । ...तिलमक शब्द जस्तै लखमक शब्द पनि त्यसबेला प्रचलित थियो भन्ने यसबाट देखिन्छ । नेवारी भाषामा पानीलाई कहने चल्तीको शब्द 'ल:'को पूर्वरूप 'लख' हो भन्ने कुरामा शङ्का छैन । 'मक' शब्दको प्रयोग लिच्छविकालका अभिलेखमा विभिन्न रूपमा भएको हामी पाउँछौं । चाँगुको अभिलेखमा स्थानीय बस्तीको नाउँ 'गुङ्दिमक' दिइएको छ । 'गुङ्' जङ्गलसहितको डाँडोलाई भनिन्छ । धापासीको अभिलेखमा 'प्रणालीदीमक' ग्रामको उल्लेख परेको छ ।

कति 'तिलमक' हरूका नामको उल्लेख पनि अभिलेखमा आएको छ । का.इ. लगन टोलको अभिलेखमा 'चिशिमण्डा' नामक तिलमकको चर्चा परेको छ । पशुपति वज्रघरको अभिलेखमा 'मेकण्डीदुल्' तिलमकको उल्लेख आएको छ ।

कुलोलाई कहने 'तिलमक' शब्द किरातपरिवारको भाषाको भएको र चिशिमण्डा, मेकण्डीदुल् आदि नामहरू पनि किरातपरिवारकै भाषाबाट रहेका देखिएका हुनाले लिच्छविकालभन्दा अघि नै अर्थात् किरातकालमै यहाँ खेतीको लागि कुलोको बन्दोबस्त थियो भन्ने देखाउँछ । यसरी किरातकालमै नेपाल-उपत्यकामा कृषिव्यवसाय चलिसकेको सङ्केत हामी यताबाट पाउँछौं ।'

६) उही, पृष्ठ ५६६-६७ ।

७) गोपालराज वंशावली राजा स्थितिमल्ल (वि.सं.१४३९-१४५२) ले सम्पादन गर्न लगाएका हुन् । यस ग्रन्थका रचयिताले यसलाई भक्तपुरमै बसी तयार पारेका थिए । यसलाई मात्र 'वंशावली' को नाम दिनु इतिहासका दृष्टिले अन्याय हुनेछ । यो यथार्थमा इतिहास विषयको नेपालको पहिलो हस्तलिखित ग्रन्थ/पुस्तक हो । यस वंशावलीको २९, ४७, ५१, ५६ पत्रहरूमा तम्हारीलाई 'तलमण्डे' भनिएको छ ।

Dhanavajra Vajracharya, Kamal P. Malla, **THE GOPA¯LARAJAVAMSAVALI**, Kathmandu : Nepal Research Centre, 1985.

८) शंकरमान राजवंशी, **भूमिसम्बन्धी तमसूक ताडपत्र**, काठमाडौं : राष्ट्रिय अभिलेखालय, भाग १, २०४०, : क्रम सङ्ख्या १३, १४, भाग २, २०४१, : क्रम सङ्ख्या ५ ।

९) राजवंशी, **पूर्ववत्**, भाग ४, २०४४, क्रम सङ्ख्या १६ क ।

१०) पुरुषोत्तमलोचन श्रेष्ठ, **गुहा, गुहालेख, गुहाचित्र र अन्य सम्पदा**, भक्तपुर : विनोदराज शर्मा, २०७३, पृष्ठ १७६ । 'आजको गोलमढीभेक त्यसबखत 'माखोपं' कहलिएको थियो । आजभन्दा चार दशक अघिसम्म पनि गोलमढी टोलमा उत्तरबाट दक्षिण बग्ने खोला यो अन्वेषकले देखेको कुरा यहाँनिर स्मरणीय छ । सो खोला सुनमती नामले प्रसिद्ध थियो । ... सो खोला उत्तरको अग्लो ठाउँबाट तलतिर झरनाजस्तो झर्ने भएकोले 'झोरतिला' भनिएको जानिन्छ । अहिले यो खोला त्यहाँको मूलबाटोले छोपिनपुगेको छ । यो खोला पनि हनुमन्तेमा मिसिन पुग्छ ।' यसले हामीलाई किरातकालिक 'लखमक' को स्मरण गराएको छ ।

११) वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत् पृष्ठ २३१-३२ ।

१२) पुरुषोत्तमलोचन श्रेष्ठ, 'भक्तपुर नगरको नामाकरण' पासुका, १/१०, ०५४, पृष्ठ ५ ।

'**गुहा, गुहालेख गुहाचित्र र अन्य सम्पदा**, पूर्ववत्, पृष्ठ १७६-७७ ।

देउपाटनको मानदेवको पालाको अभिलेखमा भक्तपुरभेकलाई 'खोपृङग्रामप्रदेश' भनिएको छ । शिवदेवकै इखालखु+तालाक्वटोल/कुम्हः त्वः को अभिलेखमा 'माखोदुलु', शिवदेव+अंशुवर्माको तुलाछेँटोलको अभिलेखमा 'खृपुङ', गोलमढी टोलको अभिलेमा 'माखोपृं', झौखेलको अभिलेखमा 'थंखोपृं' उल्लेख आएका छन् । 'मा'ले मुख्य कुराको बोध हुन्छ । खोपृङ्ग्रामको मध्यभागमा बसेको बस्ती हुनाले 'माखोपृङ्' र त्यसैगरी खोल्सो बग्ने मुख्य डोलबस्तीलाई भएको हुनाले 'माखोदुलुं' कहलिएको कुरा जानिन्छ ।

१३) **स्थलगत अध्ययन** । सोही क्रममा भक्तपुर नगरपालिका वडा नं. ४ का अध्यक्ष श्री कुमार चवाल, सदस्य श्री राजेन्द्र माक, इखालाछि मठ पुनःनिर्माण समितिका अध्यक्ष श्री पुरुषोत्तम तमखुहरूबाट प्राप्त जानकारी ।

१४) जहाँ जलको प्रबन्ध छैन, त्यहाँ बस्ती वा सभ्यता बस्दैन । माथिका प्रसङ्गमा भक्तपुरमा किरातकालिक बस्ती आबाद थियो, लिच्छविकालमा आएर अझ बढ्ता विकसित 'द्रङ्ग' (विकसित व्यापारिक बस्तीरूपको शहर) कै रूपमा समेत विकसित हुँदै गएको थियो भन्ने कुरा लिच्छविकालका अभिलेख र अभिलेख रहेका स्थानविशेषका आधारमा समेत जानिन्छ । विश्व इतिहासकै दृष्टिले हेर्ने हो भने पनि वास्तवमा बस्ती वा सभ्यता उद्भव र विकसित हुनुको मूल आधार त जल-प्रबन्ध नै हो । यस दृष्टिले नेपालमण्डलमा कान्तिपुर-सभ्यताको मूल आधार उत्तरको 'शिवच्व', ललितपुर-सभ्यताको मूल धमनी दक्षिणको 'फुलच्व' र त्यसैगरी भक्तपुर-सभ्यताको मूल धमनी उत्तरपूर्वको 'चिसंखु' वा नगरकोट नालदुम महादेवपोखरी रहेको ज्ञात हुन्छ । ती बागमती, विष्णुमती, मणिमती, हनुमन्तेलगायतका मुख्य नदी सहायक नदीहरूका स्रोत पनि हुन् । ती उच्च स्थानहरूबाट नदी/खोलाहरूमात्र नभएर तिलमक, लखमकहरू हुँदै उपत्यकाका तीनै शहरका पोखरी, कुवा, धारा आदि भरीभराउ हुँदै खेतबारी समेत भिजाएर उर्बर, हराभरा पार्दै, बस्ती तलतिरका खोला वा नदीहरूबाट निःसृत भएर जाने प्रकृतिसिर्जित+ मानवनिर्मित-व्यवस्थापन सरल, व्यवस्थित एवं वैज्ञानिक ढङ्गले प्रवाहित भइरहेको दृष्टिगोचर हुन्छ । भक्तपुरको प्रसङ्गमा मौखिक इतिहासलाई मात्र आधार लिएर विचार गर्ने हो भने चिसंखुबाट आउने पानी खरिपाटी, मूलालाँय, यातुबहारे, भोलाछेँ हुँदै गोम्हारी, तुलाछेँ र सुकुध्वाखा पुग्दथ्यो । गोम्हारीको झरना र त्यहाँबाट खोला बग्दथ्यो भन्ने स्थानीय लोकभनाइ चलेर आएको छ । सुकुध्वाखाको उत्तरमा सोतो परेको साँघुरो बाटो/गल्ली छ । स्थानीय बासिन्दाहरूका अनुसार पहिले यहाँबाट खोला बग्दथ्यो, जुन 'बखु खुसि' कहलिएको थियो । सोही खोला/खोल्सो तम्हारी हुँदै इखालखु भएर तल खाँहमा मिसिन पुग्थ्यो भन्ने कुरा सहजै जानिन्छ । यताबाट किरातकालमै यहाँ बस्ती र खेतीका लागि कुलोको यथोचित व्यवस्था भइसकेको थियो, त्यसले राजतन्त्रात्मक लिच्छविकालमा मात्र नभएर मध्यकालमा पनि 'राजकुलो' कै रूपमा व्यवस्थित रूपले निरन्तरता पाउँदै आएको दृष्टिगोचर हुन्छ । यसबारेमा बेग्लै अनुसन्धान र तदनुरूपका काम व्यवहारमा हुन सकेमा नेपालमण्डलको प्राचीन जल-संस्कृतिले पुनर्जीवन पाउने र पुनः यहाँका पोखरी, धारा, कुवा इनार ढुङ्गेधारा आदिले पुनर्जीवन पाउने कुरामा कुनै सन्देह रहन्न ।

१५) **स्थलगत अध्ययन** एवं स्थानीय श्री कुमार चवाल (वडा नं ४ का वडाध्यक्ष) लगायतका स्थानीय बासिन्दाहरूबाट प्राप्त जानकारी । दोगनको नाम लिनासाथ चवालज्यूले हामीलाई उहाँले आफ्नो बाल्यकालको सो दोगनसित गाँसिएको एक सम्झना यसरी बाँड्नुभयो *'हामी त्यही सुरूङजस्तो दोगनमा माथिबाट चिप्लेटी खेल्दै तल खाँहसम्म पुग्दथ्यौं ।'*

१६) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, **नेपाली बृहत् शब्दकोश**, काठमाडौं : २०६०, पृष्ठ ३३९ ।

१७) पचपन्नझ्यालेदरबार, मयूरझ्याल, देशेमरुझ्याः, नवदुर्गा देवगृहको भैलखझ्याः, हनुमानढोका राजदरबारस्थित कुमारीघरको सूर्यझ्याल लगायत भक्तपुर राजदरबारको भैरवचोकको अष्टादश भैरवका मूर्तिहरू र सोही चोकको पूर्वतर्फ भ्यागुतोले सिंहको जगर समाएर कायल पारिरहेको, श्यालहरूले चारैतिरबाट घेरेर बाघलाई निस्तेज पारिरहेको र भ्यागुतोले हात्ती निल्न लागेको अद्भुत आकृति अङ्कित तीनमुखे झ्यालहरू आदि उदाहरणस्वरूप छन् ।

१८) विनोदराज शर्मा, **पूर्ववत्** ।

१९) क. मठका पुजारी विनोदराज शर्मा राजोपाध्यायबाट प्राप्त जानकारी ।

ख. रज्जु हाडा, **भक्तपुरका प्रमुख मठहरू**, त्रि.वि.मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग अन्तर्गतको स्नातकोत्तर उपाधिका निमित्त प्रस्तुत शोधपत्र, वि.सं.२०६८, पृष्ठ ५१-५२ ।

२०) क. पुरुषोत्तमलोचन श्रेष्ठ, 'जंगममठका अभिलेख', Voice of History, Vol XV, No.1, June 2000, pp. 121, 128.

ख. केही दशकअघि सम्म पनि भारतका तीर्थयात्री, भक्तजनहरू शिवरात्रिताका पशुपतिनाथको दर्शनपुजन गर्न आउने क्रममा सर्वप्रथम उनीहरू भक्तपुर आउँथे, यहाँको तचपाल टोलस्थित गुरु दत्तात्रेयको दर्शनपुजन लगायत यहाँका अन्य उच्चतम देवीदेवताहरूको दर्शनपुजन गरेपछि मात्र देवपत्तनस्थित पशुपतिनाथको दर्शन गर्न जान्थे । त्यसबेला हजारौँको सङ्ख्यामा कमिलाको ताँती जस्तै लाम लागेर उनीहरू भक्तपुर शहर आउने गरेको सम्झना मलाई पनि छ । त्यो परम्परा हेर्दा हेर्दै हराएर गयो । तर जे होस्; सो तीर्थयात्रा-परम्पराले पनि भक्तपुर भारतीय जनमा प्रसिद्ध रहिआएको कुरा थाहा पाइन्छ ।

**सच्याउनु होस्**

गताङ्कको आवरणमा '**सङ्घ, प्रदेश र स्थानीय तह स्वायत्त छन्**' हुनुपर्नेमा अन्यथा भएकोले सच्याउनुहुन अनुरोध छ - '**भक्तपुर**'

# मध्यकालीन पश्चिम नेपालका बाइसी, चौबीसी र गोरखा राज्य



डा. बलराम कायस्थ

**विषय प्रवेश–** पूर्वमध्यकालमा आएर नेपाल उपत्यकाको केन्द्रीय शासनमा आएको कमजोरीले गर्दा केन्द्रले सुदूर प्रदेशहरूमाथिको आफ्नो नियन्त्रण गुमाउँदै जानु पर्‍यो । जसको फलस्वरूप लिच्छविकालमा एउटै रहेको नेपाल अब तीनओटा राज्यमा टुक्रिन पुग्यो । जस्तै –१) दक्षिणपूर्वी तराईको सिम्रौनगढ राज्य, २) पश्चिम कर्णाली प्रदेशको खस मल्ल राज्य अनि ३) केन्द्रको नेपाल मण्डल वा नेपाल उपत्यका राज्य । पूर्वमध्यकालको अन्तिमतिर आएर यी तीन राज्य पनि टुक्रिएर अनेक ससाना राज्यहरूमा परिणत भए । जस्तोकि खस मल्ल राज्य टुक्रिएर कर्णाली प्रदेशमा बाइसी राज्य र गण्डकी प्रदेशमा चौबीसी राज्य, अनि सिम्रौनगढ राज्य टुक्रिएर मकवानपुर, विजयपुर र चौदण्डी राज्य, त्यसैगरेर केन्द्रको नेपाल उपत्यका राज्य टुक्रिएर क्रमशः भक्तपुर, कान्तिपुर र ललितपुर राज्यहरू अस्तित्वमा आए । यसमा गोरखा र हिमालपारिको मुस्ताङ राज्य बाइसी, चौबीसीहरूको समूहमा पर्दैनथे । यी अलगै राज्य थिए । यसप्रकार गोरखाका राजा पृथ्वीनारायण शाहले एकीकरण अभियान थाल्नुभन्दा अघि नेपालमा साना ठूला गरी लगभग चौवन्नवटा राज्यहरू अस्तित्वमा रहेका देखिन्छ । प्रस्तुत लेखमा उत्तरमध्यकालीन पश्चिम नेपालका बाइसी, चौबीसी र गोरखा राज्य एवं ती राज्यबीचको अन्तर सम्बन्धबारे अध्ययन गरिएको छ ।

**बाइसी राज्य–** अन्तिम खस राजा अभय मल्ल पश्चात् नागराजद्वारा वि.सं. १२०४ मा जुम्लाको सिंजालाई केन्द्र बनाई स्थापना गरिएको कर्णाली प्रदेशको शक्तिशाली खस मल्ल राज्य सदाकालागि अन्त्य भयो । त्यसपछि त्यहाँ अकस्मात मेदिनीवर्मा भन्ने व्यक्ति शक्तिशाली शासकका रूपमा देखापरे । मेदिनीवर्माका राज्यमा ४४ सामन्त थिए । उनी आफै पनि सामन्त शासक भएको थाहा हुन्छ । राष्ट्रिय भावनाको अभाव अनि राज्य टुक्रिएमा स्वतन्त्र अस्तित्व लोप हुन्छ भन्ने कुरा नबुझेका तत्कालीन शासकले राज्यलाई स्थिरता प्रदान गर्नुको बदला उल्टो आफ्ना आफन्त नातेदारहरूलाई रिझाउन उनले तत्कालीन खसराज्यलाई पाँच भागमा विभाजन गरे । उक्त पाँच भागमध्ये बीचको जाजरकोट आफूलाई राखे । पूर्वपट्टिको रुकुम माइला भाइ पिताम्बरलाई दिए । दक्षिणपट्टिको साभाकोट (सल्यान) साहिंला भाइ सुमेरुलाई दिए । पश्चिमपट्टिको विलासपुर (दैलेख) कान्छा भाइ संसारीवर्मालाई दिए । र उत्तरपट्टिको जावेश्वर (जुम्ला) चाहिं ज्वाइँ बलिराजलाई दिए । यसरी लगभग २५० वर्षसम्म अस्तित्वमा रही चारैतिर ख्याति कमाएको शक्तिशाली खस मल्लराज्यको पतनको क्रम शुरु भयो । यसपछि त्यसक्षेत्रमा विभिन्न स–साना राज्यहरू देखा पर्दैगए । प्रकारान्तरले त्यहाँ बाइस राज्यहरू देखा पर्नगए । यी राज्यहरू एकैचोटि बाइस सङ्ख्याको रूपमा स्थापना भएको नभएर समय–समयमा थपघट भएका राज्यहरू हुन् ।

यसरी जुम्लाको केन्द्रीय सरकारमा आएको कमजोरी र खस राज्यको पतनबाटै पन्ध्रौं शताब्दीको प्रथम दशकमा कर्णाली प्रदेशमा बाइसओटा राज्यहरू जन्मे, जसलाई सामुहिक रूपमा बाइसी राज्य भनिन्छ । बाइसी राज्यहरूमा जुम्ला शक्तिशाली राज्य थियो । जुम्लालाई एघार नदी र एघार पर्वतहरूले बनाएको बाइस पाखे राज्य पनि भनिन्थ्यो । यो राज्य बलिराजले स्थापना गरेको देखिन्छ । उनको वंशलाई कल्याण राजवंशका भनिन्थ्यो । पछि गएर कल्याण वंशका राजाहरूले शाही, शाह लेख्न थाले । राजा सुरथ शाहले पूर्वतिर राज्य विस्तार गरी मुस्ताङको भोट जाने मार्गलाई जुम्लाको अधीनमा ल्याएका थिए । त्यस्तै रास्कोटी वंशजहरूले दुल्लु, दैलेखलगायत विभिन्न क्षेत्रहरूमा ससाना राज्य खडा गरे भने चन्द परिवारले प्युठानमा राज्य गरे ।

बाइसी राज्यहरूमा शासन गर्ने विभिन्न राजवंशहरूमध्ये समाल पनि एक थियो । यस वंशका व्यक्तिहरूले अछाम, रुकुम, सल्यान, गोताम, बागलुङ, गलकोट, मुसिकोट, जाजरकोट आदि राज्यहरूमा शासन गरेका थिए । पूर्वमध्यकालमा भारतमा भएको मुसलमानी आक्रमणबाट बच्न जुन विभिन्न हिन्दू समुदायहरू समय–समयमा नेपाल पसेका थिए, अब तिनैले स्थानीय समुदायहरूको नेतृत्व लिई आ–आफ्नो भुरे टाकुरे राज्यहरू खडा गरेका थिए । यसरी खडा भएका राज्यहरू थुप्रै थिए । कुनै बेला यी राज्यहरूको सङ्ख्या बाइस पुगेको आधारमा बाइसी नाम दिइएको अनुमान हुन्छ । तर यी राज्यहरूको सङ्ख्या कहिले बाइसभन्दा कम पनि हुन्थे भने कहिले एकतीससम्म पनि पुगेको देखिन्छ ।

बाइसी राज्यहरूमा कुनै शक्तिशाली थिए भने कुनै राज्य नाम मात्रका पनि थिए । बाइसी राज्यहरूमा जुम्ला, डोटी, बझाङ, जाजरकोट, दाङ जस्ता राज्य केही शक्तिशाली थिए । अन्य राज्यहरू दुल्लु, दैलेख, मुसिकोट, थलहराजस्ता राज्यहरू केही कम शक्तिशाली थिए । रुकुम, गजल, दर्मा आदि नाम मात्रका पनि राज्य थिए । बाइसी राज्यहरूमा जुम्लाको नेतृत्व थियो । जुम्ला एक लामो इतिहास भएको र परम्परागत महत्त्व बोकेको राज्य थियो । आरम्भमा बाइसी राज्यहरूले जुम्लाको

नायकत्वलाई स्वीकारेका थिए । तर पछि गएर अन्य राज्यहरू सबल हुँदै गएपछि जुम्लाको नेतृत्व चल्न सकेन ।

बाइसी राज्यहरूमा एकताको भावना थिएन । एक-दोश्रो राज्य मिली तेश्रो राज्यमा आक्रमण गर्ने दाउपेच चल्दथ्यो । ती राज्यहरू आपसमा वैवाहिक सम्बन्धद्धारा आबद्ध भए तापनि अर्को राज्यमा हमला गरी आर्थिक फाइदा लिन र भूभाग हडप्न पछि पर्दैनथे । यस प्रकारको आपसी वैमनस्यता र आक्रमणकारी राजनीति एकै परिवारका व्यक्तिहरूमा राज्य विभाजन हुनाले गर्दा पनि भएको हो । एकै समाल परिवारले सल्यान, रुकुम, मुसिकोट, जाजरकोटजस्ता राज्यहरूमा शासन चलाएका थिए । बझाङ र डोटी विभक्त भएको थियो । डोटी र थरहरा बझाङ विरोधी कार्यमा सदैव प्रयत्नशील रहे । कुनै राजकुमारले बझाङकी राजकुमारी विवाह गरी आफ्नै ससुरालाई मारेको दृष्टान्तबाट समसामयिक राजनीतिको क्लिष्टता र कटुताको राम्रो परिचय पाउन सकिन्छ ।

**चौबीसी राज्य–** विशाल खसराज्यको पतनपश्चात् जसरी कर्णाली प्रदेशमा बाइसी राज्यहरू अस्तित्वमा आए, ठीक त्यसैगरी त्यसको पूर्वतिर रहेको गण्डकी प्रदेशमा पनि चौबीसओटा राज्यहरू खडा भए, जसलाई चौबीसी राज्य भनियो । कर्णाली प्रदेशका राज्यहरूलाई खसरात वा खसान क्षेत्र भनिए जस्तै गण्डकी प्रदेशका राज्यहरूलाई मगरात भनिन्थ्यो । किनभने चौबीसी राज्यका अधिकांश बासिन्दा मगर जातिका थिए । यसैले प्रारम्भमा यस प्रदेशका राज्यहरू मगर, गुरुङ, जाड(भोटे) शासकहरूबाट सञ्चालित थियो । तर विस्तारै तिनका हातबाट राज्यको बागडोर मल्ल, शाह, सेन आदिले खोसेर लिन सफल भएको देखिन्छ । यसरी मगरात क्षेत्रमा कालान्तरमा बाहिरबाट आएका सेन, शाहलगायतका शासकहरूले आफ्नो प्रभुत्व जमाए ।

बाइसी राज्यहरूको जस्तै राजनीतिक परिस्थिति चौबीसी राज्यहरूमा पनि विद्यमान थियो । चौबीसी राज्यहरू सङ्ख्यामा बढी भएपनि स–साना थिए । यिनीहरू परस्परमा लडाइँ–भिडाइ गरिरहन्थे । एक राज्यले अर्को राज्यको विरुद्ध अर्कालाई सहयोग गर्ने चलन थियो । त्यसैले पृथ्वीनारायण शाहले यी राज्यलाई 'हात्ती हउवा' भनेर व्यङ्ग्य गर्थे । चौबीसी राज्यहरूमा पाल्पा, पर्वत, कास्की, लमजुङ शक्तिशाली राज्य थिए । यी राज्यहरूमा मूल रूपले सेन, खान (खाँण), शाह, मल्ल, चन्द वंशका राजाहरू थिए । सेनहरू सत्रौं शताब्दीमा मुकुन्दसेनको नेतृत्वमा प्रभावशाली शक्तिको रूपमा देखापरे । मुकुन्दसेनले आफ्नो पुर्ख्यौली थलो पाल्पालाई निक्कै विस्तार गरेका थिए । उनले दूधकोशी (कमला)सम्म विजय गरी सो क्षेत्र आफ्नो राज्यमा सम्मिलित गरे । उनको आक्रमणको सामना काठमाडौं उपत्यकाले पनि गर्नु परेको थियो । कमला नदीसम्मको तराई क्षेत्रमा उनको आधिपत्य जम्यो । तर उनले आर्जन गरेको विशाल राज्य उनका छोरा, भतिजा, नातिहरूको गृहकलहबाट लामो समयसम्म टिक्न सकेन । त्यसबेला प्रत्येक राजकुमारहरूले आफ्नो बाबुको राज्य पैतृक सम्पत्तिको रूपमा प्राप्त गर्न चाहन्थे । के भनिन्छ भने मुकुन्दसेनले आफ्नो राज्यकालमा नै आफ्ना छोरा नातिहरूलाई विभिन्न विजित क्षेत्रका प्रमुखका रूपमा नियुक्त गरेका थिए । यी प्रमुखहरूले आफूलाई सम्बन्धित क्षेत्रको शासक सम्झन थाले । यसैको फलस्वरूप पाल्पा, बुटवल, तनहुँ, मकवानपुर, राजपुर जस्ता स–साना राज्यहरूको उदय भयो । मुकुन्दसेनका सन्तानहरूमा पनि एकताको भावना बिल्कुलै थिएन ।

सेनहरूको जस्तै अर्को खान (खाँण) राज–खानदानको पनि एक राज्य लसर्धाबाट अलग हुँदै भिरकोट, ढोर, नयाँकोट (नुवाकोट), गरहुं, सतहुं, कास्की, लमजुङ र गोरखा राज्यहरू सृजना भए । कास्की राज्यबाट एक राजकुमार लमजुङमा आई आफू स्वतन्त्र राजा भएको घोषणा गरे । यस परिवारका भिरकोट, गरहुँ, ढोरका शासकहरूले आफूलाई खाँणकै रूपमा परिचित गराए । अन्य राज्यका राजाहरू शाह कहलाउन थाले । शाहहरूको अधीनमा रहेको लमजुङ शक्तिशाली राज्यका रूपमा अगाडि आयो । यसका संस्थापक शासक यशोब्रम्ह शाह थिए । यसै बखत गोरखाका तागाधारी जातिहरू त्यहाँका मतवाली शासक घले र मगर खड्काहरूबाट पीडित थिए । उनीहरू कुनै क्षत्रिय राजकुमारलाई गोरखाको राजा बनाउन चाहन्थे । यस परिप्रेक्ष्यमा उनीहरूका सामु द्रव्य शाह उपयुक्त उम्मेदवार देखापरे । द्रव्य शाह लमजुङका राजकुमार थिए । उनले गोरखामा आई स्थानीय जनताको सहयोग र विभिन्न व्यक्तिहरूको मद्दतले वि.सं. १६१६ मा उनी गोरखाका राजा भए । तर उनी गोरखाका राजा भएको उनका दाजु तथा लमजुङका राजा नरहरि शाहलाई मन परेन । उनी गोरखालाई लमजुङभित्रै पार्न चाहन्थे । यसैले उनीहरूका आमाले चेपे नदीमा आफ्नो दूधको धारा बगाएर दुवैको राज्यको सीमा निर्धारित गरिदिएकी थिइन् । यहींबाट दुवै राज्यका बीचमा शत्रुतापूर्ण सम्बन्ध शुरु भयो । लमजुङकै कारण गोरखा कहिले पनि चौबीसी राज्य अन्तर्गत परेन ।

चौबीसी राज्यहरूमा अर्को सबल राज्य पर्वत थियो । मलयवम प्रथमको कुशल शासनकालमा पर्वत समृद्ध बनेको थियो । उनको राज्यकालमा पर्वत राज्यको निक्कै विस्तार पनि भयो, तर पाल्पामा जस्तै मलयवमको मृत्युपछि पर्वत राज्य पनि विभाजित भयो । गलकोट पर्वतबाट पृथक भई अर्को राज्य बन्यो । तर राज्य विभाजन भए तापनि चौबीसी राज्यहरूमा पर्वतको अन्तिम समयसम्म पनि बोलवाला कायम रह्यो । पर्वतले त्यस क्षेत्रका अन्य राज्यहरूको सदैव नेतृत्व लिएको थियो । पर्वत र यसका सहायक राज्यहरूमा मल्ल खानदानका शासकहरू थिए ।

काला मकवानी परिवारले चौबीसी क्षेत्रमा पर्ने अर्घा, खाँची र इस्मामा शासन चलाएका थिए । यी राज्यका शासकहरूलाई काला मकवानी किन भनियो भन्ने कुरा आजसम्म पनि अज्ञात नै छ । चन्दहरूले प्यूठानमा शासन चलाएका थिए ।

यसप्रकार विशाल खस राज्यको पतनपश्चात् र आधुनिक नेपालको निर्माण हुनुभन्दा अघिसम्म गण्डकी क्षेत्रमा अवस्थित

चौबीसी राज्यहरूले केही शताब्दीसम्म महत्त्वपूर्ण राजनैतिक भूमिका निर्वाह गरेका थिए । आपसमा राजनैतिक सङ्गठन हुनु चौबीसी राज्यहरूको एक विशेषता थियो । सामान्य अवस्थामा चौबीसीहरू यस सङ्गठनप्रति त्यति प्रतिबद्ध हुँदैनथे । तिनका बीच आपसमा घात प्रतिघात चलिरहन्थ्यो । तर राजनैतिक सङ्कट परेको बेलामा भने तिनीहरू आपसमा एकजुट हुने गर्थे । हेमिल्टनले सुनेको आधारमा चौबीसी राज्यहरूको राजनैतिक सङ्गठनहरूको चर्चा यसरी गरेका छन् । जस्तोकि– लमजुङ, तनहुँ, ढोर, कास्की, र सतहुँको एक गुट थियो, जसको नेतृत्व लमजुङले गरेको थियो । भिरकोटको अधीनमा गरहुँ, पैयुँ र नुवाकोटको अर्को समूह वा सङ्गठन थियो । तेश्रो समूहमा पाल्पा, रिसिङ, घिरिङ, अर्घाखाँची र गुल्मी सम्मिलित थिए । चौबसीको यस शक्तिशाली गुटको नेतृत्व पाल्पाले गरेको थियो । प्युठानको नेतृत्वमा मुसिकोट र इस्मा समाविष्ट रहेको चौथो सङ्गठन थियो । पर्वतको नेतृत्वमा गलकोट थियो । यो पाँचौँ समूहमा थियो । यसरी एकआपसमा सङ्कटकालीन स्थितिको सामना गर्न र बाह्य आक्रमण हुँदा आपसमा सहयोग गर्न पाँच समूह चौबसी क्षेत्रमा खडा भएका थिए । तर सामान्य अवस्थामा भने एकै गुटभित्रका राज्यहरूबीच पनि आक्रमण र अतिक्रमणको राजनीति चल्ने गर्दथ्यो । उपरोक्त पाँच गुटभित्र गोरखा समावेश नहुनु एक महत्त्वपूर्ण कुरा थियो । त्यस्तै मुस्ताङ पनि कुनै सङ्गठन अन्तर्गत थिएन । मुस्ताङ सुदूर उत्तरस्थित एक अलग्गिएको राज्य थियो । आफ्नै सांस्कृतिक परम्परा भएको यो राज्य चौबीसी राजनीतिमा कहिले पनि सम्मिलित भएन । एउटा कुरा के भने चौबीसी राज्यहरूमा कतिपय त्यस्ता राज्यहरू पनि थिए, जुन भौगोलिक दृष्टिले राज्य भन्न सुहाउँदो देखिँदैन अर्थात् ६, ७ सय घरधुरी भएका राज्यको अवस्था कस्तो थियो होला, त्यो सहजै अनुमान गर्न सकिन्छ ।

**गोरखा राज्य–** नेपालको इतिहासमा गोरखाको उल्लेख प्राचीनकालदेखि नै भएको पाइन्छ । प्राचीनकालमा यो लिच्छवि राज्य अन्तर्गत थियो । मध्यकालको शुरुतिर यो कर्णाली प्रदेशको खसराज्यको नियन्त्रणमा रहयो । पन्ध्रौँ शताब्दीको मध्यतिर उपत्यकाका राजा यक्ष मल्ल शक्तिशाली हुँदा उनले राज्यविस्तारका क्रममा यसलाई आफ्नो अधीनमा लिए । तर उपत्यकाको अधीनता परन्तुसम्म कायम रहेन । पाल्पाका राजा मुकुन्दसेनले आफ्नो प्रभाव विस्तार गर्दै लैजाँदा गोरखा पनि सेनराज्य अन्तर्गत आयो । तर तिनको मृत्युपश्चात् राज्य छिन्नभिन्न भयो । एउटा शक्तिशाली शासकको अभावमा नेपालभित्र अनेक स–साना राज्य रजौटाहरू देखा पर्न थाले । यसैक्रममा गोरखा पनि सेनराज्यको नियन्त्रणबाट छुट्टिएर एक स्वतन्त्र राज्य बन्यो । द्रव्य शाहले विजय गर्ने क्रममा त्यहाँ मगर खड्का राजाहरूको शासन कायम थियो ।

द्रव्य शाह लमजुङका राजकुमार थिए । तर उनी महत्त्वाकाङ्क्षी थिए । राजकुमारको पदले मात्र सन्तुष्ट थिएनन् । यसैले कुनै स्वतन्त्र राज्यको राजा बन्न चाहन्थे । यसै बखत गोरखाका तागाधारी जातिहरू त्यहाँका मतवाली शासक घले र मगर खड्काहरूबाट पीडित थिए । उनीहरू कुनै क्षत्रिय राजकुमारलाई गोरखाको राजा बनाउन चाहन्थे । यस परिप्रेक्ष्यमा उनीहरूका सामु द्रव्य शाह उपयुक्त उम्मेदवार देखापरे । द्रव्य शाह पनि गोरखाको राजा बन्न लालायित थिए । उनले गोरखामा आई स्थानीय जनताको सहयोग र विभिन्न व्यक्तिहरूको मद्दत खासगरेर अनुभवी योद्धा गणेश पाण्डेलाई हातमा लिई तिनकै माध्यमबाट अन्य केहीलाई पनि आफ्नो अभियानमा संलग्न गराए । गोरखा विजय गर्नुअघि बाटोमा पर्ने लिगलिगकोट नियन्त्रण गर्नु जरुरी थियो । लिगलिगमा घलेहरूको शासन थियो । उनीहरू बर्सेनि राजा फेर्दथे । बर्सेनि दशैंको टीकाको दिनमा दौडिँदा जो चाँडै लिगलिगकोट पुग्न सक्तथ्यो, त्यस वर्ष त्यही राजा हुने चलन थियो । यसैक्रममा वि.सं. १६१५ को दशैंमा घलेहरू राजा छान्ने क्रममा बिना हातहतियार भेला भएको मौकामा द्रव्य शाहले लिगलिगकोटमा हमला गरेर त्यहाँ आफ्नो अधिकार कायम गरे । यसपछि गोरखा विजय गर्न उनले गणेश पाण्डेद्वारा भित्रभित्रै गोरखाका धेरै मानिसलाई आफ्नो पक्षमा मिलाए । वि.सं. १६१६ भाद्रमा उनको फौजले गोरखामा हमला गऱ्यो । त्यहाँका खड्का राजा पनि शक्तिशाली नै भएकाले १५ दिनसम्म लडाइँ भयो, तर विजय गर्न सकिएन । पछि खड्का राजालाई आत्मसमर्पण गराउन

**बाइसी राज्यहरू**

| | | |
|---|---|---|
| १) जुम्ला, | २) जाजरकोट, | ३) सल्यान, |
| ४) अछाम, | ५) रुकुम, | ६) विलासपुर, |
| ७) दुल्लु, | ८) डोटी, | ९) दैलेख, |
| १०) आठबीस, | ११) सान्नी, | १२) दर्ना (अछाम) |
| १३) विमकोट, | १४) बोगटान, | १५) गजुल (रोल्पा) |
| १६) खुम्म्री (रोल्पा) | १७) बाजुरा, | १८) मालनेटा, |
| १९) बझाङ, | २०) दाङ, | २१) जहारी, |
| २२) थलार | | |

यी नाम पनि दिइएको छन् –

| | | |
|---|---|---|
| – छिल्ली, | – वर्मा, | – हामकोट, |
| – गुमकोट । | | |

**चौबीसी राज्यहरू**

| | | |
|---|---|---|
| १) नुवाकोट, | २) गोरखा, | ३) गरहुँ वा गहैंकोट, |
| ४) ढोर, | ५) भिरकोट, | ६) स्याङ्जा, |
| ७) कास्की, | ८) सतहुँ वा सतौंकोट, | ९) लमजुङ, |
| १०) तनहुँ, | ११) रिसिङ, | १२) पैयूँ, |
| १३) पाल्पा, | १४) गुल्मी, | १५) अर्घा, |
| १६) खाँची, | १७) धुरकोट, | १८) इस्मा, |
| १९) पर्वत, | २०) गलकोट, | २१) मुसिकोट, |
| २२) प्युठान, | २३) उदयपुर, | २४) मुस्ताङ । |

यी नाम पनि दिइएको छन् –

| | | |
|---|---|---|
| – घिरिङ, | –जाजरकोट, | – ताकी । |

स्रोत : विकिपिडिया

खोजेपनि सफलता नमिलेपछि जोशीले दिएको नयाँ साइतमा फेरि आक्रमण गरियो। यसपल्ट भने उनको हातबाट खड्का राजा मारिए। गोरखामाथि नियन्त्रण कायम भयो। उनी वि.सं. १६१६ भाद्र २५ गते विहान गोरखाको राजगद्दीमा विराजमान भए। यसपछि सिरानचोक, आजिरगढ आदि क्षेत्रहरू पनि विजय गरे।

तर द्रव्य शाह गोरखाका राजा भएको उनैका दाजु तथा लमजुङका राजा नरहरि शाहलाई मन परेन। उनी गोरखालाई लमजुङभित्रै पार्न चाहन्थे। यसैले उनीहरूका आमाले चेपे नदीमा आफ्नो दूधको धारा बगाएर दुवैको राज्यको सीमा निर्धारित गरिदिएकी थिइन्। आमाको मृत्युपछि बाबुको श्राद्ध गर्ने बहानामा द्रव्य शाहलाई बोलाएर मार्ने षडयन्त्र फेरि पनि गरे। तर समयमा नै थाहा पाएर बीच बाटोबाटै द्रव्य शाहले भागेर ज्यान बचाए। त्यसपछि ती दुवै राज्यबीच कहिल्यै मेल भएन। यसरी गोरखामा आफ्नो स्वतन्त्र राज्य कायम गरेको लगभग ११ वर्षपछि द्रव्य शाहको मृत्यु भयो। यसपछि उनका छोरा पुरन्दर शाह राजा भए। पुरन्दर शाहपछि उनका छोरा छत्र शाह राजा भए। निसन्तान छत्र शाहको निधनपछि उनका भाइ रामशाह २० वर्षको उमेरमा राजा भए। गोरखाका विभिन्न राजाहरूमा राजा रामशाहको नाम निक्कै उल्लेखनीय रहेको छ। उनका सुधार कार्यहरू नेपाली इतिहासमा स्वर्ण अक्षरले अङ्कित रहेका छन्। 'न्याय नपाए गोरखा जानु' भन्ने लोकोक्ति उनकै न्यायप्रिय चरित्रको दृष्टान्त हो। रामशाहपछि डम्बरशाह, कृष्णशाह, रुद्रशाह, पृथ्वीपतिशाह र नरभूपालशाह राजा भए। त्यसपछि पृथ्वीनारायणशाह राजा भए।

गोरखासँग लमजुङको वैरभाव पुस्तैनी रूपमा चल्दै आइरहेको थियो। गोरखाका राजाहरू गोरखालाई एक स्वतन्त्र र सबल राज्यको रूपमा स्थापित गराउन चाहन्थे। तर लमजुङ गोरखालाई आफ्नो अधीनस्थ क्षेत्र भएको दाबी गर्दथ्यो। र लमजुङले गोरखा कब्जा गर्न धेरै कोसिस गरेको थियो। यसरी गोरखालाई लमजुङले हेय र इर्ष्याको दृष्टिले हेर्दथ्यो। वास्तवमा गोरखा र लमजुङको सम्बन्ध भक्तपुर, ललितपुर र कान्तिपुरको भन्दा बढी खराब थियो। यसरी आ–आफ्नो स्वार्थका लागि यी दुवै राज्यको बीचमा बरोबर लडाइँ भइरहन्थ्यो। लमजुङ चौबीसी राज्यहरूमा शक्तिशाली राज्य थियो। लमजुङसँगकै शत्रुताको कारणले गर्दा गोरखालाई चौबीसी समूहमा लिइएको थिएन। बहिष्कृत राज्य गोरखासँग लमजुङको डरले कुनै पनि चौबीसी राज्य राजनैतिक सम्बन्ध जोड्न चाहँदैनथे। यसरी गण्डकी क्षेत्रमा गोरखा नितान्त एक्लो बन्न पुगेको थियो। र यो एकाङ्कीपनलाई दूर गर्न र आफ्नो स्थिति मजबुत बनाउन गोरखा कुनै मित्रको खोजीमा थियो। ठीक त्यसैबेला नेपाल उपत्यकाको एउटा राज्य ललितपुर पनि छिमेकी राज्यहरूको दबदबाबाट मुक्त रहन मित्रको खोजीमा थियो। यस परिस्थितिमा दुवै एकअर्कासँग आकर्षित भए। र दुवै राज्यका बीच एक सन्धि भयो, जुन सन्धिअनुसार दुईमध्ये कुनै एउटा राज्यमा उत्तराधिकारी नभएमा अर्को राज्यले राजकुमार पठाउने, कुनै एकको तेश्रो राज्यसँग युद्ध भएमा दोश्रो राज्यले युद्धमा सैनिक सहयोग गर्ने, गोरखाको आर्थिक अवस्था सुधार्न ललितपुरले गोरखामा व्यापारी पठाउने आदि व्यवस्था भयो। यसै सन्धिअनुरूप ललितपुर र कान्तिपुरबीच भएको युद्धमा गोरखाले ललितपुरलाई सैनिक सहयोग गरेको थियो। यसरी यस सम्झौतापछि गोरखाले नेपाल उपत्यकाको राजनीतिमा प्रवेश गर्‍यो।

काठमाडौं उपत्यकाको राजनैतिक रङ्गमञ्चमा गोरखाको प्रवेश प्रकारान्तरले एक महत्त्वपूर्ण घटना साबित भयो। यसबाट गोरखाले उपत्यकाका मल्ल राजाहरूको सङ्कीर्ण र स्वार्थपूर्ण राजनीति बुझ्ने राम्रो अवसर प्राप्त गर्‍यो। सोही मुताविक उसले आवश्यक कदम चाल्दै गयो। यसरी गोरखाको उपत्यका प्रवेश नै मल्लहरूको पतनको शुरुवात थियो। जसबाट उपत्यकालाई प्रतिकुल प्रभाव पर्‍यो भने गोरखालाई निश्चय नै ठूलो फाइदा भयो, जुन तथ्यलाई भविष्यको गोरखाको इतिहासले पुष्टि गर्दछ। यसरी चौबीसी क्षेत्रमा गोरखा एक्लो र अपहेलित भएपनि काठमाडौं उपत्यकाको राजनीतिमा भने नायकका रूपमा देखियो। ललितपुरसँग कुटनैतिक सम्बन्ध गाँसेदेखि नै गोरखाले उपत्यकाको राजनीतिमा दिलचस्पी लिन थाल्यो। पछि गएर गोरखाले कान्तिपुरसँग पनि मित्रता गाँस्ने प्रयत्न गर्न थाल्यो। यसै सन्दर्भमा गोरखाका राजा पृथ्वीपति शाहले कान्तिपुरका राजा नृपेन्द्र मल्लसँग पगरी साटासाट गरे। पगरीको आदान–प्रदान घनिष्ठ सम्बन्धको सूचक हो। अन्तमा भक्तपुर र गोरखाका बीचमा पनि मित्रता भयो। यसप्रकार गोरखा काठमाडौंका तीनै मल्ल राजाहरूको राजनीतिको सूक्ष्म अध्ययन गर्न सफल भयो। उपत्यकाको राजनैतिक अवस्थाको ज्ञानबाट गोरखाको भविष्यका कार्यक्रमलाई धेरै सहयोग पुग्यो। गोरखाली राजनैतिक चाललाई उपत्यकाका अदूरदर्शी राजाहरूले बुझ्नै सकेनन्। जुन गोरखा प्रारम्भमा आफ्नो अस्तित्वको लागि ललितपुरसँग सम्झौता गर्न आएको थियो, त्यही गोरखा पछि गएर उपत्यकाको राजनीतिमा प्रवेश गरी आफ्नो स्वार्थसिद्ध गर्न सफल भयो र विशाल राज्य निर्माण गर्ने कार्यको नेतृत्व उसैले गर्‍यो।

## सन्दर्भ सामग्रीहरू


१) अधिकारी, सूर्यमणि, **दि खस किङ्डम**, जयपुरः निराला पब्लिकेसन्स, सन् १९८८।

२) पन्त, दिनेशराज, **गोरखाको इतिहास** भाग १ र २, काठमाडौंः दिनेशराज पन्त, वि.सं. २०४१।

३) वैद्य, तुलसीराम र मिश्र, तीर्थप्रसाद, **आधुनिक नेपालको राजनीतिक इतिहास**, काठमाडौंः ने.ए.अ.केन्द्र, त्रि.वि., वि.सं. २०५४।

४) मल्ल, मोहन बहादुर, **'बाइसे चौबीसे परिचय'**, नेपाली, अङ्क ६६, वि.सं. २०३२।

५) सुवेदी, राजाराम, **कर्णाली प्रदेशको मध्यकालीन इतिहास**, काठमाडौंः साझा प्रकाशन, वि.सं. २०५४।


६) हेमिल्टन, एफ.बी., **एन एकाउन्ट अफ दि किङ्डम अफ नेपाल**, न्यू दिल्लीः एशियन एजुकेसन सर्भिसेज, (पुनःमुद्रित) सन् १९८६।

# भक्तपुरको एक लुप्त सम्पदा : लाँपाँदेगः



ओम धौभडेल

नेपालमण्डलको एक महत्त्वपूर्ण बस्ती भक्तपुर आफ्नै कला, संस्कृति, सम्पदा एवम् संस्कारले धनी छ । किरात कालमै ख्वोपृङ नामले विकसित यो नगर समय समयमा निर्माण, जीर्णोद्धार र पुनःनिर्माण हुँदै आएकोमा पछिल्लो पटक प्रामाणिक रूपले लिच्छवि राजा आनन्द देवले स्थापना गरेको देखिन्छ[१] । तत्पश्चात पनि भक्तपुरले कयौँ प्राकृतिक अनि मानवीय विनासहरू भोग्नु पर्‍यो । राजनैतिक प्रतिशोधको सिकार बन्नुपर्‍यो । ठूलठूला आगलागीको सिकार हुनुपर्‍यो । कयौँ युद्धहरू झेल्नुपर्‍यो । ठूलठूला भूकम्पले भक्तपुरको विनाश





भयो । देवलदेवीको समयमा शमशुदिन इलियासका मुसलमान फौजहरूको भयङ्कर आक्रमण भक्तपुरले भोग्नुपर्‍यो । उनीहरूले सम्पूर्ण भक्तपुर शहरमाथि सात दिनसम्म आगो लगाएको थियो [२] । त्यसो भए पनि जयस्थिति मल्लको पालादेखि पुनः निर्माणको क्रममा रहेको भक्तपुर शहरले अन्तिम मल्ल राजा रणजित मल्लको पालासम्म यथेष्ट वास्तुहरूले सु-सम्पन्न हुने मौका पाएको थियो । विशेषगरी पन्ध्रौँ शताब्दीमा यक्ष मल्लले सामरिक दृष्टिकोणले चारैतिर पर्खालले घेरी आठओटा द्वारहरूको व्यवस्था गरेपछि अझ वास्तुमय बन्न पुगेको यो नगर अन्तिम मल्ल शासकहरूको पालामा आइपुग्दा विश्वकै एक अनुपम नगर बनेको थियो [३] । यो नगरमा वाने लायकु, ब्रम्हपुर लायकु, त्रिपुर लायकु, युथुनिमम जस्ता मुख्य राजकुल रहेकोमा पछिल्लो पटक थथु, कुथु र दथु लायकु विकास भयो [४] । जसमा ने.सं. ५१४ मा जयस्थिति मल्लले तलेजुलाई केन्द्र बनाई मनुस्मृतिको आधारमा जातिमाला लागु गरेको कदम अत्यन्त महत्त्वपूर्ण ठहरियो । यक्ष मल्लको विभिन्न मन्दिरका साथ ५५ झ्याले दरबारको जग शिलान्यास तथा रायमल्लको समयमा ने.सं. ६०५ मा यक्षेश्वर महादेवको मन्दिर निर्माणबाट शुरु भएको यहाँको वास्तु निर्माणमा जगज्ज्योति मल्ल, जगतप्रकाश मल्ल, जितामित्र मल्ल, भूपतिन्द्र मल्ल हुँदै रणजित मल्लसम्म आइपुग्दा भक्तपुर नगर वसन्तपुर दरबार, चौकोट दरबार, न्ययडापा झ्य दरबार, थन्थु दरबार, सिंहध्वाखा दरबार, भण्डारखाल दरबार, न्हायकंछेँ दरबार गरी आधा दर्जनभन्दा बढी एक से एक **भव्य दरबारहरू** लगायत मूल चोक, कुमारी चोक, किसिगर चोक, सिध्दी चोक, जमद्वार चोक, तुंथी चोक, गणेश चोक, थंथु चोक, लुँहिति चोक, जहँ चोक, भैरव चोक, दुमाजु चोक, तालसीं चोक, हितिलिबी चोक, भण्डारखाल चोक, बेको चोक, महादेव चोक, मालती चोक, एटा चोक, दबल चोक, दुचोक, चिकंअत चोक, नृत्यनाथ चोक, कुथुचोक जस्ता ज्ञात अज्ञात **९९ चोकहरू, प्रशस्त मन्दिरहरू** जस्तै तलेजु भवानी मन्दिर, यक्षेश्वर महादेव मन्दिर, बत्सला (गुह्येश्वरी) मन्दिर, मनकामना मन्दिर, शंकर नारायण मन्दिर, त्रिविक्रम नारायण मन्दिर, हरिहरेश्वर महादेव मन्दिर, वाणेश्वर महादेव मन्दिर, हरिशंकर मन्दिर, गौरी शंकर, दत्तात्रय मन्दिर, बद्रीनाथ, केदारनाथ, द्वारिकानाथ, जगनाथ, रामेश्वर मन्दिर, नृत्य बत्सला मन्दिर, सिद्धिबत्सला मन्दिर, यन्त्र बत्सला मन्दिर, सिलु महादेव मन्दिर लगायत, पाटी, सत्तल, डबली, पोखरी, ढुङ्गेधारा आदि सहितको दथु, कुथु र थथु **तीन लायकुहरू** पूर्णरूपमा बनिसकेको देखिन्छ । यसरी मल्लकालको मध्यसमयमा विकास भएको यो सम्पदास्थलमा यक्ष मल्लदेखि रणजित मल्लसम्मका कयौँ

सम्पदाहरू देख्न सकिन्छ। यसैबीच वि.सं. १८९१ र वि.सं. १९९० सालको महाभूकम्पको कारण कयौँ सम्पदाहरू लुप्त भएका छन [५]। त्यसमा एक हरिशंकरको मन्दिर पनि हो। भक्तपुर लायकुको तीनखण्डमा थथु लायकु अन्तर्गत यो मन्दिर पर्छ। यो मन्दिर रहेको ठाउँमा हाल भव्य एकजोडा सिंह अद्यापि देख्न सकिन्छ। वि.सं. १९९० सालको भूकम्पमा परि तीनतले हरिशंकरको अति भव्य मन्दिर भत्कियो। दरवार क्षेत्रका अरू कयौँ दरबार, पाटीपौवा, सत्तल, मन्दिर आदि पुनःनिर्माण तथा जीर्णोद्धार भए। तर यो हरिशंकरको मन्दिरबारे अझै ध्यान पुगेको देखिँदैन। मन्दिर भत्केको झण्डै ८७ वर्ष पुगिसकेको छ। यद्यपि लायकुको बीचमा ठिङ्ग उभिरहेको दुइटा सिंहले हरिशंकर मन्दिरको प्रतिनिधित्व गरिरहेको छ।



## मन्दिरको विशेषता

हरिशंकरको यो मन्दिर भक्तपुरमा भएका मन्दिरहरूमा बेग्लै स्वरूप तथा आर्कषण भएको मन्दिर मानिन्छ। भक्तपुरमा भएका छाने शैलीका मन्दिरमा हरिशंकरको मन्दिर आफ्नैपन भएको मन्दिर हो। तीनतले चिटिक्क परेको यो मन्दिरले राजा भूपतिन्द्र मल्ललाई टौमढीमा ङातापोल बनाउन प्रेरणा मिलेको देखिन्छ। सँगैको लोहँदेगःको सिद्धिलक्ष्मीको जस्तै मूर्ति राखी तीनतलाको ठाउँमा पाँचतलाको मन्दिर बनाउन भक्तपुरका कालीगढहरूलाई नमुना देखाएको मन्दिर हरिशंकर मन्दिर नै हो भन्ने आकलन सजिलै गर्न सकिन्छ। अर्को यो मन्दिरको विशेषता भनेको यो मन्दिर भक्तपुरमा भएपनि मन्दिर बनाउने सोच भक्तपुरको होइन। भनाईको अर्थ हरिशंकर मन्दिरको निर्माण भक्तपुरले गरेको होइन। यो मन्दिरको सोच ललितपुरको हो। तत्कालीन ललितपुरका राजा श्रीनिवास मल्लले नेपाल संवत ७७७ मा भक्तपुरका राजा जगतप्रकाश मल्लको अनुमति लिई भक्तपुर दरबारको मध्य भागमा यो मन्दिर निर्माण गरेको मानिन्छ। तत्कालीन समयमा कान्तिपुरलाई अलग्याउन ललितपुर र भक्तपुर एक आपसमा मेल भएको बखत यो मन्दिर बनेको हो। मन्दिरमा कुन देवता राख्ने भन्ने विषयमा पनि ललितपुरका राजाले ललितपुरको एक प्रसिद्ध देवता अर्थात हरिशंकर नै रोज्नुको पनि आफ्नै कारण छ। हुन त हरिशंकरको प्रभाव ललितपुरमा पनि पछि मात्रै आएको हो। हरिशंकरको प्रभाव रहेको मुख्य ठाउँ फर्पिङ हो [६]। यहाँ प्राचीनकालदेखि नै हरिशंकरको प्रभाव रहँदै आएकोमा पछि श्रीनिवास मल्लका अति प्रिय मन्त्री भगिरथ भैयाको भगिरथ प्रयासले फर्पिङमाथि ललितपुरको हक रहन गयो। यही समयमा भगिरथ भैयाको सल्लाहअनुसार भक्तपुर दरबारनेर हरिशंकरको मन्दिर अति भव्य ढङ्गले बनाउन लगाए। मन्दिर मात्र होइन, त्यस भित्रको हरिशंकरको मूर्ति समेत अति कलात्मक शैलीले बनाउन लगाए। आधा हरि र आधा शंकरको सो मूर्ति समभङ्ग मुद्रामा अति शान्त अनि सौम्य छ। कमलमाथि उभिएको पूर्ण कदको सो मूर्तिको बायाँभागले हरि अर्थात नारायणको प्रतिनिधित्व गरेको छ भने दायाँ भागले शंकर अर्थात शिवको प्रतिनिधित्व गरेको छ। सो मूर्तिको बायाँ भागको मुकुटमा रहेको कमल, गलामा रहेको कमलपुष्पमाला तथा कान, हात र गोडामा रहेको कमलको गहना, माथिल्लो हातको चक्र, तल्लो हातको शंख आदिले हरिको सङ्केत गरेको छ। त्यस्तै मूर्तिको दायाँतिर हात, कान, गोडामा लगाएको सर्पको गहनाहरू, मुकुटमा रहेको जटाधारी स्वरूप तथा सर्पले बेरिएको अर्धचन्द्र, माथिल्लो हातको त्रिशूल र तलको हातमा रुद्राक्षमाला ग्रहण गरेका शंकरको प्रतिनिधित्व गरेको छ। जति हेरेपनि हेरुँ हेरुँ लाग्ने यो मूर्ति सहित हरिशंकरको भव्य मन्दिर एकताका भक्तपुर लायकुका बेजोड सम्पदा थियो। तर भक्तपुर नगरमा हुने प्रायः जात्रा चाडपर्वहरू नगर परिक्रमा गर्दा लायकु हुँदै जाने क्रममा खौमा ध्वाका, कुथु लायकु (बसन्तपुर दरबार), दथु लायकु (तलेजु भवानी) हुँदै यही थथु लायकुबाट सिधै बालाखुतर्फ जाने परम्परा रही आएकोमा जब हरिशंकरको मन्दिर बन्यो, परम्परागत मार्ग केही परिवर्तन हुन पुग्यो। भक्तपुरको लायकु हुँदै हुने जात्रा पर्व यही हरिशंकर मन्दिर अगाडि हुँदै जानुपर्ने भयो। पहिलेदेखिको बाटो नै छेक्ने गरी यो मन्दिर बनेपछि भक्तपुरवासीको लागि यो मन्दिर हरिशंकरको मन्दिर भन्नुको साटो लाँपाँ देगः अर्गात बाटो छेक्ने मन्दिर कहलिन पुग्यो। अद्यापि यही नामले चिनिन्छ। श्रीनिवास मल्लले यो मन्दिर बनाइसकेपछि जगतप्रकाश मल्लले सोही मन्दिरको सत्तलको हिसावले तब्या सत्तल बनाउन लगाए। तब्या सत्तल सँगै दत्तात्री मन्दिर बनाउन लगाए। अनि यही हरिशंकर मन्दिरको पश्चिममा लोहँदेगः बनाउन लगाए। एक अर्थमा थथु लायकु अझ भव्य बन्न पुग्यो।



महाभूकम्पपछि तव गांसँगै राखिएको हरिशंकर मन्दिरको सुनको ठूलो गजुर (घेरामा)

ललितपुरका राजाले भक्तपुरको लायकुमा यो मन्दिर किन बनायो भन्नेबारे एउटा कहावत के छ भन्ने भक्तपुर दरबारको सुन्दरतालाई बिर्गान ललितपुरले यो मन्दिर बनाएको भन्ने गरिन्छ । यस्ता कहावत अरू पनि थुप्रै नभएको होइन । विशेषतया भक्तपुर, कान्तिपुर र ललितपुरबीच यस्ता थुप्रै सम्पदा तथा संस्कृतिमा यस्तै यस्तै भन्ने गरिन्छ । ललितपुरको प्रसिद्ध कृष्ण मन्दिरको गजुर भक्तपुरले हालेको, भक्तपुरमा कान्तिपुरले कुलक्ष्मी स्थापना गरेको, ललितपुर दरबारमा भक्तपुरले निःसन्तानेश्वर महादेव स्थापना गरेको आदि यस्तै यस्तै कहावत प्रचलित छ [७] । तर हरिशंकर मन्दिरको मामिलामा तत्कालीन समयको गुहारयुगीन राजनीति नै मुख्य कारक मान्न सकिन्छ । कान्तिपुरका राजा प्रताप मल्ललाई एक्ल्याउन जगतप्रकाश मल्लले श्रीनिवास मल्ललाई नजिक बनाउने क्रममा बनेको एउटा सम्पदा हरिशंकर मन्दिर हो । तर धूर्त प्रताप मल्लले यो मन्दिर पूर्ण हुन नपाउँदै श्रीनिवास मल्ललाई आफ्नो पक्षमा ल्याई नेपाल संवत् ७७८ मा भक्तपुरमा आक्रमण गरे [८] । यस्तो विषम परिस्थितिमा पनि ललितपुरले हरिशंकरको भव्य मन्दिर बनाई छाडे । भक्तपुर र ललितपुरबीचको मित्रतामा कटुता ल्याउन कान्तिपुरले हरिशंकर मन्दिरको उदारहण दिई भक्तपुर लायकुको सुन्दरता बिगारेको भन्न थाले । भक्तपुरले



राष्ट्रिय कला सङ्ग्रहालयमा रहेको हरिशंकरको मूर्ति



लायकुको पश्चिमबाट हरिशंकरको मन्दिर छेक्न बनाइएको लोहँदेगः

हरिशंकर मन्दिर प्रति जुन आस्था, माया हुनु पर्ने हो, त्यो हुन पाएन। सधैँ लाँपाँ देगः नै हुन पुग्यो। तर यथार्थमा हरिशंकर मन्दिर लाँपाँ देगः नै होइन। बरु जगतप्रकाश मल्लले नेपाल संवत ७९२ मा बनाउन लगाएको लोहँदेगः लाँपाँदेगः हो (९)। राजा जितामित्र मल्लले नेपाल संवत ८१६ मा बनाउन लगाएको यन्त्रवत्सला मन्दिर अर्को लाँपाँदेगः हो (१०)।

वि.सं. १९९० सालको महाभूकम्पमा हरिशंकर मन्दिरलगायत थुप्रै सम्पदाहरू ध्वस्त भयो। कयौँ सम्पदाहरू आफ्नै स्वरूपमा पुनःनिर्माण भए। कयौँ सम्पदाहरू अलि फरक ढङ्गले पुनः ठडिए। तर लाँपाँ देगःका सबै भग्नावशेष यताउता छरिन पुगे। ठूलो सुनको गजुर ठूलो घण्टानेर राख्न लगियो (११)। हाल यो गजुर कता छ, अत्तोपत्तो छैन।

त्यस्तै टुँडाल, दलिन, झ्याल, ढोका, चौकोस आदि काठका सामानहरू तव्या सत्तलको पाटीमा राख्न लगियो। भित्रको हरिशंकरको मूर्ति तलेजु चोकमा सुरक्षितका साथ राखिएकोमा पछि लायकुमा खोलेको राष्ट्रिय कला सङ्ग्रहालयको शोभा बन्न पुग्यो। तर हरिशंकरको मन्दिर रहेको ठाउँमा दुईटा सिंहले हरिशंकर मन्दिरको माग गरिरहेको भान हुन्छ। कला सङ्ग्रहालय भित्र सुरक्षित रहेको हरिशंकरको भव्य मूर्तिले त यसमा झनै ठूलो वकालत गरिरहेको छ (१२)।

## पाद टिपोट

१) वि.सं. ५३४ को देवपत्तनको अभिलेखमा सर्वप्रथम भक्तपुरको नाउँ आउनुदेखि वि.सं ६५१ मा गोल्मढी, तुलाछैँ, तालाक्वको अभिलेखमा पनि आउनु भक्तपुरको प्राचीन इतिहासका ठोस प्रमाणहरू हुन्। तर वंशावलीहरूले आनन्ददेवलाई भक्तपुरको संस्थापक राजा मानिदिँदा त्यसभन्दा अगाडिको भक्तपुरको इतिहास ओझेलमा पर्न गएको अति दुखःदायी विषय हो।

२) ने.सं. १२५ मा भक्तपुरमा भयङ्कर युद्ध चलिरहेको घटना, पश्चिमको खस मल्लहरूको भक्तपुर आक्रमण, डोयहरूको भक्तपुर केन्द्रित आक्रमण, मुसलमानहरूको आक्रमणदेखि गोरखालीहरूको आक्रमणसम्मले भक्तपुर सदैव मारमा परेको सर्वविदितै छ।

३) हरेकपल्ट हरेकको तारो बन्दै आएको भक्तपुरलाई जोगाउन यहाँका शासकहरूले भक्तपुरलाई सुरक्षित बनाउने प्रयास गरेको पाइन्छ। यसमा यक्ष मल्लले चारैतिर ढोका राखी पर्खालले नगर घेरेको उल्लेख पाइन्छ। तर यक्ष मल्लभन्दा अगावैका राजा जर्गज्योति मल्लको पालामा भक्तपुर चारैतिर काठको पर्खालले घेरेर सुरक्षित रहेको तथ्य भक्तपुर क्वाठण्डौको अभिलेखले पुष्टि गर्छ।

४) बाहिरबाट हेर्दा एउटै जस्तो देखिने भक्तपुर लायकुमा तीनवटा लायकु रहेको तथ्य यहाँ छुट्टाछुट्टै तीन ठाउँमा नवदुर्गा नाच देखाउने गरेबाट पनि पुष्टि हुन्छ।

५) नेपाल जस्तो भूकम्पीय जोखिमको देशमा समय समयमा आएका ठूला भूकम्पहरू बारे त्यति भरपर्दो लेखाजोखा पाइँदैन। मल्लकालमै यहाँ आएका ठूला भूकम्पहरू बारे पनि खासै चर्चा नहुँदा वि.सं.१८९१ र वि.सं. १९९० नै ठूला भूकम्पको रूपमा लिने चलन छ।

६) फर्पिङ परापूर्वकालदेखि नै गोपालेश्वर, शीखरनारायणलगायतका देवताहरूको जात्रा गरी हरिशंकर जात्रा मनाउँदै आएको प्राचीन बस्ती हो। ने.सं. ३६० को एउटा अभिलेखमा हरिशंकरको बारे उल्लेख भएको सन्दर्भमा नेपालमण्डलमा फर्पिङ परापूर्वकालदेखि नै हरिशंकरको लागि प्रख्यात ठाउँ भएको पुष्टि हुन्छ।

७) काठमाण्डौं उपत्यकाका तीन शहरबीच एक आपसमा प्रतिस्पर्धाको कारण उस्तै तर एक से एक राम्रा राम्रा सम्पदाहरू निर्माण भएकोमा दुईमत छैन। तापनि जनश्रुति तथा किंवदन्तिले तिनीहरू एकले अर्कालाई बिगार्न, होच्याउन हरहमेशा लागिरहेको भान हुन्छ। यसमा लाँपाँदेगः पनि एक उदाहरण मानिन्छ। जुन वास्तविक इतिहास भन्दा फरक छ।

८) भक्तपुरको प्रसिद्ध बिस्का जात्रा रोक्ने उद्देश्यले कान्तिपुरका राजा प्रताप मल्लले गरेको यो आक्रमणमा पाटनका राजा श्रीनिवास मल्ल पनि सरिक हुनु तत्कालीन गुहारयुगिन राजनीतिको ज्वलन्त उदाहरण हो।

९) भक्तपुर दरबारको पश्चिमबाट हेर्दा सोझै देखिने हरिशंकर मन्दिर छेकिने हिसावले नेपाल संवत् ७९२ मा राजा जगतप्रकाश मल्लले यो मन्दिर बनाउन लगाएको देखिन्छ। लोहँदेगः बनाउन लगाउँदा उनले यही हरिशंकर मन्दिर र तव्या सत्तललाई आधार मानि बनाएको हुँदा लोहँदेगः पछि मात्र बनेको सम्पदा हो भन्ने आधार चित्रले दिएको छ।

१०) यही लोहँदेगःलाई आधार बनाएर नेपाल संवत् ८१६ मा राजा जितामित्र मल्लले अर्को लोहँदेगः बनाएको हो। पछि भूकम्पले भत्केको सो मन्दिर एकतले छाना शैलीमा पुनःनिर्माण गरियो।

११) वि.सं. १९९० सालको भूकम्पमा भक्तपुर दरबार क्षेत्र लगभग क्षतविक्षत बन्यो। विश्व प्रसिद्ध न्ययङापा झ्य दरबार भत्केको दृश्यसहितको तस्बिरमा तव गां सँगै एउटा सुनको ठूलो गजुर देखिन्छ। यो हरिशंकर मन्दिरको गजुर हो। भनिन्छ, यो गजुर पछि सुनको धारानेरको पर्खाल हुँदै मूलचोकको छाना माथिबाट मूलचोकमा सुरक्षितसाथ राखेकोमा पछि यसको अत्तोपत्तो लागेन।

१२) हरिशंकरको यो मूर्ति राष्ट्रिय कला सङ्ग्रहालयमा सुरक्षित छ।

*तस्बिर-इन्टरनेटबाट समेत*

के गर्दै छ
भक्तपुर नगरपालिका ?
थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्
■ 'भक्तपुर' मासिक
■ 'ख्वप पौ'
■ http://bhaktapurmun.gov.np
■ www.bhaktapurkhabar.com
■ www.facebook.com/BhaktapurMunicipality/
■ ख्वप सः (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० – ८:३० र शुक्रबार साँझ ६:३० – ७:३० सम्म
■ अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६

# ज्यापू जातिको इहिपा (विवाह) गर्ने संस्कार-२



डा. हरिराम सुवाल
वडाध्यक्ष, भनपा ६

**बिचाः खाँ ल्हाय्गु (भलाकुसारी गर्ने) :** टोलको दोबाटोमा गणेशको अगाडि दुलाहा र दुलहीको तर्फका पुरोहित आमने सामने उभिएर दुवै तर्फका सम्धीहरू र आफन्तहरूको अगाडि विवाह गरेर छोरी लगे भनेर दुःख मान्नु पर्दैन भनेर विश्वास दिलाउने कार्यक्रम हुन्छ। बलेको सुकुन्दा र राँको अगाडि राखेर दुवैको संस्कारअनुसार मन्त्र उच्चारण गरेर यसरी कुराकानी गर्नुलाई बिचाः खाँ ल्हायेगु भन्दछन्। दुलहीको माइतबाट अलिपर गणेश मन्दिर अगाडि स्थानमा केटा र केटी पक्षका दुवै बसी लमीले लखँ ल्हायेगु चलन छ। केटीतर्फबाट 'हाम्रो छोरी तपाइँहरूको बुहारी भइसकी, छोरीले केही बिगारेमा पनि तपाइँहरूकै छोरी सम्झेर क्षमा गरिदिनु होला। मारे पाप, पाले पुण्य' भन्छन्। केटातर्फबाट 'नजानेको, थाहा नभएको सिकाउँछौं, गल्ती भए सुधार गर्न हुन्छ, केही पीर लिनु पर्दैन– बिदा दिनुस्' भन्छन्। 'फूल जस्तै गरी पालेर राखेकी छोरी तपाइँहरूले रक्षा गरिदिनुहोस्' भनेर केटीतर्फबाट भन्दा 'तपाइँको सन्तान हाम्रो पनि सन्तान, तपाइँको फूल अब हाम्रो शिरमा राखिछोड्ने छौं' भनेर केटाको तर्फको वाचा बाँधी बुहारीलाई घरको प्रतिष्ठाको रूपमा लिने नेवारहरूको उल्लेखनीय परम्परा रहेको देखिन्छ।

**भमचा दुकाय्गु (दुलही भित्र्याउने) :** दुलही भित्र्याउन घरको ढोकाको दायाँ बायाँ पानी भरेको गाग्रोमाथि दही राखेर अबिर र फूल छरेर राखेको हुन्छ। बाजा बजाएर आएको जन्तीसँगै दुलही दुलहाको घरमा पुगेपछि गाडीबाट ओराली दुलहासँगै बायाँ दुलहीलाई ढोका अगाडि उभ्याइन्छ। दायाँ बायाँ कलश राखी पूरोहितबाट मन्त्रपाठ गराई सासु वा घर मूली आइमाईले उनीहरूलाई पूजा गरी टीका लगाई पाथीले फूल, अक्षता, फलफूल, रोटी, दक्षिणा सिञ्चन गर्छन्। अनि दुलहीलाई साँचो समाउन दिई दुलहालाई दुलहीको खास्टो समाउन लगाई कुचो डुलाई कलशले पानी तर्काउँदै घरमा भित्र्याउँछन्। कतिको त थकाली आइमाई, दोस्रो थकाली र परिवार बसेर सासूले चिउरा छरेर रातो जाँडले बुहारीको खुट्टा धोएर चोखो गर्ने चलन छ। यसरी बुहारीलाई घरको ढुकुटीको साँचो समाउन दिई अधिकार सहित सम्मान गरेको सङ्केत देखिन्छ।

**दिविच वानेगु चलन (ज्वाइँ हेर्न जाने) :** डिरी चाय्केगुको केही दिन पछि 'दिविच वानेगु' चलन छ। दिविच वानेगु भनेको ज्वाइँ सञ्चो बिसञ्चो हेर्न जाने चलन हो। आफ्नो ज्वाइँलाई हेर्न जाँदा भिजेको केराउ, सेगुली, रक्सी, जाँड, मासु लिएर महिलाहरू जानु पर्दछ। दुजः (भोजमा बसेकाहरू) बसेका मानिसहरूलाई पुग्ने गरी विभिन्न परिकार लिएर गइन्छ र सबैलाई त्यही परिकारहरू लाइनमा राखी खुवाउने चलन छ। साथै जाने आइमाईलाई पनि तकोला (एक प्रकारको ठूलो मासु) राखेर भोज खुवाएर पठाउने चलन छ र मसिंपो (मसला) पनि दिएर पठाउने गरिन्छ। त्यसपछि आफ्ना छोरीलाई खुवाउने चलन छ। हाल यो चलन पूरा हराइसकेको छ।

**ख्वः स्व वानेगु (मुख हेर्न जाने) :** छोरीलाई विवाह गरिपठाएको ४ दिन भित्रमा छोरीको मुख हेर्न जाने चलनलाई ख्वः सो वनेगु (मुख हेर्न जाने) भनिन्छ। यसरी मुख हेर्न आउने सबैलाई दुलाहापट्टिबाट स्वागत गरी मसिंप्वः र पान दिने चलन छ। आफ्नी छोरी नयाँ घरमा खुसी छन् वा छैनन् भनेर माइतीका नजिकका नातेदारहरू छोरीको ख्वः स्वः वानेगु गरेको हो। यसरी जाने नातेदारहरूले पैसा बोकेर जाने चलन छ। त्यही पैसा हालेर छोरीको मुख हेर्ने गरिन्छ। दुलाहाको तर्फबाट फलफूल, सेगुली, जाँड, रक्सी खुवाएर पठाउने गरिन्छ। बाल बच्चाहरूलाई दही खुवाएर पठाउने गरिन्छ। हाल यो चलन पनि पूरै लोप भइसकेको छ।

**कोठा बिइगु (कोठा दिने) :** बुहारी भित्र्याएपछि छोरा र बुहारीलाई अलग सुत्नको लागि अलगै कोठा दिने चलन रहेको छ। विवाह अगाडि छोरा छोरीसँगै आमा बुबा संयुक्त रूपमा एकै ठाउँमा सुत्ने चलन रहेको हुन्थ्यो। त्यसकारणले विवाह गरेपछि अलगै सुताउनको लागि कोठा बिइगु चलन चलेको हुनु पर्दछ। तर आजकल यो चलन पनि पूरै हराई सकेको छ। वर्तमान समयमा छोरा छोरी विवाह अगाडि नै अलगै कोठामा सुताउने चलन आइसकेको हुनाले विवाह पछि अलग कोठा दिई रहन नपर्ने भएकाले यो चलन हराएको हुनुपर्दछ। पहिले पहिले अबोध केटाकेटीहरूको सानैमा विवाह गरिदिने चलन थियो। विवाहको अर्थ राम्रोसित बुझेपछि वा यौवनावस्थामा पुगेपछि मात्र अलग्ग कोठा दिइने गरेको हो। त्यही परम्पराअनुसार पछिसम्म पनि छोरा बुहारीलाई अलग्ग कोठा दिने चलन भएको हुनुपर्छ। **(बाँकी पृष्ठ १०० मा)**

# वास्तुशास्त्रका तीन थ्या-साफू



गणेशभक्त शिल्पकार

नेपालमा प्रचलनमा रहेका वास्तुशास्त्रका तीन थ्या-साफू (ग्रन्थ) मा उल्लेखित शिल्प विज्ञानको अध्ययनको आधारमा हाम्रा सिकर्मी, शिल्पकार र शिलाकार दाजु भाइहरूले संरचनाहरू निर्माण गरिरहेका छन् । अहिलेसम्म नेपालमा कलात्मक झ्याल निर्माण गर्नेमा नेवार समुदायका सिकर्मी, शिल्पकारहरू मुख्य रहेका छन् । विकास क्रममा पछि अन्य समुदायले यसको महत्त्व बुझेर, सिकेर कलात्मक झ्याल निर्माण गर्न थालेको अध्ययन, अनुसन्धानबाट पुष्टि




चित्र नं. १ : निजीगृह निर्माण गर्दा साधना गर्ने थ्या साफू

हुन्छ । सिकर्मी, शिल्पकार र शिलाकार समुदायका अग्रजहरूले परम्परादेखि शिल्प ज्ञानलाई नयाँ पुस्तामा हस्तान्तरण गरिरहेका छन् । त्यसैले ज्ञान, विज्ञान, शास्त्रको अध्ययन गरेर निर्माण गरिएका धरोहरहरू हाम्रो सामु उभिरहेका छन् ।

यहाँ नयाँ पिँढीले अध्ययन तथा जानकारी राख्नुपर्ने तीन वास्तुशास्त्रका पुस्तक चिन्हारी स्वरूप प्रस्तुत गरिन्छ ।

पहिलो वास्तुशास्त्रको पुस्तकमा निजी घर कसरी शास्त्र अनुसार बनाउने र तन्त्र, शाधना कसरी गरिन्छ भन्ने बारे छ । यसको अध्ययन, उच्चारण सहि तरिकाबाट गर्न जान्नुपर्दछ । सही तरिकाले मन्त्र उच्चारणबाट मात्र निर्माण कार्य गर्दा सिद्ध हुन्छ भनी लेखिएको छ । यस अध्ययनबाट निर्माण गरिएका संरचनाहरू धेरै वर्षसम्म टिकाउ रहेको हाम्रो सामु ज्वलन्त उदाहरण हुन् । कुनै समयमा नेपालको शहर, नगर, जिल्ला, गाउँहरूमा घर निर्माण गर्दा वास्तुशास्त्रमा उल्लेख भएअनुसारको स्थानहरू छनोट गरेर निर्माण गरेको हुन्छ । घर निर्माण सिद्धान्त र पुनः निर्माण गर्दा वास्तुशास्त्रले भू-बनोट, जमिनको स्वरूप, अवस्थालगायतको मार्गनिर्देशन अनुसार वास्तुशास्त्रको आधारमा घरहरू बनाउने गरिएको थियो । हाल केही शिल्पकारहरू सँग मात्र यो पुस्तक रहेको छ । यो लोप हुने अवस्थामा छ । यसतर्फ हाम्रो ध्यान र अध्ययन पुगेको छैन । मनमा आएअनुसार आफुखुशी निर्माण गर्ने गरेका छन् ।

वास्तुशास्त्रको यो दोस्रो पुस्तक हो । यसमा विशेषगरि मन्दिरहरू निर्माण गर्न



चित्र नं. २ : मठ-मन्दिर निर्माण गर्दा साधना गर्ने थ्या साफू

कुन ठाउँमा कस्तो विधि अपनाएर निर्माण गरिने हो सो कुराको जानकारी दिने पुस्तक हो । यसको शास्त्रको विधिअनुसार कति तला बनाउने, जमिनको बनोट कस्तो छ भनी सबभन्दा पहिले माटोको अध्ययन गरिन्छ । त्यस पछि कसरी निर्माण गर्ने भनी विज्ञ सिकर्मी, स्थानीय समुदाय र दाता (विद्वान) हरू, विशेषज्ञबीच छलफल हुन्छ । वास्तुशास्त्र अनुसार अध्ययनमा देखिएका विषयमा छलफल हुन्छ । कुन कुनामा जग्गा पूजा गर्ने, कसरी कार्य अगाडि बढाउने आदि सम्पूर्ण प्रकृयाअनुसार मन्दिर बनाउने कार्य हुन्छ । माटोको बनोट आधारमा तला बनाउने गरिन्छ । राम्रो माटो भए धेरै

**चैत्य, गुम्बा, बहि निमार्ण गर्दा अध्ययन गर्ने ग्रन्थ किताब**



चित्र नं. ३ : चैत्य, गुम्बा, बहि निर्माण गर्दा अध्ययन गर्ने थ्या साफू

तला र माटो कमजोर र कमसल भए थोरै तलामा सीमित गरेर निर्माण गरिन्छ। पहिलेका सिकर्मीहरू जसले तन्त्र साधना गर्न सक्छन्, ती नाइकेहरूले माटोको केही मुनीसम्म चार कुनाबाट ल्याएको माटोलाई नाकले सुँघेर मन्दिर वा घर बनाउन हुने र नहुने छुट्याउने गर्छन्। हाल यो विधि जानेका व्यक्तिहरूको कमिका कारण जहाँ पनि बनाउने गर्छन्, शास्त्रअनुसार बनाउन सकेका छैनन्। यो पुस्तक हाल आशा साफू ढकु रक्तकालीको पुस्तकालयमा सङ्कलित रहेको छ। अध्ययन गर्नेहरूलाई यसले धेरै सहयोग दिन्छ।

वास्तुशास्त्रको यो तेस्रो पुस्तकमा बहि, बिहार, गुम्बा र चैत्य निर्माण कसरी शास्त्रअनुसार बनाउने बारे लेखिएको छ। यो पुस्तक पुरातत्त्व विभागमा सङ्कलित रहेको छ। यसको नं. ९५ मा वास्तुशास्त्रअनुसार चैत्य निर्माण विधि लेखिएको छ।

विषय सङ्ख्या- वै.क. १०४७

रिल सङ्ख्या- B ३६५/६

लगत सङ्ख्या- ४/३३४

भाषा-नेपाल भाशा

लिपि- नेवारी

आकार- ४०.०७.४ से.मी.

ग्रन्थावस्था- सामान्य लेख्य

सामग्री- ठ्यासफु

ने.सं. ८०३ मा लेखिएको यस थ्या सफू ग्रन्थ वास्तुशास्त्रीहरूको लागि अत्यन्त महत्त्वपूर्ण र उपयोगी रहेको छ। विभिन्न देवताहरूको स्तुति र विश्वकर्मास्तोत्रबाट सुरु भएको यस ग्रन्थमा देवल, गृह र चैत्य निर्माणसँग समबन्धित तथ्यहरू सचित्र वर्णन गरिएको छ। देवलको लक्षण र निर्माणमा प्रयोग हुने थामको लक्षणसमेत यस ग्रन्थमा बताइएको छ। त्यसैगरी देवल, चैत्य, गुम्बा र बहिहरूको द्वारको चित्र, पञ्च झ्यालको चित्र, आँखीझ्यालको लक्षण र चित्र आदिका साथै विभिन्न खण्डहरूको परिमाणमा गणना गरिएको छ। त्यस्तै ढोका, खापा, चुकुल्क, भऱ्याङ, तखता, खापा, ताल्चा, कचो लगायतका वस्तुहरूको व्याख्या गरिएको छ। चैत्य, गुम्बा र बहिगृहमा रहने विभिन्न स्थानका अङ्गमा रहने देवताहरूको नाम, इनार र पोखरी निर्माणमा महिनाअनुसारको फल र नागवस्तुको चित्र पनि यसमा दिइएको छ। चैत्यको निर्माण प्रक्रिया सचित्र वर्णन गरिनुका साथै अग्निकुण्डको चित्र पनि यसमा कोरिएको छ। यस ग्रन्थमा देवल, गृह र चैत्य निर्माणसँग सम्बन्धित जम्मा १६ ओटा चित्रहरू आकर्षक ढङ्गले कोरिएको छ। यो ग्रन्थको सुरुमा संस्कृत भाषाको प्रयोग गरिएको भए पनि त्यसपछिका पाठहरूमा भने सम्पूर्ण रूपमा नेपाल भाषाको प्रयोग गरिएको छ र लिपि पनि नेवारी नै प्रयोग भएको छ। यस ग्रन्थको सुरु र अन्त्यको भाग प्राप्त छैन साथै लेखकको नाम पनि उल्लेख छैन। यो पुस्तक अनुसन्धानकर्ताको लागि निकै उपगोगी छ। यस पुस्तकले नेपालको वास्तुकला कल्पना गरेर निर्माण गरेको होइन अनुभवको सङ्कलन, उन्नत जातिको पहिचान, विकास क्रमलाइ पनि सङ्केत गरेको छ। नेपालीहरू देश सुहाउँदो १) घर,गृह; २) बहिगृह; ३) मन्दिर; ४) गुम्बा र ५) चैत्य निर्माण आफ्नै मौलिक शैली र विधिमा निर्माण गर्छन् भन्ने दर्शाउँछ। यसमा हामी सबैले गौरव महसुस गर्नुपर्छ।

वास्तुशास्त्रमा लेखिएका केही नियम, मन्त्र उच्चारण गर्ने विधि र पूजा गर्ने विधिमात्र अहिले बाँकी रहेको छ। अरु प्रकृया हराइसकेको छ। जग पूजा गर्ने, ढोका पादुका स्थापना गर्ने, पूजा सामग्री, विधिअनुसार पूजा गरेर मन्दिर निर्माण गरिन्छ। यसरी वास्तुशास्त्रलाई आधार मानेर हरेक मन्दिर निर्माण गरेको हुन्छ। यसमा केही वैज्ञानिक आधार पनि छ। देव, देवी या भगवानलाई यज्ञ गरेर सुनाइएका मन्त्रबाट देवताको पूर्ण शक्ति रूपमा हुन्छ भनी शास्त्रमा उल्लेख भएको छ।

मानिस सबै प्राणीहरूमध्ये विवेकशील हो। मानिसमा विवेक कम भए सबै प्राणीहरू भोकै बस्नु पर्छ। परम्परागत सीप, शास्त्र, नीति नियम, ज्ञान अनुभवको सँगालोलाई जोगाइ राख्नुपर्छ। नयाँ पुस्ताले अनिवार्य अध्ययन गरेर पुस्तातरण गर्नुपर्छ। यसबाट नेपालका पूर्वजले गरेका आविस्कार जोगाउनु हामी सबैको दायित्व हो।

**सन्दर्भ सामग्री**

१) लेखकको घरमा रहेको सङ्कलित ग्रन्थ किताब

२) आशा साफू ढकु-पुस्तकालयमा सङ्कलित

३) पुरातत्त्व विभागमा सङ्कलित

# चिटिक्क भक्तपुर



उपेन्द्र लामिछाने

२०७२ वैशाख १२ को भूकम्पले सांस्कृतिक नगरी भक्तपुर बिथोलिएको थियो । भूकम्पको पाँच वर्षपछि आइतबार भक्तपुर दरबार क्षेत्र पुग्दा आकाश पूरै खुलेको थियो । भत्किएका अधिकांश सम्पदा ठडिएका थिए । बजारमा धिमे र बाँसुरीको धुन बज्दै थियो । सांस्कृतिक नगरीका सम्पदाले आफ्नै लय लिएको देखिन्थ्यो ।

सम्पदाप्रतिको माया, कामप्रतिको इमानदारिता र नगरवासीको साथ भयो भने जस्तोसुकै कठिन परिस्थितिबाट पनि माथि उठ्न सकिन्छ भन्ने उदाहरण भक्तपुर नगरपालिकाले देखाएको छ । भूकम्पले क्षति पुऱ्याएका सम्पदा पुनर्निर्माणमा नगरपालिकाले हासिल गरेको सफलता अन्यका लागि उदाहरणीय बन्न पुगेको छ ।

भूकम्पले बिथोलिएको भक्तपुरको सम्पदा पुनर्निर्माणको तीव्रतासँगै नगर आफ्नै लयमा फर्किँदै छ । भूकम्पको धूलो टकटकाएजस्तै सफा सुन्दर सांस्कृतिक नगरी यतिबेला चिटिक्क देखिएको छ । दरबार क्षेत्रको आकर्षण रहेको १७औँ शताब्दीमा ढुङ्गाबाट बनेको आकर्षक **वत्सला मन्दिर**को पुनर्निर्माण सम्पन्न भएसँगै नगर थप उज्यालो भएको छ । राजा जितामित्र मल्लको पालामा निर्माण गरिएको यो मन्दिर भूकम्पले पूर्णक्षति बनाएको थियो । मन्दिरको मौलिकतालाई कायमै राखी थप बलियो र सुन्दर बनाइएको छ ।

त्यस्तै, दरबार क्षेत्रका पश्चिमतिर रहेको इँटैइँटाले बनाइएको शिखर शैलीको **केदारनाथ मन्दिर** झनै चम्किलो देखिएको छ । भूकम्पले ढालेको विश्वप्रसिद्ध ५५ झ्याल दरबारअगाडि रहेको शिखर शैलीमै निर्माण भएको **सिद्धिलक्ष्मीको मन्दिर** उसैगरी ठडिएको छ । ढुङ्गैढुङ्गाले बनेको यो मन्दिरभित्र सिद्धिलक्ष्मीको मूर्ति रहेको छ भने बाहिरतिर विभिन्न देवीका साथ जनावरका अति आकर्षक मूर्ति देख्न सकिन्छ ।

यी त उदाहरण मात्र हुन् । भूकम्पले क्षति पुऱ्याएकामध्ये **२३ मन्दिर, ४० पाटी, ६ द्यःछेँ** (देवघर), **तीन प्रवेशद्वार** पुनर्निर्माण सम्पन्न भइसकेको छ । त्यस्तै, **आठओटा पोखरी, सातओटा इनार, आठओटा सत्तल, सातवटा ढुङ्गेधारा**को जीर्णोद्धार तथा पुनर्निर्माण कार्य सम्पन्न भएसँगै नगर थप सुन्दर देखिएको छ ।

पुनर्निर्माण कार्यमा नगरपालिका निकै सजग रहेको देखियो । *'हामीले मौलिकता जोगाउने मात्र होइन, विगतमा त्रुटि भएका कार्यलाई सच्याउने अवसर पनि पायौँ,'* भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिले भने, *'यसले हामीलाई*



*थप खुसी बनाएको छ।'* शिखर शैलीको हरिहर मन्दिरलाई १९९० सालको भूकम्पपछि चुना पोतेर सेतो बनाइएकोमा अहिले पुरानै स्वरूपमा ल्याइएको उनले बताए। इतिहासका जानकार र संस्कृतिविद्को सल्लाहमा मौलिकता नगुम्ने गरी नगरलाई थप सुन्दर र आकर्षक बनाउन पाएकामा नगरवासी दङ्ग रहेको उनले बताए।

नगरवासीको सद्भाव र मायाले सम्पदा पुनर्निर्माणमा झनै उत्साह मिलेको मेयर प्रजापति सुनाउँछन्। सकेसम्म विदेशीलाई संलग्न नगराउने नीतिअनुसार निर्माण कार्य अगाडि बढेको उनले सुनाए। *'पुर्खाले उतिबेलै यत्रो सम्पदा बनाउन सक्छन् भने हामीले अहिले त्यसको मर्मतसम्भार र संरक्षणका लागि विदेशीलाई किन गुहार्ने ?'* उनले भने, *'त्यसैले हामी आफैं जुटेर काम गऱ्यौं।'* विदेशीलाई खासमा यहाँको मौलिक शैलीबारे जानकारी नहुने अनि उनीहरूका सर्त मान्दा हामीले आफ्ना सम्पदाको मूल्यमा समेत सम्झौता गर्नुपर्ने भएकाले आफै काम गर्ने प्रयास गरेको उनले बताए।

त्यसैले होला, नेपाल र जर्मन सरकारबीच भएको सम्झौताअनुसार भक्तपुरका १० वटा सम्पदा पुनर्निर्माणका लागि नगरपालिकाले एक करोड युरो (करिब १ अर्ब २० करोड रूपैयाँ) वैदेशिक अनुदान पाए पनि त्यो रकम अस्वीकार गरिदियो। अनुदानको सर्त मान्दा यहाँका सम्पदा परम्परागत शैली र स्वरूपमा नबन्ने भएपछि नगरपालिकाले यति ठूलो रकम फिर्ता गरिदिएको थियो।

भक्तपुर नगरपालिकाको आम्दानीको स्रोत नगर घुम्न आउने पर्यटनको शुल्क पनि हो। यसैबाट नगरपालिकाले शिक्षा, स्वास्थ्य र सम्पदाको संरक्षणमा टेवा पुऱ्याउँदै आएको हो। लकडाउनका कारण पछिल्लो समय पर्यटक नआउँदा आम्दानीमा कमी आएको छ। तर, नगरवासीले सम्पदा संरक्षणमा उत्साह देखाएको कारण पुनर्निर्माण कार्य रोकिएको छैन।

लकडाउनका बेला न्यातपोल मन्दिरको जीर्णोद्धारमा देखिएको श्रमदानले सम्पदा जोगाउन सर्वसाधारण कति जोखिम उठाउन सक्छन् भन्ने देखाएको छ। *'श्रमदानमा देखिएको जनसहभागिताले धेरै हौसला बढेको छ,'* संस्कृतिविद् ओम धौभडेल भन्छन्, *'यसले यहाँको सम्पदा कति सुरक्षित छ भन्ने देखाउँछ।'* टौमढी क्षेत्रमा रहेको पाँचतले मन्दिर र भैरवनाथको मन्दिरको जीर्णोद्धारसँगै यस क्षेत्रका रौनकता झनै बढेको उनी बताउँछन्।

मौलिकता कायम राख्दै सम्पदा पुनर्निर्माण तथा जीर्णोद्धार कार्यअगाडि बढ्दै जाँदा दरबार क्षेत्र मात्र होइन, सिङ्गो नगर सफा र सुन्दर अनि चिटिक्क देखिन थालेको छ। २०७२ सालको भूकम्पबाट क्षति पुगेका हालसम्म एक सयभन्दा बढीको सङ्ख्यामा सम्पदा पुनर्निर्माण भएको नगरपालिकाले जनाएको छ। बाँकी सम्पदाको निर्माण कार्य पनि अगाडि बढिरहेको मेयर प्रजापति बताउँछन्।

कामको पारदर्शिता देखाउन र आवश्यक जानकारी दिन नगरपालिकाले भूकम्पबाट क्षति भएका सम्पदाको पुनर्निर्माण र निर्माणाधीन अवस्थाबारे विवरण समेटिएको **'सम्पदा पुनर्निर्माण तथा जीर्णोद्धार'** नामक पुस्तक प्रकाशन गरेको छ। पुस्तकमा उल्लेख भएअनुसार हालसम्म १०३ वटा सम्पदा पुनर्निर्माण सम्पन्न भएको छ। यस्तै, ३४ वटा निर्माणाधीन सम्पदाका लागि सात करोड ५४ लाख ९९ हजार रूपैयाँ खर्च भएको जानकारी दिइएको छ।

*'पुस्तकमा सम्पदाको भूकम्पले क्षति पुऱ्याउनुअघिको फोटो, निर्माणाधीन र सम्पन्न भएपछिको फोटो राखिएका छन्,'* नगरपालिकाका सम्पदा शाखाका प्रमुख रामगोविन्द श्रेष्ठले भने, 'प्रत्येक सम्पदाको सङ्क्षिप्त विवरणसहित खर्च विवरण पनि पुस्तकमा उल्लेख गरिएको छ।'

भक्तपुरको प्रयासको सकारात्मक असर छिमेकी नगरमा समेत देखिन थालेको छ। २०७५ साउनमा मेयर प्रजापतिले उपत्यकाका पाँचवटा नगरपालिकाका मेयरको भेलाको आयोजना समेत गरे। भेलाले उपत्यकाभित्रका ऐतिहासिक–पुरातात्त्विक महत्त्वका सम्पदा जनसहभागितामार्फत जीर्णोद्धार–पुनर्निर्माण गर्ने प्रजापतिको प्रस्ताव पारित समेत गऱ्यो। त्यसको प्रतिविम्ब अन्य नगरका पुनर्निर्माण कार्यमा देखिन थालेको हो।

यसबाहेक भक्तपुर नगरले परम्परागत स्वरूप जोगाउन निजी घरको पुनर्निर्माण र नयाँ घर निर्माणमा नगरको मापदण्ड कडाइसाथ लागू गरिएको छ। नगर क्षेत्रका भित्री सडकमा पिच गर्न पहिलेदेखि नै रोक लगाइएको थियो। इँटा बिछ्याएका सडक फोहोर हुन थालेपछि अहिले ढुङ्गा बिछ्याउन थालेको छ। *'नगरको सौन्दर्य सम्पदासँग मात्र होइन, सर्वसाधारणको घर आँगनसँग पनि जोडिएको हुन्छ,'* मेयर प्रजापतिले भने, *'नगरलाई चिटिक्क बनाइराख्न सर्वसाधारणसँग हातेमालो गर्न नगरपालिका कटिबद्ध छ।'*

नगरको आम्दानी सम्पदामा खर्च गर्दा कतिपयले कुरा काटे पनि धेरै नगरवासी सन्तुष्ट रहेको मेयर प्रजापतिले बताए। पर्यटकबाट भएको आम्दानीले भक्तपुरलाई आत्मनिर्भर बनाएको उनी बताउँछन्। *'भक्तपुरमा पर्यटक आउने भनेकै हाम्रा परम्परागत सम्पदा र मौलिक जीवनशैली हेर्नका लागि हो,'* प्रजापति भन्छन्, *'समृद्धिको बाटोमा जाने हो भने यसलाई जोगाउनु अत्यन्त जरुरी छ।'*

*स्रोत : नागरिक, १ फागुन २०७७*

# विश्व प्रसिद्ध छवि र छविकार

वन्दिता

'रेडी'
'वन'
'टु'
'थ्री'
'क्लिक'

विगतमा हामीमध्ये धेरैले यसरी नै आफ्नो छवि अर्थात् तस्बिर खिचाएका थियौँ। छविकार (फोटोग्राफर) ले भनेअनुसार बसेर तस्बिर खिच्ने चलनमा अहिले धेरै नै परिवर्तन आइसकेको छ। तस्बिर खिच्ने पेशाकर्मी, सौखिन र सम्भ्रान्त वर्गसँग हुने क्यामरा अचेल सर्वसाधारणले पनि बोक्न थालेका छन्। तस्बिर खिच्ने सुविधा मोबाइलमा भए पछि त मानिसहरूको हात हातमा क्यामरा हुन थालेको छ। क्यामरा नभएको मोबाइल थोरैले मात्र बोक्ने गरेको देखिन्छ। त्यसैले तस्बिर हिजो अनिवार्यता र आवश्यकतामा सीमित थियो भने आज आवश्यक-अनावश्यक र सस्तो इच्छा एवं रहर हुन पुगेको छ– जहाँ पनि जहिले पनि 'क्लिक', 'क्लिक'...

तस्बिर विगतलाई सम्झनामा राख्ने, अभिलेखीकरण गर्ने उत्कृष्ट माध्यम हो। हाम्रा पुर्खा र अतितका भौतिक अवस्थाबाट परिचित हुन तस्बिरजस्तो सही माध्यम अर्को छैन भन्दा अन्यथा नहोला। त्यसैले तस्बिर मानव जीवनका इतिहास, विज्ञान, संस्कृति प्रकृतिलगायत सबै पक्षको लागि आवश्यक छ।

सयौँ-हजारौँ शब्दलाई एउटा तस्बिरले व्यक्त र बयान गर्न सकिन्छ। इतिहास र घटनालाई प्रामाणिक र आधिकारिक रूपमा स्पष्ट गर्न सकिन्छ। त्यसैले तस्बिरको महत्त्व अवर्णित छ।


जोसेफ निसेफोर निप्स

तस्बिर खिच्ने क्यामराको आविष्कारक जर्मनीका जोहान जान (Johann Jahn, 1641-1707) लाई मानिन्छ। तर उनले खिचेको कुनै तस्बिर उपलब्ध छैन। क्यामराको आविष्कार भएको एक शताब्दीपछि खिचेको तस्बिर नै **विश्वको पहिलो तस्बिर** मानिन्छ। फ्रान्सका जोसेफ निसेफोर निप्स (Joseph Nicephore Niepce, 1765-1833) ले सन् १८२६ मा खिचेको तस्बिर सन् १९५२ मा फेला पारिएको थियो। ले ग्रासको आफ्नो घरबाट खिचेको उक्त तस्बिरलाई 'झ्यालबाट हेर्दा' (View from the window at Le Grass) नाम दिइएको छ। यो तस्बिर उनले ८ घण्टा लगाएर खिचेका थिए।


निप्सले खिचेको तस्बिर (बायाँ) र पछि रङ्गाइएको

शुरुमा एउटा तस्बिर खिच्न एक दुई दिनसम्म पनि लाग्ने बताइन्छ। लामो समय एक्सपोज (Expose) गरे मात्र आकृति ग्रहण गर्थ्यो। अचेल त 'क्लिक' गरे लगत्तै तस्बिर हेर्न सकिन्छ।

उपलब्ध तस्बिरको आधारमा निप्सलाई विश्वको पहिलो छविकार र उनले खिचेको तस्बिर विश्वको पहिलो तस्बिर मानिएको छ।

निप्सले खिचेको तस्बिर अस्पष्ट र धमिलो थियो। पछि प्रविधिले स्पष्ट र उज्यालो पारिएको थियो।


निप्सले खिचेको तस्बिर प्रविधिले स्पष्ट पारेपछि

क्यामराको इतिहास हेर्दा पहिलो नाम चिनियाँ दार्शनिक मोजी (Mozi, BC 470-391) को नाम आउँछ। उनले प्रकाश स्रोतबाट सिधा जाने तथ्य पत्ता लगाएका थिए। त्यस्तै तस्बिर खिच्ने उपकरण सम्बन्धी विवरण इराकी वैज्ञानिक इब्न अल हेथान (Ibn al-Haythan, 965-1040) ले आफ्ना पुस्तकमा उल्लेख गरेको पाइन्छ। यसरी क्यामराको आविष्कारमा थुप्रै विद्वानहरूले आ-आफ्नो बुद्धि लगाएका थिए।

मानिसले पृथ्वीदेखि अन्य ग्रहसम्मका अनगिन्ती तस्बिर खिचिसकेका छन्। तर सबै तस्बिर महत्त्वपूर्ण र उपयोगी हुँदैनन्। ती मध्ये कतिपय इतिहास, भूगोल, विज्ञान, विकास, उपलब्धि, घटना आदिको दृष्टिले महत्त्वपूर्ण हुने गर्छ। त्यस्ता तस्बिरहरूको सङ्ख्या गनिसाध्य छैन। यद्यपि यहाँ ऐतिहासिक एवं विश्वप्रसिद्ध दुई छवि र तिन्का छविकारको सङ्क्षिप्त जनकारी दिने जमर्को गरेकी छु।



राइखस्टागमा हँसिया-हथौडाको झन्डा फहराउँदै

## राइखस्टागमा हँसिया-हथौडा

दोस्रो विश्वयुद्धमा जर्मनी नाजीवाद र सोभियत सङ्घको समाजवाद भिडाएर अमेरिका र बेलायतजस्ता साम्राज्यवादी देश निष्कण्टक हैकम चलाएर बस्ने दाउमा थियो । तर विश्व सर्वहारा वर्गका महान नेता जोसेफ स्तालिनको नेतृत्वमा विश्वको पहिलो समाजवादी देश सोभियत सङ्घले हिटलरको नाजीवाद मुसोलिनीको फासिवाद र जापानी सम्राट हिरोहितोको बर्बर आक्रमणविरुद्ध वीरतापूर्वक लड्यो । नाजीवादी र फासीवादीहरूले अमेरिका र बेलायतलगायतलाई 'छुट' नदिएपछि तिनीहरू पनि युद्धमा सामेल हुन बाध्य भए ।

विश्वयुद्धको उत्तरार्द्धमा सोभियत फौज मस्कोको नजिकसम्म आइपुगेको हिटलरी फौजलाई प्रत्याक्रमण गर्दै अगाडि बढ्यो र जर्मनीसम्म पुग्यो । जर्मनीको राजधानी बर्लिनलाई सोभियत फौजले घेराबन्दी गर्‍यो । नाजीहरूको पराजय निश्चित भइसकेको थियो । तर सोभियत लालसेनाको अन्तिम विजय बाँकी नै थियो । सन् १९४५ को अप्रिलको अन्ततिर नाजी नेताहरू जर्मनीको संसद भवन राइखस्टाग (Reichstag) मा लुक्न थुप्रिए, कोही भागे । त्यही समयतिर सोभियत लालसेनाका केही जवानहरू संसद भवनभित्र छिरे, माथिल्लो तलामा उक्ली बुर्जामा चढेर रातो भूमिमा हँसिया-हथौडा अङ्कित लालझण्डा फहराए र त्यही गाडे । नाजी बर्बरतामाथि अन्तिम विजय हासिल भयो । त्यसक्षणलाई एकजना सैनिक छविकारले आफ्नो क्यामरामा कैद गरे- एउटा रीलको ३६ ओटै । ती तस्बिर Leica III क्यामराबाट खिचेका थिए । त्यो ऐतिहासिक क्षणको ती तस्बिर विश्व प्रसिद्ध छन् र दोस्रो विश्व युद्धमा नाजी र फासीवादको अन्तिम हारको ऐतिहासिक प्रमाण बन्यो । राइखस्टागमाथि फहरिएको रातो झन्डा नाजीमाथिको विजयको प्रतीकको रूपमा विश्व प्रसिद्ध भयो ।




येभगेनी अनान्येभिच खाल्डेइ

त्यस ऐतिहासिक विजयको तस्बिर खिच्ने छविकार येभगेनी अनान्येभिच खाल्डेई (Yevgeni Ananyevich Khaldei) हुन् । रातो झन्डा फहराउने लालसेनाका जवानहरू एलेक्सेइ कोभालोभ (Aleksei Kovalov), अब्दुलखाकिम इस्माइलोभ (Abdulkhakim Ismailov) र लियोनिड (एलेक्सेइ) गोरियाचेभ (Leonid (Aleksei) Goryachev) हुन् । यी चार जनाले नाजी र फासीवादमाथिको अन्तिम विजयको कामलाई प्रमाणसहित फत्ते गरेका थिए ।

सन् १९४५ मइ २ तारिखमा यो ऐतिहासिक तस्बिर नाजी-फासीवादमाथि विजयको प्रतीक बनेको छ । त्यही दिन नाजीहरूले आत्मसमर्पण गरेका थिए ।

अन्य स्रोतअनुसार जर्मनीको संसद भवनमा अप्रिल ३० तारिखका दिन युद्ध जारी रहँदा पनि हँसिया-हथौडाको रातो झन्डा लालसेनाका जवानहरूले फहराएका थिए । त्यस कार्यमा मिखाइल येगोरोभ (Mikhail Yegorov) र मेलिटन कन्तारिया (Meliton Kantaria) संलग्न थिए । त्यस्तै सोही रात मिखाइल मिनिन (Mikhail Minin) सहित पाँच जवानहरूले पनि संसद भवनमा रातो झन्डा फहराएका थिए । तर मइ १ तारिखको बिहान नाजी सैनिकले गोली हानेर खसाली दिए ।



येभगेनी खाल्डेइ

अप्रिल महिनामा झन्डा फहराइएको कुनै तस्बिर उपलब्ध छैन । यद्यपि त्यस काममा संलग्नहरूलाई विभिन्न पदकबाट सम्मान गरिएको थियो ।

## येभगेनी खाल्डेइ

येभगेनी खाल्डेइको जन्म युक्रेनको यहुदी परिवारमा सन् १९१७ मार्च १० मा भएको थियो । उनी ६ जना दाजु-दिदीका कान्छो थिए । उनी दुइ वर्षमा टेकेका मात्र थिए यहुदी विरोधी उपद्रवमा उनको आमाको गोली लागेर निधन भयो । दोस्रो युद्ध शुरु भएपछि नाजी सेनाले उनका बाबु र चार दिदीहरूको हत्या गऱ्यो ।

खाल्डेइ सानैदेखि तस्बिर खिच्न अर्थात छविकारी (photography) मा रुचि राख्थे । त्यसबेलाको नाम चलेका पत्रपत्रिकाहरू विशेषगरी 'ओगोनियोक' (Ogoniok) मा छापिने तस्बिरहरू रुचिपूर्वक हेर्थे र प्रभावित हुन्थे । उनले पढ्ने बेलामा लगाउने बज्यैको चस्मा र कागजको बाकसबाट क्यामरा बनाएर दिदीहरूको छवि उतार्थे । पछि स्टील कारखानामा काम गर्न थाल्दा उनको छविकारी बन्ने चाहना अझ प्रबल हुँदै गयो । युवा अवस्थामा उनले खिचेका तस्बिरहरू स्थानीय पत्रिका 'सोभियत डनबास' मा प्रकाशित हुन थाल्यो । उनले खानी मजदुर र स्टील कारखानाका मजदुरहरूलाई 'महान् आदर्श' का अगुवाको रूपमा प्रस्तुत गर्थे ।

पछि खाल्डेइ सोभियत समाचार संस्था (TASS) को छविकारको काम पाए । त्यसबेला उनी १९ वर्षका भए । मस्कोमा बसेर काम गरिरहेकै बेला नाजीहरूले रुसमाथि हमला गऱ्यो । युद्धका तस्बिरहरू खिच्न उनलाई सोभियत सेनाको लेफ्टिनेन्ट पदसहित छविकारमा नियुक्त गऱ्यो । लाल सेनाका छविकारका रूपमा उनले रुसमाथि नाजी हमलाको १,४८१ दिन का युद्धकालीन थुप्रै तस्बिरहरू खिचे । यसक्रममा उनले हजारौँ माइलको यात्रा गरे । उनका थुप्रै तस्बिरहरू रुसको 'प्राभ्दा' लगायतका पत्रिकामा छापिन्थ्यो ।



चर्चिल, रुजवेल्ट र स्तालिन याल्टामा

खाल्डेइले दोस्रो विश्वयुद्धका तीन 'मित्र शक्ति' सोभियतसङ्घ, अमेरिका र बेलायतका शीर्षस्थ नेताहरू स्तालिन, रुजवेल्ट र चर्चिलको याल्टा (१९४५ फेब्रुअरी) र स्तालिन, त्रुमन र चर्चिलको पोट्स्डाम (१९४५ जुलाइ) बैठकका तस्बिरहरू पनि खिचेका थिए ।



चर्चिल, त्रुमन र स्तालिन पोट्स्डाममा

त्यस्तै युद्ध समाप्ति पछि उनले नाजी युद्ध अपराधीहरू माथि नरेम्वर्गमा मुद्दा चलाइँदाका ऐतिहासिक तस्बिरहरू पनि खिचेका थिए ।



नरेम्वर्गमा मुद्दा चलिरहँदा क्यामरासहित खाल्डेइ



युद्ध अपराधी गोएरिङ र हेस फैसला सुनेपछि

उनले जापानी साम्राज्यवाद विरुद्ध मन्चुरियामा सोभियत लालसेनाले प्रतिरोध गर्दाका तस्बिरहरू पनि खिचेका थिए । यसरी खाल्डेइ दोस्रो विश्वयुद्धकालीन तस्बिरहरूका एक ख्यातीप्राप्त छविकारका रूपमा विश्व प्रसिद्ध छन् ।

युद्धपछि उनले सोभियत पत्रिकाहरूका लागि स्वतन्त्र छविपत्रकारको रूपमा र सन् १९५९ मा 'प्राभ्दा' मा काम गरे । सन् १९७० मा उनले अवकाश प्राप्त गरे ।

उनका उत्कृष्ट तस्बिरहरूको सङ्कलन 'मुरमान्सकदेखि बर्लिनसम्म' (From Murmansk to Berlin) पुस्तकाकारमा सन् १९८४ मा प्रकाशित भयो । उनले आफूले खिचेका तस्बिरहरूको प्रदर्शनी सोभियत सङ्घ बाहेक पश्चिमी मुलुकहरूमा गरेका थिए ।



राइखस्टागमा रातो झन्डा फहराएको तस्बिर खिचेको क्यामरा

सही र सटिक तस्बिरको माध्यमबाट खाल्डेइले आफ्नो रुचि र कर्तव्य निर्वाह गरेर सोभियत सङ्घका विभिन्न समयको अमूल्य अभिलेख छोडेका छन् ।

खाल्डेइले आफ्नो कार्यबाट थुप्रै विशिष्ट सम्मान र पदक प्राप्त गरेका छन्, Order of the Patriotic War 2nd class, Order of the Red Star, Medal 'For the Defence of Sevastopol', Medal 'For the Victory over Germany in the Great Patriotic War 1941-1945', Medal 'For the Victory over Japan', Medal 'For the Capture of Berlin'... आदि ।

जीवनका पछिल्ला दिनमा खाल्डेईले रुसी पत्रिकाहरूका छविकारका रूपमा र एउटा फिल्म प्रयोगशालामा काम गरेका थिए । उनको निधन ८० वर्षको उमेरमा मस्कोमा सन् १९९७ अक्टोबर ६ मा भयो । तर ऐतिहासिक तस्बिरका एक सफल एवं प्रख्यात छविकारका रूपमा जीवित रहेका छन् ।

## "वीर छापामार नायक"

दोश्रो विश्वयुद्धमा नाजी जर्मनीको संसद भवनमा रातो झन्डा फहराएको तस्बिर जस्तै विश्व प्रसिद्ध अर्को तस्बिर अर्नेस्टो ग्वेभारा अर्थात 'चे' ग्वेभाराको हो ।



कोर्दाले खिचेको विश्व प्रसिद्ध चेको तस्बिर

सन् १९६० मार्च ४ का दिन क्युवाको राजधानी हवाना नजिकको एक बन्दरगाहमा विस्फोट भयो । क्युवाको लागि बेल्जियमेली जहाजबाट ल्याइएको हतियार ओराल्ने काम भइरहेको बेला विस्फोट हुँदा १३६ जना कामदारको ज्यान गयो भने सयौँ अन्य घाइते भए । खबर सुन्नासाथ दोश्रो विस्फोटको खतरा हुँदाहुँदै उद्योग मन्त्री चे बन्दरगाह पुगे । त्यहाँ विस्फोटका घाइतेहरूको डाक्टर चेले उपचार पनि गरे ।

त्यसको भोलिपल्ट अर्थात मार्च ५ का दिन विशाल शवयात्रासहित क्रान्ति चोकमा श्रद्धाञ्जली सभाको आयोजना गरियो । प्रधानमन्त्री फिडेल क्यास्ट्रो, जाँ-पाल सात्र, सिमोन डे ब्युभ्वाएरलगायतका प्रतिष्ठित व्यक्तित्वहरू सभामा उपस्थित थिए । आफ्नो सम्बोधनमा क्यास्ट्रोले विस्फोटमा सीआइएको हातरहेको उल्लेखगर्दै पहिलोपटक 'patria o Muerte' (देश या मृत्यु) नारा प्रयोग गरेर साम्राज्यवादीहरूलाई हाँक दिएका थिए ।



फिडेल क्यास्ट्रो श्रद्धाञ्जली सभामा सम्बोधन गर्दै

प्रधानमन्त्री क्यास्ट्रोका सरकारी छविकार अल्बर्टो कोर्दाले शवयात्रा र सभाको तस्बिर खिचिरहेका थिए । त्यही क्रममा करिब २५-३० फिट परबाट चेको दुई तस्बिर पनि खिचेका

थिए । एक तस्बिरमा चेको दायाँतिर जर्ज मासेट्टीको आंशिक अनुहार र बायाँतिर ताडको रूखको पातहरू देखिन्थ्यो । दोश्रो तस्बिरमा चेको दायाँ काँधमाथि कुनै व्यक्तिको टाउकोको निधारसम्म देखिन्थ्यो ।



चेको मूल तस्बिरसँग अलबर्टो कोर्दा

विभिन्न तस्बिरका साथ कोर्दाले चेको पहिलो तस्बिर पनि 'Revolucian' (क्रान्ति) पत्रिकालाई पठाए । सम्पादकले क्यास्ट्रो, सात्र, सिमोन आदिको तस्बिर पत्रिकामा छाप्नको लागि राखेर चेको तस्बिर फिर्ता पठाए । तस्बिर कोर्दालाई मनपरेको थियो । उनले तस्बिरमा देखिएका आंशिक अनुहार र पातहरू काटेर (Crop) चेको मात्र छापे र चिलीका कवि पाब्लो नेरूदाको तस्बिर सँगै आफ्नै घरको भित्तामा टाँगे । यसको प्रतिहरू छापेर आफ्ना मित्रहरूलाई उपहार दिन्थे ।

तस्बिरमा चेको अनुहारमा प्रतिविम्वित आक्रोश र पीडाको मिश्रित भाव जबर्जस्त प्रभावकारी (absolute implacability) थियो । कोर्दाका अनुसार यस तस्बिरमा ३१ वर्षका चेको दृढता र संयम चरित्र प्रतिविम्वित भएको छ । Leica M2 क्यामराले खिचेको यो तस्बिर समयान्तरमा विश्वमा 'Guerrillero Heroico' (वीर छापामार नायक), क्रान्ति र विद्रोहको चिन्ह, सङ्केत अर्थात प्रतीक बन्यो ।

यो तस्बिर क्युबामा पहिलो पटक चे प्रमुख वक्ता हुने एउटा सम्मेलनको विज्ञापनमा सन् १९६१ अप्रिल १६ मा 'क्रान्ति' पत्रिकामा सार्वजनिक रूपमा छापियो । त्यसपछि १९६७ अक्टोबर ९ मा अमेरिकी कुख्यात सीआइएले बोलिभियामा चेको हत्याको विरोधमा आयोजित कार्यक्रममा व्यापक रूपमा प्रचार भयो । कार्यक्रमको मञ्च सामुन्नेको पाँचतले भवनमा रातारात तयार पारिएको विशाल पोस्टर टाँगियो । क्रान्ति चोक (Plaza de la Revolucian) को त्यही भवनमा पछि चे को आकृति स्टीलबाट बनाएर राखिएको अद्यापि छ । त्यस दिन साना–ठूला पोस्टरहरू व्यापक रूपमा वितरण गरियो । त्यस क्रममा विभिन्न पत्रिकामा पनि छापिए ।

युरोपमा यो तस्बिर जाँ–पाल सात्रले पुऱ्याएको बताइन्छ । विभिन्न सङ्घर्ष र आन्दोलनहरूमा यो तस्बिर प्रयोग गरिएको थियो ।




'बोलिभियाको डायरी' को पहिलो संस्करणको गाता

कोर्दाबाटै दुई प्रति चेको तस्बिर लगेका थिए । डायरीको आवरणमा कोर्दाले खिचेको चेको तस्बिर राखेर पुस्तक प्रकाशन भयो । पुस्तकको बिक्री प्रवर्द्धन



चेको मूल तस्बिरको आकृति स्टीलमा

यो तस्बिरको विश्वव्यापी प्रचार चेको 'बोलिभियाको डायरी' प्रकाशनसँगै भयो । सोभियत सङ्घबाट गैरकानुनी रूपमा लगेर 'डाक्टर जिभागो' छाप्ने इटालीका प्रकाशक गियान्गियाकोमो फेट्रिनेली (Giangiacomo Feltrinelli) ले डायरी पनि छापेका थिए । त्यस पुस्तकमा राख्न फेल्ट्रिनेलीले

गर्न २० लाख पोस्टर प्रकाशन गऱ्यो । तर छविकार अल्बर्टो कोर्दाको नाम कतै उल्लेख गरिएन । भनिन्छ, यदि प्रकाशकले प्रति तस्बिरको एक लिरा (इटालीको मुद्रा) मात्र लेखकस्व (रोयल्टी) दिएको भए लाखौं हुन्थ्यो । तर छविकार कोर्दाले कुनै लेखकस्व दाबी गरेनन् ।



विश्व प्रसिद्ध खेलाडी माराडोनाको पाखुरामा चेको टाटु

पछि यो तस्बिरको चित्र, छापा, भित्तेचित्र, मूर्ति, टाटु, रेशम कपडामा, कारचोपी, मग, एलबम, विभिन्न लुगाहरूमा प्रति छवि उतारिएका छन् । यसैक्रममा नाम चलेका आइरिश कलाकार जिम फिट्जपाट्रिक (Jim Fitzlatrick) ले कलात्मक नियमनिष्ठ शैली (Stylized) बनाउने क्रममा यस तस्बिरमा आफ्नो नामको एक अक्षर 'F' (बायाँ काँधमा) राखेर चित्र बनाए । त्यस्तै बेलायतमा चर्चमा धेरै सहभागी गराउन समेत आकर्षणको लागि चेको तस्बिर प्रयोग गरिएको थियो । यसरी चेको तस्बिरको लोकप्रियता बढ्दैगयो, उपयोग र प्रयोग पनि व्यापक रूपमा भयो ।



जिम फिट्जपाट्रिकले बनाएको चित्र

यस तस्बिरको भाव, प्रविधि, प्रतीक आदिबारे थुप्रै कलाकार, छविकार र कलापारखीहरूले विभिन्न कोणबाट प्रशंसा गरेका छन् ।

त्यसैले कोर्दाको चे तस्बिरलाई २० औँ शताब्दीकै एक प्रसिद्ध तस्बिर, विश्वकै एक प्रख्यात तस्बिरको संज्ञा दिइएको छ । यस तस्बिरलाई विभिन्न माध्यम र रूपमा जति पुन:उत्पादन गरिएको छ, त्यति अरू कुनै तस्बिरको गरिएको छैन । यति प्रसिद्ध तस्बिरका छविकार कोर्दाले यो तस्बिर खिच्न विशेष ज्ञान वा प्रविधि प्रयोग नगरिएको पूर्ण त: संयोग भएको सञ्चारमाध्यमलाई बताएका थिए । चेको तस्बिर जति प्रचार हुन्छ त्यति नै मार्क्सवादी क्रान्तिको, साम्राज्यवाद विरोधी सङ्घर्षको, चेको विचार प्रचार हुने उनको ठम्याइ छ ।





क्युबाको नोटमा कोर्दाले खिचेको चेको तस्बिर

तर उनी तस्बिरको ब्यापारीकरणको भने विरोधी थिए । केही ब्यापारीले दुरूपयोग गर्दा बेलायतमा उनले मुद्दा हाले । बेलायतमा सन् २००० मा भोडका (रक्सी) को विज्ञापनमा चेको तस्बिर प्रयोग गरेको विरूद्धको मुद्दामा ५० हजार अमेरिकी डलर क्षतिपूर्ति भराएर मिलापत्र गरे । उक्त रकम कोर्दाले क्यूबाको स्वास्थ्य सेवालाई प्रदान गरे । रक्सीजस्ता उत्पादनमा चेको तस्बिरको प्रयोग गर्नुलाई उनले चेको अपमान हुने बताए ।

## अल्बर्टो कोर्दा

चेको विश्व प्रसिद्ध तस्बिर खिच्ने छविकार अल्बर्टो डियाज गुटियारेज (Alberto Diaz Gutierrez) हुन् । उनी अल्बर्टो कोर्दा



प्रसिद्ध छविकार अलबर्टो कोर्दा युवावस्थामा


(Alberto Korda) को नामबाट पनि चिनिन्छ । उनको जन्म सन् १९२८ सेप्टेम्बर ४ मा हवानाको एक रेलवे कामदारको परिवारमा भएको थियो । जीवनयापनको क्रममा उनले किताब बनाउने, घरघरमा गएर इन्साइक्लोपेडिया बेच्ने आदि काम गरे । पछि एक छविकारको सहयोगीको रूपमा काम पाए । त्यसबेला उनी राम्रा महिलाहरूलाई भेट्ने चाहना राख्थे । उनले विवाह, भोज, विज्ञापन आदिका तस्बिर खिच्ने क्रममा राम्रा केटीहरूको तस्बिर खिच्न छुटाउँदैनथे । उनलाई क्युबाको पहिलो फेशन छविकार मानिन्छ । त्यसबेला क्युबामा नाम चलेका फेशन मोडल नतालिया मेन्डेजसँग दोस्रो विवाह गरे । कोर्दाले जीवनमा तीनओटी विवाह गरे पनि सबै पारपाचुकेमा टुङ्गिएको थियो । उनका दुई छोरा र दुई छोरी छन् ।

सन् १९५३ मा उनले अर्को एक छविकारसँग मिलेर स्टुडियो खोले । स्टुडियोमा काम गर्दै जाँदा उनले तस्बिरका विभिन्न पक्षमा देखिएका आफ्ना कमजोरी सुधार्दैलगे । परम्परागत स्टुडियोको भन्दा आफ्नो स्टुडियोलाई फरक बनाउँदै परिचय बनाए र स्थापित भए ।

सन् १९५८ मा बातिस्टाको तानाशाही समाप्त पार्ने क्युवाली क्रान्ति सफल भएपछि अन्यको जीवनमा झैँ कोर्दाको स्वच्छन्द जीवनमा पनि ठूलो परिवर्तन आयो । उनी क्रान्तिको लक्ष्य पूर्तिमा योगदान पुऱ्याउन आफ्नो जीवनमार्ग मोडे । क्युवाको 'क्रान्ति' (Revolucion) पत्रिकाका लागि तस्बिरहरू उपलब्ध गराउने काम गरे । उनका तस्बिरहरूका लागि पत्रिकाले ठूलो स्थान दिन्थ्यो । पछि उनी फिडेल क्यास्ट्रोको सरकारी छविकार भएर काम गर्न थाले । उनी त्यो पदमा १० वर्ष काम गरे । त्यसक्रममा क्यास्ट्रो सँगै क्युवाको सबैजसो क्षेत्रका साथै सोभियत सङ्घ, अमेरिकालगायतको भ्रमण गरे । क्यास्ट्रोको स्वदेशी-विदेशी विभिन्न व्यक्तित्वहरू सँगको भेट, कार्यक्रम आदिका र क्यास्ट्रोले उखु काटिरहेको, चेले माछा मारिरहेको लगायत थुप्रै महत्त्वपूर्ण तस्बिरहरू कोर्दाले खिचेका थिए ।

उनले सन् १९६८ देखि १९७८ सम्म पानीभित्र तस्बिर खिच्ने प्रविधिमा आफ्नो ध्यान केन्द्रित गरेका थिए । उनी प्रतिको अन्तर्राष्ट्रिय रूचि सन् १९७८ मा भएको जापानी प्रदर्शनीबाट बढेको थियो ।

राष्ट्रपति क्यास्ट्रो र सरकारी छविकार कोर्दाबीचको सम्बन्ध हाकिम र कर्मचारीको भन्दा मित्रवत थियो । तिनीहरूबीच पद र तलबको कुरा कहिल्यै भएन । क्यास्ट्रो पनि कोर्दाको तस्बिर रूचाउँथे । अवकाशपछि पनि क्यास्ट्रोको भेनेजुयला, मेक्सिकोको भ्रमणहुँदा भ्रमणदलमा कोर्दा पनि समेटिएका थिए ।



अल्बर्टो कोर्दा

क्युवाली क्रान्तिका समर्थक कम्युनिस्ट कोर्दाले छविकारीमा रूचि राख्नेहरूलाई 'क्यामरा, लेन्स सबै कुरा बिर्स, चार डलर पर्ने क्यामराले पनि उत्कृष्ट तस्बिर खिच्न सकिन्छ' भनी सल्लाह दिन्थे ।

अल्बर्टो कोर्दाका तस्बिरहरूको प्रदर्शनी क्युबामा विभिन्न अवसरमा धेरै पटक भएको थियो । उनको एकल प्रदर्शनी फिन्ल्यान्ड, इटाली, संरा अमेरिका, द.कोरियामा र अन्य छविकारसहितका सामुहिक प्रदर्शनी क्युबाका साथै क्यानाडा, मेक्सिको, संरा अमेरिका, बेलायतमा विभिन्न




चेको तस्बिर खिचेको क्यामरा

समयमा आयोजना गरिएको थियो । उनका तस्बिरहरू हजारौँ पाउन्डमा बिक्थे ।

उनका तस्बिरहरूको सङ्कलन हवाना, न्युयोर्क, इटाली, पेरिसका सङ्ग्रहालयहरूमा गरिएको छ ।

अल्बर्टो कोर्दाले क्युबामा 'Palma de Plata (1959), Best photographer of the year (1960–1963) National culture Distinction (1994) इटालीमा 5th International Award'Maurizio Sana' लगायतका सम्मान प्राप्त गरेका थिए ।

अल्बर्टो कोर्दा तस्बिर प्रदर्शनीको आयोजना गर्ने सिलसिलामा पेरिस गएका थिए । त्यहीं उनको सन् २००१ मई २५ का दिन ७२ वर्षको उमेरमा हृदयघातबाट निधन भयो । उनको पार्थिव शवलाई क्युबा ल्याएर सम्मानका साथ समाधिस्थ गरियो । तर विश्वप्रख्यात तस्बिरहरू खिच्ने छविकार अल्बर्टो कोर्दालाई विश्वले सम्झिराख्ने छ ।

*(सामग्री र तस्बिर विभिन्न वेबसाइटबाट)*

भक्तपुर नगरपालिका

घरदैलो नर्सिङ सेवाको मासिक प्रतिवेदन, माघ २०७७

| वडा नं. | स्टाफ नर्सको नाम | परिवार सङ्ख्या | उच्च रक्तचाप | मधुमेह | दम | हाडजोर्नी | ग्यास्ट्रिक | थाइराइड | मुटुरोग | नशा रोग | मानसिक रोग | क्षयरोग | जण्डिस | सुस्त मनस्थिति | पक्षघात | मृगौला रोगी | पथरी | कोलेस्ट्रोल | क्यान्सर | अपाङ्ग | निधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुमी खर्बुजा | १५२ | ७४ | ६२ | १५ | १२ | १६ | ११ | १५ | ९ | ४ | ० | ० | १ | ० | ० | ० | ५ | ० | ४ | ४ |
| २ | रजनी सुवाल जरेजू | २६२ | १०९ | ४९ | ९ | २० | ४ | ८ | ८ | १ | ७ | १ | ० | ० | १ | २ | ० | ५ | २ | ० | ० |
| ३ | अनु गोसाईं | ८२ | ४३ | १६ | ३८ | ४० | ९ | १४ | २२ | १३ | १ | १ | ८ | ० | ० | ४ | ४ | १७ | ८ | ४ | ० |
| ४ | रसिला सुवाल | ९९२ | १७४ | ६१ | १९ | ४ | ९ | १० | १७ | १३ | ६ | ४ | ० | ३ | ० | ४ | १ | ९ | ० | ० | ० |
| ५ | मञ्जु छुकां | ७४७ | २२९ | ८४ | २४ | १६ | २० | ८ | ११ | ४ | ६ | ० | ० | ० | ० | ० | ३ | ११ | ० | ० | १ |
| ६ | रुया बासुकला | ५०० | ११४ | ५७ | ११ | १५ | १६ | १४ | १२ | १२ | १६ | २ | ० | ४ | २ | ३ | १५ | ४ | ० | २ | २ |
| ७ | सुमित्रा राजचल | १६२ | ४४ | १२ | ६ | ० | ० | ३ | ४ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ४ |
| ८ | सन्दिपा नागाजू | २१० | ३४ | १० | १२ | ६ | ७ | १ | १ | ५ | ० | ० | १ | १ | ८ | ० | ० | ६ | ० | ० | ३ |
| ९ | सविना दुवाल | ३९५ | ३० | १५ | ७ | २ | ४ | ३ | ७ | ० | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ५ |
| १० | | | | | | | | | | | | | | | | | | | | | |
| | जम्मा | ३५०५ | ८५१ | ३६६ | १४१ | ११४ | ८५ | ७२ | ९७ | ५८ | ४२ | ५ | ९ | ९ | ११ | १४ | २३ | ५९ | १० | ११ | १९ |

स्रोत : जनस्वास्थ्य सेवा केन्द्र, ब्याम्हासिंह

# होली पर्वको सामाजिक तथा सांस्कृतिक आयाम



सुनिता गाइरी

नेपाल बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक मुलुक हो। हिमाल, पहाड र तराई भौगोलिक विविधता सँगै सांस्कृतिक फरकपनलाई आत्मसाथ गर्दै एक सुन्दर शान्त मुलुकको रूपमा आफ्नो अस्तित्व कायम गर्दै आएको छ। फरक भेषभुषा र संस्कृतिले नेपाल एक सुन्दर फूलबारीको रूपमा सुसज्जित रहेको छ। यहाँ मनाइने चाडपर्वहरूले मानिसमा मनोरन्जनमात्र प्रदान गर्दैनन् यस्ता जात्रा पर्वले हामीमा मेलमिलाप, भातृत्व, सदभावको सञ्चार गर्ने गर्दछ। हरेक पर्वहरूले विशेष सामाजिक महत्त्व बोकेको हुन्छ। यहाँ मनाइने विभिन्न चाडपर्व मध्ये होली एक विशेष पर्वको रूपमा परिचित छ। होली पर्वलाई रङ्गहरूको पर्वको रूपमा मनाइन्छ। होली पर्वलाई अन्य नामले पनि पुकारिन्छ जस्तै : फागु, फगुवा, होरी इत्यादि। यस पर्वसँग विभिन्न किम्वदन्तीहरू रहेका छन्। प्राचीनकालमा हिरण्यकशिपु नामका अत्यन्तै क्रुर र अत्याचारी स्वभावका राजा थिए। उनको राज्यमा कसैले पनि ईश्वरको नाम लिनसमेत निषेध थियो। तर उनकै छोरा प्रल्हाद ईश्वर भक्त थिए। असत्यले सत्यलाई सहन्न भने झैं हिरण्यकशिपुले आफ्नै छोरालाई अनेक किसिमका यातनाहरू दिएका थिए। हिरण्यकशिपुले प्रल्हादलाई मार्नलाई कहिले पहाडबाट खसाले, कहिले हातीबाट कुल्चाइयो, कहिले आगोमा होमाइयो।

एक दिन हिरण्यकशिपुले प्रल्हादलाई ढुङ्गाको स्तम्भलाइ देखाउँदै के यसमा पनि तेरो भगवान छ भनेर सोधे। प्रल्हादले त्यस स्तम्भमा पनि भगवान रहेको बताए। हिरण्यकशिपु प्रल्हादलाई मार्न तयार भएको बेला ढुङ्गाको स्तम्भबाट आधा मानव आधा सिंहको स्वरूपको नरसिंह निस्केर हिरण्यकशिपुलाई मारिदिए। यसरी नरसिंहले हिरण्यकशिपुलाई मारेको अवसरमा होली पर्व सुरु भएको मानिन्छ।

अर्को कथाअनुसार हिरण्यकशिपुले प्रल्हादलाई मार्नको लागी आफ्नी बहिनी होलीकाको सहयोग लिएका थिए। होलीकाले आगोले पनि जलाउन नसक्ने वरदान पाएकी थिइन्। त्यसैले हिरण्यकशिपुले आफ्ना छोरा प्रल्हादलाई आगोमा जलाई मार्न अग्नि घेरा बनाएर त्यसको बीचमा होलीकाको काखमा प्रल्हादलाई राखे। आगो बल्न थाल्यो। त्यसले होलीकालाई जलायो तर भक्त प्रल्हादलाई केही पनि भएन। यसै होलीका दहनको अवसरलाई उत्सवको रूपमा मनाउने क्रममा होली पर्व सुरु भएको मानिन्छ।

यस्तै भविष्योतरपुराणमा बताएअनुसार रघुको राज्यकालमा सबैतिर सुख शान्ति थियो। यसैबीचमा त्यहाँ एक ढुण्ढा नामकी राक्षसनीले बच्चाहरू चोर्न थाली र सबैतिर भय र आतङ्क फैलियो। त्यस राक्षसनीलाई विभिन्न उपाए गर्दा पनि राज्यबाट भगाउन नसकेपछि रघु राजाले कुलगुरुको सल्लाहबमोजिम त्यसलाई धपाउन फागु पूर्णिमाको दिन अग्निकुण्डमा आगो बाली त्यसको चारैतिर बच्चाहरूलाई नाच्न, गाउन र हाँस्न लगाइयो। यसै विधिबाट त्यो राक्षसनीलाई मार्न सफल भए। त्यसैले त्यो दिनलाई होलीपर्वको रूपमा मनाउन थालियो।


होली पर्व दुई ठूला पर्वहरूको बीचमा पर्ने गर्दछ। होलीको अगाडि महाशिवरात्री र होलीपछि चैते दशैं पर्दछ। त्यसैले पनि यो पर्वलाई विशेष महत्त्वका साथ हेरिन्छ। साथै विक्रम सम्वत् पनि बसन्त ऋतुबाटै सुरु हुने गर्दछ। नेपाली पात्रोअनुसार बसन्तमा पुरानो सालको समाप्ती र नयाँ सालको सुरुवात हुने गर्दछ। यसैकारण पनि होली पर्वले हामीमा पुनर्ताजगी स्फूर्ति, उन्नती प्रगतिका लहरहरू ल्याउने गर्दछ।

होली पर्व हिमाल, पहाड, तराई सबैतिर मनाइन्छ। यो पर्व हिमाल र पहाडमा फागुन पूर्णिमाको दिनमा मनाइन्छ भने तराई भेकमा यसको भोलिपल्ट मनाइन्छ। होलीको चीरदाहलाई तराई तिर 'सम्मत' जलाउने भनिन्छ। काठमाण्डौंमा होली पर्वको अवसरमा मध्यरातमा गुरुमापा राक्षसलाई भोज खुवाउने चलन रहि आएको छ। रङ्गहरूको पर्वको रूपमा परिचित रहेको फागुलाई बसन्तउत्सवको रूपमा पनि विश्वभर मनाइन्छ। भारतमा फागुलाई होलीका रूपमा मनाइन्छ भने म्यानमारमा टिङ्गुला, अमेरिकामा हेलोइन, जर्मनीमा इस्टर, इटालीमा रडिका नामले होली जस्तै पर्व मनाइने गरिन्छ। यस्ता पर्वले मानिसमा शान्ति र आनन्दको सञ्चार गर्दछ। हरेक दिन गरिने कामको भारले हाम्रो मन मस्तिष्क र शरीर दुवै थाकेको हुन्छ र हामीमा तनावले बलियो जरा गाड्न पुग्दछ। यस्ता जात्रा पर्वले मानिसलाई तनाव कम गरी हामीलाई मानसिक रूपमा स्वस्थ बनाउने काम गरेको हुन्छ। त्यसैले त हाम्रा पुर्खाहरूले समय सुहाउँदो जात्रा पर्वको चलन चलाएका होलान्। पहिले अहिलेजस्तो मनोरन्जनका साधनहरू उपलब्ध थिएन जसले गर्दा मानिसहरू यस्ता जात्रा पर्वमा भेला भई आफ्ना दुःख सुखका कुरा गरी रमाइलो गर्ने गर्दथे। तर हाल आएर होली पर्वमा विभिन्न विकृतिहरू देखापरेका छन्। पर्व मनाउने नाउँमा अनावश्यक रूपमा अरूलाई लोला हान्ने, त्यसमा पनि फोहोर पानी प्रयोग गर्ने जस्ता कुराहरू दिनदिनै बढ्दैछ। यस्ता विकृत क्रियाकलापलाई अभिभावक, विद्यालय, प्रशासनलगायतले तत्काल रोक्नु जरुरी छ। यसमा हामी आफै सचेत भई हाम्रा राम्रा संस्कार सस्कृतिलाई जोगाउन अघि सर्नुपर्दछ। यस्ता चाडपर्व हाम्रो पहिचान हो। यी नभए हाम्रो अस्तित्व पनि हराउँदै जान्छ। पुराना पुस्ताका मानिसहरूले नयाँ पुस्ताकालाई यस्ता पर्वहरूको सकारात्मक कुराहरूबारे जानकारी गराउनु पर्दछ। तर अझै पनि हाम्रो समाजमा बुबाले श्राद्धमा बिरालो बाँधेको कुरालाई छोरा नातिले पनि पछिसम्म पालना गरेको जस्तै कतिपय संस्कार पर्वलाई त्यसको भित्री महत्त्व मर्म नबुझी ती जात्रा पर्वहरू मनाउने गरेको पाइन्छ।



# किम इल सङको संस्मरण

# शताब्दीका साथ -$_




## पेक्डु पर्वतका गोप्य शिविर

भाग-९ । परिच्छेद ३ (क)

अगस्ट महिनाको उत्तरार्द्धतिर हामीले मानजियाङ गाउँ छोड्दै गर्दा खेतमा आलु उखेल्न ठीक्क भइसकेको थियो । बाली काट्ने याम कुर्दै गरेको टारी खेतमा कोदोको बोट झुल्न थालिसकेको थियो ।

हामी चुपचाप दक्षिण दिशातिर बढ्यौँ । सैनिक टुकडीका राजनीतिक कमिस्सार किम सान होदेखि किशोर अर्दलीहरू छोइ कुम सान र पाक हेक रिमलगायत मेरा सबै कमरेडहरूले पेक्डु पर्वत क्षेत्रतिर जानुको महत्त्वबारे राम्ररी बुझेका थिए ।

पेक्डु पर्वत अभेद्य प्राकृतिक किल्ला थियो । त्यहाँका भीर पाखाहरू प्रतिरक्षाको लागि निकै उपयुक्त खालका थिए । त्यहाँ एकैजना लडाकुले पनि एक हजार हमलाकारीहरूलाई लघार्न सक्ने खालको भूगोल थियो । गुरिल्ला युद्धको विस्तारको लागि पहाडी क्षेत्रभन्दा उपयुक्त अरू कुनै आधार हुनै सक्दैन । कोर्योका युन क्वान र रि वंशका किम जोङ सोले पेक्डु पर्वतमा आफ्ना आधार बनाएर नै राष्ट्रिय प्रतिरक्षा गर्ने र देशको सिमाना कोर्ने गहुङ्गो जिम्मेवारी पूरा गरेका थिए । त्यही पर्वतमा जनरल नाम आईले देशमा शान्ति स्थापना गर्ने उच्च लक्ष्यको सपना बुनेका थिए । उनले आफ्ना विचार काव्यात्मक शैलीमा **'पमिस पत्थर'**मा कुँदेका थिए ।

पेक्डु पर्वत कोरियाली जनक्रान्तिकारी सेनाको लागि पनि निकै उपयुक्त किल्ला बन्यो । क्रान्तिकारी सेनाले आफ्नो गृहभूमितिर अघि बढ्ने क्रममा पेक्डु पर्वतमा नयाँ आधार क्षेत्र बनाउनुको अर्थ अनेकन प्रतिकूलता सामना गरेर जग बसालेको मञ्चुरियाको कारबाही क्षेत्रलाई परित्याग गरेको भने कदापि थिएन । हामीले यही पर्वतलाई आधार क्षेत्र बनाएर कोरिया र चीनमा जताततै खुला रूपमा आवतजावत गर्ने अवस्था बनाउने र लड्ने योजना बनाएका थियौँ ।

पेक्डु पर्वतलाई सैनिक गतिविधिको लागि प्राकृतिक किल्लाका साथै हाम्रो भावनात्मक आधारको रूपमा पनि हामीले ठूलो महत्त्व दिएका थियौँ ।

कोरियाली पुर्खाजस्तै ठाडो शिर बनाएर उभिएको पेक्डु पर्वत हाम्रो देशको ५ हजार वर्ष लामो इतिहासको खाँबो र कोरियाको प्रतीक हो ।

कोरियालीहरूमा यो पर्वतप्रतिको भावनात्मक प्रभाव चोन तालको किनारमा जाङगुन थुम्कोको फेदमा अवस्थित एउटा अभिलेखमा लेखिएको यो वाक्यबाट प्रष्ट हुन्छ, 'पेक्डु पर्वतको रक्षा गर्ने स्वर्गको तालका ड्रयागन देवताप्रति समर्पित स्तम्भ ।' बीसौँ शताब्दीको सुरुवातमा कोरियाली जनता कोरियाली राष्ट्रको अस्तित्वबारे चिन्तित थिए । त्यही बेला ताएजोङ सम्प्रदाय र चोनबुल सम्प्रदायका धार्मिक मानिसहरूले त्यो स्तम्भ स्थापना गरेका थिए । अभिलेखमा उल्लेख भएअनुसार राष्ट्रको दीर्घ रक्षाको लागि ड्रयागन देवतासमक्ष अर्चना गर्दै सो स्तम्भ स्थापना गरिएको थियो ।



पेक्डु पर्वत र स्वर्गीय ताल

उनीहरूले पेक्डु पर्वतलाई आदर गर्नुको अर्थ कोरियाप्रतिको सम्मान र मातृभूमिप्रतिको प्रेम थियो ।

हामी केटाकेटी छँदादेखि नै हामीले पेक्डु पर्वतलाई विशेषतः पुर्ख्यौली पर्वतको रूपमा आदर-सम्मान गर्दै आएका छौँ । यो कोरियाली राष्ट्रको स्वाभाविक भावना हो । कोगुर्यो भूमि विस्तारको समयमा पु पु नो र उल तु जीका कथाहरू, जनरल नाम आईका मनै भरिने काव्य र युन क्वान र किम जोङ सोले देशको प्रतिरक्षा र सीमा रेखा कोरेको वृत्तान्त पढ्दा र सुन्दा हामी पेक्डु पर्वतलाई साक्षी राखेर हाम्रा पुर्खाले देखाएको देशभक्ति भावनाबाट ज्यादै प्रभावित हुन्छौँ ।

हामी हुकिँदै गर्दा हाम्रो मन-मुटुमा झन्-झन् विशाल

बन्दै गएको पेक्डु पर्वत राष्ट्रिय मुक्तिको निम्ति हाम्रो सङ्घर्षका साथै कोरियाको पनि प्रतीक बन्यो ।

कोरियाका सबै शक्तिलाई प्रतिरोधको लागि एकै ठाउँमा ल्याउन र सङ्घर्षमा अन्तिम सफलता हासिल गर्न पेक्डु पर्वतलाई नै आधार बनाउनु पर्ने हाम्रो विश्वास सन् १९३०-दसकको सुरुका पाँच वर्षमा भएका जापानविरोधी क्रान्तिकारी सङ्घर्षको हाम्रो अनुभवमा आधारित थियो । पेक्डु पर्वतसँग गाँसिएको यो निष्कर्ष त्यही सङ्घर्षको सार थियो ।

मानजियाङबाट पेक्डु पर्वत पुग्न हामीले डुवगु भञ्ज्याङ पार गर्नुपर्थ्यो । भञ्ज्याङमा निकै पुरानो घना जङ्गल थियो । त्यहाँ त पहाडी क्षेत्रका अनुभवी शिकारीहरूले पनि बाटो बिराउँथे ।

हामी पेक्डुतिर हिँड्नुभन्दा तीन महिनाअघि नै चाङबाई पुगेको अग्रटोलीका नेताको रूपमा किम जु ह्योनले हामीलाई पथप्रदर्शन गरे । अग्रटोलीले शत्रुको अवस्था, पेक्डु पर्वत क्षेत्रको परिस्थिति, जनमत, गोप्य शिविरहरूका लागि उपयुक्त थलो र मुख्य सेना आउने बाटो निधो गर्ने काम फत्ते गरिसकेको थियो ।

डुवगु भञ्ज्याङको घना जङ्गलभित्र पस्नुअघि मानजियाङ नदीलाई पछ्याउँदै हामी गहिरो खोँचमा पुग्यौँ । गर्मीयाम सकिएको थिएन । तर, हिमाली रुखहरूका पात रातो र पहेंलो बन्न थालिसकेका थिए । अनि मौसम चिसो-चिसो हुन थालेको थियो ।

भञ्ज्याङ पार गर्ने क्रममा हामीले राष्ट्रिय कलङ्कको दिनको २६ औँ वर्षप्रति खेद जनायौँ ।

ती दुर्गम पहाडहरू छिचोल्दै दक्षिणतिर हिँड्दै गर्दा जापानी सेनाका जनरल मिनामी कोरियाको लागि सातौँ गर्भनर जनरलको रूपमा सोल आइपुगेका थिए । फुसोङ काउन्टी नगरको लडाइँको पूर्वसन्ध्यामा हामीले एउटा अखबारमार्फत् उगाकी पछि उनको नियुक्तिबारे थाहा पाएका थियौँ । त्यत्तिबेलै हामी दक्षिणतिर हिँड्ने समयमा उनी कोरिया आइपुग्ने अनुमान गरेका थियौँ ।

सोलमा उनको उपस्थिति र कोरियाली जनक्रान्तिकारी सेना पेक्डु पर्वततिर अघि बढ्नुको संयोगले ममा सूक्ष्म मनोवैज्ञानिक प्रभाव पार्‍यो ।

कोरियामा जापानी कब्जा तल्लो दर्जाको डकैती भएको कुरा संसारलाई थाहा थियो । यद्यपि जापानीहरू आफ्नो सो कदमलाई सही प्रमाणित गर्न भरमग्दुर प्रयत्न गरिरहेका थिए । डाँकाहरूको पनि आफ्नै सोच्ने शैली हुन्छ । उनीहरू एकजना मान्छेसँग डकैती गर्छन् अनि धनको मालिकले आफ्नो लुटिएको धन फिर्ता लान खोज्दा उल्टो उसैलाई डाँकाहरूले डकैतीको दोष लगाउन खोज्छन् ।

डाँकाले जस्तै सोच्ने जापानी साम्राज्यवादीहरू पनि कोरियाली जनक्रान्तिकारी सेनालाई 'डाँका दल', 'पहाडी डाँका' वा 'कम्युनिस्ट डाँका' भन्थे ।

डाँकाहरूको वृत्तमा सबै कुरा उल्टोपाल्टो हुन्छ ।

कोरियामा 'ननिम्त्याइएको पाहुना' मिनामी सोलमा मध्य दिनमा मालिकजस्तै यताउता डुल्दै हिँड्थ्यो जब कि हामी वास्तविक मालिकहरू घनाजङ्गलमा बाटो कोर्दै आफ्नो गृहभूमिमा लुकी लुकी हिँड्नुपर्थ्यो । कस्तो विडम्बनापूर्ण अवस्था !

डुवगु भञ्ज्याङ पार गरे पछि मैले हाम्रो बाटो बदल्ने निधो गरेँ । हामीले अम्नोक नदी घुमेर जाने बाटो तय गर्‍यौँ । त्यसो गर्दा हामीले सीमा क्षेत्रका हाम्रा देशवासीहरूलाई भेट्न सक्थ्यौँ । हामी उनीहरूलाई हामीले पड्काएको बन्दुकको आवाज सुनाउन चाहन्थ्यौँ ।

हामी सबभन्दा पहिला पुगेको गाउँ थियो- देशुईग्व । मेरो टोलीमा एकजना सदस्य त्यही गाउँका थिए । रि जे यु र मेरा काका ह्योङ ग्वङले एक समय नेतृत्व गरेको चाङबाईको भूमिगत सङ्गठनमा धेरै वर्ष काम गरेका युवाहरूसँगै उनले पनि काम गरेका थिए । उनको नाम काङ ह्योन मिन थियो । फुसोङ क्षेत्रमा हामी काम गरिरहेको बेला काङ हाम्रो सेनामा भर्ती भएका थिए । औषधि र वस्तुभाउसम्बन्धी कारोबारको सिलसिलामा उनी पटक-पटक फुसोङ आइरहन्थे । त्यही क्रममा उनले हाम्रा सदस्यहरूलाई भेटेका रहेछन् । उनीहरूकै आग्रहमा मैले उनलाई भेटेँ र त्यसपछि उनी हाम्रो गुरिल्ला सेनामा भर्ती भए ।

काङ ह्योन मिन र त्यहाँ पहिले नै पुगिसकेको किम जु ह्योनको अग्रदलले देशुईग्वका जनताबीच राजनीतिक अवस्थाबारे हामीलाई विस्तृत जानकारी दिए ।

चाङबाईका अरू किसानहरूको तुलनामा त्यो गाउँका गाउँलेहरू बढी क्रान्तिकारी विचारका थिए । सन् १९१९ को मार्च महिनामा भएको पहिलो जनविद्रोहपछि स्वाधीनता लडाकुहरूले विकास गरेको जापानविरोधी देशभक्तिपूर्ण सङ्घर्षको परम्परालाई यो गाउँले अक्षुण्ण राखेको थियो । त्यही सङ्घर्षको क्रममा तालिमप्राप्त जनता पछि विश्वासयोग्य शक्ति बनेको थियो ।

देशुईग्व काङ जिन गोनले नेतृत्व गरेको स्वाधीनता सेनाको आधार थियो । त्यस गाउँमा प्राथमिक विद्यालयको चार वर्षे पाठ्यक्रमसमेत तयार गरिएको थियो । त्यही पाठ्यक्रमअनुसार त्यहाँका युवा र किसानहरूलाई शिक्षित बनाउने काम भइरहेको थियो ।

मेरा बुवा बादाओग्वमा बस्दाका दिनमा उहाँ बरोबर यो गाउँमा आउजाउ गरिरहनुहुन्थ्यो ।

'स्वाधीनता सेना'का गतिविधि क्रमशः ओरालो लागिरहेको समय (पछि त्यो सेना विघटन नै भयो) मा रि जे यु र उनको सशस्त्र समूहले यो गाउँमा साम्राज्यवाद मुर्दावाद सङ्गठनका कार्यक्रम विस्तार गरे । त्यहाँ सैनिक र राजनीतिक गतिविधि पनि अघि बढाइयो ।


रि जे युको गिरफ्तारीपछि मेरा काका ह्योङ ग्वङले छोई ह्यो इल र पाक च सोकसँग मिलेर देशुईग्वलाई आफ्नो आधार बनाएर त्यो गाउँ र वरपरका जनताबीच क्रान्तिकारी

शिक्षा प्रचार गर्ने र सङ्गठन गरे । उनीहरूको यही अग्रसरताको परिणामस्वरुप चाङबाईमा पैकसान युवा लिगको एकाइ गठन भएको थियो ।

लिगले त्यहाँ सैन्य–राजनीतिक तालिम केन्द्र स्थापना गर्नुका साथै धेरै राजनीतिक कार्यकर्ताहरू अनि गुरिल्ला सिपाहींहरूलाई पनि प्रशिक्षण दिइएको थियो ।

कोरियाली क्रान्तिकारी सेनाको सशस्त्र समूह गृहभूमि छोडेर बाहिर गएपछि र लिगका धेरै कार्यकर्ताहरू जेल परेपछि पनि त्यहाँका सदस्यहरूले भूमिगत सङ्घर्षलाई चालु राखेका थिए ।

धेरै–धेरै देशभक्त र कम्युनिस्टहरूले क्रान्तिकारी तालिम र शिक्षा दिएका जनताको शक्तिप्रति हामी गहिरो आशा राख्ने गर्थ्यौं ।



कोरिया र चीनको सीमामा अवस्थित अम्नोक नदी (घेरामा), चीनमा यसलाई यालु नदी भनिन्छ ।

जसै हाम्रो टोली गाउँमा पुग्यो, किम जु ह्योनले मलाई एकजना बुढो बा न्योम इन ह्वानको घरमा लिएर गए । हाम्रो टोली पुग्नुअघि त्यहाँ पुगेको अग्रटोलीका गतिविधिमा उनले गरेको सहायताको कारण किमले उनलाई विश्वासयोग्य ठानेका थिए ।

बुढो बा न्योम इन ह्वान एकजना स्वास्थ्यकर्मी थिए । गाउँका स्वास्थ्यकर्मीको घर आफै पनि चरम गरिबीको दलदलमा फसेको थियो । उनी लोकप्रिय अकुपञ्चरकर्मी थिए । उनलाई देशुईग्वका साथै चाङबाई र लिनजियाङका जनताले समेत उपचारको लागि बोलाउन आउँथे । अम्नोक नदीको पर–परसम्मका मानिसहरू बयलगाडा र बग्गीमा उनलाई बोलाउन आउँथे । त्यत्ति चर्चित स्वास्थ्यकर्मी भएर पनि उनलाई औषधि बनाउन चाहिने खर्च जोहो गर्न समेत धौ धौ पर्थ्यो । त्यही भएर उनकी श्रीमती खास्टोमुनि हुकाको कचौरा बोकेर माग्न जान्थिन् । त्यो परिवारको अवस्था मेरो बुवाले बादाओग्व र फुसोङमा चिकित्सा अभ्यास गर्दा हाम्रो परिवारको जस्तो दयनीय थियो ।

बुढा मान्छेले मेरो नाडी छामे र म शारीरिक एवम् मानसिक दुवै हिसाबमा ज्यादै कमजोर भएको बताए । काम धेरै, खान्की कम भएकोले त्यसो भएको उनले निष्कर्ष निकाले । त्यसपछि उनले मलाई जङ्गली ‘इनसाम’ नामको बोटको जरा खान दिए । जाङ चोल गु र पैक हक रिमले मेरो स्वास्थ्य सुधारको लागि हामी मानजियाङबाट छुटिने क्रममा हो रक यो नामको बुढो मान्छेले पनि जङ्गली ‘इनसाम’कै जरा खान दिएको बताएका थिए ।

‘जनरल किम, तपाईंको नेतृत्वको जापानविरोधी सङ्गठित सेनाले फुसोङमा सयौं जापानी र मन्चुक्व सेनालाई ध्वस्त बनाएको हल्ला छ । के त्यो सत्य हो ?’, उनले मलाई सोधे । फुसोङ काउन्टी नगरमा भएको लडाइँको समाचार गाउँमा पनि पुगिसकेको रहेछ ।

मैले उनलाई त्यो खबर सही भएको बताउँदा उनले आफ्नो घुँडामा हातले पिट्दै खुशीले चिच्याए, ‘क्याबात ! कोरिया फेरि जीवन्त बनेको छ !’

हामीलाई राति बास दिएको र आलु र कोदो खान दिएर सद्भाव देखाएवापत बुढो मान्छेलाई पछि इर्डोओगाङ प्रहरी चौकीका जवानहरूले घिसारेर लगे र मारे । उनको हत्याको कुरा सम्झँदा अहिले पनि मेरो रगत उम्लिन थाल्छ । एउटा सानो टुकडीसँग म पछि एक दिन त्यही गाउँ भएर कतै जाँदै थिएँ । मैले समय मिलाएर उनको शव गाडिएको चिहानमा गएर सम्मान अर्पण गरेँ । एक कप वाइन चढाएर मैले उनको चिहानमाथि आदर स्वरुप ढोगेँ ।

अर्को दिन बिहान सखारै हामी देशुईग्वबाट बिदा भयौं । देशुईग्व गाउँ नजिकबाट देखिने एउटा पहाडको काँधमा बसेर




हाम्रो लर्कोको सबभन्दा अग्रपङ्क्तिमा त्यो झण्डा फहराइयो

हामीले बिहानको खानामा प्रत्येकको भागमा परेका केही गोटा आलु खायौँ। मैले कम्पनी कमाण्डर रि तोङ हकलाई एउटा झण्डा बनाउन आग्रह गरेँ। हाम्रो लर्कोको सबभन्दा अग्रपङ्क्तिमा त्यो झण्डा फहराइयो। अनि नजिकै गाउँतिर झर्दै गर्दा बिगुल फुक्दै गयौँ। म निराश जनतालाई कोरियाली जनक्रान्तिकारी सेनाको भव्य छाँट देखाउन चाहन्थेँ।

देश्युईका गाउँलेहरूले ठूलो खुशी र आश्चर्यका साथ हामीलाई स्वागत गरे। उनीहरूले त्यो ठाउँमा बस्न थाल्दादेखि दिनको उज्यालोमा आधुनिक राइफल र मेसिन गन समेतबाट सुसज्जित सयौँ कोरियाली सिपाहीँहरू बिगुल फुक्दै, सबभन्दा अगाडि झण्डा फहराउँदै लम्किरहेको कहिल्यै देखेका थिएनन्।

मैले हतार हतारमा एउटा दबु बनाउन लगाएँ र त्यहाँ सांस्कृतिक कार्यक्रम गर्ने विचार गरेँ। हामीले मानजियाङमा पनि त्यस्तो कार्यक्रम आयोजना गरेका थियौँ। तर, खाजा पछि सांस्कृतिक कार्यक्रम गर्ने योजना विफल भयो। खाजा खाने तर्खरमा लाग्दा हामीमाथि अचानक शत्रुले हमला गऱ्यो। पाकेर पहेंलो बनेको कोदोबारीमा दुई पक्षबीच लडाइँ भयो।

लडाइँले लहलह झुलिरहेको कोदोमा क्षति पुग्ला भनी म आत्तिएको अझै सम्झन्छु। शत्रु कोदो खेतको आली आली हुँदै हामी नजिक आइपुगेका थिए। शत्रुले खेत नाघेर नआउँदासम्म म कुरेर बसेँ र जसै उनीहरू पार गरेर आइपुगे, मैले गोली हान्न आदेश दिएँ।


मेरा मानिसहरू निकै विजयभावका साथ लडेका थिए। शत्रुतर्फ दर्जनौँ मानिसहरू मारिए र उनीहरू इडार्ओगाङतिर भागे। चाङबाईमा शत्रुसँग यो हाम्रो पहिलो लडाइँ थियो। देश्युईमा गोलीको पर्रा छुटेसँगै कोरियाली जनक्रान्तिकारी सेना पेक्टु पर्वतमा आइपुगेको सन्देश गृहभूमिमा रहेका कोरियाली जनता र शत्रुले पाए।

शत्रुमाथिको विजयले पूरै गाउँ खुशीले उफ्रियो। गाउँभरि उल्लास फैलियो। छिमेकी गाउँका गाउँलेहरू पनि आएर हाम्रो विजयप्रति बधाई दिए। मानिसहरूले आलुको रोटी र चाउचाउ बनाए। हाम्रो भव्य स्वागत भयो। हामी पनि नाचगानमा सामेल भयौँ। मैले एउटा मन छुने भाषण दिएँ।
स्रोताहरूले मेरो भाषण सुनेर सकारात्मक प्रतिक्रिया दिए।

एकजना बुढा मान्छेले जुङ्गा मुसार्दै भने, 'जनरल ! पेक्टु पर्वतबाट चर्को स्वरमा भन्नुहोस्– 'कोरियाको स्वाधीनताको लागि लड्न चाहने सबैजना यहाँ आऔँ !' अनि कोरियाका सबै क्षेत्रका जनता दौडेर यहाँ आउनेछन्। म जस्तो कुप्रो परेको बुढोले पनि आफ्नो भागमा परेको सानो काम फत्ते गर्नेछु।'

पछि मलाई थाहा भयो, त्यो बुढो मान्छे स्याओदेश्युईबाट आएका रहेछन् र उनलाई सबैले 'हरबाङ्गे बुढो' भन्दारहेछन्।

उनी 'सुर्ती बुढा' का पुराना परिचित मित्र रहेछन्। सुर्ती बुढा 'युद्ध कोष उठाउने सङ्गठन'को दक्षिण हामग्योङ प्रान्तीय




किम टुक ह्योन अर्थात 'हरबाङ्गे बुढो'

ब्युरोका सञ्चार प्रमुख छँदा हरबाङ्गे बुढा पनि त्यही सङ्गठनका कमान्डर थिए।

सुर्ती बुढाले निकै गौरवका साथ आफ्नो पुरानो मित्रसँग मेरो परिचय गराए। उनीहरू दुवैजना एक दसक पछि आपसमा भेटेका थिए। हरबाङ्गे बुढाको खास नाम किम टुक ह्योन उर्फ किम से ह्योन थियो। किम से ह्योन नाम 'स्वाधीनता सेना'मा काम गर्दाताका राखिएको नाम थियो। पछि उनलाई सबैले त्यही नामले चिन्न थाले। उनी जन्मजात हरबाङ्गे थिएनन्। उनको ढाड हरबाङ्गेजस्तो गरी अस्वाभाविक रूपमा कुप्रो पर्थ्यो। युवक छँदा उनको शरीर सिधा, कुम चौडा र सन्तुलित थियो। उनी कसरी त्यसरी कुप्रो परे भन्ने कथाले मलाई उनीप्रति मेरो सम्मानभाव बढायो। उनको जन्म हामग्योङ प्रान्तमा भएको थियो। जापानले कोरियामाथि 'कब्जा' जमाए पछिको कठिन वर्षमा उनी कामको खोजीमा देशुईग्व पुगेका थिए। त्यहाँ आफ्नो गृहभूमि र गृह नगरको पुरानो स्मृतिदंशले सताइएका अन्योलग्रस्त मानिसहरू थिए। जब युद्ध कोष उठाउने सङ्गठन देशुईग्व आइपुग्यो, किम टुक ह्योन निसंकोच त्यसमा आबद्ध भए। त्यो सङ्गठनले कसरी देश र आफ्नो गृहभूमि फिर्ता लिने भन्ने विषयमा जनतालाई सिकाउँदै हिँड्थ्यो। सङ्गठनको लागि चन्दा उठाउनकै लागि उनले आफ्नी तेह्र वर्षकी छोरीलाई अर्को एकजना मानिसको परिवारमा भविष्यको बुहारीको रूपमा पठाउन कति पनि अनकनाएनन्। हतियार जम्मा गर्न उनी त्यत्तिबेला गृह युद्ध चलिरहेको रुसको युद्धभूमिसम्म पुगेका थिए।

उनको दस वर्षभन्दा लामो अवधिको समर्पित सक्रियता भने निकै लामो कारागार जीवनमा आएर टुङ्गियो। अरूको तुलनामा उनले बढी अवधि कारागार जीवन भोग्नुपऱ्यो।

कारागारमा बन्दीहरूलाई दैनिक चौधदेखि पन्ध्र घण्टा लगातार कपडा बुन्ने तानमा काम गर्न लगाइन्थ्यो । ढाड फत्रक्क गलेर यसो सोझ्याउन खोज्दा पछाडिबाट निर्ममतापूर्वक बेस्सरी कोर्रा लगाइन्थ्यो । यसरी सात–आठ वर्षको कठोर दास जीवनपछि उनी निको नै नहुने गरी कुप्रो परेका रहेछन् ।


हरबाङ्गे बुढा यसो हेर्दा काम नलाग्ने देखिन्थे । तर, उनको देशभक्तिपूर्ण भावना र लड्ने इच्छाशक्ति अदम्य थियो । रि जे युको सशस्त्र समूहमा भर्ती हुने उनी नै पहिलो व्यक्ति हुनु कुनै आश्चर्यको कुरो थिएन । उनले किम जु ह्योनलाई भेटेको दिनदेखि नै पेक्डु पर्वत जान आफू अधैर्य भएर दिन गन्ती गरिरहेको बताए । चाङबाईमा सुरुमा आएको टोलीको प्रमुख किम जु ह्योनले उनीसँग मित्रता गाँसेका थिए ।

सङ्क्षिप्त सांस्कृतिक कार्यक्रम र मेरो मन्तव्यपछि मैले सैनिक टोलीलाई अगाडि बढ्न आदेश दिएँ । गाउँलेहरूले हामीलाई कम्तीमा एक रातको लागि भए पनि बस्न आग्रह गरेका थिए । भर्खरै क्रान्तिकारी सेनासँग आत्मियता झाँगिन थालेको बेला किन बिछोडिनुपर्ने हो र भनी उनीहरूले हामीलाई बारम्बार गुनासो पोखे । मैले उनीहरूलाई हामी थप लामो समय त्यहाँ बसे शत्रुले थप जवान ल्याएर कुनै बेला हमला गर्न सक्ने र जनतालाई दुःख दिनसक्ने बताएँ । हाम्रो कारणले जनताले दुःख पाउन सक्ने भएकोले हामी जान लागेको बताएँ । त्यहाँबाट जाने क्रममा हरबाङ्गे बुढाले हामीलाई अगाडिको बाटो देखाए ।

पितृभूमि पुनःस्थापना सङ्गठनका दस बुँदे कार्यक्रम र त्यसका सुरुका घोषणा लिथो गरिएको एउटा पुस्तिका मैले बुढो मान्छेलाई दिएँ । अम्नोक नदी क्षेत्रतिर हामी अघि बढ्दै गरेयता त्यो पुस्तिका मैले दिएको पहिलो व्यक्ति उनी नै थिए । केही समयमै देशुईग्व क्षेत्रमा 'पितृभूमि पुनःस्थापना सङ्गठन'का विभिन्न एकाइहरू गठन हुन थाले ।

हरबाङ्गे बुढो सङ्गठनको शिल्युताओक्व एकाइका सदस्य बने । त्यो एकाइ सो क्षेत्रका प्रारम्भिक सङ्गठनको मियो थियो । जापानमा कोरियाली बासिन्दाको सङ्गठनले जस्तै 'नमूना एकाइ' त्यत्तिबेला हामीले पनि घोषणा गर्ने चलन हुँदो हो त शिल्युताओक्व एकाइ त्यो उपाधि पाउने पहिलो एकाइ बन्ने थियो । बुढो किम तुक ह्योनले धेरै कुकुर पालेका थिए । निकै तीखो घ्राण शक्ति भएका ती हेर्दै डरलाग्दा तर चलाख कुकुरहरूले उनको घरलाई शत्रुका गुप्तचर र प्रहरीबाट टाढै राखेको थियो ।

ती कुकुरहरू मानिसहरू चिन्न पोख्त थिए । तिनीहरू हाम्रा मान्छे अपरिचित नै भए पनि देख्दा भुक्दैनथे । त्यो क्षेत्रमा हाम्रो एउटा सानो टोली थियो । किम जु ह्योन, किम ह्वाक सिल, किम जोङ सुक र अन्य सदस्यहरू त्यसमा आबद्ध थिए । उनीहरू सबै त्यहाँ अलग–अलग क्रियाशील थिए । उनीहरू त्यहाँबाट सूचना ल्याउने हाम्रा सूचनाका स्रोत थिए । आफ्नो काममा सहायताको निम्ति उनीहरू सबैजना किम तुक ह्योनप्रति निकै कृतज्ञ थिए ।



किम जोङ सुक

हामी पेक्डु पर्वततिर लम्केको वर्षको जाडोयामको सुरुमा चाङबाई काउन्टीको झोगाङ्छुमा एउटा विशेष काममा किम जोङ सुक खटिएकी थिइन् । त्यसरी विशेष टोलीमा हिँड्ने कमरेडहरूले बाटोमा भात पकाएर खाँदैनथे । बरु भातको डल्लो बनाएर वा आलु उसिने बोकेर हिँड्थे । समूह नै हुँदा त कसैले सुरक्षामा ध्यान दिई अरूले भात पकाउन पनि सकिन्थ्यो । तर, एकैजनामात्र हुँदा त अगेनामा आगो फुकेर भात पकाइरहन सम्भव हुन्थेन किनभने त्यसो गर्दा उसमाथि 'पहाडी मान्छे' भनी शङ्का हुन सक्थ्यो । जोङ सुक पनि केही गोटा उसिनेको आलु बोकेर याओफाङचीबाट हिँडिन् । बाटोमा उनले एउटी बुढी र साथमा एकजना बालक सुकाएको तरकारीका पात चपाउँदै गरेको देखिन् ।

त्यो भयावह दृश्य देखेर उनको आँखाबाट आँसु थामिएनछ । उनले आफूले बोकेको उसिनेको आलु ती बेसहारा बालक र बुढीलाई दिइन् । धेरै वर्षपछि त्यो घटना सम्झिँदा उनले त्यत्तिबेला भोकभोकै आफू कसरी त्यो हरबाङ्गे बुढोको घरमा पुगेँ हुँला भनी छक्क परेकी थिइन् । जसोतसो हरबाङ्गे बुढाको घर पुग्दा उनलाई बुढो मान्छे र उनकी जहानले एक बटुको खोलेले स्वागत गरे । उनको अवस्था देखेर दुवैका आँखा रसाएका थिए ।

उनीहरूले जोङ सुकको पूरा मन लगाएर सेवासुश्रुषा गरे । खोले, हरियो सिमीको रोटी, कुखुराको उसिनेको मासु खुवाएर उनको स्याहार गरे । चल्ला उत्पादन गर्न पालेका कुखुरासमेत मारेर त्यसको मासु उनलाई खुवाइयो । कोरिया

मुक्त भएको वर्षौं पछि जोङ सुकले त्यत्तिबेलाका आफ्ना अनुभव सम्झँदै यदि हरबाङ्गे बुढा र उनकी जहानले आफ्नो स्याहार नगरेका भए आफु पेक्डु पर्वतको गोप्य शिविरमा जिउँदो फर्किन नसक्ने बताएकी थिइन् ।

बुढो मान्छे धेरैपटक हाम्रो गोप्य शिविरमा पनि आए । त्यहाँ आउँदा उनी आफ्नो असजिलो ढाडमा केही न केही सहायताका सामान बोकेर आउँथे । अनि अरू कसैलाई चालै नदिई मसँगै भेट्ने मौका छोप्थे ।

बान्जिग्वको लडाइँमा उनले हाम्रो लागि पथप्रदर्शकको भूमिका खेलेका थिए । सन् १९३९ मा स्याओदेशुईको जङ्गलमा मे दिवसको अवसरमा आयोजित कार्यक्रममा उनले किसानहरूको प्रतिनिधित्व गरेका थिए । त्यो देखेर मलाई निकै खुशी लागेको थियो ।

सन् १९४२ को सुरुमा उनी विरामी परेर निधन भएको दुःखद् खबर सुनें ।

पेक्डु पर्वतमा बिताएका दिन र त्यसपछिका वर्षहरू सम्झँदा उनको सम्झना सधैं आँखैअघि आउने गर्दछ ।

सन् १९४७ को नोभेम्बर महिनाको एक दिन माङयोङदाए क्रान्तिकारी विद्यालयका बाबु–नानीहरूको लागि पोशाक तयार भएको खबर पाएपछि मैले केही स्कुले केटाकेटीलाई बोलाउन पठाएँ । म उनीहरू सबैलाई ती स्कुले पोशाकमा हेर्न चाहन्थें । म बसेको ठाउँमा आएका केटाकेटीहरूमध्ये एकजना हरबाङ्गे बुढोका छोरा किम प्योङ सुन पनि थियो ।

पछि त्यो विद्यालयको भ्रमणमा जाने क्रममा किम जोङ सुकले त्यो केटोलाई अलग भेटिन् र एउटा कलम उपहार दिइन् । त्यो कलम गुरिल्ला सेना छँदादेखि नै जोङ सुकलाई मन परेको कलम थियो । किम प्योङ सुनलाई असल विद्यार्थी बन्ने प्रोत्साहन स्वरुप त्यो कलम दिएकी थिइन् ।

सन् १९४९ को अगस्ट महिनाको एक दिन किम प्योङ सुन अफिसरको पोशाकमा प्लाटुन नेताको फित्ता कुममा भिरेर किम जोङ सुक र मेरो साम् आए । उनलाई मुख्यालयमा खटाइएको सुरक्षाकर्मीको प्लाटुन नेता बनाइएको थियो । वास्तवमै त्यो एउटा अचम्मको संयोग थियो ।

त्यो दिनदेखि उनी सधैं हामीसँगै रहे । किम जोङ सुकलाई गुमाउँदाको दुःखमा उनी नै मेरो साथ थिए । उत्तरी चुङचोङ प्रान्तको स्वानबोस्थित मुख्यालयमा मेरो साथमा उनी नै थिए । जागाङ, कोसानजिनको सर्वोच्च मुख्यालयमा उनी सधैं मेरो साथमै बसे । उनी धेरै वर्षसम्म मेरो साथमै बसेर काम गरे ।

जब म उनको पितालाई झल्झली सम्झन्छु, म त्यो बुढो मान्छेले दाडेशुईको गाउँमा भनेका शब्दहरू र स्याओदेश्युईको फाँटमा बिताएका पूर्णिमाको रात आँखैमा बसेको अनुभव गर्छु । हामी रातभर त्यही फाँटमा बास बसेका थियौं र भोलिपल्ट मेरो टोली मादेङचाङको जङ्गलमा गएको थियो । मैले त्यहाँ मेरा सहयोद्धाहरूलाई आराम गर्ने व्यवस्था गरेको थिएँ । म पनि केही बेर घाँसमा पल्टेको थिएँ । पढ्दा पढ्दै कतिबेला निदाएछु, होसै भएन । अचानक पड्केको बन्दुकको आवाजले म झसङ्ग भएँ । शिउदाओग्व र इडाओगाङबाट आएका शत्रु सेनाले हामीलाई उत्तर र दक्षिणबाट घेरिसकेका थिए । जङ्गल निकै घना भएकोले साथी र शत्रु छुट्याउन निकै असजिलो थियो । त्यस अवस्थामा यदि हामी त्यहाँबाट भागे हामीलाई समात्ने धुनमा शत्रु सेना एक आपसमा लड्ने र आपसमा मारिने उपयुक्त मौका हाम्रोसाम् थियो ।

हामी जङ्गलबाट चुपचाप पछि हटेर शिउदाओग्व उपत्यकाको उँचो ठाउँमा पुग्यौं । त्यहाँबाट हामीले शत्रु एकआपसमा लडेको हेरेर बस्यौं । त्यो लडाइँ 'स्याओदेशुईका लडाइँ' अथवा 'मदेङचाङको दुर्गम लडाइँ' नामले चर्चित छ ।

शत्रु सेना एकआपसमा तीनदेखि चार घण्टासम्म लडिरहे । उनीहरू लडिरहेको हेर्दा हेर्दा हामीलाई वाक्क लागिसकेको थियो । आखिरमा इडाओगाङतिरबाट आएको शत्रु सेनालाई टिकिरहन नै गाह्रो पऱ्यो र पछाडि हट्दै बिगुल फुक्यो । बिगुल फुकेको सुनेपछि शिउदाओग्वबाट आएका शत्रुले उनीहरू आपसमै लडिरहेको थाहा पाए र लडाइँ रोके ।

सयौं गुरिल्ला सिपाहीहरू कहाँ गए त ? शत्रुको लागि त्यो पक्कै पनि रहस्यको विषय बनेको हुनुपर्छ । राक्षस पनि यस्तो अवस्थामा विलखबण्डमा पर्ने थियो ।

शत्रुले यो रहस्यको उत्तर पक्कै पनि पाएको हुनुपर्छ । उनीहरूले त्यसलाई रूप परिवर्तनको चमत्कारिक कलाको रूपमा लिएको हुनुपर्छ । मेरो विचारमा स्याओदेशुईको लडाइँ पछि सीमा क्षेत्रमा हामीसँग 'आकाशमा उडेर विलाउने र धर्तीमा भासिने क्षमता भएका' अथवा 'कहीं देखिने र कहीं हराउने शक्ति भएका' भन्ने हल्ला फैलियो । हामीहरू कहाँ हराउँछौं, भगवान्लाई पनि थाहा हुँदैन रे !

त्यो लडाइँमा शत्रुलाई स्ट्रेचरको निकै अभाव भएको थियो । उनीहरूले आफ्ना साथीहरूको लास बोक्न सिनचाङदोङ गाउँका जनताको घरका ढोका उखेलेर लगेका थिए । ढोका नभएको घरमा गाउँलेहरूले लामो समयसम्म परालको सुकुल लगाएर काम चलाएका थिए ।

दडाशुई र स्याओदेशुईमा जनक्रान्तिकारी सेनाले पड्काएको बन्दुकको आवाजप्रति चाङबाई र नदीपारिका जनताले निकै उत्साहप्रद प्रतिक्रिया देखाए । लडाइँले गर्दा खत्तम भएको आलु खेतीप्रति हामीले सद्भावका केही शब्दभन्दा सिङचाङदोङको एकजना किसानले जवाफमा भनेका थिए,'हाम्रो आलु खेतमा क्षति पुगे पनि जापानीहरूको पराजय हाम्रो लागि आलुभन्दा बढी प्यारो छ ।' (क्रमशः)

तस्विर : इन्टरनेट/युट्युब

**नेपालीमा अनुवाद : नीरज**

**पुस्तक समीक्षा**

# हेनरी किसिञ्जरको आँखामा चीन (२)

● एक शिक्षक




उन्नाइसौँ शताब्दीको मध्यतिर बेलायतमा अफिम खुला थियो भने चीनमा प्रतिबन्धित । यद्यपि, चीनमा अफिम प्रयोगकर्ताहरूको सङ्ख्या बढ्दै थियो । बेलायती भारत अफिम उत्पादनका निम्ति नाम कहलिएको देश थियो । बेलायती र अमेरिकीहरू चीनमा अफिमको लुकिचोरी व्यापार गर्थे । चिनियाँ तस्करहरूको त्यसमा संलग्नता थियो । सन् १८३९ मा अदालतले अफिम व्यापार अवैध ठहर गर्दै त्यसको व्यापारमाथि पूर्ण प्रतिबन्ध घोषणा गऱ्यो । तत्पश्चात् अफिम नष्ट गरियो । अफिम व्यापारीमात्र होइन अन्य व्यापारीहरूमाथि समेत प्रतिबन्ध लगाइयो । जवाफमा बेलायतले मुख्य चिनियाँ बन्दरगाहका नाका बन्द गऱ्यो । डुङ्गाहरू कब्जा गर्न थाल्यो । चिनियाँ भूभागमा समेत आधिपत्य जमाउन थाल्यो । यसरी अफिम युद्ध सुरु भयो ।

**नानचिङ सन्धि र बोकु थप सन्धि**का अनुसार चीनले बेलायतलाई साठी लाख डलर बुझाउनुपर्ने भयो भने हङ्कङ्माथिको अधिकार गुम्यो । निङ्पो, साङ्घाइ, सियामन, फुचाउमा बेलायतले अधिकार स्थापित गऱ्यो । बन्दरगाह सहरमा बेलायती स्थायी प्रतिनिधि रहने बन्दोबस्त गरियो ।

**चीन ओरालोतर्फ**

उन्नाइसौँ शताब्दी ढल्किँदै गएसँगै चीनले एकपछि अर्को धक्का व्यहोर्दै गयो । अफिम युद्ध सुरु हुनुभन्दा अगाडिसम्म कूटनीति र अन्तर्राष्ट्रिय व्यापारको माध्यमबाट चीनले आफ्नो सर्वोच्चता कायम राख्दै थियो, अहङ्कार देखाउँदै थियो । आन्तरिक राजनीति खल्बलिन थालेपछि विशेषगरी तीन पक्षबाट बाहिरी हमला सुरु भएको देखिन्छ । पश्चिमा शक्तिहरू चीनबाट व्यापारिक फाइदा पर्याप्त मात्रामा लिन चाहन्थे । व्यापार स्वतन्त्रता र इसाई धर्म फैलाउन चाहन्थे । छिङ वंश नै उल्टाउने उद्देश्य भने तिनले राखेका थिएनन् ।

चीनको उत्तर र





पश्चिमतिरबाट रुसले अतिक्रमण सुरु गऱ्यो । चीनको ठूलो खाली भू-भाग रुसले हड्प्यो । छिङ वंश उल्टाउने योजना भने रुसको पनि थिएन । चीन जतिसुकै सैन्य हिसाबले बलियो भए तापनि पूर्वतिरबाट चिनियाँ भू-भागमा हैकम कायम गर्दै जापान अगाडि बढ्यो । पश्चिमाहरू र रुसको भन्दा जापानको नीति फरक थियो । जापान छिङ वंशको आधिपत्य समाप्त पार्दै त्यो स्थान पाउन अगाडि बढ्दै थियो । पेचिङ आसपासका भूभागमा विदेशी सेनाले परेड खेल्न थालिसकेको थियो । व्यापारका निम्ति भनेर आएका विदेशी चौतर्फी फैलिसकेका थिए । चीन विदेशीको क्रिडास्थल बन्दै गइरहेको सबैले महसुस गरे । चीनले विदेशी शक्तिलाई रोक्ने सम्भव भएजति प्रयत्न जारी राख्यो । पुरानो युगमा समेत चीन र जापानबीच सुखद सम्बन्ध थिएन । चीनको सम्राट आफूलाई सबैभन्दा शक्तिशाली तथा महान् ठान्थ्यो । चिनियाँ ब्रह्माण्ड विज्ञानले विश्व मानवजगतमा एउटैमात्र सम्राट छ र उसको सिंहासन चीनमा छ भन्ने मान्थ्यो । जापानको सम्राट आफूलाई सूर्य भगवानको पहिलो सन्तान ठान्थ्यो । आफ्नो जातिलाई पवित्र सम्झन्थ्यो । अन्य देशले चिनियाँ नियम स्वीकारे पनि जापान भने टाढै बस्थ्यो । जापानले चीनसँग व्यापार गर्नसमेत अस्वीकार गऱ्यो । जापान चीनसँग हरेक क्षेत्रमा माथि नभए पनि बराबरी भएको मान्थ्यो । त्यसकारण, नजिकका समुद्री देश भएर पनि व्यापारका निम्ति आवश्यक सम्झौतासमेत हुन सकेन ।



ली होङ्चाङ्

सन् १८६३ को प्रारम्भतिर **ली होङ्चाङ** (Li Hongzhang, 1823–1901) ले जापान चीनका निम्ति सबैभन्दा ठूलो सुरक्षा चुनौती हुने बताए । युरोपेली देश जतिसुकै शक्तिशाली भए तापनि ती निकै टाढा भएको तर जापान आँगनैमा बसेर अठ्यारो पार्दै छ । उनले भने, *'बिनाशङ्का जापान चीनको स्थायी र चिन्ताको विषय बन्ने छ । एसियामा चीनको प्रभाव कम गर्न जापान चीनलाई शक्तिबाट विमूख बनाउन खोज्दै थियो । यी दुई देशबीच द्वन्द्व बढ्दै गयो ।'*

कोरिया र चीनबीच अन्यन्त घनिष्ठ तथा विशेष सम्बन्ध थियो । कोरियाली राजाहरूले नियमितरूपमा चिनियाँ सम्राटलाई उपहार पठाउँथे । कोरियालीहरू कन्फुसियसको विचार अनुसरण गर्थे । चिनियाँ लिपि प्रयोग गर्थे । चीनले कोरियाको विकासमा सघाउने गर्थ्यो । कोरियाको समुद्री मार्ग प्रयोग गरी शत्रुबाट हमला हुनसक्नेतर्फ चीन सजग थियो । कोरियामा विस्तारै चीनको प्रभाव घट्दै गयो । जापानले अनेक उपाय रचेर आफ्नो प्रभाव जमाउँदै लग्यो । सन् १८७० र १८८० को दशकमा चीन र जापानको हानथाप नै चल्यो । जापानले पनि कोरियासँग विशेष सम्बन्ध दाबी गऱ्यो । सन् १८९४ मा कोरियाली विद्रोहको सेरोफेरोमा चीन र जापानले सेना पठाए । अन्तत्वगत्वा जापानले कोरियाली राजा हटाएर आफू समर्थित सरकार गठन गऱ्यो । चीन र जापानबीच युद्ध सुरु भयो । जापानी जलसेना शक्तिशाली थियो । युद्ध सुरु भएको केही घण्टाभित्रै चिनियाँ जलसेनालाई ध्वस्त बनाइदियो । चीनले पराजयसँगै अपमानित हुनुपऱ्यो । चीनले एकपछि अर्को प्रभाव गुमाउँदै गयो । थाइवानमाथि पनि जापानले आधिपत्य जमायो । चीन कमजोर बन्दै गएपछि रुस अगाडि बढ्यो । साथसाथै फ्रान्स, जर्मनी र बेलायतले फरक-फरक चिनियाँ भू-भागमा कब्जा जमाउन थाले । सन् १९०४ मा चीनको उत्तर-पूर्वी भूभागमा दाबीको विषयलाई लिएर रुस र जापानबीच युद्ध नै भयो । जापानको विजय भयो । सन् १९०५ मा भएको पोर्टस्माउथ सन्धिले जापानलाई झन् बलियो बनायो । कोरिया, विशेषगरी मन्चुरियामा जापानको अधिकार स्थापित भयो ।

**बक्सर आन्दोलनदेखि मुक्तिसम्म**



सन यात सेन

चीनको निम्ति यो निराशाजनक परिस्थितिमा १९ औँ शताब्दीको अन्त्यतिर अर्थात सन् १८९८ मा युवाहरूले **'बक्सर आन्दोलन'** (Boxer Uprising) मार्फत आक्रोश पोखे । युवाहरूले विदेशीहरूमाथि हिंसात्मक आक्रमण गर्न थाले । विदेशी कूटनीतिज्ञ, चिनियाँ इसाईहरू, रेल बाटो, टेलिग्राफ लाइन र पश्चिमा विद्यालय ती युवाको तारो बन्यो । सम्पूर्ण विदेशी शक्तिसँग एकैचोटि लडाइँ सुरु गर्दा प्रत्युत्पादकसिद्ध भयो । परिणामतः भयावह परिस्थिति तयार भयो । फ्रान्स, बेलायत, संरा अमेरिका, जापान, रुस, जर्मनी, अष्ट्रिया-हङ्गेरी र इटाली गरी आठ देशको संयुक्त शक्ति पेचिङमा सन् १९०० को अगस्टमा आइपुग्यो । युवा बक्सरमाथि व्यापक दमन भयो । साथै असमान सन्धि थोपरियो । सन् १९१२ सम्म पुग्दा **छिङ वंशको अन्त्य नै भयो । सन यातसेन सोही वर्षको जनवरीमा चीनको पहिलो राष्ट्रपति बने ।**



चिनियाँ कम्युनिस्ट पार्टीको पहिलो राष्ट्रिय सम्मेलन (जुलाइ २३-३१) भएको भवन

**सन् १९२१ मा चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना भयो ।** चिनियाँ इतिहासमा यो अत्यन्त महत्त्वपूर्ण घटना साबित भयो । सन् १९२० सम्ममा चियाङ काइसेक नेतृत्वको राष्ट्रवादी पार्टीको हातमा चीन गइसकेको थियो । पहिलो विश्वयुद्धमा जर्मन हारिसकेपछि जर्मनले कब्जा गरिराखेका चिनियाँ भूभागमा जापानले ओगट्यो । सन् १९३६ सम्ममा चीनको पूर्वी भागमा पनि जापानले पञ्जा फिँजाउन थाल्यो । दोस्रो विश्वयुद्धमा जापान हारिसकेपछि सन् १९४५ मा चीनलाई तहसनहस पारेर जापान भाग्यो । गृहयुद्ध जारी रह्यो । सन् १९४९ मा चियाङ काइसेकको फौज पछि हट्दै थाइवान पुग्यो । जनवादी गणतन्त्र चीनको घोषणा अक्टोबर १, १९४९ मा भयो ।

**अध्यक्ष माओको "निरन्तर क्रान्ति"**

पुस्तकको अध्याय चारमा अध्यक्ष माओको विचार, व्यवहार तथा कार्यशैलीबारे छलफल गरिएको छ ।



अध्यक्ष माओ जनगणतन्त्र चीन स्थापना भएको घोषणा गर्नुहुँदै

पुरानो विचार बोकेको सामन्तवादी चीनको परिवर्तनका निम्ति उहाँले गर्नुभएको नेतृत्व र प्राचीन चीनको सानो तस्बिरबारे **'माओको निरन्तर क्रान्ति'** मा चर्चा गरिएको छ ।

माओकालीन चीन चुनौती तथा सङ्कटबीच अगाडि बढ्यो । अध्यक्ष माओले जीवनभर सङ्घर्षको नेतृत्व गर्नुभयो र उथलपुथल बेहोर्नुभयो । न अध्यक्ष माओले मुक्ति प्राप्त भएपश्चात् आराम गर्नु पाउनुभयो न जनताले । चिनियाँ समाज परिवर्तन गर्न, पुराना सामन्ती प्रथा तथा चिन्तन भत्काई नयाँ संस्कार निर्माण गर्न अध्यक्ष माओले लामो क्रान्ति अगाडि बढाउनुभयो । सदियौँ पुराना कुप्रथा, अन्धविश्वास, खराब संस्कार समाप्त पार्न र चिनियाँ जनताले सहेको अपमान तथा पराइको घृणा सदाका लागि अन्त्य गर्न अध्यक्ष माओले विचारधाराको क्षेत्रमा मिहिनेत गर्नुभयो । सैन्य शक्तिको निर्माणमा जोड दिनुभयो । अध्यक्ष माओले पुरातनवादी चिन्तनविरुद्ध युद्धको घोषणा गर्नुभयो । उहाँले पुराना चिनियाँ दर्शन, साहित्यको गम्भीर अध्ययन गर्नुभयो । कन्फुसियसका विचार पढ्नुभयो । ती सबैको आवश्यक खण्डन गर्ने सकारात्मक पक्षहरू चिनियाँ समाजको परिवर्तनमा प्रयोग गर्नुभयो । नयाँ समाज निर्माणका लागि उपयुक्त विचार ग्रहण गर्नुभयो । अध्यक्ष माओले **'निरन्तर क्रान्ति'** को विचार अघि सार्नुभयो । अध्यक्ष माओ भन्नुहुन्छ, *'हाम्रो क्रान्ति युद्धझैँ हुन् । विजयपश्चात् तत्कालै अर्को काम थालिहाल्नुपर्छ । त्यसो गरिएमात्र कार्यकर्ता र जनतामा क्रान्तिकारी भावना कायम रहिरहनेछ र निराशा या घमण्ड आउने छैन ।'* उहाँ क्रान्तिमा होमिएका कार्यकर्ताहरूको परीक्षा छिटोछिटो लिनुपर्ने र कठिनभन्दा कठिन जिम्मेवारी सुम्पेर जाँच्नुपर्ने बताउनुहुन्छ ।

**'माओको अन्तर्राष्ट्रिय सम्बन्ध'** उपशीर्षकमा नयाँ चीनको उदय र तत्पश्चात् विकसित घटनाक्रमबारे प्रकाश पारिएको छ । अध्यक्ष माओले घोषणा गर्नुभयो, *'विश्वमा एक चौथाइ सङ्ख्या भएका चिनियाँहरू उठ्दै छन् । चिनियाँ जनता सदा महान्, बहादुर र परिश्रमी रहँदै आएका छन् । आधुनिक समयमा केही पछाडि परे । त्यसको मुख्य कारण साम्राज्यवादी शक्ति तथा घरभित्रकै प्रतिक्रियावादी सरकारको शोषण तथा दमन हो । हाम्रा पुर्खाले हरेक कार्यलाई पूर्णता दिन सिकाएको छ । त्यो आज हामी गर्दै छौँ ।'* यो चीन र चिनियाँ जनताको साझा अभिव्यक्ति थियो ।

अध्यक्ष माओ त्सेतुङको उदयबाट वाशिङटन खुसी थिएन । उसले च्याङ काइसेकलाई समर्थन तथा सहयोग गरेको थियो । सन् १९५० मा कोरिया युद्ध सुरु भयो । रुससँग सीमा विवाद कायमै रह्यो । सन् १९६२ मा भारतसँग सीमा विवाद सुरु भयो । नयाँ चीनले तुरुन्तै विदेश सम्बन्ध विस्तारमा जोड दिएन । 'पाहुना बोलाउन अगाडि घर सफा गर्ने' नीति चीनले लियो । औपनिवेशिक अवशेष नमेटी बाहिरी संसार पुगेर या बोलाएर खासै फाइदा नहुने प्रधानमन्त्री चाउ एनलाई भन्नुहुन्थ्यो । शक्ति सञ्चय या विकास अपरिहार्य भएको बुझाइ चिनियाँ नेतृत्वको थियो । चीनले रुस र संरा अमेरिकाको तुलनामा सानो परमाणु हतियारको विकास गर्‍यो । एवंरितले चीन असंलग्न आन्दोलनको प्रभावशाली सदस्य बन्यो । अध्यक्ष माओको रणनीतिमा दख्खल भएकै कारण चीनले आत्मरक्षा, क्षेत्रीय शान्तिका निम्ति होशियारीपूर्वक पाइला चाल्यो र सफलता हासिल गर्‍यो ।

अध्यक्ष माओले सन् १९५६ मा **'सयौँ फूल फुल्न देऊ अभियान'**, सन् १९५८ मा **'महान् अग्रगामी पाइला'** र सन् १९६६ मा **'महान् सर्वहारा सांस्कृतिक क्रान्ति'** को नेतृत्व गर्नुभयो । चिनियाँ कम्युनिस्ट पार्टीको वैचारिक शक्ति बलियो बनाउने, क्रान्तिलाई अझै व्यापक बनाउने र जनताको क्रान्तिकारी भावना जगाइराख्ने अध्यक्ष माओको उद्देश्य थियो ।



अध्यक्ष माओ त्सेतुङ

यसप्रकार चौथो अध्यायमा अध्यक्ष माओले चिनियाँ समाजमा परिवर्तन ल्याउन गर्नुभएको अथक मिहिनेत र प्रतिपादन गर्नु भएको क्रान्तिकारी नीति तथा कार्यक्रमबारे चर्चा गरिएको छ ।

**'त्रिकोणात्मक कूटनीति र कोरिया युद्ध'** शीर्षक यस पुस्तकको पाँचौँ अध्याय हो । भर्खर मुक्त भएको चीन र सोभियत सङ्घबीचको सम्बन्धमा देखिएका तीता–पीरा पक्षको चर्चाबाट यो अध्यायको प्रारम्भ हुन्छ । चीन मुक्त भएको दुई महिना पूरा भएपश्चात् अध्यक्ष माओले पहिलो विदेश यात्रा १६ डिसेम्बर १९४९ मा सोभियत सङ्घबाट गर्नुभयो । सोभियत सङ्घसँग मित्रता प्रगाढ बनाउनु यस भ्रमणको मुख्य उद्देश्य थियो तर भ्रमण सोचिएझैँ उपलब्धिमूलक नभएको

किसिञ्जर बताउँछन् । केही मत–मतान्तर या गलत समझदारी बाँकी भएको उनी उल्लेख गर्छन् । धेरै लामो छलफलपश्चात् मात्र फेब्रुअरी १४, १९५० मा चीन र सोभियत सङ्घबीच मैत्री तथा आपसी सहयोगसम्बन्धी सन्धि सम्पन्न भयो ।



डिन अकेसन

संरा अमेरिकी मन्त्री **डिन अकेसन** (Dean Gooderham Acheson, 1893–1971) ले चीनलाई आफ्नो नजिक राख्न या फकाउन गरेका अनेकौं प्रयासबारे यहाँ चर्चा गरिएको छ । भर्खरै मुक्त भएको चीन विचारको हिसाबले सोभियत सङ्घसँग नजिक बसेर विकासपथमा लम्कन चाहन्थ्यो । देशको रक्षाबारे ढुक्क हुन चाहन्थ्यो । तर, सीमासम्बन्धी चीन र रूसबीच केही असमझदारीहरू थिए जसले गर्दा आवश्यक भएर पनि नजिकको सम्बन्ध स्थापना गर्न सम्भव भइरहेको थिएन । चीनसँग भने केही वर्ष शान्ति कायम भए लामो गृहयुद्धले ध्वस्त बनाएको संरचना निर्माण गर्दै उठ्न सकिने आत्मविश्वास थियो । संरा अमेरिका चीनलाई सोभियत सङ्घबाट टाढा राख्न सक्नुमा आफ्नो हित र सफलता देख्थ्यो । संरा अमेरिकाले निरन्तर प्रयत्न जारी राखेपछि सोभियत सङ्घले संरा अमेरिकी साम्राज्यवादी देश भएकोले विश्वास योग्य नभएको र केही सहयोग दिएजस्तो गर्नेबाहेक अरू केही नगर्ने भनी आफ्नो धारणा प्रस्ट राख्यो । साथै सोभियत सङ्घले चीनको उत्तरी भाग टुक्रा गरी गाभ्छ भनी संरा अमेरिकाले फैलाएको हल्लापछाडि नलाग्न अध्यक्ष माओसमक्ष अनुरोध गर्‍यो ।

**'किम इल सङ र युद्धको सुरूआत'** उपशीर्षकमा कोरियाली युद्ध सुरू हुनुभन्दा अगाडिको परिस्थिति, चीन–रूसबीचको छलफल तथा वादविवाद र कोरियाली नेता किमले गर्नुभएको विविध प्रयास तथा रूस र चीनसँगको अन्तरक्रियाबारे चर्चा गरिएको छ । **सन् १९५० को जून २५ मा कोरियाली युद्ध सुरू भयो ।**

कोरियाली युद्धमा यदि संरा अमेरिकाको विजय भएमा संरा अमेरिकाको अहङ्कार बढ्ने र शान्ति झनै खतरामा पर्ने चिनियाँ प्रम चाउ एन लाइको बुझाइ थियो । अध्यक्ष माओले स्वयम्सेवक दस्ता पठाएर भए पनि कोरियालाई जोगाउनुपर्ने र क्षेत्रीय शान्ति स्थापना गर्नुपर्ने विचार राख्नुभयो । त्यसो गर्दा संरा अमेरिकाले चीनमाथि हवाई हमला र समुद्री हमला गर्नसक्ने सम्भावना औँल्याउनुभयो । सोभियत सङ्घले पनि सैनिक बन्दोबस्तका सामग्री पठाएको उल्लेख छ । कोरियाली युद्धमा चीन र संरा अमेरिका आमुने सामुन्ने पर्नुको साथै युद्धपश्चात् चीन र कोरियाबीचको सम्बन्ध पनि बिग्रिएको यस पुस्तकका लेखक किसिञ्जर वर्णन गर्दछन् ।

**दुई महाशक्तिसँग चीनको द्वन्द्व**

वासिङटन र मस्कोबीचको शीतयुद्धले एसियालाई पनि गाँजिसकेको थियो । अचम्म त मस्को र पेचिङबीच पनि सम्बन्ध चिसै थियो । कोरियाली युद्ध अन्त्यपश्चात् चीन र संरा अमेरिकाबीच थाइवानको विषयलाई लिएर सैन्य सङ्कट सुरू भयो । सोभियत सङ्घसँग पनि वैचारिक मतभेद चुलिइँदै थियो । भू–राजनीतिक सङ्कट त छँदै थियो । उता भारतसँग पनि सीमा विवाद सुरू भइसकेको थियो ।

कोरियाली युद्धपश्चात् चीनले केही समय भए पनि शान्तिको अनुभव गर्न पाउने धेरैले अनुमान गरेका थिए । तर, केही महिना पनि चीनले शान्तपूर्वक बस्न पाएन । भर्खरै उदाइरहेको देशले दुई ओटा महाशक्ति र ठूला सैन्य शक्तिसँग सङ्घर्ष गर्नुपर्दा ज्यादै कठिन हुनु आश्चर्य जरुर होइन !

सन् १९५४ को अगस्ट अर्थात् कोरियाली युद्ध अन्त्यको लगभग एक वर्षमा थाइवान सङ्कट सुरू भयो । **संरा अमेरिकाले थाइवान र वरपरका टापूहरूमा सेना तैनाथ गर्‍यो ।** ती दुई महाशक्ति परमाणु हतियार प्रयोग गर्न तम्तयार अवस्थामा पुगिसकेका थिए । संरा अमेरिकी राष्ट्रपति **ट्रूम्यान**ले थाइवानमा सातौँ बेडा (seventh fleet) पठाइसकेका थिए । राष्ट्रपति ट्रुम्यानलाई राष्ट्रपति **आइजनहावर**ले प्रतिस्थापित गरेपछि सङ्कट झन् गम्भीर बन्न पुग्यो । आइजनहावरले चीनविरुद्ध केन्द्रित गरी एसियामा सुरक्षा नीति अवलम्बन गरे । चीनसँगका सम्पूर्ण कूटनीतिक प्रयत्न बन्द गरे । **जेनेभा सम्मेलनमा प्रधानमन्त्री चाउ एन लाइसँग हात मिलाउनसमेत संरा अमेरिकी प्रतिनिधि डलेस (Dulles) ले अस्वीकार गरे ।** व्यवहारिकका साथै रणनैतिकरूपमा संरा अमेरिकाले चीनलाई अस्वीकार गरेको त्यसले प्रस्ट इङ्गित गर्थ्यो । सन् १९५५ देखि दुई देशबीच सम्बन्ध सामान्यीकरण गर्ने प्रयत्न थालियो । सन् १९५५ देखि १९७१ अर्थात १६ वर्षमा दुई देशबीच कन्सुलर तथा राजदूत तहमा १३६ पटक बैठकहरू भए । ती बैठक अधिकांश जेनेभा र वार्सामा भएका थिए । गृहयुद्धको क्रममा दुई देशमा फसेका नागरिकहरूलाई आ–आफ्नो देशमा फर्काउन सन् १९५५ मा चीन र संरा अमेरिकाले सहमति जनाए । दुई देशबीचको सम्बन्धमा सुधार ल्याउन यो एउटा उल्लेखनीय प्रयास थियो । तर, सन् १९५७ मा फेरि संवादहीनताको स्थिति तयार भयो । दोस्रो

थाइवान सङ्कट प्रारम्भ भयो ।

**माओ, खुश्चेभ र चीन-सोभियत फाटो**

सन् १९५३ मा स्तालिनको देहावसान भयो । उहाँले तीन दशकभन्दा बढी सोभियत समाजवादको नेतृत्व गर्नुभयो । छोटो सङ्क्रमणकालीन परिस्थितिपश्चात् **खुश्चेभ** शक्तिमा आए । चिनियाँ–सोभियत नेताहरूबीच वैचारिक मतभेद सुरू भयो । खुश्चेभले चीनसँगको गठबन्धन त्याग्दै लगे । उनी आफ्नो पूर्व प्रतिबद्धताबाट स्पष्टरूपमा पछि हटे । चिनियाँ सीमा क्षेत्रमा रसियाली सेनाको सङ्ख्या बढाउन निर्देशन दिए । विचारको मतभेद सुरू भएकै कारण पेचिङ र मस्कोबीच दूरी बढ्न थाल्यो र विभाजन सबैले महसुस गरे । सोभियत सङ्घ सबैको केन्द्र मस्को हो भन्ने मान्यता राख्दथ्यो । युरोपले स्वीकारेझैँ एसियाले पनि सहमति जनाओस् भन्ने सोभियत सङ्घ चाहन्थ्यो । सन् १९५५ मा नाटोविरुद्ध सोभियत सङ्घसँग नजिक रहेका देशहरूको **वार्सा सन्धि सङ्गठन** गठन भयो । तर, चीनले त्यसमा सहभागिता जनाएन । सोही वर्ष बाङ्डुङ्मा भएको एसियाली–अफ्रिकाली सम्मेलनमा चाउ एन लाइले सहभागिता जनाउनुभयो । असंलग्न आन्दोलनमा सहभागिताको अर्थ सोभियत सङ्घसँग टाढा बस्नु या अलग्गिनु थियो ।

यसैबीच अध्यक्ष माओले चीन बलियो आत्मविश्वासका साथ हरेक क्षेत्रमा अगाडि बढ्नुपर्ने सन्देश दिनुभयो । प्रतिकूल परिस्थितिमा उहाँले परिवर्तन, समाजवादी निर्माणका निम्ति चीनसँग मौलिक सोच, विचार, विश्वास, सङ्कल्प तथा दूरदृष्टिमात्र होइन क्रान्तिकालीन अनुभवसमेत भएको बताएर जनतालाई उत्साहित गर्नुभयो र मार्गनिर्देश गर्नुभयो । *'हामी समाजवादमा अझ राम्ररी र छिटो पुग्न सक्छौँ ।'* अध्यक्ष माओले सोभियत सङ्घतर्फ इङ्गित गर्दै भन्नुभयो ।

सन् १९५६ मा खुश्चेभले सोभियत कम्युनिस्ट पार्टीको २० औँ महाधिवेशनलाई सम्बोधन गर्ने क्रममा **स्तालिनको चर्को विरोध गरे** । गुप्त शैलीमा दिइएको भाषणमा स्तालिनको अपराध भन्दै उनले लामो सूची सार्वजनिक गरे । सभाहलमा चिनियाँ प्रतिनिधिहरू र अन्य विदेशी पाहुनालाई प्रवेश अनुमति दिइएको थिएन । भाषणको लिखित प्रतिलिपिसमेत उपलब्ध गराइएको थिएन । न्युयोर्क टाइम्समा छापिएको अनुदित मन्तव्य पढेर चिनियाँहरूले चित्त बुझाए । अध्यक्ष माओले खुश्चेभको स्तालिनविरोधी अभिव्यक्तिलाई संशोधनवादीको संज्ञा दिनुभयो । **पेचिङ र मस्कोबीच सैद्धान्तिक झगडा झन् उचाइमा पुग्यो ।**



अध्यक्ष माओ मस्कोमा भएको सम्मेलनमा, साथमा सुन चिङ लिङ

सन् १९५७ मा खुश्चेभले समाजवादी देशहरूको सम्मेलन मस्कोमा आयोजना गरे । अध्यक्ष माओले पनि सहभागिता जनाउनुभयो । त्यतिखेर भर्खरैमात्र रुसले अन्तरिक्षयान 'स्पूटनिक' सफलतापूर्वक प्रक्षेपण गरेको थियो । चौतर्फी सोभियत प्रविधिको प्रशंसा भइरहेको थियो । त्यस सम्मेलनमा खुश्चेभले **'शान्तिपूर्ण सह–अस्तित्व'** को नारा दिए । त्यसको अर्थ पूँजीवादी देशहरूसँग पनि हातेमालो गरेर जानुपर्छ भन्ने थियो । अध्यक्ष माओले भन्नुभयो– *'युद्धसँग डराउनु हुँदैन ।'* उहाँले प्रस्ट पार्नुभयो, *'एटम बम र क्षेप्यास्त्रसँग हामी डराउनु हुँदैन । परम्परागत या थर्मोन्युक्लियर, जुनसुकै युद्ध भए पनि हामी नै जित्नेछौँ ।'* अध्यक्ष माओको भनाइ सुनेर खुश्चेभ रिसाए ।

यसप्रकार अध्यक्ष माओले खुश्चेभका विचार तथा प्रस्तावको खुला खण्डन गर्दै जानुभयो । उहाँले संशोधनवादी विचार तथा कार्यशैलीको उदाङ्ग्याउनुभयो । खुश्चेभसँगको सम्बन्ध पनि दिनप्रतिदिन चिसो बन्दै गयो । भारतसँगको सीमा विवादमा सोभियत सङ्घले चीनविरुद्ध भारतलाई साथ दियो । तिब्बतको मामिलामा पनि खुश्चेभले अनावश्यक टीका–टिप्पणी गरे । कूटनीतिक मर्यादाको बारम्बार उल्लङ्घन गरे ।

**थाइवानको दोस्रो सङ्कट** सन् १९५८ को अगस्टमा सुरु भयो । त्यो कालखण्ड चीन र चिनियाँ जनताका निम्ति कति चुनौतीपूर्ण थियो भन्ने यो घटनाले पनि पुष्टि गर्छ । यो सङ्कटमा भने सोभियत सङ्घले चीनको पक्ष लियो । मस्कोले चीनमाथिको हमला सोभियत सङ्घमाथिको हमला सरह हुने बेहोरासहित अमेरिकी राष्ट्रपति आइजनहावरलाई पत्र नै लेख्यो । परमाणु युद्धको भय बढ्दै थियो । तर, चीनले कूटनीतिक कौशल प्रयोग गरी युद्धको सम्भावनालाई मेट्यो । चीन र संरा अमेरिकाबीचको सम्बन्धमा केही सुधार आयो । तर, त्यसको विपरीत सोभियत सङ्घसँग सम्बन्ध खराब भयो । चीनलाई नमुना एटम बम उपलब्ध गराउने पूर्व प्रतिबद्धताबाट सन् १९५९ जूनमा सोभियत सङ्घ पछि हट्यो । खुश्चेभले सन् १९६० मा चीनबाट सबै रसियाली प्राविधिज्ञ, वैज्ञानिक फिर्ता बोलाए । सम्पूर्ण सहयोगका आयोजना बन्द गराए । **(क्रमशः)**

*मजदुर दैनिकबाट*

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासी स्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७७ पुस १ गते, बुधबार

| | |
|---|---|
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना घ्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सचिव श्री रामलाल श्रेष्ठ | ऐ |

## निर्णयहरू

### शिशु स्याहार सञ्चालन

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशु स्याहार तथा बाल विकास केन्द्रहरू यही २०७७ पुस १५ गतेदेखि स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड पालना गर्ने गरी सञ्चालन गर्ने निर्णय गरियो ।

### नपा स्थापना दिवस

भक्तपुर नगरपालिकाको ७१ औं स्थापना दिवस नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवं माननीय प्रतिनिधि सभा सदस्य श्री प्रेम सुवालज्यूको प्रमुख आतिथ्यमा मिति २०७७ पुस २, ख्वप इन्जिनियरिङ्ग कलेजमा कार्यक्रम गरी मनाउने निर्णय गरियो ।

### समितिका निर्णयहरू अनुमोदन

विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो–

**आर्थिक समिति**

**मिति २०७७ मंसिर २५ गते**

१. भक्तपुर नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ को अनुसूची ५ मा नयाँ इजाजत पत्र दिनु पर्दा सम्बन्धित कम्पनीको स्वामित्वमा ट्याक्टर वा टि्पर हुनुपर्ने व्यवस्था भएको कारण पेश भएका केही इजाजत पत्रहरू दिन नसकिएकोमा टि्पर वा ट्याक्टर कम्तिमा ५ वर्षका लागि भाडामा लिने गरी सम्झौता पेश गरेमा त्यस्ता कम्पनीलाई समेत इजाजतपत्र दिने गरी **कार्यविधिमा संशोधन** गर्ने निर्णय गरियो ।

२. कोभिड–१९ का कारण भ.न.पा. १ स्थित सिद्धपोखरीमा सञ्चालित सःशुल्क **नौका बिहार** स्थगित भएकोमा २०७७ पौष १ गतेदेखि पुनः सञ्चालन गर्ने निर्णय गरियो ।

३. निम्न उल्लेखित सहकारीहरूको तपसिल अनुसार **विनियम संशोधन** गर्न स्वीकृति दिने निर्णय गरियो :

क. प्रभु बचत तथा ऋण सहकारी संस्थाको निवेदनअनुसार हाललाई (ख) संस्थाको शेयर पूँजी १ करोड भएकोमा संशोधन पछि पल्स रेसियोको अनुपातमा शेयर पूँजी जारी गर्न स्वीकृति दिने निर्णय गरियो ।

ख. दत्तात्रय बचत तथा ऋण सहकारी संस्था लि. को निवेदनअनुसार परिच्छेद ४ को शेयर पूँजी पर्ल्स रेसियोको अनुपातमा शेयर पूँजी जारी गर्न दिने, परिच्छेद १०, वित्तिय व्यवस्था ५५ खूद बचतको बाँडफाँड गर्न स्वीकृति दिने निर्णय गरियो ।

ग. आस्था बचत तथा ऋण सहकारी संस्था. लि. को निवेदनअनुसार परिच्छेद १० दफा ५५ उपदफा १ अनुसार खूद बचत बाँडफाँड गर्न स्वीकृति दिने निर्णय गरियो ।

घ. भक्तपुर घरेलु बचत तथा ऋण सहकारी संस्था लि. को निवेदनअनुसार संस्थाको लोगोको तल एउटा पुरुष र एउटी महिलाको हत्केलाको प्रतीक थप्न स्वीकृति दिने निर्णय गरियो ।

ङ. भिन्तुना बचत तथा ऋण सहकारी संस्थाको

निवेदनअनुसार संस्थाको दफा १ (ख) संस्थाको ठेगाना ब्यासी टोल वडा नं. २ भक्तपुर नगरपालिका राख्ने, परिच्छेद ८ को दफा २७((ख) सञ्चालक समितिको कार्यकाल ४ वर्ष गर्ने, परिच्छेद ८ को दफा २८(ख) कुनै पनि सञ्चालकहरू एउटै पदमा लगातार २ पटक गर्ने, दफा २४(ख) गणपूरक सङ्ख्या कूल सदस्य सङ्ख्याको ५१ प्रतिशत गणपूरक गर्ने, दोश्रो पटक बोलाउँदा कूल सदस्य सङ्ख्याको १५ प्रतिशत गणपुरक सङ्ख्या मान्ने, परिच्छेद ११ को दफा ४६(च) मा खूद बचत कूल चुक्ता शेयर पूँजीको १८ प्रतिशतमा नबढाई लाभांस वितरण गर्ने र खूद बचत बाँडफाँड गर्न स्वीकृति दिने निर्णय गरियो ।

**विविध**

विविध विषयमा छलफल भै निम्नानुसार गर्ने निर्णय गरियो –

१. दत्तात्रयस्थित सार्वजनिक शौचालयमा नगरपालिकाबाट कर्मचारी खटाई सःशुल्क **शौचालय सञ्चालन** तथा व्यवस्थापन गर्ने निर्णय गरियो ।

२. भ.न.पा.वडा नं. १ सल्लाघारीस्थित १०८ रोपनी चौरको पूर्वपट्टि रहेको पर्ति जग्गा नापजाँच गरी अस्थायी टहरा बनाई **व्यवसाय सञ्चालन** गर्न दिने सम्बन्धमा प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

३. सिद्ध पोखरी/नःपुखुलगायतका पोखरीहरूमा माछाका भुराहरू छाड्ने, कमल पोखरी तथा नःपुखुमा पनि सःशुल्क **नौका विहार** शुरु गर्न प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

४. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिक्षण संस्थाहरूमा अध्ययनरत विद्यार्थीहरूले सम्बन्धित शिक्षण संस्थालाई बुझाउने नियमित मासिक शुल्कमध्ये १ महिनाको शुल्कको आधा रकम आ.व. २०७७/०७८ देखि योगदानमा आधारित स्थानीय शुल्कको रूपमा **न.पा.मा दाखिला** गर्न लगाउने निर्णय गरियो ।

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

**मिति २०७७ मंसिर २८ गते**

१. तलेजु सांस्कृतिक समूहलाई स्थानीय नयाँ पुस्तालाई 'धाँ बाजा प्रशिक्षण' गर्न भ.न.पा.ले रु.२०,०००।- (अक्षेरूपी बीस हजार) **आर्थिक सहयोग** दिने निर्णय गरियो ।

२. रानी पोखरी अध्ययन प्रतिवेदन, २०७७ तयार गर्नु हुने अध्ययन टोलीका संयोजक प्रा.डा. पुरुषोत्तम लोचन श्रेष्ठज्यूलाई **पारिश्रमिक** रु.१,००,०००।- (अक्षेरूपी एक लाख) दिने निर्णय गरियो ।

**निर्माण समिति**

**मिति २०७७।०८।२८ गते**

| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई. रकम | पेश्की | भुक्तानी रकम | खर्च रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | हनुमानघाट (त्रिबेणीघाट) खोला सुधार कार्य | ७ | वातावरण | ६२२,८१४।३८ | | | | | | | | |
| २ | दूधपाटी प्रहरी चौकी | १ | मर्मत | ८६०,१०३।६५ | | | | | | | | ४ लाख मात्र अनुदान दिने |
| ३ | सडक बत्ती मर्मत सम्भार कार्य | १-१० | सडक बत्ती मर्मत सम्भार | ४९५,१३७।२० | | | | | | | | पुस, माघ र फागुनसम्म |
| ४ | राममन्दिर शौचालय मर्मत कार्य | ४ | मर्मत | ८८,५७३।९२ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **रि.ल.ई. सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | बहुउद्देश्यीय भवन ब्रम्हायणीमा विद्युतीकरण तथा सोलार, ब्याक अप सिस्टम तथा सीसी टीभी लगायत इन्टरकम इमजी लाइट जडान कार्य | ९ | नगर बजेट | ८,११८,३२६।०२ | ७,५०५,६८३।११ | | | | | | | |
| **पेश्की फछ्र्यौट तथा कार्य सम्पन्न प्रतिवेदन सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | श्री पञ्च मुखेश्वर महादेव मन्दिर संरक्षण कार्य | ५ | बाग्मती प्रदेश सशर्त बजेट | ५,२५८,१९७।९५ | | १,६००,०००।०० | ३७४,४५३।२४ | १,९७४,४५३।२४ | १,९७७,३९४।५२ | सम्पन्न | बाबुरत्न ढोला | |
| | | | | | | २,३००,०००।०० | | २,३००,०००।०० | ३,४८७,०४४।६२ | | | |
| | | | | | | ३,९००,०००।०० | ३७४,४५३।२४ | ४,२७४,४५३।२४ | ५,४६४,४३९।१४ | | | |
| २ | बहुउद्देश्यीय भवन ब्रम्हायणीमा विद्युतीकरण तथा सोलार, ब्याक अप सिस्टम तथा सीसी टीभी लगायत इन्टरकम इमर्जेन्सी लाइट जडान कार्य | ९ | नगर बजेट | ८,११८,३२६।०२ | ७,५०५,६८३।११ | | २,६२६,९७७।६० | | ७,१६३,६३९।४३ | | | अन्तिम दोस्रो बिल भुक्तानी दिने |
| **उपभोक्ता समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | बासी तंदेखि लालाछेंसम्मको बाटो ढुङ्गा छपाइ मर्मत कार्य | ६ | सडक बोर्ड नेपाल र नपा | १,०२३,९०५।६९ | | | | | | उ.स.अ. : लक्ष्मी नारायण कुसाथा अ.स.स. : दिलमोहन वैद्य | | |
| २ | दूधपाटी प्रहरी चौकी | १ | मर्मत | ८६०,१०३।६५ | | | | | सहयोग समिति : श्री प्रेमलाल ध्वोजू सल्लाहकार समिति : श्री श्यामकृष्ण खत्री | | | |
| **अन्य सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भ.न.पा. वडा नं. ७ मा डिप बोरिङ थ्रीफेज वाटर पम्पको लागि थ्रीफेज लाइन जडान कार्य गर्ने निर्णय गरियो । | | | | | | | | | | | |

## युवा तथा खेलकुद समिति

### मिति २०७७ मंसिर ९ गते

भक्तपुर नगरपालिकाद्वारा नगरभित्रका युवा, विद्यार्थी, महिला, वृद्धवृद्धाहरूलाई शारीरिक रूपमा सक्षम र सबल बनाउन उसु खेल अन्तर्गत छेपुङ्ग खेल (विशेष गरी स्वास प्रश्वास) सम्बन्धी शारीरिक अभ्यास प्रशिक्षणको लागि तपसिल अनुसारको **बजेट व्यवस्था** गर्ने निर्णय गरियो ।

तपसिल

१. प्रशिक्षक तालिम शुल्क - २X२०,००० = रु.४०,०००।-
२. खेल सामग्री = रु.२०,०००।-
३. विविध (अन्य) = रु.१०,०००।-
= रु.७०,०००।-

## तस्विरमा केही गतिविधि







नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) लगायत ख्वप कलेजको वार्षिकोत्सवको कार्यक्रममा सम्मानित तथा पुरस्कृतहरूका साथ (फागुन १४ गते) र ख्वप बहुप्राविधिक अध्ययन संस्थानको आयोजनामा 'देशको बर्तमान राजनीतिक परिस्थिति : शिक्षा र स्वास्थ्यमा त्यसको प्रभाव' विषयक अन्तरक्रियामा (माघ २३ गते)



नेमकिपाका सचिव प्रेम सुवालबाट भनपाको आरोग्य सेवा केन्द्रको उद्घाटनकोक्रममा अपाङ्गता सहायक सामग्री वितरण गर्नुभयो । (माघ २४ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति भाजु पोखरीमा जलेश्वर मन्दिरको शिलान्यासपछि सम्बोधन गर्नुहुँदै ।(माघ २२ गते)

## तस्बिरमा केही गतिविधि













प्रमुख सुनिल प्रजापति पाठेघर तथा स्तन क्यान्सर परीक्षण शिविर वडा नं १ मा (माघ २८ गते (चित्र १) वडा नं. ५ मा (फागुन १ गते (चित्र २) र वडा नं ६ मा (फागुन ६ गते (चित्र ३) र वडा नं. ७ मा ३ दिने कौसी खेती तथा कम्पोस्ट मल बनाउने तालिमको प्रमाणपत्र वितरण कार्यक्रममा (माघ २५ गते (चित्र ४)।

## तस्बिरमा केही गतिविधि





भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलगायत बाराही पुलको जग ढलान कार्यको निरीक्षणमा (माघ २० र फागुन १४ गते)



प्रमुख सुनिल प्रजापति, बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईलगायत राममन्दिर-मूदीप करिडोर खोल्ने कार्यको स्थलगत निरीक्षणमा (माघ २८ गते)



उपप्रमुख रजनी जोशी बागमती प्रदेश भक्तपुर नपाका लाभग्राही परिचय पत्र वितरण गर्नुहुँदै (माघ १९ गते)।

## तस्बिरमा केही गतिविधि



उपप्रमुख रजनी जोशी (इन्सेट) पाठेघर तथा स्तन क्यान्सर परीक्षण शिविर वडा नं ३ मा (फागुन २८ गते)



भक्तपुर नपाबाट पुन:निर्माण सम्पन्न छिपा तां





भक्तपुर नगरपालिकाबाट पुन:निर्माणाधिन भाजु पुखु र न्हु पुखुको स्वरूप फेरिँदै

### विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. वडा नं. ९ का वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाद्वारा ब्रम्हायणी बहुउद्देश्यी भवनमा सञ्चालित आइसोलेसन केन्द्र व्यवस्थापनका लागि रु.१५,००,०००।– (पन्ध्र लाख मात्र) पेश्की लिई रु.१५,१७,३५८।५९ खर्च भएको र थप रु. ५,००,०००।– (पाँच लाख मात्र) पेश्की लिएकोमा रु. १४,५६,६१०।– खर्च गरी जम्मा रु.२९,७३,९६८।– खर्चको फाँटवारी पेश गरी पे.फ. को लागि दिएकोमा निवेदन अनुसार निजको खर्च समर्थन गरी नपुग रकम भुक्तानी दिई निजको **नाउँको पे.फ. गर्ने** निर्णय गरियो।

ख. मिति २०७७।०८।२५ गते सोमबार यस नगरपालिकाको कार्यपालिका बैठकको लागि विहानको नास्ता उपलब्ध गराए वापत रु.६,७८०।– सूर्यविनायक पार्टी भेनुलाई **भुक्तानी** दिने निर्णय गरियो।

ग. नपाबाट सञ्चालित बा ३ च ८७९ को गाडी मर्मत गरे वापत नेपाल अटो इलेक्ट्रिक ट्रेड लिंकलाई रु.१०,६५४।८८ **भुक्तानी** दिने निर्णय गरियो।

घ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा १ ग २२६४ को गाडी मर्मत गरे वापत रु.४६,८६६।७५ सिद्धि गणेश मोटर पार्टस्लाई **भुक्तानी** दिने निर्णय गरियो।

ङ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित को १ स १६८१ को तीनपाङ्ग्रे मोटरसाइकल मर्मत गरे वापत रु.४,९५०।– लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो।

च. यस नगरपालिकाको शिक्षा शाखाको प्रमुख उप सचिव रहने व्यवस्था भएकोमा लब्धाङ्क पत्र प्रयोजनको लागि उक्त पदको नेपालीमा नाम नगर शिक्षा अधिकृत (उप सचिव) र अङ्ग्रेजीमा Municipal Education officer (Under Secretary) **पद कायम** गर्ने निर्णय गरियो।

## मिति २०७७ पुस २० गते, सोमबार

## निर्णयहरू

### आठौं नगरसभा

भक्तपुर नगरपालिकाको आठौं नगरसभा यही २०७७ पुस २९ गते बुधबार व्यासीस्थित नगरपालिका भवनमा बस्ने निर्णय गरियो।

### जिम्मेवारी

भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरिने ख्वप अस्पतालको भवन निर्माण कार्य जारी रहेको अवस्थामा नेपाल सरकारले भक्तपुर नगरपालिकालाई २५ शय्याको High Dependency Unit (HDU) सञ्चालन स्वीकृति समेत दिएको हुँदा अहिलेका लागि भ.न.पा.ब्रम्हायणीस्थित नगरपालिकाको बहुउद्देश्यीय भवनमा ख्वप अस्पताल सञ्चालनका लागि आवश्यक प्रक्रिया अघि बढाउन ख्वप बहुप्राविधिक अध्ययन संस्थानलाई जिम्मेवारी दिने निर्णय गरियो।

### प्रस्ताव

नेपाल सरकार, राष्ट्रिय योजनाद्वारा स्वीकृत समपुरक अनुदानसम्बन्धी कार्यविधि–२०७५ (दोश्रो संशोधन, २०७६) र विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७५ (दोश्रो संशोधन, २०७६) मा व्यवस्था भए बमोजिम यस भक्तपुर नगरपालिकाबाट आगामी आ.व. २०७८।०७९ का लागि सङ्घीय समपूरक एवं विशेष अनुदान अन्तर्गत सञ्चालन गर्न निम्न आयोजना/कार्यक्रम प्रस्ताव गरी स्वीकृतिको लागि पठाउने निर्णय गरियो।

**क. समपुरक अनुदान अन्तर्गतका आयोजना/कार्यक्रम**
(नगरपालिकाको ५० प्रतिशत रकमको सहलगानी रहनेछ।)

| क.सं. | आयोजना/कार्यक्रम | ठेगाना (वडा नं.) | लागत अनुमान (रू) |
|---|---|---|---|
| १ | शित भण्डार गृह भवन निर्माण कार्य | ८ | २,७०,७३,३४९।८४ |
| २ | सानो व्यासी चोक तथा नपा भवन परिसर ढुङ्गा छपाइ कार्य | २ | १,६२,६७,९७७।७२ |
| ३ | तुमचो खानेपानी ओभरहेड ट्याङ्क निर्माण कार्य | ९ | २,६१,४४,४९१।०८ |
| | **जम्मा** | | **६,९४,८५,८१८।६४** |

| ख. विशेष अनुदान अन्तर्गतका आयोजना/कार्यक्रम | | | |
|---|---|---|---|
| क.सं. | आयोजना/कार्यक्रम | ठेगाना (वडा नं.) | लागत अनुमान (रू) |
| १ | आधुनिक प्रविधिको प्लान्ट उपयोग गरी फोहोर मैला व्यवस्थापन कार्य | ८ | ९,३२,१५,३२९।११ (बहुवर्षीय) |
| २ | स्वास्थ्य चौकी निर्माण कार्य | ७ | ७०,२६,०४७।४६ |
| | **जम्मा** | | **१०,०२,४१,३७६।५७** |

### परियोजना सम्झौता

जापान इन्टरनेशनल मेडिकल टेक्नोलोजी फाउण्डेशन (JIMTEF) को सहयोगमा भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने श्वास प्रश्वास पुन:स्थापना केन्द्र व्यवस्थापनबारे हालसम्मको कार्य प्रगतिबारे बैठकमा जानकारी दिई श्वास प्रश्वास पुनर्स्थापना प्रवर्द्धन परियोजना सम्झौताको लागि भक्तपुर नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठलाई जिम्मेवारी दिने निर्णय गरियो।

### सामाजिक सुरक्षा भत्ता

नगरवासी जेष्ठ नागरिक, एकल महिला तथा अशक्त

अपाङ्गता भएका व्यक्तिहरूलाई वडा कार्यालयमार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी गरिरहेको कार्यलाई आगामी दिनमा पनि निरन्तरता दिन आवश्यक पहलका लागि गृह मन्त्रालयलगायत केन्द्रीय निकायहरूमा अनुरोध गर्ने निर्णय गरियो ।

## समितिहरूका निर्णय अनुमोदन

विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो–

### निर्माण समिति

### मिति २०७७ पुष ९ र २० गते

| निर्माण समितिको मिति २०७७/०९/९ गते | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं | योजनाका बिवरण | वडा नं | बजेट | ल.ई.रकम | रि.ल.ई. रकम | पेश्की | भुक्तानी रकम | खर्च रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
| ल.ई. स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | गय्भिद्यो देखि आदर्श बस स्टपसम्म दुवैतर्फ पेटी निर्माण कार्य तथा ढुङ्गा छपाइ कार्य | ७ | बागमती प्रदेश समपूरक बजेट | १९,९३४,९४५।२८ | | | | | | | | सूचना प्रकाशित |
| २ | बेखाल कभर्ड हल निर्माण कार्य (प्रथम चरण) | १० | ५० लाख विनियोजित बागमती प्रदेश सशर्त अनुदान | ४,९९९,७७९।९९ | | | | | | | | |
| ३ | लान्चा फल्चा पुन:निर्माण कार्य (प्रथम चरण) | १० | २५ लाख विनियोजित सङ्घीय सरकार सांसद कोष | २,७७६,६०८।२१ | | | | | | | | विनियोजित रकम बाहेक थप ल.ई. भएकोमा सम्बन्धित संस्था वा समितिबाट (आर्थिक वा श्रमदान) व्यहोर्ने । |
| ४ | समाज सेवा इन्स्टिच्युट आधारभूत स्कूल झ्याल, खापा र प्लास्टर कार्य | ८ | १० लाख विनियोजित बागमती प्रदेश सांसद कोष | १,१८६,८९१।८६ | | | | | | | | विनियोजित रकम बाहेक थप ल.ई. भएकोमा सम्बन्धित संस्था वा समितिबाट (आर्थिक वा श्रमदान) व्यहोर्ने । |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | बासु मावि पर्खाल निर्माण कार्य | २ | २० लाख विनियोजित बागमती प्रदेश सांसद कोष | २,१६८,०२ ७।७९ | | | | | | | | विनियोजित रकम बाहेक थप ल.ई. भएकोमा सम्बन्धित संस्था वा समितिबाट (आर्थिक वा श्रमदान) व्यहोर्ने । |
| ६ | समाज सुधार माविमा शौचालय तथा प्लास्टर निर्माण कार्य | ८ | १२ लाख ३० हजार विनियोजित बागमती प्रदेश सांसद कोष | १,३११,५१ ५।१७ | | | | | | | | विनियोजित रकम बाहेक थप ल.ई. भएकोमा सम्बन्धित संस्था वा समितिबाट (आर्थिक वा श्रमदान) व्यहोर्ने । |
| ७ | लिबाली आवास क्षेत्रको सडक पेटी स्तरोन्नति कार्य | ८ | ५० लाख विनियोजित बागमती प्रदेश सांसद कोष | ४,९९९,९ ९७।०४ | | | | | | | | |
| रिभाइज ल.ई. सम्बन्धमा | | | | | | | | | | | | |
| १ | महेन्द्र आधारभूत विद्यालय स्तरोन्नति कार्य | ८ | नपा | ६१३,२११। ०० | ८२६,६८ ३।५५ | | | | | | | |
| पेश्की फछ्र्यौट सम्बन्धमा | | | | | | | | | | | | |
| १ | महाकाली पीठ संरक्षण कार्य | ६ | बाग्मती प्रदेश सांसद कोष (२०७६/७७) | २,६१४,४१ २।५७ | पहिलो पेश्की | ८५०,०० ०।०० | २२२,९८ २।५० | १,०७२,९ ८२।५० | १,१४७,३ ९७।३२ | सम्पन्न | कृष्ण बहादुर प्रजापति | |
| | | | | | दोस्रो पेश्की | ९२७,०१७। ५० | ०।०० | ९५८,५२ १।५० | १,५३४,९ ३३।५४ | | | ३१,५०४। ०० आर्थिक सहयोग |
| | | | | | | १,७७७,०१ ७।५० | **२२२,९८ २।५०** | **२,०३१,५ ०४।००** | **२,६८२,३ ३०।८६** | | | |
| २ | जगाती कृषि सिचाइँ योजना कार्य | ८ | कृषि | १,५६९,९२ २।०० | | ५००,००० ।०० | | १,१७९,२ ६२।६७ | २,१३४,२ ४५।९२ | सम्पन्न | कृष्ण भक्त सैंजू | ६,७९,२६ २।६७ आर्थिक सहयोग |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | महेन्द्र आधारभूत विद्यालय स्तरोन्नति कार्य | ८ | नपा | ६१३,२११।८४ | ८२६,६८३।५५ | २००,०००।०० | ४१३,७३६।३४ | ६१३,७३६।३४ | ७९५,०२८।२३ | सम्पन्न | कृष्ण सागर बासी | |
| | म्याद थप | | | | | | | | | | | |
| १ | कमल विनायक बाल उद्यान निर्माण कार्य | १० | नपा | ५,६३५,४८४।२३ | १,५२६,६१८।२७ | | म्याद थप २०७७/९/२९ | | | | | |
| २ | महेन्द्र आधारभूत विद्यालय स्तरोन्नति कार्य | ८ | | ६१३,२११।०० | ८२६,६८३।५५ | | म्याद थप २०७७/९/२९ | | | | | |
| ३ | हनुमान घाट दिप पूर्व पर्खाल तथा वातावरण सुधार कार्य | ७ | नपा | १,९६२,८०३।८५ | १,७२२,५४६।८५ | | म्याद थप २०७७/९/२९ | | | सम्पन्न | | |
| | | | | | उपभोक्ता समिति/अनुगमन समिति गठन सम्बन्धमा | | | | | | | |
| १ | गपलि कुवादेखि अरनिको राजमार्गसम्म ब्लक छपाइ बाटो मर्मत कार्य | ४ | सडक बोर्ड नेपाल र नपा | १,०२७,३७२।६१ | | उ.स.अ. : विश्वराम त्वायना<br>अ.स.स. : राजेन्द्र माक | | | | | | |
| २ | क्वार्छेंदेखि गणेश पाटीसम्म ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ५ | सडक बोर्ड नेपाल र नपा | १,०४१,९५९।२८ | | उ.स.अ. : तुल्सीनारायण दण्डेख्या<br>अ.स.स. : पूर्णगोपाल राजचल | | | | | | |
| ३ | दरवार स्क्वायर स्थित श्री पद्म माविमा पूर्वाधार विकास निर्माण कार्य | ३ | बाग्मती प्रदेश सशर्त अनुदान | २,५६१,०३३।६३ | | उ.स.अ. : बाबुराजा जोशी<br>अ.स.स. : लक्ष्मीप्रसाद गोरा | | | | | | |
| | | | | | भुक्तानी सम्बन्धमा | | | | | | | |
| १ | सी.सी. टि.भी तथा मनिटर जडान कार्य (भार्वाचोंदत्तात्रय) | | सम्पदा क्षेत्र रात्रिकालीन सम्पदा | १,४२६,२७०।१४ | | | ११८,०००।०० | | | | थर्ड आई | धरौटी रकम फिर्ता रू. १,११८,०००।०० |
| २ | थप सी.सी. टि.भी. तथा ४३ इन्च मनिटर जडान कार्य | ५ | सडक बोर्ड नेपाल र नपा | ५७०,७३५।५१ | | | ५०,०००।०० | | | | थर्ड आई | वार्षिक मर्मत सम्भार खर्च र जडान खर्च |
| ३ | आइसोलेशन सेन्टरमा राउटर, धारा लगायतका सामान जडान कार्य | ९ | बाग्मती प्रदेश सशर्त अनुदान | | | | २८,९२२।०० | | | | वर्ल्ड मिसन इन्टरप्राइजेज | WIFI जडान कार्य |

| क्र.सं | योजनाको विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई. रकम | पेश्की | भुक्तानी रकम | खर्च रकम | मूल्याङ्कन रकम | योजना को अस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सडक बत्ती मर्मत तथा अन्य विद्युतीकरण सम्भार कार्य | ११० | सडक बत्ती मर्मत सम्भार | १३५,४४६।४० | | | ४६,३००।०० | | १३१,०१६।४० | | | मंसिर मसान्त सम्मको ज्याला खर्चमात्र (सामान स्टोर बाट प्राप्त) |
| | | | | | निर्माण समितिको मिति २०७७/०९/१९ गते | | | | | | | |
| क्र.सं | योजनाको विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई. रकम | पेश्की | भुक्तानी रकम | खर्च रकम | मूल्याङ्कन रकम | योजना को अस्था | कार्य गर्ने | कैफियत |
| | | | | | ल.ई.स्वीकृत सम्बन्धमा | | | | | | | |
| १ | भीम आदर्श आधारभूत विद्यालय प्लास्टर र भर्‍याङ छोप्ने कार्य | ८ | १० लाख विनियोजित बागमती प्रदेश सांसद कोष | १,१०५,०५८।४९ | | | | | | | | विनियोजित रकम बाहेक थप ल.ई. भएकोमा सम्बन्धित संस्था वा समितिबाट (आर्थिक वा श्रमदान) व्यहोर्ने । |
| २ | शारदा मावि भवन निर्माण कार्य | २ | ४० लाख विनियोजित बागमती प्रदेश सांसद कोष | ४,३४३,१२०।४० | | | | | | | | विनियोजित रकम बाहेक थप ल.ई. भएकोमा सम्बन्धित संस्था वा समितिबाट (आर्थिक वा श्रमदान) व्यहोर्ने । |
| ३ | शारदा मावि भवन निर्माण कार्य | २ | २५ लाख विनियोजित सङ्घीय सरकार सांसद कोष | २,७८६,३७२।५५ | | | | | | | | विनियोजित रकम बाहेक थप ल.ई. भएकोमा सम्बन्धित संस्था वा समितिबाट (आर्थिक वा श्रमदान) व्यहोर्ने । |
| ४ | नपली पुलदेखि नपली चोकसम्म ग्याबियन वाल निर्माण तथा पीच कार्य | १ | २५ लाख विनियोजित बागमती प्रदेश सांसद कोष | २,७६८,९२६।५५ | | | | | | | | विनियोजित रकम बाहेक थप ल.ई. भएकोमा सम्बन्धित संस्था वा समितिबाट (आर्थिक वा श्रमदान) व्यहोर्ने । |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | राममन्दिर काउण्टर देखि मु:दीप पछाडिसम्म सडक ट्र्याक निर्माण कार्य | ४ | ३० लाख विनियोजित बागमती प्रदेश सांसद कोष | ३,२७२,५९५।४० | | | | | | | | विनियोजित रकम बाहेक थप ल.ई. भएकोमा सम्बन्धित संस्था वा समितिबाट (आर्थिक वा श्रमदान) व्यहोर्ने । |
| उपोक्ता समिति/अनुगमन समिति गठन सम्बन्धमा | | | | | | | | | | | | |
| ४ | क्वाठण्डौ ईंटा छपाइ बाटो मर्मत कार्य | १० | सडक बोर्ड नेपाल र नपा | १,०९४,४९८।६८ | | उ.स.अ. : अजय शाही<br>अ.स.स. : जितेन्द्र मुनंकर्मी | | | | | | |
| ५ | हनुमान घोदेखि घलाटेसम्म ब्लक छपाइ बाटो मर्मत कार्य | ३ | सडक बोर्ड नेपाल र नपा | १,०५३,२२४।२२ | | उ.स.अ. : पूर्णप्रसाद सुवाल<br>अ.स.स. : रामसुन्दर खाताखो | | | | | | |
| ६ | हनुमान घाट (त्रिवेणीघाट) खोला सुधार कार्य | ७ | खोला सुधार | ६२२,८१४।३८ | | उ.स.अ. : कृष्णगोविन्द खाइजू<br>अ.स.स. : हेरा ख्याजू | | | | | | |
| म्याद थप सम्बन्धमा | | | | | | | | | | | | |
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवन दोस्रो चरणको फिनिसिङ्ग कार्य अन्तर्गत वाल | ९ | नपा | ८,७२१,९०३।७३ | | म्याद थप २०७७ चैत्र मसान्तसम्म | | | | | | |
| | लगाउने, प्लास्टर गर्ने र काठ सम्बन्धी श्रमठेक्का | | | | | | | | | | | |
| पेश्की फछ्र्यौट सम्बन्धमा | | | | | | | | | | | | |
| १ | विश्वकर्मा आगछैं पुन:निर्माण कार्य | ६ | नपा | ९,९६८,५२६।२४ | | ३,०००,०००।०० | १,१७३,३९७।०० | ४,१७३,३९७।०० | ५,०६४,०७५।५५ | आंशिक सम्पन्न | हरि शरण अवाल | थप पेश्की रू.१८,२५,०००।०० |
| | ठेक्का सम्बन्धी | | | | | | | | | | | |
| १ | ठेक्का नं. bktmun/NCB/works/02/077/78 (भ.न.पा. वडा नं ३ स्थित बाराही पुल निर्माण कार्य (दोस्रो चरण) का लागि म्यादभित्र प्राप्त भएका बोलपत्रहरूमध्ये रू. २,२५,२०,१५१।०३ (अक्षरेपि दुई करोड पचीस लाख बीस हजार एक सय एकाउन्न रूपैयाँ तीन पैसा) कबोल गर्ने श्री जय वागिश्वरी/सिस्ने जे.भी. को प्रस्ताव न्यूनत्तम मूल्याङ्कीत सारभूत रूपमा प्रभावग्राही देखिएकोले स्वीकृतका लागि मूल्याङ्कन समितिको मिति २०७७ पुस ९ गतेको बैठकबाट सिफारिस भई आएकोले सोही बमोजिम स्वीकृत गर्ने निर्णय गरियो । साथै उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गर्ने निर्णय गरियो । | | | | | | | | | | | |

### विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो –

क. वडा नं. ३ का वडा सचिव श्री विश्वराम सिबन्जारले वडा कार्यालयको सामानहरू खरिद गर्नको लागि रु. ३,००,०००।- लिई रु.३,३४,७०१।- बराबरको खर्च बिल पेश गरिएकोमा रु.३४,७०१।- नपुग रकम भुक्तानी दिई निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गर्ने निर्णय गरियो ।

ख. यस नपाको बा ६ प ७९५५ को मोटरसाइकल मर्मत गर्दाको रु. २७,२५५।- लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ग. नपाको फोहोरमैला सङ्कलन गर्ने बा क ग २२६३ को गाडी मर्मत गर्दाको रु. ९,८८७।५०, बा १ ग ३२४० को गाडी मर्मत गर्दाको रु. २१,९९५।४५, बा १ ग २२६७ को गाडी मर्मत गर्दाको रु. २६,२७२।५० र बा १ क ४५५४ को जेट मेशिन गाडीको मर्मत गरे वापत रु. २५८२०।५० गरी कुल रु. ८३,९७५।९५ सिद्धि गणेश मोटर पार्टस्लाई **भुक्तानी** दिने निर्णय गरियो ।

घ. नपाको बा १ झ ८७४८ को गाडी मर्मत वापत रु. १८,७०१।५०, गाडी नं. बा ३ च ८७३ को गाडी मर्मत गरे वापत रु. ४३,९८५।२५, गाडी नं. बा १ झ ८७४९ को गाडी मर्मत गरे वापत रु. ७७,५१८।-, गाडी नं. बा ३ च ८७८ को मर्मत गरे वापत रु. ३०,७३६।- र गाडी नं. बा ३ च ८७७ को मर्मत गरे वापत रु.७०,४८३।७५ गरी कुल रु. २,४१,४२४।५० अजिमा अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ङ. बा १ क ३५५८ को ट्रिपर गाडी मर्मत गरे वापत रु.१५,४७५।- तुल्सी अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

च. नपाको बा १ क ९०२५ को गाडी मर्मत गर्दाको रु. ३,०००। ड्राइभर आशभक्त बंशमनीलाई **भुक्तानी** दिने निर्णय गरियो ।

छ. नपाको फोहोर सङ्कलन गर्ने बा १ झ ८७५० को गाडीको मर्मत गरे वापत रु. १०५०।- बास नेशनल साउण्ड सिस्टमलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ज. मिति २०७७।०८।२२ गते यस नगरपालिकाको कार्यपालिका बैठकको लागि विहानको नास्ता उपलब्ध गराए वापत रु.६,७८०।- सूर्यविनायक पार्टी भेनुलाई **भुक्तानी** दिने निर्णय गरियो ।

झ. नपामा खाजा उपलब्ध गराए वापत रु. ५८५०। बालकृष्ण खाजाघरलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ञ. नपामा खाजा उपलब्ध गराए वापत रु. १८,५४१।- दिव्य स्वीट्सलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ट. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु. १,६८०।- झछे खाजा घरलाई **भुक्तानी** दिने निर्णय गरियो ।

## मिति २०७७ पुस २९ गते, बुधबार

## निर्णयहरू

### आठौं नगरसभा

१. भक्तपुर नगरपालिकाको आठौँ नगरसभाको उद्घाटन समारोहमा नगर प्रमुख सुनिल प्रजापतिले प्रस्तुत गर्नु हुने कार्य प्रगति प्रतिवेदनबारे छलफल गरी कार्यपालिका सदस्यहरूबाट प्राप्त राय सुझावहरू समेटेर आवश्यक संशोधन गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

२.भक्तपुर नगरपालिकाको आठौँ नगर सभाको उद्घाटन समारोह नेपाल मजदुर किसान पार्टीका सचिव श्री प्रेम सुवालज्यूको प्रमुख आतिथ्यमा गर्ने निर्णय गरियो ।

### समितिहरूका निर्णय अनुमोदन

विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो–

**शिक्षा संस्कृति तथा स्वास्थ्य समिति**

**मिति २०७७ पौष २४ गते**

१. आर्थिक वर्ष २०७७/०७८ को लागि भक्तपुर नगरवासी विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनको लागि नगरपालिकाको तर्फबाट प्रदान गर्ने **शैक्षिक ऋण** सम्बन्धी आवेदन फाराम भर्न १५ दिने सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

२. मिति २०७७ पौष १३ गते प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईज्यूको अध्यक्षतामा बसेको बैठकले जिल्ला प्रशासन कार्यालयमा **कोभिड कोष** खडा गरी कोभिडबाट मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन गर्न स्थानीय सरकारबाट १/१ लाख रकम सहयोग गर्ने निर्णय भई सोही बमोजिम रकम माग गर्दै जिल्ला प्रशासन कार्यालय, भक्तपुरबाट मिति २०७७ पौष १५ गते प्राप्त पत्रअनुसार यस नगरपालिकाबाट उक्त कोषमा रु.१ लाख सहयोग गर्ने निर्णय गरियो ।

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं ।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरू सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ ।**

**निर्माण समिति**

**मिति २०७७ पौष २७ गते**

| क्र.सं. | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई. रकम | पेश्की | भुक्तानी रकम | खर्च रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| समपूरक अनुदान बजेट | | | | | | | | | | | | |
| १ | शित भण्डार गृह भवन निर्माण कार्य | ८ | समपुरक अनुदान ०७८/७९ | २७,०७३,३४९।८४ | | | | | | | | |
| २ | सानो व्यासी चोक तथा नपा भवन परिसर ढुङ्गा छपाइ कार्य | २ | विशेष अनुदान ०७८/७९ | १६,२६७,९७७।७२ | | | | | | | | |
| ३ | तुमचो खानेपानी ओभरहेड ट्याङ्क निर्माण कार्य | ९ | विशेष अनुदान ०७८/७९ | २६,१४४,४९१।०८ | | | | | | | | |
| | **जम्मा** | | | **६९,४८५,८१८।६४** | | | | | | | | |
| **विशेष अनुदान बजेट** | | | | | | | | | | | | |
| १ | आधुनिक प्रविधिको प्लान्ट उपयोग गरी फोहोर मैला व्यवस्थापन कार्य | ८ | विशेष अनुदान ०७८/७९ | ९३,२१५,३२९।११ | | | | | | | | |
| २ | स्वास्थ्य चौकी निर्माण कार्य | ७ | विशेष अनुदान ०७८/७९ | ७,०२६,०४७।४६ | | | | | | | | |
| | जम्मा | | | १००,२४१,३७६।५७ | | | | | | | | |
| १ | चण्डेश्वरी आधारभूत विद्यालयको पर्खाल निर्माण कार्य | ७ | १० लाख विनियोजित बागमती प्रदेश सांसद कोष | १,१८९,३७२।४० | | | | | | | | |
| २ | शहीद स्मृति बाल उद्यान स्तरोन्नति तथा विस्तार कार्य | २ | ४० लाख विनियोजित बागमती प्रदेश सांसद कोष | ४,१९८,७१७।८४ | | | | | | | | |
| ३ | गणेश मावि सभा हल निर्माण कार्य | १ | १० लाख विनियोजित बागमती प्रदेश सांसद कोष | ११,५२,२९९।४३ | | | | | | | | |
| ४ | प्रभात माविको पर्खाल, ढल निकास तथा शौचालय निर्माण कार्य | ६ | २० लाख विनियोजित बागमती प्रदेश सांसद कोष | २,६०८,७९३।२१ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | मंगलतीर्थ स्थित उत्तरतिर जनसेवा स्कूलसम्मको पर्ति जग्गा संरक्षण कार्य | ४ | पर्ति जग्गा संरक्षण शीर्षक | ३,०३०,२९०।७९ | | | | | | | | २० लाख विनियोजित |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | लिवाली कभर्ड हल निर्माण कार्य | ८ | नपा | ७,९३४,०२९।०० | | म्याद थप २०७८ वैशाख मसान्तसम्म | | | | | | |
| २ | ब्रम्हायणी बहुउद्देश्यीय भवनमा फिनिसिङ्ग कार्य अन्तर्गत श्यानिटरी फिनिसिङ्ग कार्य | ९ | नपा | १,५४४,५७६।३८ | | म्याद थप २०७७ माघ मसान्तसम्म | | | | | | |
| ३ | ब्रम्हायणी बहुउद्देश्यीय भवनमा इलेक्ट्रिकल सम्बन्धी कार्य | ९ | नपा | ८,११८,३२६।०२ | ७,५०५,६८३।११ | म्याद थप २०७७ माघ मसान्तसम्म | | | | | | |
| **उपभोक्ता समिति स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | मचो भैरव लोहंलादेखि मेतंसम्म ईंटा छपाइ बाटो मर्मत कार्य | ८ | सडक बोर्ड र नपा | १,०५७,६५५।७३ | | उ.स.अ. : सीताराम बोहजू<br>अ.स.स. : कृष्णसागर बासी | | | | | | |
| २ | शारदा मावि भवन निर्माण कार्य | २ | बागमती प्रदेश सांसद कोष | ४,३४३,१२०।४० | | उ.स.अ. : रत्नभक्त कासुला<br>अ.स.स. : रत्नकाजी नायभारी | | | | | | |
| ३ | शारदा मावि भवन निर्माण कार्य | २ | प्रतिनिधिसभा सांसद कोष | २,७८६,३७२।५५ | | उ.स.अ. : लक्ष्मीभक्त लासिवा<br>अ.स.स. : मंगललक्ष्मी शाही | | | | | | |
| ४ | बासु मावि पर्खाल निर्माण कार्य | २ | बागमती प्रदेश सांसद कोष | २,१६८,०२७।७९ | | उ.स.अ. : कान्छा बासुकला<br>अ.स.स. : रत्नकाजी नायभारी | | | | | | |
| **पेश्की फर्छ्यौट सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | जगातीदेखि आदर्शसम्म खानेपानी पाइप बिछ्याउने कार्य | ५/७ | खानेपानी | ५०९,५३५।९७ | | १६०,०००।०० | ४४,१५८।५२ | २०४,१५८।५२ | २७१,२५१।५२ | आंशिक सम्पन्न | नारायण प्रसाद त्वायनाबासु | थप पेश्की रू. १,६०,०००। |

## मिति २०७७ माघ ४ गते, आइतबार

## निर्णयहरू

### विनियम पेश गर्ने

भक्तपुर नगरपालिकाको 'श्वास प्रश्वास पुनर्स्थापना केन्द्रको सञ्चालन विनियम-२०७७' विधायन समितिबाट कार्यपालिकामा पेश भएकोमा सुझावसहित पारितको लागि आठौँ नगर सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

### विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो -

क. वडा नं. ३ का प्रशासन सहायक श्री गणेशराम सुवालले गाईजात्रा कार्यक्रमको लागि रु.२,७५,०००।- पेश्की लिई रु.२,६६,७९५।- बराबरको खर्च बिल पेश गरिएकोमा नपुग रकम बैंक दाखिला गरी निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गर्ने निर्णय गरियो ।

ख. मिति २०७७।०९।२० गते यस नगरपालिकाको बोर्ड बैठकको लागि विहानको नास्ता वापत रु.६,७८०।- सूर्यविनायक पार्टी भेनुलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ग. नपाको फोहोरमैला सङ्कलन गर्ने गाडी को १ स १६७४ को ट्राइसाइकलले बा २ प ८००७ नं. को गाडीलाई हानेको हुँदा सो गाडी मर्मत गरे वापत रु.४,६५०।- दिनेश मानन्धरलाई **भुक्तानी** दिने निर्णय गरियो ।

## मिति २०७७ माघ ६ गते, मंगलबार

## निर्णयहरू

### विधेयक पेश गर्ने

भक्तपुर नगरपालिकाको 'आदर निकेतन सम्बन्धी विधेयक, २०७७' र 'शिशु स्याहार तथा बाल विकास केन्द्र सञ्चालन कार्यविधि-२०७७' विधायन समितिबाट नगर सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

### विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो -

**आर्थिक समिति**

**मिति २०७७।१०।५ गते**

१. यस भक्तपुर नगर क्षेत्रभित्रको घर जग्गामा लाग्ने सम्पत्ति कर (घर जग्गा कर) २०७७ पौष मसान्तभित्र बुझाएमा आवासीय घरको हकमा आ.व.२०७५।०७६ सम्मको घर जग्गा करको बक्यौतामा ५० प्रतिशत छुट दिने निर्णय यस अघि भएकोमा वर्तमान कोभिड-१९ को असरबाट नगरवासीहरूलाई राहत समेत दिन तथा बक्यौता असूलीमा थप प्रभावकारिता ल्याउन उक्त **कर छुटको म्याद** २०७८ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

२. चालू आ.व.२०७७।०७८ को **कर दस्तुरको दरमा निम्न अनुसार संशोधन** तथा थप गर्ने निर्णय गरियो :

१. कवाडी कर - प्रति गाडी निकासीमा

**क.** ठूला सवारी साधन (ट्रक, लरी आदि) साविक रु.१०००।- बाट रु.३,०००।-

**ख.** साना सवारी साधन (मिनी ट्रक, टाटा मोबाइल) रु.५००।- बाट रु.१,०००।-

२. **शौचालय शुल्क प्रस्तावित** प्रति पटक (सार्वजनिक शौचालयको हकमा)

**क.** दिसा -१०।-

**ख.** पिसाब - ५।-

**३. बर्गर हाउस वार्षिक कर**

**क.** श्रेणी- १५,०००।-

**ख.** श्रेणी - १०,०००।-

**ग.** श्रेणी - ५,०००।-

### समितिका निर्णय अनुमोदन

**निर्माण समिति**

**मिति २०७७।१०।६ गते**

भक्तपुर न.पा. वडा नं. १० नं. वडाकार्यालयबाट भूतिपाखा हुँदै वन्ती जाने बाटो स्थित कुलोसहितको गोरेटो बाटोको पूर्व र पश्चिमका कित्ता जग्गा र घरधनीहरूले पेश गरेको निवेदनको मागअनुसार कुलो, गोरेटो बाटो र पर्ति ऐलानी जग्गाहरूको नापी नक्साअनुसार सिमाङ्कन गरेर भक्तपुर न.पा.को भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड सम्बन्धी विनियम २०६० को संशोधन २०७२/८/१३ को परिच्छेद ५ को ५.५० (क) अनुसार पूर्वतिर गोरेटोको केन्द्र रेखाबाट ४.५० मि.मापदण्ड भएकोमा केन्द्र रेखाबाट ३.०० मि.सम्म रिटेनिङ्ग वाल लगाउने र १.५० मि. सेटब्याक घर निर्माणको समयमा छोड्ने र परिच्छेद ५ को ५.५७ अनुसार पश्चिमतिर कुलोको केन्द्र रेखाबाट ४.५० मि. मापदण्ड भएकोमा केन्द्र रेखाबाट ३.०० मि. सम्म रिटेनिङ्ग वाल लगाउने र १.५० मि. सेटब्याक घर निर्माणको समयमा छोड्ने गरी उक्त दुई रेखाबीचको चौडाइमा ग्राभेल गराउने एवम् पर्ति जग्गा भएको ठाउँमा २ मि. थप सेटब्याक रहनेछ । यसो गर्दा प्रत्येक जग्गाबाट बाटोमा योगदान के कति नापमा गएको छ पछि उक्त जग्गाहरूमा घर निर्माण गर्दा आवश्यक छोड्नुपर्ने प्रतिशत ग्राभेल बाटोमा हाल योगदान गरेकोलाई पनि गणना गर्न मिल्ने तर केन्द्ररेखाबाट ४.० मि.को तत्कालीन मापदण्डमा नक्सा पास गरी निर्माण भइसकेको घरहरूको हकमा स्वीकृत नक्साअनुसार १.० मि. मात्र सेटब्याक

राखी केन्द्र रेखाबाट ३.० मि. मा मात्र रिटेनिङ्ग वाल लगाउन **रेखाङ्कन गर्ने** निर्णय गरियो ।

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

**मिति २०७७।१०।५ गते**

१. भक्तपुर नगरपालिकाद्वारा जीर्णोद्धार सम्पन्न विश्व प्रसिद्ध ऐतिहासिक ङातापोल्हँ (पाँच तले मन्दिर) को ऐतिहासिक, सांस्कृतिक पक्ष समेटेर विभिन्न विज्ञहरूको लेख सङ्ग्रह एवं उपभोक्ता समितिमार्फत जीर्णोद्धार कार्यको प्रगति विवरणसमेत समेटेर लेखिएको पुस्तक **'ङातापोल्हँ जीर्णोद्धार–२०७७'** पुस्तक २००० प्रति प्रकाशन गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाले प्रकाशन गर्ने **'ङातापोल्हँ जीर्णोद्धार–२०७७'** पुस्तकको भाषा सम्पादन गर्ने नेपाली भाषा शिक्षक श्री ज्ञानसागर प्रजापतिलाई उहाँको कार्यको उच्च मूल्याङ्कन गरी पारिश्रमिक वापत नगद रु.१५,०००।– (अक्षेरूपी पन्ध्र हजार रूपैयाँ मात्र) प्रदान गर्ने निर्णय गरियो । त्यस्तै पुस्तकको सम्पादनमा महत्त्वपूर्ण योगदान गर्नु हुने विज्ञ श्री लक्ष्मण राज जोशीलाई पनि उहाँको कार्यको उच्च मूल्याङ्कन गरी पारिश्रमिक वापत नगद रु.१५,०००।– (अक्षेरूपी पन्ध्र हजार रूपैयाँ मात्र) प्रदान गर्ने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिका सहकारी (सामुदायिक) विद्यालयहरूमा प्रयोग गरिरहेको **खानेपानीको स्वच्छता विषयमा अध्ययन अनुसन्धान** गर्न नगरपालिकामा प्रस्तावना पेश गरी स्वीकृतिपछि 'Water Sanitation and Hygiene' विषयमा स्नाकत्तोत्तर तहको थेसिस तयार गरी नगरपालिकामा बुझाउने ख्वप कलेज वातावरण विज्ञान संकायका विद्यार्थी श्री सृजना सुवाललाई धन्यवाद ज्ञापन सहित नगद रु.१२,०००।– (अक्षेरूपी बाह्र हजार रूपैयाँ मात्र) प्रदान गर्ने निर्णय गरियो ।

## मिति २०७७ माघ २२ गते, बिहीबार

## निर्णयहरू

### प्रतिवेदन

भक्तपुर नगरपालिकाको 'लेखा समितिको प्रतिवेदन २०७७' स्वीकृत गरी पारित गर्नको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

### समितिहरूका निर्णय अनुमोदन

विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो–

**कृषि समिति**

**मिति २०७७।१०।२१ गते**

१. **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना** कार्यान्वयन अन्तर्गत खाद्य बाली, तरकारी बाली पकेट अनुदान सम्बन्धमा परियोजना अन्तर्गत रही किसानहरूलाई १५ दिने निवेदन आह्वान गरी 'मजदुर' दैनिक पत्रिकामा सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

२. **परियोजना** अन्तर्गत बाख्रापालन पकेट अनुदान कार्यक्रमको लागि परियोजनाभित्र रही किसानहरूलाई १५ दिने निवेदन आह्वान गरी 'मजदुर' दैनिक पत्रिकामा सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

३. यस भक्तपुर नगरमा **छाडा कुकुर** बन्ध्याकरण, रेबिज खोप तथा व्यवस्थापन कार्यलाई अगाडि बढाउने निर्णय गरियो ।

**युवा तथा खेलकुद समिति**

**मिति २०७७।१०।२० गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा **'मेयर कप बुद्धिचाल प्रतियोगिता २०७७'** फागुन महिनाको तेश्रो हप्तामा आयोजना गर्ने निर्णय गरियो ।

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

**मिति २०७७।१०।२१ गते**

१. भक्तपुरका नगरवासीहरूलाई सहज र प्रभावकारी रूपमा आयुर्वेदिक स्वास्थ्य उपचार प्रदान गर्ने हेतुले नेपाल सरकार बागमती प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भए बमोजिम भ.न.पा. ६, चोछेँस्थित नगरपालिकाको आफ्नै भवनमा २०७७ माघ २४ गते **आयुर्वेदिक स्वास्थ्य उपचार केन्द्र**को उद्घाटन समारोह गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरिने **श्वासप्रश्वास पुनः स्थापना केन्द्र** (RespirAtory Rehabilitation Center) को भवन उद्घाटन एवं उपचार सेवा सञ्चालन शुभारम्भ समारोह २०७७ माघ २९ गते, बिहीवार तुमचोमा गर्ने निर्णय गरियो ।

३. नेपाल सरकार बागमती प्रदेश सरकारको निर्णय बमोजिम भक्तपुर नगरपालिका वडा नं. २ स्थित बासु मा.वि. को लागि र भनपा ३ स्थित पदम मा.वि. **एक विद्यालय एक नर्स कार्यक्रम** अन्तर्गत दुईजना स्टाफ नर्स नियुक्त गरी पठाएकोमा ती विद्यालयहरूमा स्वास्थ्य उपचारका लागि आवश्यक सामग्रीहरू नगरपालिकाको तर्फबाट खरिद गरी विद्यालयहरूलाई प्रदान गर्ने निर्णय गरियो ।

४. भक्तपुर नगरपालिकाले प्रत्येक वर्ष विभिन्न रोगको स्वास्थ्य शिविर सञ्चालन गर्दै आएकोमा यो वर्ष सबै वडा कार्यालयहरू मार्फत महिलाहरूको **पाठेघरसम्बन्धी तथा आँखा परीक्षणसम्बन्धी स्वास्थ्य शिविर** सञ्चालन गर्ने निर्णय गरियो ।

५. नेपाल सरकारबाट प्राप्त सःशर्त कार्यक्रम अन्तर्गत यस नगरपालिकाका विद्यालयहरूमा अध्ययनरत छात्राहरूलाई **स्यानिटरी प्याड वितरण** गर्न आवश्यक प्रबन्ध मिलाउने निर्णय गरियो ।

## निर्माण समिति

### मिति २०७७/१०/१९ गते

| क.सं. | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रिल.ई./ कबोल रकम | पेश्की | भुक्तानी रकम | खर्च रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | सांस्कृतिक प्रदर्शनी केन्द्र हस्तकला प्रदर्शनी केन्द्र) निर्माण कार्य | २ | बागमती प्रदेश श:सर्त अनुदान | ६,१७६,१३७ ।४२ | | | | | | | | |
| २ | कमलविनायक पोखरीमा पार्किङ बनाउने कार्य | १० | मर्मत सम्भार | ९२,३४२ ।५२ | | | | | | | | |
| ३ | कमल विनायकस्थित बेखाल स्वास्थ्य चौकी निर्माण कार्य | १० | बागमती प्रदेश विशेष बजेट | ३,५८०,५२२ ।१५ | | | | | | | | टेण्डर आह्वानका लागि सूचना प्रकाशन गर्ने |
| ४ | केटामरू घाट बाटो तथा चुपिंघाटस्थित सिवालय भवन परिसर सर सफाइ कार्य | ५ | प्रधानमन्त्री स्वरोजगार कार्यक्रम | १,०१६,५०९ ।२६ | | | | | | | | |
| ५ | नगरको रिङ रोडमा सडक बत्ती जडान कार्यको थप कार्य सहित भेरियसन ल.ई. | | क्रमागत सङ्घीय तथा तथा बागमती प्रदेश समपूरक तथा विशेष बजेट | १३,४५१,८१४ ।४२ | भेरियसन ल.ई. १,४४,६७, ९६६।९२ | साविक BOQ अनुसार १,०३,४५, ७००।०० | भेरियसन BOQ अनुसार १,१०,५१, ९५०।०० | | | | | |
| ६ | नगरको रिंङ रोडमा सडक बत्ती जडान गर्ने क्रममा BOQ मा उल्लेखित आइटम बाहेकको थप कार्य | | सडक बत्ती मर्मत सम्भार शीर्षक | १७५,०८१ ।६४ | | | | | | | | |
| ७ | सडक बत्तीको लागि वटा विद्युत मिटरहरू जडान कार्य | | सडक बत्ती बत्ती मर्मत सम्भार शीर्षक | ९८,१०९ ।९४ | | | | | | | | |

## पेश्की फछ्र्यौट सम्बन्धमा

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पाटिंग:देखि खंचा हनुमानघाटसम्म ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ७ | सडक बोर्ड नपा | १,०८८,४१६।३९ | | ३५०,०००।०० | २९०,३१।०० | ६४०,३१३।०० | ७१०,५३३।४७ | चालू | राजा राम ख्याजू | आंशिक पे.फ. दोस्रो पेश्की माग रू. लाख ७५ ७५ हजार मात्र । |
| २ | नपली पुलदेखि सृजना नगर चोक सम्म बाटोको उत्तरतर्फ रिटेनिङ्ग वाल निर्माण कार्य (प्रथम चरण) | १ | नपा | १,०९७,८३५।१७ | | ३५०,०००।०० | १६५,२९।०० | ५१५,२९२।०० | ७७३,४४२।६३ | सम्पन्न | ललित कुमार घिमिरे | पे.फ. भइसकेको |
| ३ | रानीपोखरी संरक्षण कार्य (दोस्रो चरण) | १ | रानीपोखरी संरक्षण शीर्षक | ६,४६७,१४८।३० | पहिलो पेश्की | १,५००,०००।०० | ४३०,४२८।०० | १,९३०,४२८।०० | १,९७८,५१२५ | आंशिक सम्पन्न | श्याम सुन्दर बाटी | थप पेश्की रू.१९ लाख |
| | | | | | दोश्रो पेश्की | २,१००,०००।०० | | २,१००,०००।०० | २,२५४,११२।७८ | | | |
| | | | | | **जम्मा** | **३,६००,०००।००** | **४३०,४२।००** | **४,०३०,४२८।००** | | | | |

### भुक्तानी सम्बन्धमा

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १११० वडासम्मका विभिन्न टोलमा Cast Rounded Manhole Cover प्रयोजन कार्य | १–१० | मर्मत | ३९५,७९१।३१ | | | ३८०,०००।०० | ३८०,०००।०० | ३९३,९७४।७० | सम्पन्न | | १० वटा १८ इन्चको र १० वटा २० इन्चको खर्चबाट २,६९,९९९।९४ ४ म्यान होल कभर्ड र फ्रेम मर्मत स्टोरमा रहेको |
| २ | १ देखि १० वडा सम्मका सडक तथा पेटी मर्मत कार्य | १–१० | मर्मत | २१२,३८५।०२ | | | ५४,२२५।००(ज्याला मात्र) | ५४,२२५।०० | १९८,३।८७ | सम्पन्न | | सामान जिन्सीबाट प्राप्त |

## उपभोक्ता समिति स्वीकृति सम्बन्धमा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | न:पलीपुल देखि न:पली चोकसम्म रिटेनिङ्ग वाल | १ | बागमती प्रदेश सांसद कोष | २,७६८,९२६।५५ | | उ.स.अ .: हिराकाजी निरौला<br>अ.स.स. : सूर्यप्रसाद श्रेष्ठ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | निर्माण तथा पीच कार्य (दोस्रो चरण) | | | | | | | | |
| २ | समाज सुधार माविमा शौचालय तथा प्लास्टर निर्माण कार्य | ८ | बागमती प्रदेश सांसद कोष | १,३११,५१५ ।१७ | | उ.स.अ : कृष्ण बोहजू<br>अ.स.स. : राम प्रजापति | | | |
| ३ | भीम आदर्श आधारभूत विद्यालय प्लास्टर र भऱ्याङ्ग छोप्ने कार्य | ८ | बागमती प्रदेश सांसद कोष | १,१०५,०५ ८।४९ | | उ.स.अ. : विश्वराम दुवाल<br>अ.स.स. : जितेन्द्र खायमली | | | |
| ४ | बेखाल कभर्ड निर्माण कार्य (प्रथम चरण) | १० | बागमती प्रदेश सशर्त अनुदान | ४,९९९,७७ ९।९९ | | उ.स.अ. : लक्ष्मीप्रसाद चवाल<br>अ.स.स. : जितेन्द्र मुनंकर्मी | | | |
| ५ | गणेश मावि सभा हल निर्माण कार्य | १ | बागमती प्रदेश सांसद कोष | १,१४०,३३७ ।८२ | | उ.स.अ : बुद्धिभक्त सिन्ताकल<br>अ.स.स. : गंगालक्ष्मी बमनु | | | |
| ६ | समाज सेवा सेवा इन्स्टिच्युट आधारभूत स्कूलमा झ्याल खापा, प्लास्टर कार्य | ८ | बागमती प्रदेश सांसद कोष | १,१८६,८९१ ।८६ | | उ.स.अ. : कृष्णराम ख्याजू<br>अ.स.स. कृष्णगोपाल छुस्याबाग | | | |
| ७ | राममन्दिर काउण्टरदेखि मु:दीप पछाडिसम्म सडक ट्र्याक निर्माण कार्य | ४ | बागमती प्रदेश सांसद कोष | ३,२७२,५९५ ।४० | | उ.स.अ.:समीर प्रजापति<br>अ.स.स.: पशुपति प्रजापति | | | |
| ८ | शहीद स्मृति बाल उद्यान स्तरोन्नति तथा विस्तार कार्य | २ | बागमती प्रदेश सांसद कोष | ४,१९८,७१७ ।८४ | | उ.स.अ.: कमलश्वरी सुवाल<br>अ.स.स. : श्यामसुन्दर मातां | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | चण्डेश्वरी आधारभूत विद्यालयको पर्खाल निर्माण कार्य | ७ | १० लाख विनियोजित बागमती प्रदेश सांसद कोष | १,१८९,३७२।४० | | उ.स.अ. : लक्ष्मीनारायण त्वानाबासु<br>अ.स.स. : हरिरत्न गोर्खाली | | | |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | |
| १ | म्हेश्वरी घाटमा ढुङ्गा छपाइ कार्य | | नपा | २८,७७,४१८।०८ | | म्याद थप २०७८ जेठ मसान्तसम्म | | | |
| २ | नगरको रिङ्ग रोडमा सडक बत्ती जडान कार्य | | क्रमागत सङ्घीय बागमती प्रदेश समपूरक तथा विशेष बजेट | १३,४५१,८१४।४२ | १४,४६७,९६६।९२ | म्याद थप २०७७ फागुन मसान्तसम्म | | | |
| ३ | दुगुरे क्षेत्र संरक्षण उपभोक्ता समिति | ९ | | | | म्याद थप २०७८ जेष्ठ मसान्तसम्म | | | |

**नगरको रिङ्ग रोडमा सडक बत्ती जडान कार्य सम्बन्धमा**

१. भक्तपुर नगरको रिङ्ग रोडलगायतका स्थानहरूमा ४५० (चार सय पचास) सेट **नयाँ सडक बत्तीका** लागि करिब ३० देखि ४५ सेट सडक बत्तीको एक वटा सर्किटबाट नियन्त्रण (बाल्ने/निभाउने) हुने गरी १२ (बाह्र) वटा विद्युत मिटरको ल.ई. रु. ९८,१०९।९४ सडक बत्ती मर्मत शीर्षकबाट व्यहोर्ने गरी उपयुक्त क्षमताको विद्युत् मिटरहरु १२ (बाह्र) वटै स्थानहरूमा नेपाल विद्युत प्राधिकरण, वितरण केन्द्र,दूधपाटी, भक्तपुरबाट जडान गराई नियमित सडक बत्ती सञ्चालन गर्ने निर्णय गरियो ।

२. साविकको डिजाइनमा उल्लेखित सडकभन्दा तपसिलअनुसार थप सडक खण्डहरूमा डिजाइनमा उल्लेखित सडक बत्ती सङ्ख्या ४५० भित्रै रहेर नपुग 2 core,16 sq. mm. को केबुल र अनावश्यक पोल हटाई सडक बत्ती जडान गर्ने निर्णय गरियो ।

| क्र.सं | सडक बत्ती जडान हुने सडक खण्डहरू | सडक बत्ती जडान सङ्ख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | देकोचा बस स्टपदेखि ख्वप कलेजको दोबाटोसम्म | ७ | | | | | | | |
| २ | कमलविनायक चोकदेखि लान्चा पाटी हुँदै खरिपाटी पाटीसम्म | ३० | | | | | | | |
| ३ | जगाती चोक (अरनिको राजमार्गको सव वे) देखि भुलान्चा चोकसम्म | १८ | | | | | | | |
| ४ | च्याम्हासिंह चोकदेखि ब्रम्हायणी पीठसम्म | ३१ | | | | | | | |
| ५ | नपली पुलदेखि नपली पिपल बोटसम्म | ६ | | | | | | | |
| ६ | भार्वाचो बस पार्क क्षेत्र | १३ (८+५) | | | | | | | |
| | **जम्मा** | **१०५** | | | | | | | |

३ **चालू आ.व. ०७६/७७ को सडक बत्ती जडान सम्बन्धी ठेक्का नं.** bktmun/works/NCB/16/076/77 **अन्तर्गत सडक बत्ती जडान कार्य भइरहेकोमा साविकको डिजाइनमा उल्लेखित सडकभन्दा थप सडक खण्डहरूमा डिजाइनमा उल्लेखित सडक बत्ती सङ्ख्या ४५० भित्रै रहेर नपुग** 2 core 16 sq. mm. **को केबुल र अनावश्यक पोल हटाई सडक बत्ती जडान गर्न थप आवश्यक सामग्रीहरूको लागि प्राप्त तीन वटा कोटेशनहरूमध्ये सबैभन्दा कम दर रेट रु. १,३७,२९५।- (अक्षरेपि एक लाख सरतीस हजार दुई सय पन्चानब्बे रुपैयाँ मात्र) कबोल गर्ने** Topsun Energy Pvt.Lid. **नागार्जुना, काठमाडौंको प्रस्ताव न्यूनत्तम मूल्याङ्कीत सारभूत रूपमा प्रभावग्राही देखिएकोले स्वीकृत गर्ने निर्णय गरियो ।**

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. भक्तपुर नगरपालिकाको बा ३ च ७१५० नं. को गाडीको मर्मत खर्च र इन्धन खर्च वापत रु.१४,५५७।७० गाडी चालक बुद्धिनारायण सुवाललाई **भुक्तानी** दिने निर्णय गरियो।

ख. भक्तपुर नगरपालिकाको  को १ स १६७१ को तीन पाङ्ग्रे मोटरसाइकल मर्मत गरे वापत रु.१,८५०।–, को १ स १६८६ को तीनपाङ्ग्रे मोटरसाइकल मर्मत गरे वापत रु. ११,४५०।–, को १ स १६७२ को तीनपाङ्ग्रे मोटरसाइकल मर्मत गरे वापत रु.१,५५०।– र को १ स १६८७ को तीन पाङ्ग्रे मोटरसाइकल मर्मत गरे वापत रु.१३,१७५।– गरी कुल रु.२८,०२५।– लक्ष्मी अटो पार्टस्लाई **भुक्तानी** दिने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाको बा १ क ३५५९ को ट्रिपर गाडी मर्मत गरे वापत रु.१,२८०।– गाडी चालक हरिकृष्ण बासीलाई **भुक्तानी** दिने निर्णय गरियो।

घ. भक्तपुर नगरपालिकाको बा १ ग २२६२ को पानी बोक्ने ट्याङ्कर गाडी मर्मत गरे वापत रु. १९,४९२।५०, बा १ ग २२६५ को गाडी मर्मत गरे वापत रु. ४५,५१०।७५ गरी कुल रु.६५,००३।२५ सिद्धि गणेश मोटर पार्टसलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाको बा १ झ ८७४८ को गाडी मर्मत गरे वापत रु. १०६५४।८८ नेपाल अटो इलेक्ट्रिक ट्रेड लिंकलाई **भुक्तानी** दिने निर्णय गरियो ।

च. भक्तपुर नगरपालिकामा विभिन्न कार्यक्रममा खाजा उपलब्ध गराए वापत रु. ३३,१५०।– दिव्य स्वीट्सलाई **भुक्तानी** दिने निर्णय गरियो ।

छ. भक्तपुर नगरपालिका वडा नं. १ का वडाअध्यक्ष श्री श्यामकृष्ण खत्रीले सुर्खेत, बाँके, बर्दिया, कैलाली तथा रुपन्देहीलगायतका जिल्लाहरूको अध्ययन भ्रमणको लागि रु १,५०,०००।– पेश्की लिएकोमा रु.५८,७५०।– बराबरको बिल भर्पाइ पेश गरी नपुग रकम दाखिला गरी निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गरियो ।

ज. भक्तपुर नगरपालिका वडा नं. का ९ का वडाअध्यक्ष श्री रबिन्द्र ज्याख्वले मकवानपुर, बारा, पर्सा र रौतहट लगायतका जिल्लाहरूको अध्ययन भ्रमणका लागि रु. ५०,०००।– पेश्की लिएकोमा रु.१६,८००।– बराबरको बिल भर्पाई पेश गरी नपुग रकम दाखिला गरी निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गरियो ।

# मिति २०७७ माघ २६ गते, सोमबार

## निर्णयहरू

### बजेट तथा कार्यक्रम संशोधन

देहाय बमोजिमको चालू आ.व. २०७७।०७८ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत पूँजीगततर्फ बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव स्वीकृत गरी नगर सभामा पेश गर्ने निर्णय गरियो :

| आ.व. २०७७/७८ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत पूँजीगततर्फ बजेट तथा कार्यक्रम प्रस्ताव | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र सं | आ.व. २०७७/०७८ को लागि स्वीकृत योजनाहरू | विनियोजित बजेट | संशोधित विनियोजित बजेट | चालू आ.व. २०७७/०७८ को लागि थप संशोधित योजनाहरू | ल.ई. | संशोधित विनियोजित रकम (जम्मा नपुग रकम) |
| १ | महेश्वरी खेल मैदान निर्माण कार्य | ६,५००,०००।०० | १,०५९,१२२।६६ | छिपा तां (पुल) पुन:निर्माण कार्य | ९,९४१,७९७।९१ | ५,४४०,८७७।३४ |
| २ | भार्वाचो बहुउद्देश्यीय भवन निर्माण कार्य | ६,५००,०००।०० | २,६४९,३५६।९० | रानी पोखरी पुन:निर्माण कार्य | ६,४६७,१४२।३० | ३,८५०,६४३।१० |
| ३ | अरनिको सभा भवन निर्माण कार्य | ६,०००,०००।०० | ३,२०४,८७०।८० | विश्वकर्मा आगंछैं पुन: निर्माण कार्य | ९,९६८,५२३।२४ | २,७९५,१२९।२० |
| ४ | टीभी, एफएम रिकर्डिङ केन्द्र निर्माण कार्य | ५,०००,०००।०० | २,०००,०००।०० | दुबेंकी फल्चा पुन:निर्माण कार्य | ४,८२०,४३७।५० | ३,०००,०००।०० |
| | **जम्मा** | **२४,०००,०००।००** | **८,९१३,३५०।३६** | **जम्मा** | **३१,१९७,९००।९५** | **१५,०८६,६४९।६४** |

## विनियम संशोधन

देहाय बमोजिमको ख्वप इन्जिनियरिङ कलेजको विनियम–२०७७ (पहिलो संशोधन) र ख्वप कलेज अफ इन्जिनियरिङ विनियम–२०७७ (पहिलो संशोधन) स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो :

ख्वप इन्जिनियरिङ कलेज विनियम २०६५ मा पहिलो संशोधन गर्न वाञ्छित हुँदा भक्तपुर नगरपालिकाको आठौँ नगर सभाबाट निम्न बमोजिमको संशोधन गरिएको छ ।

### संशोधनको तीन महले विवरण

| क्र.सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधन पछिको व्यवस्था | संशोधन हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १. | नियम १५ | १५. कोटा, भर्ना समिति र झुकाव परीक्षा<br>१. यो कलेज भक्तपुर नगरपालिकाबाट सञ्चालित भएको हुँदा देहाय बमोजिम कोटा निर्धारण गरी विद्यार्थी भर्ना लिइने छ :<br>क) भक्तपुर नगरपालिका क्षेत्रका विद्यार्थी पचास प्रतिशत<br>ख) भक्तपुर जिल्ला (भनपा बाहेक) का विद्यार्थी पन्ध्र प्रतिशत<br>ग) भक्तपुर जिल्ला बाहिरका विद्यार्थी तीस प्रतिशत<br>घ) दुर्गम जिल्लाक विद्यार्थी पाँच प्रतिशत<br>२. प्रवेश परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई झुकाव परीक्षासमेत लिन सञ्चालक समितिले पाँच सदस्यीय एक भर्ना समिति गठन गर्न सक्नेछ । भर्ना समितिले वैकल्पिक उम्मेदवारहरू मध्येबाट पहिलो सम्पर्कमा आउने विद्यार्थीलाई प्राथमिकता दिएर भर्ना लिन सक्नेछ । | १५. विद्यार्थी कोटा र भर्ना समिति<br>१. यो कलेज सञ्चालक समितिले विद्यार्थी भर्ना कोटा निर्धारण र भर्ना समिति गठन गरी विद्यार्थी भर्ना गर्नेछ । | भक्तपुर नगर र भक्तपुर जिल्ला (भ.न.पा. बाहेक) का योग्य विद्यार्थीहरूको आवेदन कोटा अनुसार पुग्दो नभएको । |

ख्वप कलेज अफ इन्जिनियरिङ विनियम २०६५ मा पहिलो संशोधन गर्न वाञ्छित हुँदा भक्तपुर नगरपालिकाको आठौं नगर सभाबाट निम्न बमोजमको संशोधन गरिएको छ ।

### संशोधनको तीन महले विवरण

| क्र.सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधन पछिको व्यवस्था | संशोधन हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १. | नियम १५ | १५. कोटा, भर्ना समिति र झुकाव परीक्षा<br>१. यो कलेज भक्तपुर नगरपालिकाबाट सञ्चालित भएको हुँदा देहाय बमोजिम कोटा निर्धारण गरी विद्यार्थी भर्ना लिइने छ :<br>क) भक्तपुर नगरपालिका क्षेत्रका विद्यार्थी पचास प्रतिशत<br>ख) भक्तपुर जिल्ला (भनपा बाहेक) का विद्यार्थी पन्ध्र प्रतिशत<br>ग) भक्तपुर जिल्ला बाहिरका विद्यार्थी तीस प्रतिशत<br>घ) दुर्गम जिल्लाका विद्यार्थी पाँच प्रतिशत<br>२. प्रवेश परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई झुकाव परीक्षा समेत लिन सञ्चालक समितिले पाँच सदस्यीय एक भर्ना समिति गठन गर्न सक्नेछ । भर्ना समितिले वैकल्पिक उम्मेदवारहरु मध्येबाट पहिलो सम्पर्कमा आउने विद्यार्थीलाई प्राथमिकता दिएर भर्ना लिन सक्नेछ । | १५. विद्यार्थी कोटा र भर्ना समिति<br>१. यो कलेज सञ्चालक समितिले विद्यार्थी भर्ना कोटा निर्धारण र भर्ना समिति गठन गरी विद्यार्थी भर्ना गर्नेछ । | भक्तपुर नगर र भक्तपुर जिल्ला (भ.न.पा. बाहेक) का योग्य विद्यार्थीहरूको आवेदन कोटा अनुसार पुग्दो नभएको । |

## नक्सा पास र सूचिकरण सम्बन्धी कार्यविधि

'भक्तपुर नगरपालिका साविक मापदण्ड अनुसार निर्माण भएका घर भवनको नक्सा पास र सूचिकरण सम्बन्धी कार्यविधि – २०७७' स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

## समितिका निर्णय अनुमोदन

विभिन्न समितिहरुको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो–

## निर्माण समिति

### मिति २०७७।१०।२६ गते

| क्र.सं | योजनाको बिवरण | वडा नं. | बजेट | ल.ई.रकम | रिल.ई. कबोल रकम | पेश्की | भुक्तानी रकम | खर्च रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | जगाती कृषि सिंचाइ कार्य (दोस्रो चरण) | ८ | खानेपानी शीर्षक | १,१४३,२८६।०४ | | | | | | | | |
| २ | कमलविनायक पोखरीमा ढुङ्गा पार्किङ बनाउने कार्य | १० | मर्मत सम्भार | ९२,३४२।५२ | | ३०,०००।०० | | | | | जितेन्द्र मुनंकर्मी | अमानत बाट कार्य गर्ने |
| ३ | कोभिडसम्बन्धी सामग्री खरिद कार्य | १–१० | सङ्घीय सरकार सांसद कोष विनियोजित रू १० लाख ४० हजार | १,०९७,५०।०० | | | | | | | | |
| **उपभोक्ता समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | लान्चा फल्चा पुन:निर्माण कार्य (प्रथम चरण) | १० | २५ लाख विनियोजित सङ्घ सरकार सांसद कोष | २,७७६,६०८।२१ | | उ.स.अ. : कृष्णनारायण दुमरू<br>अ.स.स. : जितेन्द्र मुनंकर्मी | | | | | | |
| २ | खौमादेखि इन्द्रायणी पीठ परिसरसम्मको बाटो मर्मत कार्य | २ | सडक बोर्ड | १,०६९,६८३।१५ | | उ.स.अ. : पूर्णप्रसाद सायजू<br>अ.स.स. : श्यामसुन्दर मातां | | | | | | |
| ३ | कोभिडसम्बन्धी सामग्री खरिद कार्य | | सङ्घीय सरकार सांसद कोष विनियाजित रू १० लाख ४० हजार | १,०९७,५००।०० | | उ.स.अ : उपेन्द्र सुवाल<br>अ.स.स. : रविन्द्र ज्याख्व | | | | | | |
| **भुक्तानी/पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | गय:भिंद्यो पुल परिसर बाटोमा पीच तथा रिटेनिङ् वाल निर्माण कार्य (प्रथम चरण) | ७ | बाग्मती प्रदेश समपुरक बजेट र नपा | १९,९९८,४६५।०० | कबोल अङ्क १,३१,८१,९७४।३२ | प्रथम रनिङबिल<br>दोस्रो रनिङबिल<br>तेस्रो/अन्तिम रनिंग बिल<br>जम्मा | ७,१२४,६२०।०१<br>३,००७,८।७६<br>**२,३८१,४१७।३७**<br>१२,५१३,४४६।१४ | ७,१२४,६२०।०१<br>३,००७,४०८।७६<br>**२,३८१,४१७।३७**<br>१२,५१३,४४६।१४ | ७,१२४,६२०।०१<br>३,००७,४०८।७६<br>**२,३८१,४१७।३७**<br>१२,५१३,४४६।१४ | सम्पन्न | बाग्मती डेभलपर्स प्रा.लि. | अन्तिम/तेस्रो बिल मात्र भुक्तानी गर्ने |
| २ | क्वाछेँदेखि गणेश पाटीसम्म ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ५ | सडक बोर्ड नेपाल र नपा | १,०४१,९५९।२८ | | ३३०,०००।०० | १३२,४२६।८२ | ४६२,४२६।८२ | ४९१,९४५।०१ | | | थप दोस्रो पेश्की रू. ४ लाख ४० हजार दिने |
| ३ | हनुमानद्यो:देखि घलाटेसम्म ब्लक छपाइ बाटो मर्मत कार्य | ३ | सडक बोर्ड नेपाल र नपा | १,०५३,२२४।२२ | | ३३०,०००।०० | ६६९,४५६।९५ | १,०५४,४५६।९५ | १,११२,६०७।०७ | सम्पन्न | | आर्थिक सहयोग रू.५५ हजार |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | खानेपानी उपचार प्लान्ट निर्माण कार्य | २ | तुमचो दुगुरे जग्गा एकीकरण आयोजना | | | २०७८ जेष्ठ मसान्तसम्म | | | | | | |




(भक्तपुर नगरपालिकाको आठौं नगरसभाको विभिन्न मितिमा बसेका चारओटा बैठकका समाचार गताङ्कमा प्रकाशित)

## पाँचौं बैठक

(२०७७ माघ २२ गते)

**'लेखा समितिको प्रतिवेदन २०७७' पारित**

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको भक्तपुर नगरपालिकाको आठौँ नगरसभाको माघ २२ गते बसेको बैठकले **'भक्तपुर नगरपालिकाको लेखा समितिको प्रतिवेदन २०७७'** सर्वसम्मतिले पारित गऱ्यो ।



प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले आर्थिक पारदर्शितालाई विशेष ध्यान दिई कार्य गरिरहेको तथा जनप्रतिनिधिहरूलाई आर्थिक अनुशासन कायम गर्न सहयोग पुऱ्याउने बताउनुहुँदै महालेखाले औँल्याएका कतिपय कुराहरू नीतिगत रूपमा मिलाउन सकिने बताउनुभयो ।

उहाँले स्थानीय तहहरूका जनप्रतिनिधिहरू बदनाम भैरहेको तर्फ ध्यानाकर्षण गर्नुहुँदै भक्तपुर नगरपालिकाले गरिरहेको कार्यहरू स्थानीय तहका जनप्रतिनिधिहरूले नियालीरहेको हुँदा आर्थिक अनुशासनमा जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाको आ.व. २०७५।७६, २०७४।७५ र २०७३।७४ को महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण भई भक्तपुर नगरपालिकालाई प्राप्त अन्तिम लेखा परीक्षण प्रतिवेदनमा औँल्याइएका नियमित गर्नुपर्ने, असुल उपर गर्नुपर्ने र प्रमाण पेश गर्नुपर्ने बेरुजुहरूको सम्बन्धमा नगरपालिकाको नगर सभाबाट गठित लेखा समितिको बैठकहरूमा अध्ययन तथा छलफल भै बेरुजु फछ्यौंटका लागि पेश भएको प्रतिवेदन नगरसभामा पेश भएको हो ।




छलफलमा उठेका जिज्ञासाबारे लेखा समितिका संयोजक हरिप्रसाद बासुकला प्रष्ट पार्नुहुँदै

लेखा समितिको प्रतिवेदनबारे छलफलमा सभासद् शिवप्रसाद बालाले आफ्नो धारणा राख्नुभएको थियो भने छलफलमा उठेका जिज्ञासामाथि लेखा समितिका संयोजक हरिप्रसाद बासुकलाले प्रष्ट पार्नुहुँदै महालेखाले औँल्याएका प्रायःजसो समाधान भइसकेको र केही कुराहरू नीतिगत अस्पष्टता रहेकोले स्पष्ट पारी महालेखा परीक्षकको कार्यालयमा लेखी पठाउने प्रष्ट्याउनुभयो ।

नगरसभाको अर्को बैठक माघ २६ गते बस्ने गरी स्थगित भयो ।

## छैटौं बैठक

(२०७७ माघ २६ गते)

**इन्जिनियरिङ कलेजहरूको विनियम संशोधन** र **स्वीकृत योजनाहरूका बजेट संशोधन** प्रस्ताव पारित

भक्तपुर नगरपालिका आठौँ नगरसभाका सभाध्यक्ष एवम् नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा नगरसभाको बैठक माघ २६ गते बस्यो ।



उक्त बैठकले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको विनियम संशोधन प्रस्ताव र आर्थिक वर्ष २०७७/७८ मा स्वीकृत योजनाहरूका लागि बजेट संशोधन प्रस्ताव पारित गर्‍यो ।

आज बसेको नगरसभा बैठकमा भक्तपुर नगरपालिकाद्वारा गठित न्यायिक समिति, अपाङ्गता परिचयपत्र वितरण अस्थायी समन्वय समिति, नवदुर्गा मुकुण्डो निर्माण अक्षय कोष सञ्चालन कार्यसमिति, शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति, वातावरण तथा पर्यटन समिति, महिला वालवालिका तथा समाज कल्याण समिति, युवा तथा खेलकुद समिति, कृषि समिति/बजार अनुगमन समिति, निर्माण समिति, विधायन समिति, आर्थिक समिति/लेखा समिति, खानेपानी समिति, सहकारी संस्था अनुगमन समिति, भक्तपुर नगरपालिका मल वितरण व्यवस्थापन समितिका प्रतिवेदनहरू प्रस्तुत भयो ।

नगरसभाको अर्को बैठक फागुन १ गते बस्ने गरी स्थगित भयो ।

## सातौं बैठक

(२०७७ फागुन १ गते)

**'साविक मापदण्डअनुसार निर्माण भएका घर/भवनको नक्सा पास र सूचिकरण सम्बन्धी कार्यविधि-२०७७'** र **'कर सम्बन्धी प्रस्ताव'** पारित




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा फागुन १ गते बसेको नगरपालिकाको आठौं नगरसभाको बैठकले 'साविक मापदण्ड अनुसार निर्माण भएका घर/भवनको नक्सा पास र सूचिकरण सम्बन्धी कार्यविधि-२०७७' र 'करसम्बन्धी प्रस्ताव' सर्वसम्मतिले पारित गर्‍यो ।



बैठकमा बोल्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले प्रजातान्त्रिक अभ्यासमार्फत नगरसभा सञ्चालन गरिरहेको र सभामार्फत संविधानले दिएको अधिकारलाई व्यवस्थित तरिकाले उपयोग गर्न प्रयासरत रहेको बताउनुभयो ।

भक्तपुर नपाले सञ्चालन गरिरहेको विभिन्न सीपमूलक तालिमले नगरवासीहरूको व्यक्तित्व विकास, कार्य क्षमताको विकास गर्दै जनतालाई सधैँ प्रेरित गरिरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले देको मिवा इतापाके जग्गा एकीकरण आयोजनामा परेका उजुरीमाथि अध्ययन गरी जग्गाधनीहरूसँग छलफल अगाडि बढाउन कार्यदल गठन गरिसकेको बताउनुहुँदै आयोजनाले नगरवासीहरूको योगदानअनुसार नगरवासीहरूलाई सुविधा दिने प्रयास भइरहेको बताउनुभयो ।

आज पारित उक्त कार्यविधिको उद्देश्य भक्तपुर नगरपालिका क्षेत्रभित्र स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागू हुनुभन्दा अगाडि नक्सा पास नगरी साविक मापदण्डअनुरूप भएको र मापदण्डअनुरूप नभएका वा पास भएको नक्साभन्दा हेरफेर गरी साविक मापदण्डअनुसार घर तथा भवन आदि निर्माण गरेको र मापदण्डअनुसार नभएका घरहरूको नियमित एवम् नक्सा पास र सूचीकृत गर्ने रहेको छ ।

'साविक मापदण्डअनुसार निर्माण भएका घर/भवनको नक्सा पास र सूचिकरण सम्बन्धी कार्यविधि-२०७७' माथिको छलफलमा सभासद्हरू सूर्यप्रसाद श्रेष्ठ, बलराम न्हिसुतु, शिवप्रसाद बाला, राजेन्द्र माक, श्यामसुन्दर मातां र गोविन्द दुवालले सुझाव राख्नुभएको थियो ।

छलफलमा उठेका विषयहरूमा विधायन समितिका

संयोजक हरिराम सुवालले जवाफ दिनुहुँदै विधेयकमा भएका हिज्जे त्रुटिहरू संशोधन गर्दै विधेयकलाई सफल कार्यान्वयन गर्नेतर्फ क्रियाशील रहने बताउनुभयो ।

नगरसभाको विशेष समयमा सभासद्हरू सूर्यप्रसाद श्रेष्ठ, ज्ञानकुमार मगजु, बलराम न्हिसुतु, शिवप्रसाद बाला, राजेन्द्र माक, श्यामसुन्दर माक, मंगललक्ष्मी शाही, जितेन्द्र मुनंकर्मी, सिद्धिराम अवाल र गोविन्द दुवालले देशको समसामयिक राजनीति, नगरवासीहरूको समस्या र नगरपालिकाले जनताको पक्षमा गर्नुपर्ने कार्यहरूलगायतका विषयमा आ–आफ्नो विचार राख्नुभयो ।

उहाँहरूले नेपालमा भारतीय अतिक्रमण दिनानुदिन बढिरहेको हुँदा नगरसभाबाट भारतीय विस्तारवादविरुद्ध विरोध प्रस्ताव पेश गरी पारित गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै भक्तपुर नगरपालिकाले नगरवासीहरूलाई लक्षित गरी दिइरहेको सीपमूलक तालिम र खेलकुद प्रशिक्षणहरूको सदुपयोगबारे अनुगमन गर्नुपर्ने, नगरमा दिगो र स्तरीय सडक बत्ती व्यवस्थापन गर्नुपर्ने, घरबाटो सिफारिस दस्तुरमा परिमार्जन गर्नुपर्ने, पर्ति जग्गा मिचेर घर बनाउनेहरूको नक्सा पास रोक्नुपर्ने, नपाको पहलमा चिस्यान केन्द्र बनाउनुपर्ने, नपाले सञ्चालन गर्ने आदर निकेतन यशाशक्य छिटो बनाउनुपर्ने, तलेजुभित्रको चोकमा अवस्थित पौभा चित्र संरक्षण गर्नुपर्ने, तारा माविमा भवन अभावका कारण दैनिक पठनपाठनमा समस्या भइरहेकोतर्फ नपाको ध्यानाकर्षण गराउनुभयो ।

सभामा उठेका सुझाव तथा जिज्ञासामाथि विभिन्न समितिका संयोजकहरूले प्रष्ट पार्नुहुँदै नगर र नगरवासीहरूको हितमा नपाद्वारा गठित समितिहरू क्रियाशील रहेको बताउनुभयो । नगरसभाको अर्को बैठक फागुन ३ गते बस्ने गरी स्थगित भयो ।

# आठौँ बैठक

(२०७७ फागुन ३ गते)

**'ख्वप अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली २०७७'** र **'ख्वप कलेज (पहिलो संशोधन) विनियम २०७७'** पारित

**आठौँ नगरसभा सम्पन्न**

भक्तपुर नगरपालिकाको आठौँ नगरसभा प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा फागुन ३ गते बस्यो । बैठकले **'ख्वप अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली २०७७'** र **'ख्वप कलेज (पहिलो संशोधन) विनियम २०७७'** सर्वसम्मतिले पारित गऱ्यो ।

पारित नियमावली सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न, स्वास्थ्य सेवाको विस्तार, विकास र प्रभावकारिता बढाई नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूत गराउन, जनतालाई स्वास्थ्य सेवामा सहज पहुँच पुऱ्याउन र आर्थिक र प्रशासनिक बन्दोबस्त अझ व्यवस्थित गर्ने उद्देश्य राखेको छ ।




बैठकमा नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाको आयोजनामा २०५५ सालदेखि हरेक वर्ष अन्तर नगर (कबड्डी, बक्सिङ, टेबलटेनिस, भलिबल, कराँते र एथ्लेटिक्स) खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आएकोमा यस वर्ष भक्तपुर नपाको आयोजनामा शहीद दिवसको अवसरमा २०७७ फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म **अन्तर नगर बुद्धिचाल प्रतियोगिता** हुने जानकारी गराउनुभयो ।

सभामा **'ख्वप अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली २०७७'** माथि भएको छलफलमा सभासद्हरू राजेन्द्र माक, शिवप्रसाद बाला, श्यामसुन्दर मातां र गोविन्द दुवालले आ–आफ्नो विचार राख्नुभएको थियो ।



नगरसभामा प्रस्ताव पारित गर्दै सभासद्हरू

सभासद्हरूबाट प्राप्त जिज्ञासामाथि विधायन समितिका संयोजक हरिराम सुवालले प्रष्ट पार्नुभयो ।

त्यसै गरी सभाले **'ख्वप कलेज (पहिलो संशोधन) विनियम २०७७'** पारित गरेको छ ।

भक्तपुर नगरपालिकाको आठौँ नगरसभा पुस २९ गतेदेखि फागुन ३ गतेसम्म बसी विभिन्न विधेयक, नियमावली, कार्यविधि, प्रतिवेदन पारित गर्दै सम्पन्न भएको छ ।

नगरपालिका गतिविधि

# नेपालको पहिलो श्वासप्रश्वास पुनर्स्थापना केन्द्र सञ्चालन



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा देशकै पहिलो श्वासप्रश्वास पुनर्स्थापना केन्द्र (Respiratory Rehabilitation Centre) को भवन उद्घाटन तथा उपचार सेवा शुभारम्भ माघ २९ गते भयो। भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरिने उक्त केन्द्र जापान इन्टरनेशनल मेडिकल टेक्नोलोजी फाउन्डेसन (जिम्टेफ) को प्राविधिक सहयोगमा निर्माण भएको हो। यो केन्द्र तुमचोमा रहेको छ।

प्रमुख अतिथि **अध्यक्ष बिजुक्छेँ**ले विशेष समारोहमा पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो।

कार्यक्रममा उहाँले भक्तपुरमा श्वासप्रश्वास पुन:स्थापना केन्द्र स्थापनाले भक्तपुरलगायत देशभरिका दीर्घ दमखोकी भएका व्यक्तिहरू लाभान्वित हुने बताउनुहुँदै जिम्टेफको सहयोग फलदायी हुने आशा व्यक्त गर्नुभयो।

स्वास्थ्य क्षेत्रमा देखिएको बेथितिबारे स्पष्ट पार्नुहुँदै अध्यक्ष बिजुक्छेँले नेपालमा नक्कली औषधी निर्यात भइरहेकोतर्फ सचेत रहनुपर्ने र नगरको ढल, पार्क, सङ्ग्रहालय, व्यवस्थित अस्पताल सञ्चालनलगायतका क्षेत्रमा नगरपालिकाले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

नगरवासीमा नागरिक भावना सँगसँगै सांस्कृतिक स्तर पनि हुनुपर्ने बताउनुहुँदै उहाँले विदेशी दाताहरूको सहयोगबाट सञ्चालन हुने प्रोजेक्ट तथा कार्यहरू नेपालले सफलतापूर्वक सञ्चालन गर्छ भन्ने उदाहरणीय कार्य भक्तपुर नगरपालिकाले गरेर देखाउनुपर्ने बताउनुभयो।


केन्द्रको भवन उद्घाटन गर्नुहुँदै अध्यक्ष बिजुक्छेँ


नारायणमान बिजुक्छेँ


सुनिल प्रजापति


सुरेन्द्रराज गोसाई


रजनी जोशी


प्रेमप्रसाद भट्टराई


डा. प्रदीपकृष्ण श्रेष्ठ


डा. खेमबहादुर कार्की


रामलाल श्रेष्ठ


नोरिको मायदा


रत्नप्रसाद प्रजापति


तुमचोस्थित केन्द्रको भवन



केन्द्रका केही सामग्री


कार्यक्रममा सहभागी

स्थानीय विकासमा जनप्रतिनिधिहरूको भूमिका उल्लेखनीय हुने बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले जनप्रतिनिधि जनतासँग प्रत्यक्ष सम्पर्कमा रहेर समाजमा जनचेतना फैलाउँदै गलत कुराको प्रचार हुन नदिन भूमिका खेल्नुपर्छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाका **प्रमुख सुनिल प्रजापति**ले श्वासप्रश्वास पुन:स्थापना केन्द्र सञ्चालनको लागि सहयोग गर्ने जापान सरकार र सहयोगी संस्था जिम्टेफप्रति आभार प्रकट गर्नुहुँदै केन्द्रले तालिम प्राप्त चिकित्सकहरूबाट सेवा प्रवाह गर्ने बताउनुभयो ।




दम-खोकी जस्ता श्वासप्रश्वाससम्बन्धी रोगले धेरै जनता पीडित बन्नु चिन्ताको विषय भएको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले यस संस्थालाई व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक भूमिका खेलिरहने बताउनुभयो ।

प्रमुख प्रजापतिले नागरिकहरूलाई स्वास्थ्य उपचारमा सहज पहुँच र सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले भक्तपुर नपाले तीनवटा जनस्वास्थ्य सेवा केन्द्रमार्फत १९ थरिको स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको बताउनुभयो ।

बागमति प्रदेशसभाका सदस्य **सुरेन्द्रराज गोसाईं**ले भक्तपुर नगरपालिकाले नेपालकै पहिलो र एकमात्र श्वास पुन:स्थापना केन्द्र सञ्चालन गरी एउटा नयाँ प्रयासको शुभारम्भ गरेको बताउनुहुँदै स्वस्थ जीवनको लागि स्वस्थ समाजको आवश्यकता रहेको बताउनुभयो ।

देशको शिक्षा र स्वास्थ्यमा बढ्दै गएको विकृतिप्रति चिन्ता व्यक्त गर्नुहुँदै सांसद गोसाईंले भक्तपुर नपाको अगुवाईमा सञ्चालन हुने ख्वप अस्पताल यथाशक्य छिटो सञ्चालन हुने आशा व्यक्त गर्नुभयो । भक्तपुर नपाबाट देशकै लागि नमुना कार्यको थालनी भएकोतर्फ खुशी व्यक्त गर्नुहुँदै नगर विकासको निम्ति सम्पूर्ण नगरवासीहरूको साथ र सहयोगबाट सम्भव हुने बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले विश्वमा श्वासप्रश्वाससम्बन्धी रोगले १० प्रतिशत, नेपालमा १२ प्रतिशत र भक्तपुरमा १९ प्रतिशत बिरामी रहेको तथ्य प्रस्तुत गर्नुहुँदै बढ्दो सहरीकरण र प्रदूषणका कारण श्वासप्रश्वासका रोगीहरूको सङ्ख्या दिनानुदिन बढिरहेको बताउनुभयो ।

भक्तपुर जिल्लाका प्रजिअ **प्रेमप्रसाद भट्टराई**ले आफूसँग भएको रोग लुकाउन नहुने बताउनुहुँदै जापान सरकारले नेपालको स्वास्थ्य सेवामा गरेको लगानीको सदुपयोग गर्नुपर्नेमा जोड दिनुभयो । भक्तपुरको शान्ति सुरक्षा, सुशासनलगायतमा जिल्ला प्रशासन कार्यालयले समन्वयकारी भूमिका खेलिरहेको बताउनुहुँदै श्वासप्रश्वाससम्बन्धी रोगले अन्य रोगको उत्पत्ति गराउने हुँदा समयमै यसको पहिचान र उपचारको आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा जिम्टेफका अध्यक्ष वरिष्ठ दमरोग विशेषज्ञ **डा. हायासी**ले भिडियोमार्फत आफ्नो सन्देशमा श्वासप्रश्वास पुन:स्थापना केन्द्र सञ्चालनमा सबैको सहयोगको आशा रहेको र आगामी दिनहरूमा नेपालका अन्य नगरपालिकाहरूमा पनि सञ्चालन गर्ने योजना रहेको बताउनुभयो । उहाँको मन्तव्य जिम्टेफको लागि नेपालका प्रतिनिधि नोरिको मायदाले वाचन गरेर सुनाउनु भएको थियो ।

त्रिवि शिक्षण अस्पतालका इन्टरनल मेडिसिनका पूर्व विभागीय प्रमुख डा. **प्रदीपकृष्ण श्रेष्ठ**ले भक्तपुर नपाको अगुवाईमा दम रोगीहरूको निम्ति निकै उपयोगी कार्यको सुरुवात भएको बताउनुहुँदै भक्तपुरमा सञ्चालित श्वासप्रश्वास पुन:स्थापना केन्द्रले देशभरिका बिरामीहरूलाई सेवा गर्ने बताउनुभयो ।

बरिष्ठ दमरोग विशेषज्ञ एवं सोलिड नेपालका अध्यक्ष डा. **खेमबहादुर कार्की**ले विश्वभर श्वासप्रश्वास रोगीको सङ्ख्या बढिरहेकोतर्फ चिन्ता व्यक्त गर्नुहुँदै श्वासप्रश्वास सम्बन्धी अभ्यासले बिरामीहरूको जीवनयापनमा सजिलो हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **रामलाल श्रेष्ठ**ले धन्यवादज्ञापन गर्नुभएको थियो भने जनस्वास्थ्य सेवा केन्द्रका इन्चार्ज डा. **रत्नसुन्दर लासिवा,** भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष **रत्नप्रसाद प्रजापति,** भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पनि आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमपश्चात कार्यक्रममा उपस्थित प्रमुख अतिथि तथा अतिथिहरूले भक्तपुरको च्याम्हासिंहमा निर्माणाधीन ख्वप अस्पताल भवनको स्थलगत निरीक्षण गर्नुभयो ।

# भक्तपुर नपाबाट नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भक्तपुर नपा वडा नं. ६ चोछँमा भक्तपुर नगरपालिकाबाट सञ्चालित नागरिक आरोग्य सेवा केन्द्रको उद्घाटन माघ २४ गते गर्नुभयो ।

भक्तपुर नगरपालिका जिल्ला आयुर्वेदिक स्वास्थ्य कार्यालयको आयोजनामा सम्पन्न उद्घाटन कार्यक्रममा सचिव **सुवाल**ले आयुर्वेद चिकित्सा प्रणाली नेपालको मौलिक र पुरानो चिकित्सा प्रणाली भएको बताउनुहुँदै आयुर्वेद चिकित्साले स्थानीय रूपमा उपलब्ध जडीबुटीहरूको संरक्षण र समुचित प्रयोगमा भूमिका खेल्ने बताउनुभयो ।



देशभित्र उत्पादन हुनसक्ने वस्तुसमेत बाहिरबाट ठूलो मात्रामा आयात हुँदा नेपालको अर्थतन्त्र झन् खस्किँदै गएको बताउनुहुँदै सचिव सुवालले नेपालमा विदेशी प्रभाव बढ्दै गइरहेकोतर्फ सतर्क रहनुपर्ने बताउनुभयो ।

समसामयिक राजनीतिबारे सचिव सुवालले नेकपाको झगडाले देशमा राजनीतिक अस्थिरता निम्त्याएको बताउनुहुँदै व्यक्तिगत स्वार्थ र महत्त्वाकाङ्क्षाका कारण नेकपा विभाजनतर्फ उन्मुख भएको प्रष्ट पार्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले आयुर्वेद चिकित्साबाट मानव स्वास्थ्यमा कुनै पनि नकारात्मक असर नपुग्ने र आयुर्वेद औषधी सेवनबाट रोग प्रतिरोधी क्षमता बढाउन सहयोगी भूमिका खेल्ने बताउनुभयो । कोभिड सङ्क्रमणबाट बच्न वर्तमान समयमा आयुर्वेद चिकित्सा विज्ञान सहयोगी हुनसक्ने बताउनुहुँदै उहाँले भक्तपुर नपाले दैनिक र पाक्षिक रूपमा नि:शुल्क आयुर्वेदिक उपचार सेवा प्रदान गर्दै आइरहेको छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले नेपालको राष्ट्रिय पहिचानको रूपमा रहेको आयुर्वेद चिकित्सालाई समयानुकूल विकास गर्दै लैजानुपर्ने बताउनुहुँदै निम्न आयस्रोत भएका बिरामीको सहजै पहुँच पुग्ने तथा नि:शुल्क उपचार हुने यस्ता औषधालयको महत्त्व र प्रभावबारे जनस्तरसम्म पुऱ्याउन उचित प्रचारप्रसारको आवश्यकता रहेको बताउनुभयो ।

जिल्ला आर्युवेदिक स्वास्थ्य कार्यालयका प्रमुख डा. **नदन कँडेल**ले सरुवा रोगभन्दा नसर्ने रोगको जोखिम बढिरहेको वर्तमान समयमा मानव स्वास्थ्यमा नकारात्मक असर नगर्ने आयुर्वेद औषधिको महत्त्व धेरै भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**ले वडाबाट भए गरेका सम्पदा संरक्षण र विकास निर्माणबारे बताउनुभयो भने कार्यपालिका सदस्य **रोशनमैया सुवाल**ले मानव जीवनमा आर्युवेदिक उपचारको महत्त्वबारे आफ्नो धारणा राख्नुभयो ।

कार्यक्रममा स्थानीय शिक्षक **गणेशराम थुसा**ले आर्यवेद उपचार विधिले देशलाई आत्मनिर्भर बनाउन मद्दत पुर्याउने बताउनुहुँदै भक्तपुर नपाले जनताको भावनाअनुसार जनतालाई एकाकार गरी काम गरिरहेको बताउनुभयो ।

सोही कार्यक्रममा प्रमुख अतिथि प्रेम सुवालले वडाका अपाङ्ता भएका व्यक्तिहरूलाई अपाङ्ता सहायक सामग्रीहरू पनि वितरण गर्नुभएको थियो ।

# श्रमको सम्मान गर्ने संस्कृतिको खाँचो : प्रमुख प्रजापति

नेपाल मजदुर किसान पार्टीको ४७ औँ स्थापना दिवसको अवसरमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नपा वडा नं. ७ कृषि समितिको आयोजनामा भएको ३ दिने कौसी खेती तथा कम्पोस्ट मल बनाउने तालिमको प्रमाणपत्र वितरण तथा प्रशिक्षण कार्यक्रम



माघ २५ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख **सुनिल प्रजापति**ले कौसी खेतीबाट उत्पादन हुने तरकारी ताजा, स्वच्छ र सफा हुनुका साथै तरकारी किन्नको लागि हुने खर्च तथा समय बचत हुने हुँदा उत्पादनमुखी ढङ्गले तालिमको सही सदुपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

समाजमा विभिन्न खालका विकृतिहरूबाट नयाँ पुस्तालाई सजग र सचेत बनाउनुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले श्रमको सम्मान गर्ने संस्कृतिको खाँचो रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले नगरका सबै वडाहरूमा आँखा शिविर र महिलाहरूलाई लक्षित गरी पाठेघर शिविरहरू सञ्चालन गरिरहेको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले स्वस्थ नागरिकले देशको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

निर्वाचन प्रजातान्त्रिक प्रक्रिया भएको र निर्वाचनले व्यापक जनतालाई राजनैतिक सचेतता अभिवृद्धि गराउने हुँदा नेमकिपा निर्वाचनको पक्षमा रहेको प्रष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले निर्वाचनमा भाग लिनुको अर्थ व्यापक जनताको निस्वार्थ सेवा गर्नु हो भन्नुभयो ।

भक्तपुर नपा वातावरण तथा पर्यटन समितिका अध्यक्ष **रबिन्द्र ज्याख्व**ले श्रमको अभावले आजकल विभिन्न प्रकारका नसर्ने रोगहरूको जोखिम बढिरहेकोतर्फ सचेत हुनुपर्ने बताउनुहुँदै भक्तपुर नगरपालिकाले घरबाट निस्कने फोहोर घरमै व्यस्थापन गर्ने उद्देश्यदले कौसी खेतीको तालिम सञ्चालनमा जोड दिएको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले नेपाल मजदुर किसान पार्टीले भक्तपुरको शिक्षाको विकासमा खेलेको भूमिकाबारे प्रष्ट पार्नुहुँदै नेमकिपाले व्यापक किसान तथा मजदुरको हकहितमा काम गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा वडा नं. ७ इनाचो एकाइ समितिका संयोजक **कृष्णगोविन्द लाखाजु,** नेमकिपा वडा नं. ७ गोल्मढी एकाइ समितिका संयोजक **बलराम गोसाईं,** कौसी खेती तालिमका प्रशिक्षक **सबिन ख्याजु,** भक्तपुर नपा वडा नं. ७ कृषि समितिका संयोजक **हेरा ख्याजु,** समितिका सचिव **हरिकृष्ण सुकुपायो** र प्रशिक्षार्थीका तर्फबाट **सर्मिला बासुकला**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि प्रमुख सुनिल प्रजापतिले तालिममा सहभागी ३० जना प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

# भाजु पोखरीमा जलेश्वर मन्दिरको शिलान्यास

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. १ दुधपाटीस्थित ८०० वर्ष पुरानो भाजु पोखरीको मध्यभागमा अवस्थित जलेश्वर मन्दिरको शिलान्यास एक कार्यक्रमबीच माघ २२ गते गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिकाकाले गरिरहेको सम्पदा संरक्षण कार्यले भक्तपुरको आन्तरिक र बाह्य पर्यटन विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

भक्तपुरका मूर्त अमूर्त सम्पदा संरक्षण नै भक्तपुर नपाले हासिल गरेको विशेषता भएको बताउनुहुँदै उहाँले ऐतिहासिक र सांस्कृतिक हिसाबले पनि भाज्या पोखरी गौरवको योजना भएको बताउनुभयो ।



जलेश्वर मन्दिर भक्तपुरकै गहनाको रूपमा रहनेमा जोड दिनुहुँदै उहाँले साँस्कृतिक महत्त्व बोकेको काठमाडौँको रानी पोखरी पुन:निर्माणमा भक्तपुरका जनताको योगदान रहेको र देशको सम्पदा संरक्षणमा भक्तपुरले सहयोग गर्न पाउनु भक्तपुरवासीको लागि गौरवको हो भन्नुभयो ।

नगर क्षेत्रभित्र रहेका सार्वजनिक मठ मन्दिर जीर्णोद्धार र पुन:निर्माण गरेर मात्र नपुग्ने भन्नुहुँदै प्रमुख प्रजापतिले त्यस्ता सांस्कृतिक संरचनाहरूको दिगो संरक्षणमा नगरपालिका जुटिरहेको र नपाको कार्यमा स्थानीयवासीहरूको पनि साथ र सहयोग रहँदै आएको बताउनुभयो ।

प्रा.डा. **पुरुषोत्तमलोचन श्रेष्ठ**ले भाज्या पोखरीको अध्ययन अनुसन्धान गर्ने मौका पाएकोमा गौरवान्वित महसुस भएको बताउनुभयो । भाज्या पोखरीको अध्ययन अनुसन्धानकै

क्रममा पोखरीको मध्यभागमा पश्चिमाभिमुख शिखर शैलीको मन्दिर भएको थाहा हुन आएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले भाज्या पोखरीको जीर्णोद्धार एवम् मन्दिरको पुनःनिर्माण मौलिक शैली र स्वरूपमा गरिनु सुन्दर पक्ष रहेको बताउनुभयो। उहाँले भाज्या पोखरीको जलेश्वर मन्दिर पुनःनिर्माणको निम्ति मन्दिरको उत्खननमा फेला परेका अवशेषहरूबाट निकै सहयोग पुगेको बताउनुहुँदै उत्खननकै क्रममा भेटिएका शिलालेखले पनि उक्त मन्दिरबारे तथ्यहरू पत्ता लगाउन मद्दत पुऱ्याएको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले जलेश्वर मन्दिर र भाज्या पोखरी पुनःनिर्माण कार्यमा स्थानीय जनताको साथ र सहयोग रहँदै जाने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा जलेश्वर मन्दिर पुनःनिर्माण उपभोक्ता समितिका अध्यक्ष **लक्ष्मीनारायण खत्री**, समितिका कोषाध्यक्ष **कृष्णप्रसाद दुमरु** र **रामगोपाल बमनू**ले पनि बोल्नुभएको थियो।

# शहीद दिवसको अवसरमा अन्तरनगर बुद्धिचाल प्रतियोगिता

भक्तपुर नगरपालिकाले २०५५ सालदेखि हरेक वर्ष अन्तरनगर (कबड्डी, बक्सिङ, टेबुल टेनिस, कराते र एथ्लेटिक्स) खेलकुद प्रतियोगिता सफलतापूर्वक आयोजना गर्दै आएको छ।

यस वर्ष शहीद दिवसको अवसरमा अन्तरनगर बुद्धिचाल प्रतियोगिताको आयोजना गर्दैछ।

आगामी फागुन २९ गतेदेखि चैत ३ गतेसम्म हुने अन्तरनगर बुद्धिचाल प्रतियोगिताको लागि आवश्यक तयारी भइरहेको जानकारी प्राप्त भएको छ।

प्रतियोगिताको लागि टीम दर्ताको अन्तिम मिति फागुन २० गते तोकिएको छ भने प्रत्येक टीममा ५ जना खेलाडी रहने जनाएको छ। टीम दर्ता शुल्क रु. १०,०००।- निर्धारण गरिएको छ।

काठमाडौं उपत्यका, बनेपा, पनौती र धुलिखेल बाहिरका टोलीलाई बासको व्यवस्था गरिने आयोजक समितिले जनाएको छ।

प्रतियोगितामा विजयीलाई निम्नअनुसार पुरस्कार व्यवस्था गरिएको छ–

**विजयी टीम**

| | |
|---|---|
| पहिलो | रु. १,५०,०००।–, ट्रफी, मेडल र प्रमाणपत्र। |
| दोस्रो | रु. १,००,०००।–, ट्रफी, मेडल र प्रमाणपत्र। |
| तेस्रो | रु. ५०,०००।–, ट्रफी, मेडल र प्रमाणपत्र। |

बोर्ड पुरस्कार (१–५ जना) रु. ५,०००।–, मेडल र प्रमाणपत्र।



यसै सिलसिलामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसित नेपाल बुद्धिचाल सङ्घका अध्यक्ष एकलाल श्रेष्ठले फागुन ९ गते भेट गर्नुभयो। भेटमा उहाँहरूबीच भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसर पारेर २०७७ फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म हुने अन्तरनगर बुद्धिचाल प्रतियोगिताबारे छलफल भयो।

# लैङ्गिक हिंसा विरुद्ध कानुनी साक्षरता अभियान

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख्य आतिथ्यमा १ नं वडा स्तरीय सामुदायिक प्रहरी समिति र नपली सिर्जनानगर सामुदायिक प्रहरी टोल समितिको संयुक्त आयोजनामा लैङ्गिक हिंसा विरुद्ध कानुनी साक्षरता अभियान कार्यक्रम एक समारोहबीच फागुन १५ गते नपली, सिर्जनानगरमा सम्पन्न भयो।



कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि **प्रजापति**ले लैङ्गिक हिंसा जहाँ शिक्षा, अज्ञानता र गरिबी छ त्यहाँ बढी हुन्छ भन्नुहुँदै म्यानपावर कम्पनी एक प्रकारले मान बेचविखन गर्ने अखडाको रुपमा विकास हुँदै गएको बताउनुभयो ।



उहाँले सभ्य र सुसंस्कृत समाज निर्माणको निम्ति सबै खालको अपराध न्यूनीकरण पहिलो प्राथमिकतामा राख्नुपर्ने बताउनुहुँदै समाज उत्थानको लागि हरेक तह र तप्काबाट सबैले हातेमालो गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्दै ७ ओटा कलेजहरु सञ्चालन गर्दै १०० शय्याको ख्वप अस्पताल निर्माण अन्तिम चरणमा पुगेको बताउनुहुँदै नपाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रले कोभिड-१९ को सङ्क्रमण उच्च रहेको बेला नगरवासीको सेवा गरिरहेको उहाँले जानकारी दिनुभयो ।

प्रमुख प्रजापतिले संसद पुनर्स्थापना पश्चात देशमा राजनैतिक स्थिरता नआउने स्पष्ट पार्नुहुँदै चुनाव जनताको राजनैतिक स्तर नाप्ने ब्यारोमिटर हो तर संसद पुनर्स्थापना पश्चात जनतालाई प्रशिक्षित गर्ने सो अवसर गुमेको छ भन्नुभयो ।

कार्यक्रमका सभापति एवं भनपा-१ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले वडावासीहरुलाई सचेत गराउने उद्देश्यले लैङ्गिक हिंसा विरुद्धको अभियान सञ्चालन गरिरहेको चर्चा गर्नुहुँदै भनपाले वडा-वडामा महिलाहरुलाई आत्मरक्षासम्बन्धी तालिम दिइरहेको स्मरण गर्नुभयो ।

उहाँले १०८ रोपनी र हनुमन्ते खोलाको किनारमा बसी गाँजाको कुलतमा फसेका युवाहरुलाई रोक्ने प्रयास गरिरहेको बताउनुहुँदै युवाहरुलाई लक्षित गरी भनपाले विगतमा झैँ शहीद दिवसको अवसरमा फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म अन्तरनगर बुद्धिचाल प्रतियोगिता सञ्चालन गर्न लागिरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा महानगरीय प्रहरी वृत्त जगातीका उपरिक्षक **राजेश थापा**ले समाज अगाडि बढाउनको लागि शान्ति सुरक्षा अतिआवश्यक रहेको स्पष्ट पार्नुहुँदै नेपाल प्रहरीको तर्फबाट लैङ्गिक हिंसा, लागु औषध तथा अन्य असामाजिक क्रियाकलाप न्यूनीकरणका लागि गाउँ-नगरका टोल-टोलमा कार्यक्रमहरु निरन्तर गरिरहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा नपली सिर्जनानगर प्रहरी टोल समितिका संयोजक एवं नगर सभासद **सूर्यप्रसाद श्रेष्ठ**ले पनि बोल्नुभएको थियो भने औपचारिक कार्यक्रम पश्चात दोस्रो चरणको कार्यक्रममा प्र.नि. **सूर्यबहादुर शाही**ले लैङ्गिक हिंसाविरुद्ध कानुनी साक्षरतासम्बन्धी प्रस्तुतिकरण गर्नुभएको थियो ।

# नगर प्रमुख प्रजापतिद्वारा विभिन्न पुन:निर्माण कार्यको स्थलगत निरीक्षण

भक्तपुर नगरपालिकाले भक्तपुर नपा वडा नं. १ सल्लाघारीस्थित भक्तपुरको ऐतिहासिक रानीपोखरी प्राप्त ऐतिहासिक प्रमाणको आधारमा मौलिक शैलीबाट पुन:निर्माण कार्य अगाडि बढाइरहेको छ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले माघ २७ गते भक्तपुरको रानी पोखरीको पुन:निर्माण कार्यको स्थलगत निरीक्षण गर्नुभयो । सोही क्रममा उहाँले भक्तपुरको दुधपाटीमा अवस्थित ८०० वर्ष पुरानो भाजु पोखरीमा भइरहेको पुन:निर्माण कार्यको पनि निरीक्षण गर्नुभयो । त्यस्तै माघ २८ गते प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. ४ राममन्दिर-मूदीप करिडोर खोल्ने कार्यको स्थलगत निरीक्षण गर्नुभयो । निरीक्षणमा नेमकिपा बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाइँ पनि हुनुहुन्थ्यो । सोही क्रममा प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाको बजेटमा निर्माणाधीन भनपा वडा नं. ४ को वडा कार्यालयसँगैको इखालाछी मठको पनि निरीक्षण गर्नुभयो ।



रानी पोखरी पुन:निर्माण कार्यको निरीक्षण



जलेश्वर मन्दिर पुन:निर्माण कार्यको निरीक्षण



राममन्दिर-मूदीप करिडोर खोल्ने कार्यको निरीक्षण



निर्माणाधीन इखालाछी मठको निरीक्षण

# विभिन्न वडामा स्वास्थ्य शिविर

## वडा नं. १ मा

नेपाल मजदुर किसान पार्टीको ४७ औँ स्थापना दिवसको अवसरमा भक्तपुर नपा १ नं. वडा कार्यालयको आयोजनामा माघ २८ गते पाठेघर तथा स्तन क्यान्सर परीक्षण शिविर भयो ।




कार्यक्रममा भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाले सबै वडाहरूमा जनस्वास्थ्यसँग सम्बन्धित स्वास्थ्य परीक्षण शिविरहरू सञ्चालन गरिरहेको बताउनुहुँदै स्वास्थ्य शिविरबाट धेरै युवती तथा महिलाहरू लाभान्वित भएको बताउनुभयो । रोगदेखि डराउने र लजाउने गर्न नहुने भन्नुहुँदै उहाँले समयमै रोगको पहिचान गरी आवश्यक उपचार गर्नसके सम्भावित जोखिमबाट बच्न सकिने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी स्थापना दिवसको असरमा जिल्ला जिल्लामा पुस्तक प्रदर्शनी, अन्तरक्रिया, तालिम, प्रवचन तथा स्वास्थ्य शिविरहरू सञ्चालन भइरहेको अवगत गराउनुहुँदै उहाँले समाजमा बढेको चेतनाका कारण उच्च शिक्षातर्फ छात्राहरूको आकर्षण बढिरहेको बताउनुभयो ।

भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरूले देशलाई आवश्यक दक्ष जनशक्ति उत्पादनमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको छ भन्नुहुँदै उहाँले भक्तपुर क्यान्सर अस्पतालमा सस्तोमा गुणस्तरीय क्यान्सर सेवालगायतका स्वास्थ्य सेवा सुविधा उपलब्ध भइरहेको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा वडा नं. १ का पार्टी इन्चार्ज **लक्ष्मीनारायण खत्री**ले स्वास्थ्य संवेदनशील विषय भएको बताउनुहुँदै स्वास्थ्यसँग खेलाँची गर्न नहुने र समयमै रोगको पहिचान गरी उपचार गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले वडाले पाठेघर तथा स्तन क्यान्सर शिविरको

अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सचेतना अभिवृद्धिमा निरन्तर लागिरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडा सदस्य **सूर्यप्रसाद श्रेष्ठ**ले पनि बोल्नुभएको थियो ।

## वडा नं. ५ मा

भक्तपुर नपा वडा नं. ५ को आयोजनामा भएको एकदिने निःशुल्क पाठेघर तथा स्तन क्यान्सर परीक्षण शिविर फागुन १ गते भयो । फैलँदो स्तन क्यान्सर र पाठेघरको क्यान्सरबाट धेरै महिलाहरू यसको सिकार बनिरहेको अवस्थामा भक्तपुर नपाले नगरवासी महिलाहरूलाई लक्षित गरी उक्त शिविर सञ्चालन गरिएको हो ।



शिविरको शुभारम्भमा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले लाजका कारण धेरै महिलाहरू पाठेघर क्यान्सर र स्तन क्यान्सरको शिकार हुन बाध्य भएको बताउनुहुँदै भक्तपुर नपाले गरेको निःशुल्क परीक्षण तथा स्वास्थ्य सेवा पाउँदा स्थानीय महिलाहरू निकै खुशी भएको र स्थानीय स्तरमा यस किसिमको स्वास्थ्य शिविरले निकै ठूलो महत्त्व राख्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले भक्तपुरको शिक्षा, स्वास्थ्य, सरसफाइ, विकास निर्माणलगायतका क्षेत्रहरूमा प्राथमिकताका साथ अगाडि बढाइरहेको र नपाबाट सञ्चालित कलेजहरूले सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्दै देशको लागि आवश्यक दक्ष इन्जिनियर र नर्सहरू उत्पादन गरिरहेको छ भन्नुभयो । भक्तपुर नपाले सिङ्गो समाजलाई सभ्य, सुसंस्कृत बनाउने हेतुले आफ्ना कार्यक्रमहरूलाई अगाडि सारिरहेको बताउनुहुँदै उहाँले जनताको स्वास्थ्य राम्रो भए नगरको विकास सम्भव हुने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष **प्रेमगोपाल कर्माचार्य**ले आफूसँग भएको रोगबारे नियमित स्वास्थ्य परीक्षण गराई स्वास्थ्यउपचार गराए सम्भावित रोगबाट समयमै बच्न र उपचार गर्न सकिने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा भनपा ५ का अध्यक्ष **नारायणकृष्ण त्वानाबासु**ले नेपाल मजदुर किसान पार्टीले भक्तपुरको शैक्षिक, आर्थिक र राजनैतिक परिवर्तनमा खेलेको भूमिकाबारे प्रष्ट पार्नुहुँदै नगरपालिकाको निःशुल्क शिविरबाट महिला तथा नगरवासीहरू लाभान्वित हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ५ का महिला सदस्य **सम्झना खाइजु** र वडा सदस्य **पूर्णगोपाल राजचल**ले पनि बोल्नुभएको थियो ।

शिविरमा २३१ नगरवासीहरूले स्तन तथा पाठेघरको परीक्षण गराएको वडा कार्यालयले जनाएको छ ।

## वडा नं. ६ मा

भक्तपुर नपा वडा नं. ६ को आयोजनामा फागुन ६ गते पाठेघर तथा स्तन क्यान्सर परीक्षण शिविर भयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाद्वारा गठित शिक्षा, स्वास्थ्य तथा संस्कृति समितिले नगर र नगरवासीहरूको शिक्षा, स्वास्थ्य तथा कला संस्कृति संरक्षणमा विशेष जोड दिँदै आइरहेको बताउनुहुँदै नपाले नगरका सबै वडाहरूमा घरदैलो सेवा प्रदान गर्दै आएको बताउनुभयो । भक्तपुर नपाले सबै वडाहरूमा स्वास्थ्य शिविर सञ्चालन गरी नगरवासीहरूको स्वास्थ्य स्थितिबारे तथ्याङ्क सङ्कलनमा मद्दत पुगेको बताउनुहुँदै उहाँले स्वस्थ खानपान र जीवनशैलीले नसर्ने रोगको जोखिम घटाउने बताउनुभयो ।



भक्तपुर नगरलाई सफा र सुरक्षित नगरको रूपमा विकसित गर्न नगरवासीहरू नै सचेत हुनुपर्ने औँल्याउनुहुँदै प्रमुख प्रजापतिले नागरिक भावनाले व्यक्तिमा स्वार्थ मानसिकताबाट टाढा राख्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**ले वडाको विकास निर्माणका गतिविधिहरूबारे अवगत गराउनुहुँदै भक्तपुर नपाले प्रदान गरिरहेको शैक्षिक ऋणका

कारण विद्यार्थीहरूले उच्च शिक्षा हासिल गर्न समर्थ भएको बताउनुभयो ।

भक्तपुर नपाका कार्यपालिका सदस्य **रोशनमैया सुवाल**ले बद्लिँदो समयसँगै नसर्ने रोगको जोखिम बढिरहेको बताउनुहुँदै महिलाहरू पाठेघर तथा स्तन क्यान्सरबाट पीडित बनिरहेको समयमा भक्तपुर नपाले सञ्चालन गरेको स्वास्थ्य शिविरबाट धेरै महिलाहरू लाभान्वित भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ६ का वडा सदस्यद्वय **गोविन्द दुवाल** र **सिद्धिराम अवाल**, शिक्षक **गणेशराम थुसा** र वडा नर्स **रुसा बासुकला**ले पनि बोल्नुभएको थियो ।

## ३ वडामा

भक्तपुर नगरपालिका ३ वडा समितिको आयोजनामा फागुन ८ गते तेखापुखुस्थित मेधा माविमा महिलाहरूको पाठेघर तथा स्तन क्यान्सरसम्बन्धी स्वास्थ्य परीक्षण शिविर भनपा उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा सम्पन्न भयो ।

कायक्रममा १८५ जना महिलाले स्वास्थ्य परीक्षण गराएका थिए जसमा १० जनाको स्तन परीक्षण गरिएको थियो ।



कार्यक्रममा उपप्रमुख **जोशी**ले नगरवासीहरूको लागि समय–समयमा विभिन्न स्वास्थ्य शिविरहरू सञ्चालन गरिरहेको बताउनुभयो । उहाँले स्वास्थ्यजस्तो संवेदनशील विषयमा बेवास्ता, लापरबाही गर्न नहुने र समयमै डाक्टरको परामर्शमा आ–आफ्ना स्वास्थ्य परीक्षणमा लाग्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले जटिल रोग लागेकालाई रु.१ लाखको सिफारिस, १० हजार आर्थिक सहयोग नपाले गरिरहेको, घरदैलौ नर्सिङ सेवा, श्वासप्रश्वास केन्द्र, आँखा अस्पताल, जनस्वास्थ्य केन्द्रबाट सेवा दिइरहको र ख्वप अस्पताल बनिरहेको उल्लेख गर्नुभयो ।

क्यान्सर अस्पतालका डा. **श्रेया श्रेष्ठ**ले महिलाहरूको पाठेघर र स्तन क्यान्सरबारे स्वास्थ्यमा हुने विभिन्न सङ्केतहरू भएमा उपचारमा जानुपर्ने विचार राख्नुहुँदै पाठेघरबाट गन्हाएको पानी बग्ने, रगत मिसिएको बग्ने, पटक–पटक रगत बग्ने, धेरै चिलाउने, महिनावारी गडबडी हुने र स्तनमा पनि गाँठागुँठी, मुन्टोबाट रगत मिसिएको बग्ने, दुख्नेजस्तो भएमा तुरून्त परीक्षण गर्नुपर्ने प्रस्ट्याउनुभयो ।

भक्तपुर नपा ३ नं. वडाका वडाध्यक्ष **राजकृष्ण गोरा**को सभापतित्वमा भएको उक्त कायक्रममा कार्यपालिकाका सदस्य **सुनिता अवाल**, वडा सदस्य **कृष्णगोपाल चौगुठी**ले पनि बोल्नुभएको थियो ।

## कौसी खेती तालिमको प्रमाणपत्र वितरण

भक्तपुर नपा वडा नं. ४ को आयोजनामा ३ तीनदिने सम्पन्न कौसी खेती तालिमका सहभागीहरुलाइ भक्तपुर नपाका उपप्रमुख रजनी जोशील फागुन १२ गते भयो । एक कार्यत्रममा प्रमाणपत्र वितरण गर्नुभयो ।



## कौसी खेतीलाई नयाँ विकल्पको रूपमा लिन सकिन्छ

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपा वडा नं. १ को आयोजनामा भएको तीनदिने कौसी खेती तालिमका २१ जना प्रशिक्षार्थीहरुलाई फागुन १६ गते प्रमाणपत्र वितरण गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले भक्तपुरवासीहरूको हात हातमा जीवन उपयोगी सीपमूलक तालिम प्रदान गर्दै आइरहेको बताउनुहुँदै खेतीयोग्य जमिनको कमी हुँदै गइरहेको अवस्थामा कौसी खेतीलाई नयाँ विकल्पको रूपमा लिन सकिने बताउनुभयो ।




कौसीमा गरिने खेतीले वरिपरिको वातावरणमा हरियाली थप्नुका साथै फोहोर व्यवस्थापनको पनि राम्रो उपाय भएको बताउनुहुँदै उहाँले कृषिसम्बन्धी प्राविधिक ज्ञानले वैज्ञानिक ढङ्गले खेती गर्न मद्दत पुऱ्याउने र आफूसँग भएको सैद्धान्तिक र व्यवहारिक ज्ञानलाई सँगसँगै लानु आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले भक्तपुर नपाले सञ्चालन गरिरहेको सीपमूलक तालिम तथा निःशुल्क स्वास्थ्य शिविरबारे जानकारी दिनुहुँदै तालिमबाट आफूले सिकेको ज्ञान र सीपलाई सदुपयोग गर्न पनि आग्रह गर्नुभयो ।

कौसी खेती तालिमका प्रशिक्षक **सबिन ख्याजु**ले जथाभावी कौसी खेती गरिँदा पानी चुहिने, घर चर्कने आदि समस्या आउन सक्नेतर्फ सचेत गराउनुहुँदै प्राविधिक सल्लाहमा कौसी खेती गर्नु उपयुक्त हुने सुझाव दिनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ कृषि समितिका संयोजक **पुण्यराम बाइजु**, समितिका सदस्य **कृष्णबहादुर दुगुज**, प्रशिक्षार्थीको तर्फबाट **सीता पोखरेल**, **निर्मला श्रेष्ठ**, **नारायण थापा**लगायतले तालिमको उपयोगिताबारे धारणा व्यक्त गर्नुभएको थियो ।

## लाभग्राही परिचय पत्र वितरण तथा प्रवचन कार्यक्रम

नेपाल मजदुर किसान पार्टीको स्थापना दिवसको अवसरमा भक्तपुर नपा वडा नं. १ को आयोजनामा प्रवचन तथा बागमति प्रदेश भक्तपुर नपाका लाभग्राही परिचय पत्र वितरण कार्यक्रम माघ १९ गते भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले लाभग्राही परिचय पत्र र धन्यवाद पत्र प्राप्त गर्ने स्थानीयवासीहरूलाई बधाई तथा धन्यवाद दिनुहुँदै भक्तपुर नगर सम्पदाले भरिपूर्ण हुनु हाम्रा अग्रज पुर्खाको योगदान भएको र सोको संरक्षण गर्नु गौरवको विषय हो भन्नुभयो ।

उहाँले महिलाहरूमा विशेष रोग लाग्ने भएकोले वडाबाट स्वास्थ्य शिविर सञ्चालन गर्नुपर्ने र भक्तपुर नगरपालिकाले ख्वप अस्पताल प्रसुती सेवाबाट सुरु गर्न लागेको बताउनुभयो ।

विशेष अतिथि नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य **नारायणबहादुर दुवाल**ले नेपाल मजदुर किसान पार्टी स्थापनाकालदेखि कामदार वर्गका हितको लागि साम्राज्यवादी देशले गर्ने थिचोमिचोको विरोधमा आन्दोलन गर्दै आएको बताउनुहुँदै भक्तपुर नगरपालिकाले गर्दै आएको सम्पदा संरक्षणमा स्थानीय जनताको सहभागिता, सहयोग, विदेशीहरूको ससर्तको सहयोग इन्कार गरी आएकोमा प्रशंसा गर्नुभयो ।



भनपा वडा नं.१ का वडा अध्यक्ष **श्यामकृष्ण खत्री**ले सभापतिको आसनबाट नपाले नेमकिपाको स्थानीय तहको चुनाव घोषणा पत्रअनुसार काम गरिरहेको र नगरवासीहरूको आधारभुत आवश्यकता अनुसार आदर निकेतन, ख्वप विश्व विद्यालय, जनस्वास्थ्य केन्द्रदेखि ख्वप अस्पताल सञ्चालन गर्ने उद्देश्य राखेको जानकारी गराउनुभयो ।

कार्यक्रममा नेमकिपा वडा नं. १ का इन्चार्ज एवं पूर्व वडा अध्यक्ष **लक्ष्मीनारायण राजलवट**, **श्यामसुन्दर बाटी**, वडा सदस्य **गंगालक्ष्मी बमनु** र वडा सदस्य **सुर्यप्रसाद श्रेष्ठ**ले पनि बोल्नुभएको थियो ।

## भक्तपुर नपाबाट बजार अनुगमन

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा नगरका विभिन्न स्थानको बजार अनुगमन गरियो ।

**खौमा, इटाछेँमा**

माघ २७ गते खौमा इटाछेँका किराना, खाजा, मःमः, अमिलो र आइसक्रिम, केक गरी २० ओटा पसलहरू अनुगमन गरियो ।

अनुगमनको क्रममा पसल दर्ता प्रमाणपत्र नभएकोलाई तीन दिनभित्र नगरपालिकामा उपस्थित हुन, दर्ता प्रमाणपत्र पसलमा देखिने गरी राख्न र समयमा नविकरण गर्न निर्देशन दिइयो ।

त्यस्तै ढक तराजु नापतौल विभागमा नविकरण गर्न, एकचोटि तारेको तेलमा पटक पटक नपकाउन, सामान लिँदा म्याद वा लेबल हेरेर लिन र लेबल भएको खाद्यवस्तुमात्र बेचविखन गर्न, प्यान बिलबाट खरिद बिक्री गर्न पनि निर्देशन दिइयो ।



अनुगमनमा फेला परेका म्याद नाघेका विभिन्न कोल्ड ड्रिङ्क, फुड कलर, कुरमुरे, चिजबल आदि जफत गरी नष्ट गरियो । तर एक पसलेले म्याद नाघेको सामानहरू जफत गर्न नदिएकोले म्याद नाघेको सामानहरू छुट्याएर राख्न, बेचबिखन गर्ने स्थानमा राखे जफत हुने कडा निर्देशन दिइयो ।

पसलहरुलाई सरसफाइमा ध्यान दिन, कामदारलाई एप्रोन प्रयोग गर्न सुझाव पनि दिइयो ।

### मालपोत एरिया तुमचो दुगुरेमा

त्यस्तै माघ २९ गते समितिले मालपोत एरिया तुमचो दुगुरेका जलपान, लेखापढी, खाजाघर, तरकारी, किराना पसल गरी १५ ओटा पसलहरू अनुगमन गरेकोमा १० ओटा दर्ता नभएकोले त्यहीं स्थानमा दर्ता गराइयो ।

अनुगमनका क्रममा अधिकांश पसललाई सरसफाइमा ध्यान दिन, समयमै पसल दर्ता नविकरण गर्न, ढक तराजू नापतौल विभागमा नविकरण गर्न, बासी र म्याद नाघेको सामान नबेच्न, कामदारलाई एप्रोन प्रयोग गर्न, बाल मजदुर नराख्न निर्देशन दिनुका साथै म्याद नाघेका विभिन्न सामान जफत गरी नष्ट गरियो ।

### जगातीमा

समितिले माघ २९ गते जगातीमा ६ ओटा पसलहरु अनुगमन गऱ्यो । अण्डा र मासुको बजार मूल्यभन्दा जथाभावी बढीमा बिक्री गरिरहेको गुनासो आएकोले अण्डा पसल र कोल्ड स्टोरमा अनुगमन गरिएको थियो ।

अनुगमनमा अण्डा र मासुको बिक्री मूल्य आफुखुसी जथाभावी बृद्धि नगर्न, मूल्य सूची राख्न, अण्डा सानो ठूलो मिसाएर नबेच्न, बासी र बिग्रेको मासु बिक्री वितरण नगर्न र बिग्रेको मासु छुट्टै राखी नष्ट गर्न, म्याद नाघेको सामानहरु बरोबर चेकजाँच गरी छुट्टै राख्न, प्याकेजिङ्ग सामानहरुमा अनुज्ञापत्र लिई लेवल राखेर मात्र बिक्रीवितरण गर्न सम्बन्धित पसलेहरुलाई निर्देशन दिइयो ।

अनुगमनको क्रममा सम्बन्धितलाई पसल दर्ता नविकरण गर्न, तराजू नापतौल विभागमा नविकरण गर्न, एप्रोन सेतो प्रयोग गर्न निर्देशन दिइएको थियो ।

### च्याम्हासिंहमा

समितिले फागुन १२ गते च्याम्हासिंहका मासु पसलहरूको अनुगमन गऱ्यो । हालै एक भोजमा चिकेन विङ्गस् खाएर धेरै जना विरामी भएको गुनासो आएकोले अनुगमन गरिएको थियो ।

अनुगमनमा धेरै पसलहरूमा मासुको मूल्य फरक फरक परी उपभोक्ता ठगी भएको देखिएको छ ।

अनुगमनको क्रममा पसल दर्ता नविकरण गर्न, खरिद र बिक्री गर्दा प्यान र भ्याट बिल मात्र प्रयोग गर्न, प्याकेजिङ बिग्रेको सामानहरू बिक्री वितरण नगर्न, पसल व्यवस्थित र सरसफाइमा ध्यान दिन, भुइँ र भित्ता सफा गर्न मिल्ने गरी कार्पेट वा मार्वल टायल राख्न, एप्रोन सेतो प्रयोग गर्न, फ्रिजको सरसफाइमा ध्यान दिन, मासु राखेको डीफ्रिजमा दूध नराख्न र दूध मासु सँगै राखे मासु बिग्रने भएकोले नराख्न सम्बन्धितलाई निर्देशन दियो ।

काठमाण्डौं खसिबुको खरिद बिल प्यान र भ्याट विल प्रयोग नगरी इष्टिमेट बिल प्रयोग गरी कर छली गरेको र भोजमा उक्त कम्पनीको चिकेन विंगस् खाएर धेरै जना विरामी भएकोले सम्बन्धित कम्पनी र बिक्रेता दुवैलाई उपस्थित हुन निर्देशन दिनुका साथै तराजु एक थान जफत गरियो ।

### च्याम्हासिंहमा

फागुन १३ गते पनि च्याम्हासिंहका मासु पसलहरू अनुगमन गरियो । तर मासु पसलहरू खासै सुधार भएको नपाइएको अनुगमन समितिका संयोजक राजकृष्ण गोराले बताउनु भयो । अनुगमन समितिले दिइएका निर्देशनहरू पालना गर्न अन्यथा कारबाही गरिने भन्दै सचेत पारियो ।

## कासान ब्यासीमा

समितिले फागुन १३ गते नै कासान ब्यासीका मासु पसलहरूको अनुगमन गरियो ।

अनुगमनमा सम्बन्धित पसलहरूलाई दर्ता नविकरण समयमै गर्न, तराजु नापतौल विभागमा नविकरण गर्न, मूल्यसूचि देखिने गरी राख्न निर्देशन दिनुका साथै एउटा मासु पसल ०६८/०६९ देखि नविकरण नभएकोले शिघ्र नविकरण गर्न सचेत पारियो ।



मासु जालीले छोपेर राख्न वा सिसाको बाकस बनाई धूलो र झिँगा नभन्किने गरी व्यवस्थित गर्न, पसल व्यवस्थित रूपमा सञ्चालन गर्न र सरसफाइमा ध्यान दिन, मासु काट्ने औजारहरू सफा राख्न, फ्रिज सफा गर्न, भुइँभित्ता सफा गर्न मिल्ने गरी कार्पेट वा मार्वल टायल राख्र्न र एप्रोन सेतो प्रयोग गर्न निर्देशन दिनुका साथै फेला परेको बिग्रेको मासु ६ किलो ८०० ग्राम जफत गरी नष्ट गरियो ।

प्याकेजिङ लेबलको टाग भित्र स्टिकर टाँसेको मेटेर गएको पाइएको, लेबल हातले लेखी स्टिकर टाँसेको पाइएकोले प्याकेट मै मेसिनले छापी लेवल राख्न र लेबल हातले लेखेको र स्टिकर प्रयोग भएको सामान बेच बिखन नगर्न पनि अनुगमन टोलीले निर्देशन दियो ।

अनुगमनमा समितिका सदस्य रोशन मैया सुवाल, श्यानिटेशनका व.नि.रामकृष्ण प्रजापति, कर उपशाखाका मोहनदेवी व्याञ्जू, अर्जुन खाईतु, उद्योग बाणिज्य सङ्घ भक्तपुरका विश्वराम दुवाल, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरिक्षक राजु प्रसाई र सञ्जय कोजू, छत्र बहादुर थापा, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा र लक्ष्मी भण्डारी, स्वास्थ्य कार्यालय, भक्तपुरका दिलबहादुर बस्नेत, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका लक्ष्मीप्रसाद कवाँ, जिल्ला प्रशासन कार्यालय भक्तपुरका विजयप्रसाद धौभडेल, पशु सेवा कार्यालय भक्तपुरका लालमाया तामाङ सहभागी रहेका थिए ।

### भक्तपुर नगरपालिका क्षेत्रमा खानेपानी वितरण प्रणाली सुधार गरिने

## नगर प्रमुख प्रजापतिसँग खानेपानी मन्त्रालयका सहसचिव शाक्यको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा खानेपानी मन्त्रालयका सहसचिव रितेशकुमार शाक्यको उपस्थितिमा भक्तपुरको खानेपानी व्यवस्थापनसम्बन्धी माघ १९ गते बैठक बस्यो ।



उक्त बैठकले भक्तपुर नगरपालिका क्षेत्रमा खानेपनीको सहज वितरण प्रणाली सुधारका लागि विद्यमान पाइपलाइन सुधार गर्ने, नगरका विभिन्न ठाउँहरूमा खानेपानीको डीप बोरिङ गरी नयाँ स्रोत व्यवस्थापन गर्ने र भक्तपुर नगर क्षेत्रमा खानेपानीको पर्याप्त वितरण प्रणाली व्यवस्थापनको लागि उपयुक्त स्थानमा भण्डारण ट्यांकी निर्माण गर्न आवश्यक गृहकार्य गर्ने निर्णय गर्‍यो ।



नगर प्रमुख प्रजापतिले सहसचिव रितेशकुमार शाक्य र काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी अधिकृत सञ्जीवविक्रम रणालाई भक्तपुरको भादगाउँले टोपी लगाएर स्वागत गर्नुहुँदै नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

बैठकमा भक्तपुर नपा प्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ, वडाध्यक्षहरू रबिन्द्र ज्याख्व, उकेश कवां, महेन्द्र खायमली र श्यामकृष्ण खत्रीको पनि उपस्थिति रहेको थियो ।

## नगर प्रमुखसित पूर्वाञ्चल विश्वविद्यालयका डीनको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसित पूर्वाञ्चल विश्वविद्यालय इन्जिनियरिङ संकायका डीन देवीप्रसाद भट्टराईले फागुन ६ गते भेट गर्नुभयो । नगरपालिका कार्यालयमा भएको भेटमा ख्वप इन्जिनियरिङ कलेजमा स्नातकोत्तर तहमा कम्प्युटर र इलेक्ट्रोनिक्स इन्जिनियरिङ र स्नातकमा मेकानिकल इन्जिनियरिङलगायतका विषयहरू थप गर्ने विषयमा छलफल भयो । डीन भट्टराई ख्वप इन्जिनियरिङ कलेज अनुगमनको क्रममा भक्तपुर आउनुभएको हो ।

बैठकमा नगर प्रमुख प्रजापतिले देशभरिका विद्यार्थीहरूलाई सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्न भक्तपुर नपाले सातओटा शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको बताउनुहुँदै भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने उद्देश्य रहेको बताउनुभयो ।



भेटमा डीन भट्टराईले नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भए पनि पूर्वाञ्चल विविको आङ्गिक क्याम्पससरह मान्यता प्राप्त भएको बताउनुहुँदै कलेजलाई आवश्यक विषयहरू थप गर्ने विषयमा आफू सकारात्मक रहेको बताउनुभयो । ख्वप इन्जिनियरिङ कलेजले सस्तोमा इन्जिनियरिङ शिक्षा प्रदान गर्दै आइरहेको चर्चा गर्नुहुँदै उहाँले ख्वप इन्जिनियरिङ कलेजले नपासँग मिलेर कलेजका प्राध्यापक विद्यार्थीहरूको प्राविधिक सहयोग सराहनीय पक्ष भएको औँल्याउनुभयो ।

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र उपप्राचार्य रबिन्द्र फौंजुको पनि उपस्थिति थियो ।

## कनका सुन्दरी गाउँपालिकाका उपाध्यक्ष भक्तपुर नपामा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग जुम्लाको कनका सुन्दरी गाउँपालिकाका उपाध्यक्ष उर्मिला खत्री भण्डारीले फागुन ३ गते भेट गर्नुभयो ।



## परीक्षा समितिका पदाधिकारीहरूको सपथ

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाअन्तर्गत आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा २०७७ समितिका अध्यक्ष प्रेमगोपाल कर्माचार्यसहित सदस्यहरूको एक कार्यक्रमबीच पद तथा गोपनीयताको सपथ फागुन ६ गते गराउनुभयो ।



कार्यक्रममा सामूहिक परीक्षा समिति, सार्वजनिक मावि संयुक्त परीक्षा समिति, प्याब्सन, इसान, एनप्याब्सनका प्रतिनिधिहरूले कक्षा ८ को परीक्षालाई गोप्य, शान्तिपूर्ण र मर्यादित ढङ्गले सम्पन्न गर्न सपथ ग्रहण गर्नुभएको हो ।

# बक्सिङका खेलाडीहरूलाई ट्र्याक सुट वितरण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नागार्जुन बक्सिङ खेलकुद विकास समितिको आयोजनामा फागुन १९ गतेदेखि २२ गतेसम्म हुने 'वीर गणेशमान सिंह बागमती प्रदेशस्तरीय बक्सिङ प्रतियोगिता' मा भक्तपुर नगरपालिकाको तर्फबाट सहभागी सातजना खेलाडीहरूलाई फागुन १७ गते ट्र्याकसुट वितरण गर्नुभयो ।



खेलाडीहरूलाई मार्गनिर्देश गर्नुहुँदै प्रमुख प्रजापतिले खेलाडीहरूले डराएर होइन आत्मविश्वास बलियो बनाएर अनुशासित ढङ्गले खेलमा सहभागी हुनुपर्नेमा जोड दिनुहुँदै कुनै पनि प्रतियोगितामा हुने हार र जीतले मानिसलाई शिक्षा प्रदान गर्ने बताउनुभयो ।

भक्तपुर नगरलाई खेलाडीहरूको नगरको रूपमा परिचित गर्न र नगरवासी युवाहरूलाई सक्रिय र क्रियाशील बनाउन प्रत्येक वर्ष अन्तरनगर प्रतियोगिता गर्दै आएको र विभिन्न खेल प्रशिक्षण तथा प्रतियोगिताहरू पनि गर्दै आएको उहाँले बताउनुभयो ।

सोही कार्यक्रममा वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले नगरपालिकाले ६ वटा खेलको नियमित प्रशिक्षण दिँदै आएको र नपाको आयोजनामा फागुन २९ देखि चैत्र ३ गतेसम्म अन्तरनगर बुद्धिचाल प्रतियोगिताको आयोजना हुने जानकारी गराउनुभयो । उहाँले खेलाडीहरूलाई अनुशासित रूपमा आफ्नो खेल प्रदर्शन गर्न मार्गनिर्देश गर्नुभयो ।

**झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।**


**पृष्ठ ३४ को बाँकी...**

दुलही सानो हुञ्जेलसम्म सासू, सासू बज्यैको कोठामा सुताइन्थ्यो । छोरा बुहारीको आफ्नो छुट्टै कोठा हुँदैनथ्यो (**राजवंशी,** २०६५, पृ.५१) । कोठा दिने बेलामा छोरा बुहारी दुवैलाई किसली (चामल भरी राखिएको माटोको बटुका) ढोगाएर उनीहरू सुत्ने कोठाको झ्यालमा वा उनीहरूको सिरानीनिर राखिन्छ । भोलिपल्ट त्यो किसली गणेशस्थानमा चढाइन्छ । यसो गर्नुको कारण कुल थाम्ने असल छोराको कामना गरी गणेशलाई किसली भाकल गरेको हो भनिन्छ (**राजवंशी,** २०६५, पृ.५१) ।

**वसः ब्यगु (लुगा दिने) :** ज्यापू जातिमा बुहारीलाई वर्षको एक चोटि वसः (लुगा) दिने चलन छ । घरका सासू ससुराले नयाँ बुहारी भित्र्याएपछि हरेक वर्ष कुनै चाडपर्व वा अन्य त्यस्तै दिनमा यस्तो लुगा दिने चलन छ । यसरी लुगा दिँदा मिसा नं (चोलो), प्रासी (फरिया), गा (खास्टो), जनी (पटुका) दिने गरिन्छ (**राजवंशी,** २०६५, पृ.५१) । वर्तमान समयमा यसरी बुहारीलाई लुगा दिने चलन हराइसकेको छ । छोरा बुहारी आर्थिक रूपमा सक्षम हुँदै आएकोले यो चलन बिस्तारै हराउँदै गएको हो । तर विपन्न ज्यापू जातिका परिवारमा यस्तो चलन अझ बाँकी नै छ । बुहारीलाई हाकु पटासी (सारी), चोलो, जनी, गा दिने गरिन्छ । बुहारीलाई घर बाहिर आर्थिक क्षेत्रमा काम गराउने चलन थिएन । साथै बुहारी घर बाहिर गएर काम गर्न जानु राम्रो मानिन्दैन । त्यसैले पनि बुहारीलाई वर्षको एकचोटि लुगा दिने चलन चलेको हुनु पर्दछ ।

## सन्दर्भ सामग्री

राजवंशी, ल. (२०६५). **नेवार सांस्कृतिक चिनारी**, ललितपुर : नागार्जुन पब्लिकेशन प्रा. लि. ।



# विविध समाचार

**ख्वप कलेज, ख्वप मावि र शारदा क्याम्पसको वार्षिकोत्सव**

## ‘नि:स्वार्थ सेवा गर्ने राजनीतिकर्मीको खाँचो’

*– अध्यक्ष बिजुक्छेँ*



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप माध्यमिक विद्यालयको २१ औँ, ख्वप कलेजको १९ औँ र शारदा क्याम्पसको ३० औँ वार्षिक उत्सव कार्यक्रम– फागुन १४ गते कलेज प्राङ्गणमा सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि बिजुक्छेँले विश्वविद्यालय तहमा राजनीतिशास्त्र अध्ययन गर्ने विद्यार्थीहरू कमी हुँदै गएकोमा चिन्ता व्यक्त गर्नुहुँदै विद्यार्थीहरूले देश र जनताको सेवा गर्ने भावनाले राजनीति गनुपर्ने विचार व्यक्त गर्नुभयो ।



अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)

उहाँले शासक दलका नेताहरूले सत्तामा बसी अपराधीहरूको संरक्षण गरिरहेको बताउनुहुँदै अपराधमा संलग्न कार्यकर्ताहरूलाई छोडाउने कार्य समेत गरिरहेको बताउनुभयो ।

डाक्टर, इन्जिनियरहरूले राजनीति गर्दैनन्, बौद्धिक व्यक्तिहरूलाई राजनीतिबाट टाढा राख्ने षड्यन्त्र भइरहेको उल्लेख गर्नुहुँदै प्रमुख अतिथि बिजुक्छेँले राजनीतिबाट कोहि पनि अछुतो नरहने र देशमा निस्वार्थ सेवा गर्ने राजनीतिकर्मीको खाँचो रहेको स्पष्ट पार्नुभयो ।

नेमकिपाका सचिव एवं माननीय सांसद माननीय प्रेम सुवालले



माननीय प्रेम सुवाल

कोभिडका कारण गरिबीका रेखामुनि १२ लाख नेपाली जनता थपिएको बताउनुहुँदै समाजवादी गणतन्त्र चीनमा भने बितेको आठ वर्षमा १० करोड जनता गरिबी रेखामुनिबाट बाहिर निस्किएको समाचार सार्वजनिक भएको बताउनुभयो ।

उहाँले शासक दलहरू भागवण्डाको राजनीति गरिरहेको हुँदा जनताले दु:ख पाइरहेको बताउनुहुँदै संसद पुनर्स्थापनाका कारण चुनावबाट प्रशिक्षित हुने अवसरबाट नेपाली जनता वञ्चित भएको स्पष्ट पार्नुभयो ।

नेपालका २३ जिल्लाका ठूलो भूभाग भारततर्फ पर्ने गरी बनाएको सीमा नक्सा खारेज गर्नुपर्ने जिकीर गर्नुहुँदै उहाँले सीमा नक्सा पुन: तयार गर्नुपर्ने तथा नेपालको लागि हिमाल, पहाड र तराईसहितको प्रदेश संरचना आवश्यक रहेको बताउनुभयो ।

ख्वप मा.वि. तथा कलेज सञ्चालक समितिका अध्यक्ष एवं भनपा प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाले



प्रमुख सुनिल प्रजापति

सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने र २१ औँ शताब्दीका लागि योग्य नागरिक तयार गर्ने उद्देश्यले शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको बताउनुहुँदै देशभरका झण्डै ६ हजार विद्यार्थी अध्ययनरत ती शैक्षिक संस्थाहरू स्थानीय तहबाट सञ्चालित नेपालकै पहिलो शैक्षिक संस्थाहरू भएको बताउनुभयो ।

शिक्षालाई सार्वजनिक सेवाको रूपमा लिइनुपर्नेमा बेचबिखनको वस्तु बनाइयो भन्नुहुँदै प्रमुख प्रजापतिले महँगो विद्यालय र कलेजहरूमा गरिब जनताका छोराछोरीहरूले पढ्न नसकेका अवस्थामा भक्तपुर नपाबाट सञ्चालित शैक्षिक संस्थाहरूले उत्कृष्ट नतिजा दिइरहेका छ भन्नुभयो । उहाँले स्थानीय जनता, जनप्रतिनिधि, व्यवस्थापन समिति, शिक्षक प्राध्यापक, अभिभावक र विद्यार्थी सबैको संयुक्त प्रयासले यो सम्भव भएको बताउनुभयो ।

संसदीय समितिले समेत विश्वविद्यालय सञ्चालनको लागि सिफारिस गरिसक्दा पनि विधेयक संसदबाट पारित हुन नसकेको भन्नुहुँदै उहाँले ख्वप विश्वविद्यालयको विधेयक पारित भएमा शिशुशालादेखि विश्वविद्यालय सञ्चालन गर्ने भक्तपुर नगरपालिका पहिलो हुने बताउनुभयो ।



प्रदेश सभासद् माननीय सुरेन्द्रराज गोसाईं

बागमती प्रदेशका सभासद् माननीय सुरेन्द्रराज गोसाईंले ख्वप सर्कल नेपालका उत्कृष्ट शैक्षिक गन्तव्यस्थलमध्ये एक रहेको चर्चा गर्नुहुँदै कोभिड–१९ को महामारी बीच कलेजहरूले पूर्वतयारीका साथ व्यवस्थित तरिकाले अनलाईन कक्षा सञ्चालन गरी विद्यार्थीहरूको स्तर उकास्न गरेको प्रयासको प्रशंसा गर्नुभयो । उहाँले अहिलेका युवाहरू कुलतमा लागेको राष्ट्रिय पत्रिकामा तथ्याङ्क सार्वजनिक गरिएको हुँदा विद्यार्थीहरूलाई कुलतमा नफस्न सुझाव दिनुहुँदै नयाँ पुस्तालाई कुलतबाट जोगाउन राजनीतिमा लाग्नु आवश्यक भएको बताउनुभयो ।

ख्वप मा.वि. तथा कलेज सञ्चालक समितिका उपाध्यक्ष एवं भनपा उपप्रमुख रजनी जोशीले ख्वप विश्वविद्यालय निकट भविष्यमा स्वीकृत हुनेमा आशा व्यक्त गर्नुहुँदै समाजमा शिक्षाको महत्त्वको विषयमा चर्चा गर्नुभयो ।



उपप्रमुख रजनी जोशी

राष्ट्रिय परीक्षा बोर्ड काठमाडौं कार्यालयका कार्यालय प्रमुख जयन्ती सत्यालले सीपमूलक र व्यवहारिक शिक्षामा जोड दिनुहुँदै प्रविधिमैत्री परीक्षा प्रणालीमा सुधार गर्नुपर्नेमा जोड दिनुभयो ।



परीक्षा बोर्डका प्रमुख जयन्ती सत्याल

भक्तपुरका सहायक प्रमुख जिल्ला अधिकारी मुकेशकुमार केशरीले नगरपालिकाबाट सञ्चालित कलेजहरूमा थोरै शुल्कबाट गुणस्तरीय शिक्षा प्रदान गर्नु प्रशंसनीय रहेको उल्लेख गर्नुहुँदै ख्वपका विद्यार्थीहरू सबै क्षेत्रमा प्रतिस्पर्धी बनिरहेको उल्लेख गर्नुभयो ।



सहायक प्रजिअ मुकेशकुमार केशरी

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक तारादेवी थापाले सानो तर सांस्कृतिक रूपले महत्त्वपूर्ण नगरको शैक्षिक विकास, गुणस्तर र प्रगति उल्लेखनीय भएको बताउनुहुँदै समुदाय प्रहरी साझेदारीमा सबैको साथ र सहयोगको अपेक्षाका साथ प्रहरीसँग एक दिन कार्यक्रम सञ्चालन गर्न विद्यार्थीहरूसँग अन्तरक्रियाहरूमा जोड दिइरहेको बताउनुभयो ।



प्रहरी उपरीक्षक तारादेवी थापा

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठले सय वर्षपछिको भक्तपुरको अवधारणालाई मूर्त रूप दिन शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणलाई उच्च प्राथमिकता दिई भक्तपुर नगरपालिका अगाडि बढिरहेको उल्लेख गर्नुहुँदै नगरभित्रका विद्यार्थीहरूको उच्च शिक्षा प्राप्तिको सहजताका लागि भनपाले शैक्षिक ऋण सहुलियत ब्याजदरमा प्रदान



प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ



प्राचार्य रूपक जोशी,



प्राचार्य प्रकाशकुमार श्रेष्ठ

गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य रूपक जोशी, ख्वप मा.वि.का प्राचार्य प्रकाशकुमार श्रेष्ठले वार्षिक प्रगति प्रतिवेदन र शिक्षक कमिनिका न्याइँच्याइँले पनि बोल्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि बिजुक्छेँले ख्वप माविमा दस वर्ष सेवा अवधि पूरा गरेका ११ जना शिक्षक तथा कर्मचारीहरू, ख्वप कलेजका ४ जना शिक्षक तथा कर्मचारीहरूलाई सम्मान गर्नुभएको थियो भने नेमकिपाका केन्द्रीय सचिव एवं संघीय सांसद प्रेम सुवालले त्रिविबाट लिइएको वार्षिक परीक्षामा कलेजबाट उत्कृष्ट नतिजा हासिल गर्ने स्नातकोत्तर तहका उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

कार्यक्रममा प्लस टु लेभलका ११ जना, स्नातक तहका १२ जना र स्नातकोत्तर तहका ११ जना उत्कृष्ट विद्यार्थीहरूलाई प्रमाणपत्र तथा पुरस्कार वितरण तथा कलेजको वार्षिकोत्सवको अवसरमा आयोजित दौड प्रतियोगितामा विजयी विद्यार्थीहरूलाई पुरस्कार वितरण समेत गरिएको थियो ।

वार्षिकोत्सव कार्यक्रमको उद्घाटन कार्यक्रमको बीच बीचमा तथा औपचारिक कार्यक्रम समापन पछि सांस्कृतिक प्रस्तुतिहरू पनि देखाइएको थियो ।


## ‘भक्तपुर’ मासिकलाई

नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस् । साथमा सम्बन्धित तस्बिरहरू भए प्राथमिकतासाथ स्थान दिइनेछ । लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला ।

**रचना पठाउने ठेगाना:**

- भक्तपुर नगरपालिका कार्यालय भवन
- email-bhaktapurmasik@gmail.com

## बासिबियाँलो



दिइएको चित्रमा १६ वटा वर्ग छन्, कुनै ८ वटा काँटी झिक्दा एउटा पनि वर्ग बन्दैन, प्रयास गर्नुहोस् । उत्तर ११७ पृष्ठमा)

### देशको वर्तमान राजनीतिक विषयमा अन्तरक्रिया

# शिक्षाको प्रचारकै कारण महिलाहरू शैक्षिक रूपमा अगाडि बढेको छ

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा 'देशको वर्तमान राजनीतिक परिस्थिति : शिक्षा र स्वास्थ्यमा त्यसको प्रभाव' विषयक अन्तरक्रिया कार्यक्रम माघ २३ गते सम्पन्न भयो ।




भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानको आयोजनामा भएको उक्त कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष **बिजुक्छेँले** पैसामा मात्र ध्यान दिने डाक्टरले सेवाको वास्तविक परिभाषा नबुझ्ने बताउनुहुँदै चिकित्सकहरूले सेवाभावले बिरामीहरूको सेवा गर्नुपर्नेमा जोड दिनुभयो ।

डाक्टरी शिक्षामा भएको व्यापारीकरणले गर्दा सामान्य व्यक्तिको पहुँच यस क्षेत्रमा पुग्न नसकेको साथै सस्तो र स्तरीय स्वास्थ्य सेवाबाट आम नागरिक बञ्चित हुन परेकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो ।

स्वास्थ्यकर्मीहरूमा कुटनैतिक दक्षताको आवश्यकता औँल्याउनुहुँदै अध्यक्ष बिजुक्छेँले सङ्कटको कुनै पनि समयमा देशको निम्ति लड्न तयार हुनुपर्ने र नयाँ पुस्तालाई देश र जनताको सेवामा समर्पित भएर लाग्छु भन्ने भावनाको विकास गर्न प्राध्यापकहरूले जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुरमा ख्वप विश्वविद्यालय सञ्चालनको लागि नेमकिपाले निरन्तर आवाज उठाउँदै आइरहेको चर्चा गर्नुहुँदै नेता बिजुक्छेँले भक्तपुरमा शिक्षाको प्रचारकै कारण महिलाहरू शैक्षिक रूपमा अगाडि बढेको र यसले महिला नेतृत्वको विकासमा टेवा पुगेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष **सुनिल प्रजापतिले** पैसाको निम्ति मात्र काम गर्नेले देश र जनताको सेवालाई प्राथमिकता नदिने बताउनुहुँदै कोभिड महामारीको समयमा भक्तपुर नगरपालिकाले जनताको सेवा गर्नुपर्छ भन्ने भावनाका साथ क्रियाशील ढङ्गले काम गरेको बताउनुभयो । निजी अस्पतालको उपचार सेवा महँगो हुँदा गरिब जनताले अकालमा ज्यान गुमाउन परिरहेको सन्दर्भ कोट्याउनुहुँदै उहाँले भक्तपुर नपाले शिशुस्याहारदेखि स्नातकोत्तर तहसम्मको गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको बताउनुभयो ।

संस्थानका उपाध्यक्ष एवम् भक्तपुर नपाका उपप्रमुख **रजनी जोशीले** भक्तपुरको शिक्षा, स्वास्थ्य, सरसफाइलगायतका क्षेत्रमा आएको परिवर्तनमा नेमकिपाको भूमिकाबारे चर्चा गर्नुभयो । भक्तपुर नपाले स्थानीय तहको निर्वाचनमा नेमकिपाको घोषणापत्रलाई अक्षरसः पालना गर्दै आफ्ना कार्यहरू अगाडि बढाइरहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा जनस्वास्थ्य सेवा केन्द्र भक्तपुरका डा. **पुण्यराम खर्बुजा**, डा. **अमर प्रजापति** र डा. **बालकृष्ण चाँगुभारीले** चीन, दक्षिण कोरिया, बंगलादेश, फिलिपिन्सलगायतका देशहरूमा अध्ययन गर्दाको अनुभव र त्यहाँको शिक्षा र स्वास्थ्य स्थितिबारे अवगत गराउनुभयो ।

सोही कार्यक्रममा ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्रमुख डा. **रत्नसुन्दर लासिवा**, संस्थानका सिभिल विभागका विभागीय प्रमुख ई. **रमेश सुवाल**, नर्सिङका उपप्राध्यापक **गंगाकेशरी कोजुले** नेपाल मजदुर किसान पार्टी स्थापनाको उद्देश्य, विधान र नेमकिपाको सातौँ महाधिवेशनबाट पारित कार्यक्रममाथि चर्चा गर्नुभयो ।

### ३२ औं शहीद दिवस मनाइयो

# शहीद र योद्धाहरूप्रति व्यवहारमै सम्मान आवश्यक



२०४६ सालको ऐतिहासिक जनआन्दोलनका प्रातः स्मरणीय अमर शहीदहरूको सम्मानमा नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा ३२ औँ शहीद दिवस फागुन ८ गते शहीद स्मृति उद्यानमा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले शहीद र योद्धाहरूप्रति शब्दमा मात्र सम्मान र आदर गरेर नपुग्ने उल्लेख गर्नुहुँदै हाम्रो व्यवहार र नीति निर्णयमै त्यसको प्रभाव हुनुपर्ने बताउनुभयो ।

उहाँले अगाडि भन्नुभयो, 'नागरिकहरूका लागि राजनीतिक स्वतन्त्रतासँगसँगै व्यक्तित्व विकासमा समान अवसर, निःशुल्क शिक्षा र स्वास्थ्योपचारको अधिकार, युवाहरूका लागि रोजगार र रोजगारअनुसारको पारिश्रमिक, महिलाका लागि शिक्षा र रोजगार आदि शहीदका सपना थिए । शहीद र योद्धाहरूप्रति शब्दको औपचारिकतामा होइन व्यवहारमै सम्मान र आदर गर्न आवश्यक छ ।'

देशको कृषि क्षेत्रमा विदेशी लगानी भित्र्याउने सरकारको निर्णयले देशको कृषि क्षेत्रलाई विदेशी एकाधिकार पूँजीको चङ्गुलमा पुऱ्याउने चर्चा गर्नुहुँदै उहाँले त्यसले एक एक पाइला गर्दै देशलाई नवउपनिवेश बनाउने हुँदा सरकारको गलत नीति र निर्णयको विरोध आवश्यक रहेको बताउनुभयो ।

जनताको बलिदानले बहुदलीय प्रजातन्त्र स्थापना भएको ३२ वर्षसम्म पनि शासक दलहरूले जनअपेक्षाअनुसार काम गरेर देशलाई सही दिशामा अगाडि बढाउन नसकेको प्रस्ट पार्नुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् नेक्राकिसङ्घका केन्द्रीय अध्यक्ष **डिल्लीप्रसाद काफ्ले**ले गुटगत र दलगत स्वार्थमा लागेर शासक दलहरूले शहीदको भावना बुझ्न नसकेको र शहीदको बलिदान र योद्धाहरूको योगदानको अपमान गरिरहेको बताउनुभयो ।

उहाँले अगाडि भन्नुभयो, 'शासक दलहरू असफल भएको कुरा आज हामीले मात्र भनिरहेका छैनौँ, उनीहरू आ–आफैले स्वीकार गरेका छन् । जनताले अब ती दलहरूलाई फेरि विश्वास गर्नुहुन्न ।'

उहाँले समाजवादी व्यवस्था स्थापनाका लागि सङ्घर्ष अगाडि बढाउनु नै शहीद र घाइते योद्धाहरूप्रति साँचो सम्मान हुने औँल्याउनुभयो ।

कार्यक्रममा जनआन्दोलन २०४६ का घाइते योद्धाहरूका प्रतिनिधि **राजेन्द्र दुमरु**ले जनआन्दोलनको क्रममा भएको प्रहरी दमन र जेलमा रहँदाको अनुभव सुनाउनुभयो ।

कार्यक्रमका सभापति एवम् नेक्राकिसङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष **गोविन्द दुवाल**ले नेमकिपाले आफ्ना हरेक कार्यकर्तालाई राजनीति व्यापार–व्यवसाय होइन, निःस्वार्थरूपमा देश र जनताको सेवाको रूपमा लिनुपर्छ भनी सिकाइरहेको बताउनुभयो ।

उहाँले जनआन्दोलन २०४६ मा भक्तपुरका जनताको बलिदानीपूर्ण सङ्घर्षले पञ्चायतविरुद्धको जनआन्दोलनमा ऊर्जा थपेको कुरा अन्य जिल्लाका जिम्मेवार मानिसहरूबाट सुनेको बताउनुभयो ।

कार्यक्रममा आयोजक समितिका उपाध्यक्ष **केशवप्रसाद तिमिल्सेना** र सचिव **नारायणभक्त न्हेमाफुकी**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि, अतिथि, घाइते योद्धा प्रतिनिधि तथा शहीदका परिवारले शहीदका प्रतिमामा माल्यार्पण तथा पुष्पगुच्छा अर्पण गर्नुभएको थियो ।

# ख्वप इन्जिनियरिङ कलेजमा पुरस्कार वितरण

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा निबन्ध लेखन, वाद विवाद, लोकस २०२० लगायत विभिन्न प्रतियोगिताका विजयीहरूलाई सम्मान, पुरस्कार वितरण तथा प्रमाणपत्र वितरण कार्यक्रम माघ २६ गते सम्पन्न भयो ।




कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाबाट सञ्चालित कलेजहरूलाई देशकै उत्कृष्ट कलेजको रूपमा स्थापित गर्ने उद्देश्य रहेको बताउनुभयो । उहाँले कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई आफ्नो अध्ययन, सीप र ज्ञानमार्फत समाजलाई फाइदा हुने कार्य गर्न प्रेरित गर्नुहुँदै अध्ययन सँगसँगै व्यापक दृष्टिकोणको खाँचो औँल्याउनुभयो ।

खवप इन्जिनियरिङ कलेजका प्राचार्य ई. **सुजन माक**ले कोभिड महामारीबीच पनि ख्वप इन्जिनियरिङ कलेजले अनलाइनबाट शैक्षिक गतिविधिहरू सञ्चालन गरी विद्यार्थीहरूमा भएको सीप र ज्ञानको सदुपयोगमा विशेष जोड दिएको बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. **सुनिल दुवाल**ले भक्तपुर नगरपालिकाबाट सञ्चालित कलेजहरूले अध्ययन अनुसन्धानमा जोड दिँदै विद्यार्थीहरूलाई उपलब्धीमूलक कार्यहरूमा संलग्न गराउन समय समयमा विभिन्न प्रतियोगिताको आयोजना गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले प्रतियोगिताका विजयीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

**वागीश्वरीमा निवृत्त शिक्षकहरू सम्मानित**

# शिक्षकहरूले देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाधिनतालाई प्राथमिकता दिएर पढाउनुपर्ने

- *विद्यालयको स्वास्थ्य कोषको लागि निवृत्त शिक्षकहरूबाट आर्थिक सहयोग*

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा वागीश्वरी माध्यमिक विद्यालयमा लामो समय अध्यापनपश्चात अवकाश हुनुभएका चारजना शिक्षकहरूको बधाई तथा सम्मान कार्यक्रम फागुन १२ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष **बिजुक्छेँ**ले शिक्षा र राजनीति भनेको एकआपसमा सम्बन्धित विषय भएको बताउनुहुँदै जुनसुकै पेशा भए पनि आफ्नो सिद्धान्तअनुसार काम गर्नुपर्नेमा जोड दिनुभयो । शिक्षकहरूले राजनीति गर्न हुँदैन भन्ने ठम्याइ गलत भएको बताउनुहुँदै शिक्षकहरूले देशको स्वतन्त्रता,




सार्वभौमिकता र स्वाधिनताको विषयलाई प्राथमिकता दिएर पढाउनुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो ।

ख्वप विश्वविद्यालय सञ्चालन स्वीकृतिको लागि निरन्तर प्रयास जारी रहने बताउनुहुँदै नेता बिजुक्छेँले अवकाश प्राप्त शिक्षकहरूले आफ्नो अनुभव संगालेर नयाँ पुस्ताको लागि पठनीय पुस्तक प्रकाशनतर्फ ध्यानाकर्षण गराउनु भयो । उहाँले भक्तपुरमा रात्री कक्षाबाट सुरु भएको महिला शिक्षाले अहिले शैक्षिक क्षेत्रमा महिलाहरूको अग्रसरता र उपलब्धी प्रशंसनीय रहेको बताउनुभयो ।

वर्तमान राजनीतिक घटनाक्रमबारे आफ्नो धारणा राख्नुहुँदै अध्यक्ष बिजुक्छेँले संसद पुनःस्थापना गर्ने सर्वोच्चको निर्णयले जनतालाई राजनीतिक रूपमा सचेत पार्ने अवसर गुमेको र शासक दलहरूबीचको कुर्सी र पदको झगडा पुनः दोहोरिनेछ भन्नुभयो । भारत सरकारले नेपालका शासक दलका नेताहरूमार्फत नेपालमा आफ्नो अनुकूलको सरकार बनाउन खोजिरहेको प्रष्ट हुँदैछ, उहाँले भन्नुभयो ।



भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले वागीश्वरी मावि र कलेजप्रति सबैको साथ र सहयोगी भावनाका कारण यसले शैक्षिक क्षेत्रमा नवीनत्तम उचाइ प्राप्त गरिरहेको बताउनुभयो । भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र र नेपाल मजदुर किसान पार्टीको एक घर एक स्नातकको अवधारणा पूरा गर्न भक्तपुर नपाबाट सञ्चालित कलेजले महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको बताउनुहुँदै सभ्य र सुसंस्कृत समाज निर्माणमा स्थापनाकालदेखि भक्तपुर नगरपालिका प्रयासरत रहेको स्पष्ट पार्नुभयो ।

वागीश्वरी मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् ९ वडाका वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले वागीश्वरी माविलाई समाजको उन्नति र प्रगतिको लागि महत्त्वपूर्ण दबुको रूपमा प्रयोग गरिरहेको र विद्यालय स्थापना र प्रगतिमा भक्तपुरका स्थानीय जनताको अपनत्व र निरन्तर सहयोग पाइरहेकोमा खुशी व्यक्त गर्नुभयो ।



कार्यक्रममा वागीश्वरी माविका प्रअ **कृष्णप्रसाद धन्छा**ले अवकाश प्राप्त शिक्षकहरूको सङ्क्षिप्त परिचय र विद्यालयको शैक्षिक उन्नतिमा पुऱ्याउनुभएको योगदानबारे चर्चा गर्नुभयो ।

सोही कार्यक्रममा विद्यालयका सहायक प्रअहरू **उकेश सुवाल** र **कृष्णप्रसाद कर्माचार्य**ले आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले अवकाश प्राप्त पूर्वसहायक प्रअ ज्ञानसागर प्रजापति, शिक्षकहरू शोभा प्रधान, शोभना शाक्य र रामप्रसाद सुवाललाई सम्मान पत्र र अतिथि नगर प्रमुख प्रजापतिले विद्यालयको तर्फबाट मायाको चिनो प्रदान गर्नुभएको थियो । कार्यक्रममा अवकाश प्राप्त शिक्षकहरूले विद्यालयमा अध्यापन गराउँदाको आफ्नो अनुभव सुनाउनुभएको थियो ।

सोही कार्यक्रममा विद्यालयका पूर्व शिक्षक शोभा प्रधानले विद्यालयका प्रअ धन्छालाई विद्यालयको स्वास्थ्य कोषको लागि रु. दुई लाखको चेक हस्तान्तरण गर्नुभएको थियो भने सो कोषको लागि पूर्व शिक्षकहरू ज्ञानसागर प्रजापति र रामप्रसाद सुवालले पनि प्रतिव्यक्ति एक लाख सहयोगको घोषणा गर्नुभयो ।

### कानुन अध्ययन समाज नेपालको अन्तरक्रिया

# कानुन व्यवसायीहरूले सामाजिक नैतिकतालाई ख्याल गर्नुपर्ने

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कानुन व्यवसायीहरू पनि राजनीतिक रूपमा सचेत र सङ्गठित हुनुपर्नेमा जोड दिनुभएको छ ।

पार्टी सम्बद्ध कानुन व्यवसायीहरूको सङ्गठन कानुन अध्ययन समाज नेपाल भक्तपुर जिल्ला समितिद्वारा नेमकिपाको ४७ औँ स्थापना दिवसको अवसरमा माघ २३ गते आयोजित 'समसामयिक राजनीति र नेमकिपाको कानुनी सङ्घर्ष' विषयक अन्तरक्रिया कार्यक्रममा प्रमुख प्रजापतिले कानुन व्यवसायीहरूले सामाजिक नैतिकतालाई निकै ख्याल गर्नुपर्ने र व्यवसायिकताको नाममा नैतिकता बिर्संदा पछि ठूलो पछुताउ गर्नुपर्ने अवस्था निम्तिनसक्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'सही राजनीतिक विचारधारा र नैतिकताले निर्देशित नभएका जति नै प्रतिभावान कानुन व्यवसायी पनि देश र बहुमत जनताको सेवामा असफल नै हुन्छन् । ज्ञान र प्रतिभाको सही सदुपयोग हुन सक्दैन । त्यसैले राजनीतिक स्पष्टता जरुरी छ ।'

कानुनी सङ्घर्ष मात्रले जनताको समस्या समाधान हुन नसक्ने भएकोले नेपाल मजदुर किसान पार्टीले कानुनी सङ्घर्षका साथसाथै राजनीतिक सङ्घर्षलाई पनि अगाडि बढाउँदै आएको बताउनुभयो ।

उहाँले देशमा सत्ताको झगडा र अनैतिक गठबन्धनहरू हुनुभन्दा नयाँ जनादेशका लागि निर्वाचन सही भएको बताउनुहुँदै तत्कालै सत्तामा पुग्न चाहनेहरूले निर्वाचनको विरोध गरिरहेका छन् भन्नुभयो ।



केन्द्र र प्रदेश सरकारले नेपालको संविधान २०७२ ले प्रदान गरेको स्वायत्तता र विकेन्द्रीकरणको व्यवस्थालाई पटक पटक उल्लङ्घन गरेको उल्लेख गर्नुहुँदै कानुनी सङ्घर्षको माध्यमले सरकारमा बसेकाहरूलाई खबरदारी गर्नुपर्ने बताउनुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य **नारायणबहादुर दुवाल**ले नेमकिपाले स्थापना कालदेखि नै देश र कामदार वर्गका जनताको हितमा कानुनी र गैरकानुनी सङ्घर्ष गर्दै आएको र विगतमा कानुन अध्ययन गरेका साथीहरूको अभाव कष्टकर भएको बताउनुभयो ।

देशमा पूँजीवादी व्यवस्था रहेसम्म शोषण, दमन र अन्याय भइरहने बताउनुहुँदै कानुन अध्ययन समाजका सदस्यहरूले शोषित पीडित र अन्यायमा परेकाहरूलाई कानुनी सङ्घर्षमा साथ दिनुपर्ने बताउनुभयो ।

नेमकिपा भक्तपुर जिल्ला समितिका सदस्य **पाण्डव सुवाल**ले अधिकांश स्थानीय तहहरूमा पुगेका शासक दलका जनप्रतिनिधिहरू देश र जनताप्रति असंवेदनशील बनी कमाउ धन्दामा लाग्दा जनताले हैरानी खेप्नुपरेको चर्चा गर्नुहुँदै त्यस्ता पदाधिकारीहरूले गरेका अधिकार दुरूपयोगविरुद्ध कानुनी सङ्घर्षलाई तीव्रता दिनुपर्ने औँल्याउनुभयो ।

उहाँले कानुन व्यवसायीहरूले कानुनी व्यवस्थाका विशेषता र कमजोरीबारे अध्ययन गरेर जनतालाई सचेत र सजग पार्नुपर्ने बताउनुभयो ।

कानुन अध्ययन समाजका केन्द्रीय अध्यक्ष एवम् अधिवक्ता **रामप्रसाद प्रजापति**ले समाजले स्थापनाकालदेखि समाजका सदस्य साथीहरूको अध्ययनको स्तर उठाउन र सार्वजनिक हितका विषयमा नि:स्वार्थ सहयोग गर्दै आएको बताउनुभयो ।

समाजमा वर्ग भएजस्तै कानुन व्यवसायीहरूमाझ पनि वर्ग रहेको स्पष्ट पार्नुहुँदै कानुन अध्ययन समाज समाजवादप्रति आस्थावान र कामदार वर्गको हितमा प्रतिबद्धत कानुन व्यवसायीहरूको सङ्गठन भएको बताउनुभयो ।

कानुन अध्ययन समाज नेपाल भक्तपुर जिल्ला समितिका अध्यक्ष एवम् अधिवक्ता **राजु कैटी**को सभापतित्वमा सम्पन्न अन्तरक्रिया कार्यक्रममा अधिवक्ता **प्रमोद ज्याख्व**, अधिवक्ता **विकल प्रजापति**, अधिवक्ता **राजाराम दुवाल**, अधिवक्ता **राजेन्द्र सुवाल**, अधिवक्ता **अनिता जधारी**लगायतले आ–आफ्नो विचार राख्नुभएको थियो ।

# नेक्राकिसंको छैटौँ केन्द्रीय परिषद्मा प्रशिक्षण

नेपाल क्रान्तिकारी किसान सङ्घको छैटौँ केन्द्रीय परिषद्मा भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइलगायतका क्षेत्रहरुमा गरिरहेको गतिविधिबारे फागुन १२ गते प्रशिक्षण दिनुहुँदै नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलगायत ।



# प्रतिनिधिसभा पुनर्स्थापनाको परमादेश : फेरि राजनीतिक फोहोरी खेलको विजारोपण ?

सर्वोच्च अदालतको संवैधानिक इजलासले प्रधानमन्त्रीले पुस ५ गते विघटन गराएको सङ्घीय संसदको प्रतिनिधिसभा पुनर्स्थापना गर्न फागुन ११ गते फैसला गरेको छ । प्रधानन्यायाधीश चोलेन्द्रसमशेर जबरा, न्यायाधीशहरु विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा, सपना प्रधान मल्ल र तेजबहादुर केसीको संवैधानिक इजलासले १३ दिनभित्र प्रतिनिधिसभाको बैठक बोलाउन राष्ट्रपति, प्रधानमन्त्री र सभामुखका नाममा परमादेश पनि जारी गरेको छ ।




इजलासले मुख्यत: निम्न पाँच प्रश्नमा निर्णय दिनुपर्ने देखेको थियो –

१) प्रतिनिधिसभा विघटन राजननीतिक विषयवस्तु समावेश भएको भन्ने कारणले प्रस्तुत विवाद यस अदालतले न्यायनिरोपण गर्न मिल्ने प्रकृतिको हो कि होइन ?

२) प्रतिनिधिसभा विघटन गर्नु नेपालको संविधान सम्मत हुन्छ कि हुँदैन ?

३) नेपालको संविधान धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ प्रयोग गरी प्रतिनिधिसभा विघटन गर्नु संविधान सम्मत हुने हो वा होइन ?

४) प्रधानमन्त्रीको प्रतिनिधिसभा विघटनको सिफारिस दुराशययुक्त छ वा छैन ?

५) रिट निवेदकको मागअनुसार आदेश जारी गर्नु पर्ने वा नपर्ने के हो ?

उपरोक्त प्रश्नमा फैसलाले नेपालको शासन प्रणाली संसदीय मात्र होइन, मौलिक भएको, संसद विघटन राजनीतिक होइन, संवैधानिक प्रश्न भएको; बहुमत प्राप्त दलको नेताले सरकार चलाउनैपर्ने; संसद विघटन बाध्यात्मकरुपमा मात्र हुन

सक्ने, प्रधानमन्त्रीको आत्मनिष्ठ आवश्यकताका आधारमा गर्न नपाइने; प्रधानमन्त्रीलाई विघटनको विशेषाधिकार नभएको; दूराशयपूर्ण हो कि होइन बोल्नु नपरेको ठहर गर्दै संसद विघटनको निर्णय र तत्सम्बन्धी सम्पूर्ण कामकारबाहीहरू असंवैधानिक भएकाले प्रारम्भदेखि नै कानूनी प्रभाव शून्य रहने गरी बदर गरेको छ ।

यस फैसलाले प्रधानमन्त्रीसँग संसद विघटनको 'भरेको बन्दुक' हुने संसदीय सिद्धान्त, मूल्य–मान्यता, विशेषता र शक्ति पृथकीकरणको सिद्धान्तमा संविधानवादको नाममा अब न्यायपालिका शक्तिशाली र सर्वोच्च हुने देखिएको छ । त्यस्तो हुन नहुने धारणा राखेरै विगतमा विघटित प्रतिनिधिसभा पुनःस्थापनाको फैसला र प्रधानन्यायाधीशलाई प्रधानमन्त्री बनाइएकोमा विरोध भएको थियो ।

आजको नेकपा (दाहाल–नेपाल) का नेताहरूले पुनःस्थापनाको फैसलालाई 'ऐतिहासिक र साहसिक' भने पनि हिजो 'अदालतको मानहानि' को मुद्दापर्ने गरी विरोध गरेका थिए ।

संविधानवादको दृष्टिकोणले ताजा जनादेशमा जानबाट रोकेर प्रतिनिधिसभा पुनःस्थापना भयो तर अबका दिन सत्तामा पुग्ने, ढाल्ने र बचाउने नाममा हुने राजनीतिक फोहोरी खेललाई कुनचाहीं संविधान र अदालतले नियन्त्रण गर्ने हो त्यो कसैलाई ज्ञात भएको वा कतै दृष्टिगोचर भएको छैन ।

# ख्वप कलेजमा 'सामाजिक कार्य' विषय अध्ययनरत विद्यार्थीहरूलाई प्रमाणपत्र वितरण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजमा स्नातक तहमा 'सामाजिक कार्य' विषय लिई अध्ययनरत विद्यार्थीहरूको २०७७ माघ १५ गतेदेखि २० गतेसम्म भएको 'छिमेकी शिविर २०७७' को रिपोर्ट प्रस्तुती तथा प्रमाणपत्र वितरण कार्यक्रम फागुन १२ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख **प्रजापति**ले विद्यालय तथा कलेजहरूले विद्यार्थीहरूमा सैद्धान्तिक र व्यवहारिक ज्ञानलाई प्राथमिकता दिई अध्ययन अध्यापन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । 'छिमेकी शिविर'मार्फत् विद्यार्थीहरूले भक्तपुरको शिक्षा, स्वास्थ्य, जनजीवन र विपद् व्यवस्थापनबारे ज्ञान हासिल गर्ने मौका पाएको बताउनुहुँदै कुनै पनि विषयमा 'सय पटक पढ्नु र एक पटक हेर्नु' बराबर हो भन्नुभयो ।




उहाँले भक्तपुरको शैक्षिक विकाससँगसँगै सामाजिक परिवर्तन र शिक्षामा छात्रा विद्यार्थीहरूको सङ्ख्या तुलनात्मक रूपमा बढिरहेको सकारात्मक पक्ष हो भन्नुहुँदै विद्यार्थीहरूले घमण्ड र अहम् त्यागेर व्यवहारिक शिक्षा आर्जनमा जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नपाद्वारा सञ्चालित कलेज र अरु कलेजको शैक्षिक विशेषता र भिन्नताबारे प्रष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले राष्ट्रिय–अन्तर्राष्ट्रिय जगतमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम नागरिक तयार गर्ने उद्देश्य बाकेको बताउनुभयो ।

ख्वप कलेजका प्राचार्य **रूपक जोशी**ले विद्यार्थीहरूको मागअनुसार ख्वप कलेजमा नयाँ नयाँ विषयहरू थप गर्दै लगिरहेको जानकारी दिनुहुँदै आगामी दिनहरूमा पनि आवश्यक विषयहरू थप गर्ने विषयमा लागिरहेको बताउनुभयो ।

सोही कार्यक्रममा ख्वप कलेजका सहप्राचार्य **राजेशकुमार श्रेष्ठ**ले सामाजिक विषय अध्ययनको उद्देश्य समाजसँग प्रत्यक्ष सहभागिता जनाएर सामाजिक हितको निम्ति काम गर्नुपर्ने र विद्यार्थीहरू सामाजिक विकृतिविरुद्ध डटेर लाग्न अभिप्रेरित गर्नुभयो ।




दौड प्रतियोगिता

कार्यक्रममा बीए. र बी.ए.एस.डब्लुका इन्चार्ज **कमिनिका न्याइँच्याइँ** र फिल्ड प्रशिक्षक **सुन्दर श्रेष्ठ**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले ख्वप कलेजमा स्नातक तहमा 'सामाजिक कार्य' विषय लिई अध्ययनरत रिपोर्ट प्रस्तुतीकरण गर्ने विद्यार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो । कार्यक्रममा विद्यार्थीहरूले भक्तपुर जिल्लाका भक्तपुर नपा, मध्यपुर नपा, सूर्यविनायक नपा र चाँगुनारायण नपाको सामाजिक कार्यबारे गरिएको शिविरको रिपोर्ट प्रस्तुतीकरण देखाएका थिए ।

सोही दिन विहान भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले ख्वप माध्यमिक विद्यालयको २१ औँ ख्वप कलेजको १९ औँ र शारदा क्याम्पसको २० औँ वार्षिक उत्सव कार्यक्रम २०७७ को अवसरमा आयोजित दौड प्रतियोगिताको फागुन १२ गते एक कार्यक्रमबीच उद्घाटन गर्नुभएको थियो ।

## नपलीमा ब्याडमिन्टन प्रतियोगिता सम्पन्न

नेमकिपाको ४७ औँ स्थापना दिवसको अवसरमा भनपा वडा नं. १ ब्यापी पुरूष जोडी ब्याडमिन्टन प्रतियोगिता माघ २५ गते सम्पन्न भयो । कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् भनपा प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, पुन:निर्माणलाई जोड दिनुका साथसाथै युवा तथा विद्यार्थीहरूको अनुशासन र स्वास्थ्य जीवनको लागि विभिन्न खेलकुदहरूको प्रशिक्षण दिँदै आएको बताउनुभयो ।

भक्तपुर नपाले खेलकुदको विकासको लागि अन्तरनगर खेलकुद प्रतियोगिता र नगरस्तरीय विद्यालयहरूको खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आएको उहाँले बताउनुभयो ।

भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री,



नेमकिपा १ नं. वडा पार्टी इन्चार्ज **लक्ष्मीनारायण राजलवट**, नपली सिर्जना सेवा समाजका अध्यक्ष **राममणि पोखरेल**, खेलाडी **राजन दाहाल**, आयोजक समितिका संयोजक **सूर्यप्रसाद श्रेष्ठ** र **चेतनाथ कट्टेल**ले पनि बोल्नुभएको थियो ।

प्रतियोगितामा नपली ब्याड मिन्टन क्लवका राजन दाहाल र केशव बस्नेत प्रथम र भार्वाचो ब्याडमिन्टन क्लबका कृष्ण पौडेल र दामोदर बाइजु दोस्रो भएका थिए ।

विजयी खेलाडीहरूलाई भनपा प्रमुख सुनिल प्रजापतिले पुरस्कार वितरण गर्नुभएको थियो ।

## भक्तपुर साकोसमा 'श्रमिक' र 'मजदुर' को अन्तरक्रिया

नेपाल मजदुर किसान पार्टीको ४७ औँ पार्टी स्थापना दिवसको अवसरमा भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि. कर्मचारी समाजको आयोजनामा माघ १९ गते 'श्रमिक' र 'मजदुर' पत्रिकाको अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।




कार्यक्रमका प्रमुख अतिथि नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले नेमकिपाले 'श्रमिक' र 'मजदुर'मा प्रकाशित लेखमार्फत कामदार वर्गको पक्षमा र भारतीय विस्तारवाद तथा भारतीय एकाधिकार पूँजीको विरोधमा निरन्तर आवाज उठाइरहेको बताउनुभयो । श्रमिक र मजदुर नेमकिपाको विचार प्रचार गर्ने सशक्त माध्यम भएको हुँदा पत्रिका निरन्तर प्रकाशनको निम्ति सबैले सहयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

नेकपाले लिएको गलत सिद्धान्त र विचारका कारण देशको राजनीति गलत दिशातर्फ उन्मुख भएको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले छिमेकी देश भारतले नेपाललाई स्वतन्त्र र स्वाधिन देशको रूपमा नस्वीकार्नुले पनि नेपालमा भारतको प्रभाव बढिरहेको प्रष्ट हुन्छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर साकोसका कानुनी सल्लाहकार **रामप्रसाद प्रजापति**ले बहुमत प्राप्त सरकारसँग आफ्नो सरकारको काम कारबाही अगाडि बढाउन संसद विघटन गर्ने विशेष अधिकार हुने बताउनुहुँदै प्रधानमन्त्रीको संसद विघटन स्वाभाविक प्रक्रिया हो भन्नुभयो ।

संस्थाका अध्यक्ष **बलराम प्रजापति**ले नेपालको कम्युनिष्ट आन्दोलनमा नेमकिपाले खेलेको भूमिकाबारे प्रष्ट पार्नुहुँदै नेकपासँग नेमकिपाको सैद्धान्तिक मतभेद रहेको र शासक दलको राजनैतिक अस्पष्टता र व्यक्तिकेन्द्रित मानसिकताका कारण देश अराजकतातर्फ धकेलिँदै गएको बताउनुभयो ।

भक्तपुर साकोस कर्मचारी समाजका अध्यक्ष **जगन्नाथ प्रजापति**ले कर्मचारीहरू राजनैतिक रूपले सचेत र सङ्गठित हुनुपर्नेमा जोड दिनुहुँदै यस किसिमका अन्तरक्रियाले कर्मचारीहरूबीच पठन संस्कृतिको विकास हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर साकोस कर्मचारी समाजका उपाध्यक्ष **सत्यनारायण साँयजु**, कर्मचारीहरू **अन्जना छुस्याबाग**, **निभा कोजु**, **दिनेश धौबन्जार** र **दयालक्ष्मी धन्छा**ले पनि 'श्रमिक' र 'मजदुर' मा प्रकाशित विभिन्न लेखहरूबारे आआफ्नो धारणा राख्नुभयो ।

**१४ औं जनसाहित्य सम्मेलन**

# जनपक्षीय साहित्यले समाज र जनताको राजनैतिक चेतना उठाउने

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा 'आदर्श समाज निर्माणका लागि जनसाहित्य' नाराका



साथ १४ औं जनसाहित्य सम्मेलन फागुन ७ गते टोखामा सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै नेमकिपा केन्द्रीय सदस्य **प्रजापति**ले जनताको पक्षमा लेखिने साहित्य जनपक्षीय साहित्य हुने बताउनुहुँदै जनताले बुझ्ने सरल भाषामा साहित्य लेख्नु आवश्यक भएको औँल्याउनुभयो ।

प्रजापतिले शोषण, अन्याय, अत्याचारको विरोध र स्वाधिनता, सार्वभौमिकताको पक्षमा लेखिएका साहित्य समाजको निम्ति प्रभावकारी साहित्य हुने बताउनुहुँदै जनपक्षीय साहित्यले समाज र जनताको राजनैतिक चेतना उठाउने प्रष्ट पार्नुभयो । उहाँले चुनावले जनताको राजनैतिक चेतनास्तर उठाउने भएकोले न्यायप्रेमी जनताले निर्वाचनको उपयोग गर्नुपर्ने बताउनुहुँदै देशघाती सन्धि सम्झौता पारित गर्ने नेकपाको विरोध नेमकिपाले निरन्तर गर्दै आएको बताउनुभयो ।

कामदार वर्ग राजनीतिक रूपमा सचेत नभएसम्म पूँजीवादी शासन व्यवस्था परिवर्तन गर्न गाह्रो हुन्छ, त्यसैले व्यापक जनतालाई राजनीतिक रूपमा सचेत बनाउन साहित्य लेखनलाई निरन्तरता दिनुपर्दछ, उहाँले बताउनुभयो ।

नेता प्रजापतिले नेमकिपाले भारतीय जनताको नभई भारतीय विस्तारवादको विरोध गरेको प्रष्ट्याउनुहुँदै कृषिमा विदेशी लगानी भित्र्याउने सरकारको निर्णय जनताको हितमा नभएको बताउनुभयो ।

नेमकिपा केन्द्रीय सदस्य तथा काठमाण्डौं जिल्ला अध्यक्ष **नारायण महर्जन**ले राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतका साहित्यकारबाट प्रेरणा लिँदै प्रगतिशील साहित्यकारको जन्म गर्ने, कामदार जनताको पक्षमा साहित्य सिर्जना गर्नु जनसाहित्य समाजको उद्देश्य रहेको बताउनुभयो ।

उहाँले नेकपा सरकारले देश र जनताको हितमा काम गर्न नसकेको, व्यक्तिगत र पदको स्वार्थको आडमा राजनीति गरिरहेको बताउनुहुँदै संसद पुनःस्थापनाले देश अस्थिरतातर्फ धकेलिने प्रष्ट पार्नुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एवम् बागमति प्रदेश सदस्य **सृजना सैंजु**ले आदर्श समाजको पक्षमा साहित्यको खाँचो औँल्याउनुहुँदै अन्धविश्वासमाथि विज्ञानले जितेको समाज निर्माण गर्नुपर्ने बताउनुभयो ।

उहाँले भीडको राजनीतिले देशलाई अन्यौलमा पुऱ्याउने बताउनुहुँदै विचार र सिद्धान्त बिनाको राजनीतिक पार्टीले देशको भलो नगर्ने औँल्याउनुभयो ।

नेपालको कम्युनिष्ट आन्दोलनलाई बदनाम गर्ने पार्टीहरूको विरुद्ध साहित्य लेख्न जरुरी भएको बताउनुहुँदै नयाँ पुस्ताका साहित्यकारहरूले प्रगतिशील साहित्य लेखनमा जोड

दिनुपर्दछ, उहाँले बताउनुभयो ।

कार्यक्रममा नेमकिपा केन्द्रीय सदस्य **राजवीर डंगोल**ले पूँजीवादी गणतन्त्रले शोषणको अन्त्य नगर्ने बताउनुहुँदै समाजवादी व्यवस्था स्थापनाको निम्ति नेमकिपा प्रयासरत रहेको बताउनुभयो ।

कार्यक्रममा गणेश इङ्गलिश स्कूलका **शैलेन्द्र डंगोल**, जनसाहित्य समाजका भूतपूर्व अध्यक्ष **शैलेन्द्र डंगोल**, समाजका **प्रभात सापकोटा**ले शुभकामना मन्तव्य दिनुभएको थियो ।

आयोजक समितिका काशिलाल डंगोलको सभापतित्वमा भएको उक्त कार्यक्रमा समाजका सदस्य रमेश डंगोलले स्वागत गर्नुभएको थियो । कार्यक्रममा आशीष डंगोल, विष्णुमाया डंगोल, पार्वती डंगोल, शंखमाया महर्जन, ध्रुव खनाल, समीक्षा डंगोल, रेनिसा नापित, सुरेन्द्र महर्जन, लक्ष्मी श्रेष्ठ, श्रमन डंगोल, न्हुछेमाया डंगोल, विशोक डंगोल, मदन श्रेष्ठलगायतले पनि बोल्नुभएको थियो । साथै कार्यक्रममा नेक्रामहिला सङ्घ र टोखा मूध्वाकाको तर्फबाट गीत प्रस्तुत भएको थियो ।

# विश्व टुर गाईड दिवसमा प्रवचन

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा ३२ औं विश्व टुर गाईड दिवस २०२१ को अवसरमा भक्तपुर स्थानीय पथ प्रदर्शक परिचालन समितिको आयोजनामा एक प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा प्रमुख अतिथि उपप्रमुख **रजनी जोशी**ले हाल विश्व कोभिड १९ को सङ्क्रमणको कारण निकै सकस भएता पनि विचलित नभई योसँग डटेर सामना गर्नुपर्ने र सिक्ने अवसरको रूपमा लिनुपर्ने बताउनुहुँदै कोभिड १९ को सङ्क्रमणले पर्यटन क्षेत्रमा पर्न गएको असरबाट निराश नभई भक्तपुरको सम्पदा संरक्षण तथा पर्यटन विकासको लागि थप काम गर्न प्रतिवद्ध हुने विश्वास व्यक्त गर्नुभयो ।




उहाँले भक्तपुर नगरपालिकामा नेमकिपाको घोषणापत्र अनुसार काम गरेकोले सम्पदा संरक्षण तथा शैक्षिक क्षेत्रमा भक्तपुरले सफलता प्राप्त गरेको बताउनहुँदै भक्तपुर नपाले सशर्त विदेशी सहयोग नलिई यहाँकै नगरवासीहरूबाट प्राप्त सहयोगबाट यहाँको कला संस्कृति र सम्पदा संरक्षण गरिरहेकोले आगामी दिनमा पनि यसरी नै सहयोग प्राप्त हुने आशा व्यक्त गर्नुभयो ।

उहाँले भक्तपुर नगर शिक्षा क्षेत्रमा धेरै अगाडि रहेकै कारण गुणस्तरीय शिक्षाको लागि विभिन्न जिल्लाबाट अध्ययनको लागि आइरहेको, यहाँको काम अन्य स्थानीय निकायबाट समेत अनुकरणको लागि भ्रमणहरू भइरहेको बताउनुहुँदै भक्तपुर नपाले कोरनाको रोकथाम तथा उपचारमा गरेको कामको सबै क्षेत्रबाट प्रशंसा भइरहेको जानकारी दिनुभयो ।

भक्तपुर स्थानीय पथ प्रदर्शक परिचालन समितिका संयोजक **गौतमप्रसाद लासिवा**ले सभापतित्वको आशनबाट कोभिड महामारी नियन्त्रणमा समाजवादी देशहरूले ठूलो सफलता प्राप्त गरिरहेको चर्चा गर्नुहुँदै भक्तपुर कोभिड १९ बाट सुरक्षित छ र बाहय तथा आन्तरिक पर्यटन प्रवर्द्धन गर्न सबै हातेमालो गरी अगाडि बढ्नु पर्ने कुरामा जोड दिनुभयो ।

कार्यक्रममा भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष **रामसुन्दर भेले**ले भक्तपुर नगरको पर्यटन विकासको लागि यहाँको कला संस्कृति र सम्पदाहरूकोबारेमा पथ प्रदर्शकहरूबाट सही सूचना प्रदान गरी सहयोग गरिरहेको र भविष्यमा पनि यस क्षेत्रमा काम गर्ने सबै कोभिड १९ बाट बचेर काम गर्न जोड दिनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर पर्यटन विकास समितिका महासचिव एवम भक्तपुर स्थानीय पथ प्रदर्शक परिचालन समितिका सदस्य **दिपेश राज शर्मा**ले पनि बोल्नु भएको थियो ।

# कला–संस्कृति संरक्षण गर्न नयाँ पुस्ता सक्षम हुनुपर्ने

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले उद्घोषण तथा सार्वजनिक भाषणकला तालिमका प्रशिक्षार्थीहरूलाई एक समारोहबीच फागुन ८ गते प्रमाणपत्र वितरण गर्नुभयो ।

प्रगति सामुदायिक सिकाइ केन्द्रको आयोजनामा गत फागुन २ गतेदेखि सुरु भएको एकहप्ते उद्घोषण तथा सार्वजनिक भाषणकला तालिमको समापन तथा प्रमाणपत्र वितरण कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले पुर्खाले सिर्जेको कला–संस्कृति संरक्षण गर्न नयाँ पुस्ता सक्षम हुनुपर्ने विचार राख्नुभयो ।

भक्तपुर नपाले सम्पदा पुनः निर्माणमा एनजीओ/आईएनजीओलाई निषेध गरेको जानकारी दिनुहुँदै सामुदायिक सिकाइ केन्द्रहरूमार्फत विद्यार्थीहरूलाई सामाजिक उत्तरदायित्वतर्फ केन्द्रित गर्नुपर्ने बताउनुभयो ।



भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले युवा-विद्यार्थीले कानुनी ज्ञानबारे जानकारी राख्नुपर्ने बताउनुहुँदै इमानदार हुनु र जिम्मेवार बहन गर्नु पनि राजनीति नै भएको बताउनुभयो । तालिमका प्रशिक्षक ज्ञानसागर प्रजापतिले शैक्षिक योग्यतासँगै संस्कार र अन्य सीप पनि सिक्न आवश्यक छ भन्नुभयो ।

उक्त तालिमका प्रशिक्षकहरू **नीरज लवजु**, तुल्सीहरि प्रजापति, रवीन्द्र कुसी हुनुहुन्थ्यो ।

आयोजक केन्द्रका अध्यक्ष रवीन्द्र कुसीको सभापतित्वमा सम्पन कार्यक्रममा सम्राट प्रजापति तथा प्रशिक्षार्थीहरू रोजी प्रजापति, निका प्रजापति, उज्ज्वल हेँग्वजु र वृन्दा प्रजापतिले पनि बोल्नुभएको थियो ।

## थाइरोइड रोग सम्बन्धी अभिमुखीकरण

नेपाल मजदुर किसान पार्टीको ४७ औँ स्थापना दिवसको आवसरमा नेपाल क्रान्तिकारी महिला सङ्घ भनपा ९ दत्तात्रय समितिको आयोजनामा थाइरोइड रोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम डाक्टर अमर प्रजापतिको प्रमुख अतिथ्यतामा एक समारोह बीच सालागणेशमा माघ १८ गते सम्पन्न भयो ।

कार्यक्रममा वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले महिलाहरू आफूले सकेसम्म अरुलाई दुख नदिने र रोग लुकाउने गर्दा त्यसको परीक्षण ढिलो हुँदा समस्या देखिएकोले समयमै वर्षमा रगत र दिशापिसाबलगायत परीक्षण र उपचारको लागि अनुरोध गर्नुभयो ।

उहाँले भक्तपुरका जनता धुलिखेल, ललितपुर र काठमाण्डौमा उपचारको लागि दौडधुप गर्नु पर्ने अवस्थालाई मध्य नजर गरी ख्वप अस्पतालको तीव्र निर्माण गरिरहेको र वडा वडामा क्लिनिक खोल्ने योजनासमेत रहेको बताउनुभयो । कार्यक्रममा डा. अमर प्रजापतिले थाइरोइड रोग सम्बन्धी अभिमुखीकरण गर्नु भयो ।

नेक्रामहिलासङ्घ भनपा ९ दत्तात्रय समितिका अध्यक्ष संगिता प्रजापतिको सभापतित्वमा भएको कार्यक्रममा सुलोचना छ्वाजुले पनि बोल्नु भएको थियो ।

## नेपाल कर्मचारी समाज दत्तात्रय समिति गठन

नेपाल मजदुर किसान पार्टीको ४७ औँ स्थापना दिवसको आवसरमा नेमकिपाका केन्द्रीय सदस्य एवम् वडाध्यक्ष रबिन्द्र ज्याख्वको प्रमुख आतिथ्यमा कर्मचारी भेला तथा नेपाल कर्मचारी समाज भनपा ९ दत्तात्रय समिति गठन माघ २८ गते भयो ।

कार्यक्रममा प्रमुख अतिथि **रबिन्द्र ज्याख्व**ले बौद्धिक र शारीरिक श्रम गर्ने कर्मचारीहरू बीच भेद हटाउँदै जानुपर्ने बताउनुहुँदै कर्मचारीहरूले इमानदारीपूर्वक देश र जनताको सेवा गर्ने लक्ष्यअनुसार काम गर्नुपर्ने बताउनु भयो ।

कार्यक्रममा अर्का अतिथि नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष का.नारायणबहादुर दुवालले कर्मचारीहरूले आफ्नो ड्युटी इमानदारी पूर्वक निर्वाह गरी जनताको थप सेवाको निम्ति कार्यालय समय १०-५ भनेर नबसी सेवा गर्नुपर्ने बताउनुभयो । उहाँले संगठन विस्तारको लागि लोभ लालच र डर धम्की होइन पार्टी प्रकाशनहरू पढाएर देश र जनताको इमानदारी पूर्वक सेवा गर्नेहरू मात्र नेमकिपाको सदस्य बन्न सक्ने बताउनु भयो । उहाँले कार्यक्रममा अर्का अतिथि नेपाल कर्मचारी समाज भक्तपुरका उपाध्यक्ष राजन जतिले कर्मचारी समाजको विधानबारे प्रकाश पानुहुँदै भ्रष्ट कर्मचारीहरू विरुद्ध आन्दोलित हुनुपर्ने बताउनुभयो ।

नेमकिपा भनपा ९ दत्तात्रय समितिका अध्यक्ष सञ्जय मानन्धरको सभापतित्वमा भएको कार्यक्रममा रामकृष्ण प्रजापति, हरिकृष्ण छुस्यावागले पनि बोल्नुभएको थियो ।

उक्त कार्यक्रममा रामकृष्ण प्रजापतिको अध्यक्षतामा १३ सदस्यीय नेपाल कर्मचारी समाज भनपा ९ दत्तात्रय समिति गठन गरिएको छ ।

# भक्तपुर नपाको प्रकोप व्यवस्थापनमा सहयोग जारी

भक्तपुर नगरपालिकाले कोभिड नियन्त्रण र रोकथामको लागि खडा गरेको कोषमा विभिन्न दाताहरू, सङ्घ–संस्था तथा सहकारीहरूबाट भौतिक र आर्थिक सहयोग गर्ने क्रम जारी रहेको छ ।

**सदिच्छा साकोस**



भक्तपुर सल्लाघारीस्थित सदिच्छा बचत तथा ऋण सहकारी लि.ले रु बीस हजार पाँच सय अठाइस रुपैयाँ माघ २३ गते सहयोग गरेको छ ।

**तलेजु साकोस**



त्यस्तै माघ २६ गते भक्तपुर नपा वडा नं. ३ स्थित तलेजु बचत तथा ऋण सहकारी लि.ले रु पच्चीस हजार पच्चीस रुपैयाँ सहयोग प्रदान गरेको छ ।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले उहाँहरूलाई धन्यवादका साथ भक्तपुर नपाको प्रकाशन प्रदान गर्नुभयो ।

भक्तपुर नगरलाई सधैं सफा–सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

# भक्तपुर नपालाई फिल्टर सहयोग

भक्तपुर नगरपालिकालाई Wiederaufbau Bhaktapur e.V Revival of Bhaktapur का अरुणोदय प्रजापतिद्वारा वाटर ब्याक प्याक पाउल (Portable Aqua Unit For Livesaving) फिल्टर २ थान सहयोगस्वरुप फागुन ४ गते प्रदान गर्नुभएको छ ।



प्रमुख प्रजापतिले भक्तपुर नपाको तर्फबाट उहाँलाई धन्यवाद दिनुभयो ।

## हार्दिक समवेदना



**स्व. बिकुमाया तुल्सीबाख्यो**

जन्म : १९९५ फागुन ०२ | निधन : २०७७ माघ १३

भक्तपुर नगरपालिकाका कर्मचारी हरिकृष्ण तुल्सीबाख्योका पूजनीय माता **बिकुमाया तुल्सीबाख्यो**को दुःखद निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**


# चीनको यान मङ्गल ग्रहको कक्षमा

चीनले मङ्गल ग्रहको लागि प्रक्षेपण गरेको अन्तरिक्ष यान सफलतापूर्वक मङ्गल ग्रहको कक्षमा माघ २६ गते (फेब्रुअरी १०) पूर्व योजनाअनुसार प्रवेश गरेको चीनको राष्ट्रिय अन्तरिक्ष केन्द्रले जनाएको छ । मङ्गल अभियानमा सफलता पाउने चीन विश्वको छैटौं देश बनेको छ । सन् १९६० यता ४० भन्दा बढी यानहरू मङ्गल ग्रहमा पठाइसकेका छन् । यसबाहेक हालै युनाइटेड अरब इमिरेट्स (युएइ) र संरा अमेरिकाले पनि अन्तरिक्ष यान मङ्गल ग्रहमा पठाएको छ ।

तियानवेन-१ (Tianwen-1) नाम दिइएको यो यान 'लङ् मार्च फाइभ' रकेट बाट साउन ७, २०७७ (सन् २०२० जुलाइ २३) मा दक्षिण चीनको टापू प्रान्त हैनानको तटीय क्षेत्रबाट प्रक्षेपन गरिएको हो ।


त्यसले सात महिनामा ४७ करोड ५० लाख किलोमिटर उडान भरी मङ्गलग्रहको कक्षमा प्रवेश गरेको हो । पृथ्वीबाट त्यो यान १९ करोड २० लाख किलोमिटर पर रहेको छ ।

तियानवेन-१ ले मङ्गल ग्रहको कक्षमा प्रवेश गरेपछि पहिलो तस्बिर पठाएको छ ।



तियानवेन-१ ले पठाएको मङ्गल ग्रहको पहिलो तस्बिर

तिआनवेन-१ ले अब धेरै पटक मङ्गल ग्रहको कक्ष बदल्दै मेदेखि जून महिनासम्ममा त्यसको सतहमा अवतरण गर्ने बताइएको छ । यसले मङ्गल ग्रहमा अवतरण हुनुपूर्व त्यहाँको वायुमण्डलको अवस्था पत्ता लगाउन मद्दत पुऱ्याउने छ । तिआनवेन-१ लाई मङ्गल ग्रहको एक फड्को मार्न पृथ्वीको दस दिन बराबरको समय लाग्नेछ ।


तिआनवेन-१ मङ्गल ग्रहको फड्को मार्दै

चीनको यो यानमा एउटा अर्बीटर, एउटा ल्याण्डर र एउटा ६ पाङ्ग्रे रोभरसहित विभिन्न सात वैज्ञानिक उपकरण रहेको छ । सो वाहनको तौल करिब २४० किलो रहेको छ र यसमा सजिलै मोडिन सक्ने सोलार प्यानलहरू राखिएका छन् । अर्बीटरले मङ्गल ग्रहको कक्षमा रहेर पृथ्वी र मङ्गल ग्रहमा अवतरण गर्ने यानसँग समन्वय गर्नेछ ।

यसैगरि रोभरले मङ्गल ग्रहको सतहमा पुगेर तथ्याङ्क र नमूना सङ्कलन गर्नेछ । चिनियाँ अभियानको लक्ष्य मङ्गल ग्रहको भूमध्यरेखाभन्दा ठीक उत्तरतर्फ रहेको 'युटोपिया इम्प्याक्ट बेसिन' स्थित समथर भूभागमा अवतरण गराउने छ । त्यसले त्यहाँको भूगर्भको अध्ययन गर्नेछ ।



'लङ् मार्च फाइभ' रकेटबाट तियानवेन-१ को प्रक्षेपन

यो अभियानले मङ्गल ग्रहको भौगर्विक बनावट, वायुमण्डल, पर्यावरण र माटोको अध्यन गर्ने बताइएको छ । विगतका अभियानहरूले मङ्गलग्रहमा पानीको चिन्ह भेट्टाएका थिए । तियानवेन त्यसबारे थप प्रमाणको अनुसन्धानमा सहयोगी हुने आशा गरिएको छ ।

मङ्गल ग्रहको सूचना पृथ्वीमा आउन १०.७ मिनेट समय लाग्छ भने मङ्गल ग्रहमा २४ घण्टा ३९ मिनेटको एक दिन हुन्छ ।




तियानवेन-१ ले मङ्गल ग्रहको कक्षमा सफलतासाथ प्रवेश गरेपछि पेइचिङको अन्तरिक्ष केन्द्रमा खुशीयाली

चिनियाँ भाषामा 'तियानवेन'को अर्थ 'स्वर्गीय सत्यको खोजी' (Questions to Heaven) हुन्छ जुन इपू करिब ३४०-२७८ का प्राचीन प्रसिद्ध कवि छु युआन (Qu Yuan) को कविताबाट लिइएको हो ।

# क्युवाविरुद्धको नाकाबन्दी अन्त्य गर्न राष्ट्रपति बाइडेनलाई अनुरोध

क्युवाविरुद्धको संरा अमेरिकाले नाकाबन्दी लगाएको छ दशक पुगिसकेको छ । नाकाबन्दीको अन्त्यको लागि अमेरिकी जनतालगायत विश्वभरिका जनताले आवाज उठाउँदै आएका छन् । यसको परिणाम विगतमा अमेरिकी सरकारले केही लचिलो नीति पनि लिएको थियो । तर धेरैले 'पागल' ठहऱ्याइएका ट्रम्प सरकारले क्युवा-अमेरिका सम्बन्धलाई ध्वस्तै बनाए ।

हालै अमेरिकाका ५६ ओटा सङ्घ-संस्थाका प्रतिनिधिले हस्ताक्षर गरेको संयुक्त पत्र क्युवाविरुद्धको शत्रुतापूर्ण नाकाबन्दी अन्त्य गर्न र सम्बन्ध सुधार्न राष्ट्रपति बाइडेनलाई बुझाएको समाचार क्युवाको पत्रिका 'ग्रान्मा' मा प्रकाशित भएको छ । पत्रमा हस्ताक्षर गर्ने संस्थाहरूमा मानवअधिकार, प्राज्ञिक, सामाजिक, वातावरण, धर्मसँग सम्बन्धित, व्यापारी, क्युवा-अमेरिका समूह आदि सम्बद्ध छन् ।

पत्रमा चुनाव प्रचारको बेला क्युवा र क्युवाली जनताविरुद्धका ट्रम्पका असफल नीतिहरू उल्टाउने प्रतिबद्धता पूरा गर्ने तर्फ तत्काल कदम चाल्न आग्रह गरिएको छ ।



# आफन्तीको कथा



विनय कुमार कसजू

## पारिश्रमिक

एक जना धनी मानिसको गोरुले आफन्तीको गोरुलाई सिङले हानेर माऱ्यो । न्याय पाउनका लागि आफन्ती बिचारीकहाँ गए । आफन्ती र धनी मानिसको कुरा सुनिसकेपछि बिचारीले फैसला सुनायो, 'आफन्तीले धनी मानिसलाई क्षतिपूर्तिको रूपमा दश रूपैयाँ तिर्नुपर्छ ।'

यस्तो अन्यायी फैसला सुनेर आफन्तीले बिचारीसँग किन यस्तो फैसला गरेको भनेर सोधे ।

बिचारीले जवाफ दियो, 'धनीको गोरुले तिम्रो गोरुलाई मार्न धेरै परिश्रम गर्नु परेको थियो । दश रूपैयाँ त्यसैको पारिश्रमिक हो ।'

बिचारीको कुरा टुङ्गिन नपाउँदै आफन्तीले बिचारीको गालामा एक थप्पड हाने । अनि उनले भने, 'बिचारीज्यू, तपाईंको गालामा थप्पड हान्न मलाई निक्कै परिश्रम गर्नुपऱ्यो । कृपया मेरो पारिश्रमिकको दश रूपैयाँ मेरो सट्टा धनी मानिसलाई दिनुहोला ।'

यति भनेर आफन्ती आफ्नैसुरमा घरितर लाग्यो ।

## तिर्खाएको गोजी

एक पल्ट आफन्ती आफ्नो साथीको घरमा भोज खान गएको थियो । भोजमा अरु मानिसहरू पनि सामेल थिए । एक जना मानिसले निक्कै आत्तिएर खाइरहेको थियो । ऊ साह्रै खञ्चुवा देखिन्थ्यो । उसले भोजमा राखिएका मासु, पुलाऊ र अचारजस्ता परिकारहरू आफ्नो लुगाको गोजीमा पनि कोच्दै थियो ।

त्यो मानिसको चाल देखेर आफन्तीलाई रिस उठ्यो । उसले चिया राखेको भाँडो उचाल्यो र त्यो मानिसको गोजीभित्र चिया खन्याउन थाल्यो ।

'के गरेको यो ?' त्यो मानिसले रिसाउँदै सोध्यो ।

आफन्तीले वरिपरिका मानिसहरूले सुन्ने गरी ठूलो स्वरले जवाफ दियो, 'नकराउ तिमी । तिम्रो गोजीले धेरै थरीका परिकारहरू खाइसक्यो । त्यसलाई तिर्खा लाग्यो होला । केही पिउने कुरा ख्वाउनु पर्दैन ? यसैले त्यसलाई चिया ख्वाउन लागेको ।'

# हाम्रो स्वास्थ्य

## केसँग के नखाने ?

● योगी नरहरिनाथ

**दूधसँग :** दही, नुन, मुला, कटहर, सलाद, शीतल चिनी, तित्री, खरबुजा, तरभूजा, बेल, नरिवल, कागती, जमुना, अनार, अमला, सक्खर, करौदा, तिलौरा, गहत, सातु, कोदो, मुङ, मास, गहततेल, माछा जस्ता खानेकुराको सेवन नगर्नुहोस् । यसैगरी दूधमा कुनै पनि परिकारसँग माछा, मासु, अण्डा आदि खानु हुँदैन ।

**दहीसँग :** चिया, कफी, दूध, पनीर, खिर, काँक्रो, खरबुजा, मेवा ।

**खिरसँग :** रुख कटहर, भुईंकटहर, माछा–मासु, अमिलो फलफूल, सातु, मदिरा आदि ।

**महसँग :** समान मात्रामा घिउ, तेल, बोसो, अंगुर, कमलको बिउ, मुला, तातोपानी या दूध, सक्खर, वर्षाको पानी आदि पिउनु हुँदैन ।

**चिसो पानीसँग :** घिउ, तेल, तातो खानेकुरा, दूध, तरबुजा, अम्बक, मुङ्गफली आदि खानु वा पिउँनु हुँदैन । **जौको पिठो**लाई अन्य अन्नसँग नमिलाई नखानुहोला । यसैगरी सातुलाई पनि पानी नराखी खानु हुँदैन ।

**भोजनलगत्तै** पानी पिउनु हुँदैन । दिउँसो भोजन गरे पछाडि मोही र राति भोजनपछि दूध लिनु लाभदायक हुन्छ ।

दिसापिसाब गरेपछि, खानाखानुभन्दा पहिले, रुघाखोकी लागेको तथा मुखमा घाउ आएको अवस्थामा र पसिना आइरहेको अवस्थामा **पानको सेवन** गर्नुहुँदैन ।

बिहानको भोजन पश्चात छिटोछिटो **हिँड्नु हुँदैन** तर साँझको खाना खाएपश्चात बिस्तारै हिँड्न सकिन्छ । साथै खाना खानेबित्तिकै **सुत्नु हुँदैन** ।

**तातो पानी** वा तातो पदार्थका साथमा मह, कुल्फी, आइसक्रिम वा शीतल प्रकृतिका पदार्थहरूको सेवन गर्नुहुँदैन । **खरबुजा वा तरबुजासँग** लसुन, दही, दूध, मूला, पुदिना चिसो पानीजस्ता खानेकुरा नखाऔं ।

**भातमा** अमिलो मिसाएर खानुहुँदैन । धेरै नुन हालेको खानेकुराहरू खाँदा पनि स्वास्थ्य चौपट्ट हुन्छ ।

**मासको दालसँग** मुलाको साग वा सलाद, सख्खर खानु हुँदैन ।

**केरा र मोही** एकसाथ नखानुहोला ।

**मह, दही, रक्सी र भलायो**को साथमा गरम आहारको सेवन गर्नु हुँदैन ।

**खिर र खिचडी** पनि एकैसाथ खानु हुँदैन ।

**खिरसँग** सातु खानु वा खिर खाएको ४ घण्टा नबित्दै पानीमा सातु घोलेर पिउनु हुँदैन ।

**काँचो केराको तरकारीसँग** दही खाँदा तत्काल वा केही समयपछि उल्टी हुन सक्छ ।

**पाकेको बडहरसँग** दही, मासको दाल, घिउ, मह र सखर अत्यन्त हानिकारक हुन सक्छ ।

**सुँगुर, बङ्गुर र माछा** जस्ता प्राणीहरूको मासुसँग मह, सक्खर, तिल, दूध, मुला, मास र अङ्कुरित अन्न खानु हुँदैन ।

**परेवाको मासु** तेलमा पकाउनु हुँदैन । परेवाको मासु र प्याज एकै भोजनमा मिलाएर खानु हुँदैन ।

**तामा, पित्तल र काँसको भाँडोमा** दूध, दही र घिउ राख्दा विषाक्तता उत्पन्न हुन्छ ।

**पाकेको रुख कटहर** खाएको दश घण्टासम्म पान, सूर्ति तथा अन्य चुना वा खरानी मिसिएको खानेकुरा खाँदा तत्काल ज्यानै पनि जान सक्छ ।

**खाली पेटमा** आँप नखाएको राम्रो ।


**बकुल्लाको मासु**लाई सुँगुरको बोसोमा पकाएर खाँदा भोजन विरुद्ध हुन्छ ।

**सुँगुरको मासु** र बयर एकसाथ खानुहुँदैन । **तीन महिना नपुगेको अन्न** र एक वर्ष पुरानो अन्नलाई एकसाथ पकाएर खानु हुँदैन ।

**दूधलाई** फलामको कराइमा तताउनु, काठ वा बाँसको भाँडाकुँडामा राख्नु र स्टिलको भाडाँवर्तनमा प्रयोग गरौं ।

*(लेखक योग तथा प्राकृतिक चिकित्सालय भरतपुर, चितवनका मेडीकल डाईरेक्टर हुन् ।)*

### बसिबियाँलोको उत्तर



# भक्तपुर नपाबाट सञ्चालित
# जनस्वास्थ्य सेवा केन्द्रबाट विरामीको सेवा

महिना : फेब्रुअरी, २०२१

| S.N. | Date | Day | Number of Patients |
|---|---|---|---|
| 1 | 02.01.2021 | Monday | 423 |
| 2 | 02.02.2021 | Tuesday | 455 |
| 3 | 02.03.2021 | Wednesday | 387 |
| 4 | 02.04.2021 | Thrusday | 392 |
| 5 | 02.05.2021 | Friday | 424 |
| 6 | 02.06.2021 | Saturday | 94 |
| 7 | 02.07.2021 | Sunday | 425 |
| 8 | 02.08.2021 | Monday | 382 |
| 9 | 02.09.2021 | Tuesday | 452 |
| 10 | 02.10.2021 | Wednesday | 370 |
| 11 | 02.11.2021 | Thrusday | 400 |
| 12 | 02.12.2021 | Friday | 400 |
| 13 | 02.13.2021 | Saturday | 104 |
| 14 | 02.14.2021 | Sunday | 428 |
| 15 | 02.15.2021 | Monday | 402 |
| 16 | 02.16.2021 | Tuesday | 349 |
| 17 | 02.17.2021 | Wednesday | 327 |
| 18 | 02.18.2021 | Thrusday | 390 |
| 19 | 02.19.2021 | Friday | 369 |
| 20 | 02.20.2021 | Saturday | 112 |
| 21 | 02.21.2021 | Sunday | 472 |
| 22 | 02.22.2021 | Monday | 422 |
| 23 | 02.23.2021 | Tuesday | 484 |
| 24 | 02.24.2021 | Wednesday | 394 |
| 25 | 02.25.2021 | Thrusday | 392 |
| 26 | 02.26.2021 | Friday | 439 |
| 27 | 02.27.2021 | Saturday | 114 |
| 28 | 02.28.2021 | Sunday | 495 |
| | | **Total** | **10297** |

Average Patient Flow : 367.5

माघ महिना

| Follow up | Number | Percentage |
|---|---|---|
| No | 10191 | 93.710 |
| Yes | 684 | 6.290 |
| **Total** | **10875** | **100.000** |

| Services | Number | Percentage |
|---|---|---|
| Emergency | 458 | 4.21 |
| General | 2446 | 22.49 |
| Insurance | 7971 | 73.30 |
| **Total** | **10875** | **100** |

| Age Group | Number | Percentage |
|---|---|---|
| 0-9 | 943 | 8.67 |
| 10-19. | 704 | 6.47 |
| 20-59 | 7004 | 64.40 |
| ≥60 | 2224 | 20.45 |
| **Total** | **10875** | **100.00** |

| Department | Number | Percentage |
|---|---|---|
| CHRP-Respiratory Medicine | 1 | 0.01 |
| Physiotherapy | 83 | 0.76 |
| General Surgery OPD | 113 | 1.04 |
| Paediatric | 225 | 2.07 |
| ENT | 251 | 2.31 |
| Dermatology | 347 | 3.19 |
| Obs. & Gynaecology | 412 | 3.79 |
| Laboratory | 492 | 4.52 |
| Emergency Ward | 787 | 7.24 |
| Dental | 1265 | 11.63 |
| Orthopedic | 1317 | 12.11 |
| General OPD | 5582 | 51.33 |
| **Total** | **10875** | **100.00** |

# नेपालमा कोरोना सङ्क्रमण

**फागुन १५ गते**

**परीक्षण प्रयोगशाला : ८३** (सरकारी–४८, निजी–३५)

**परीक्षण सङ्ख्या (पीसीआर) : २१,६०,४०४**

**कूल सङ्क्रमित : २,७४,०६५** (पु.१७७९५३, म.९६११२)

**सक्रिय सङ्क्रमित सङ्ख्या : ९६७**

**निको भएका सङ्ख्या : २,७०,३२५**

**मृत्यु भएको सङ्ख्या : २,७७३**

| प्रदेश | क्रसं | जिल्ला | सङ्क्रमित | मृत्यु |
|---|---|---|---|---|
| प्रदेश नं. १ | १ | ताप्लेजुङ | १६२ | ० |
| | २ | पाँचथर | १८४ | २ |
| | ३ | तेह्रथुम | १६० | ५ |
| | ४ | इलाम | ४७८ | ५ |
| | ५ | मोरङ | १३१८५ | ६६ |
| | ६ | झापा | ५०२० | ४० |
| | ७ | संखुवासभा | ३९३ | २ |
| | ८ | भोजपुर | १६४ | ३ |
| | ९ | खोटाङ | २२५ | १ |
| | १० | धनकुटा | २७४ | ९ |
| | ११ | सुनसरी | ९१४० | ७६ |
| | १२ | उदयपुर | ६८० | १० |
| | १३ | सोलुखुम्बू | १९२ | ५ |
| | १४ | ओखलढुंगा | २७३ | ६ |
| प्रदेश नं. २ | १५ | सप्तरी | २१५२ | २५ |
| | १६ | सिरहा | २२७४ | २२ |
| | १७ | धनुषा | ३०७६ | २९ |
| | १८ | महोत्तरी | २०४७ | १९ |
| | १९ | सर्लाही | २८४९ | २२ |
| | २० | रौतहट | २७९७ | १७ |
| | २१ | बारा | २१६६ | ३२ |
| | २२ | पर्सा | ३४९९ | ५४ |
| बागमती | २३ | दोलखा | ७८९ | १६ |
| | २४ | रामेछाप | ५७१ | ११ |
| | २५ | सिन्धुली | ५९३ | ८ |
| | २६ | सिन्धुपाल्चोक | १०२७ | १६ |
| | २७ | काभ्रेपलाञ्चोक | ३५८८ | ३२ |
| | २८ | काठमाडौं | १०२४७८ | ५०५ |
| | २९ | भक्तपुर | ९३०४ | ११५ |
| | ३० | ललितपुर | १६२१४ | १६४ |
| | ३१ | रसुवा | २४० | १ |
| | ३२ | नुवाकोट | १५९० | १८ |
| | ३३ | धादिङ | १७८८ | २३ |
| | ३४ | मकवानपुर | ४४२८ | ३५ |
| | ३५ | चितवन | ८१६२ | ६७ |
| गण्डकी | ३६ | गोरखा | १५२३ | १९ |
| | ३७ | तनहुँ | १८७७ | ३१ |
| | ३८ | नवलपरासी पूर्व | ३११७ | ९ |
| | ३९ | मनाङ | १५ | १ |
| | ४० | लमजुङ | ११५६ | ७ |
| | ४१ | कास्की | ८०६९ | ११० |
| | ४२ | स्याङ्जा | १२११ | २२ |
| | ४३ | पर्वत | ५०८ | ४ |
| | ४४ | मुस्ताङ | ४३ | २ |
| | ४५ | म्याग्दी | ३०४ | ४ |
| | ४६ | बागलुङ | १२९४ | ८ |
| लुम्बिनी | ४७ | पाल्पा | २२९४ | २३ |
| | ४८ | नवलपरासी पश्चिम | १६११ | २४ |
| | ४९ | रुपन्देही | ९६२५ | ९४ |
| | ५० | गुल्मी | १२३६ | १३ |
| | ५१ | अर्घाखाँची | १०४५ | ११ |
| | ५२ | कपिलवस्तु | २२८७ | १९ |
| | ५३ | प्युठान | १०८६ | ५ |
| | ५४ | रूकुम पूर्व | ११७ | १ |
| | ५५ | रोल्पा | ३२६ | ३ |
| | ५६ | दाङ | ४१९० | ४१ |
| | ५७ | बाँके | ५१२४ | ४५ |
| | ५८ | बर्दिया | १९५६ | १४ |
| कर्णाली | ५९ | डोल्पा | ५५ | १ |
| | ६० | रूकुम पश्चिम | २५४ | २ |
| | ६१ | सल्यान | ६७४ | ० |
| | ६२ | मुगु | ३५ | ० |
| | ६३ | जुम्ला | ४८५ | १ |
| | ६४ | जाजरकोट | १२३ | ० |
| | ६५ | सुर्खेत | २९३२ | १५ |
| | ६६ | हुम्ला | ३७ | १ |
| | ६७ | कालिकोट | २९१ | २ |
| | ६८ | दैलेख | १६३७ | ५ |
| सुदूरपश्चिम | ६९ | बाजुरा | ७२४ | २ |
| | ७० | अछाम | १७५२ | ५ |
| | ७१ | कैलाली | ६१०१ | ३८ |
| | ७२ | बझाङ | १०९० | २ |
| | ७३ | डोटी | १४२८ | २ |
| | ७४ | दार्चुला | ४०९ | ४ |
| | ७५ | बैतडी | ७४१ | २ |
| | ७६ | डडेलधुरा | ७८१ | ० |
| | ७७ | कञ्चनपुर | १९४१ | १२ |
| | | **जम्मा** | २७३६६६ | २,०६५ |
| | | **माघ १५ सम्म जम्मा** | २,६५,२६८ | १,९२७ |

स्रोत : स्वास्थ्य मन्त्रालय/काठमाडौं पोस्ट, फागुन १५ गते (इन्टरनेट)

# विश्वमा कोभिड–१९ को स्थिति (फागुन १५ गते)

| क्र. सं | देश, क्षेत्र र अन्य | सङ्क्रमित | निको भएका | मृत्यु | माघ १५ मा |
|---|---|---|---|---|---|
| | विश्व | ११३,९९१,७६४ | ८९,५५०,८३१ | २,५२९,४२१ | |
| १ | सं.रा. अमेरिका | २९,१३६,९१२ | १९,५३४,०६८ | ५२३,०८२ | १ |
| २ | भारत | ११,०७९,९७९ | १०,७६३,४५१ | १५६,९७० | २ |
| ३ | ब्राजील | १०,४५७,७९४ | ९,३५५,९७४ | २५२,९८८ | ३ |
| ४ | रूस | ४,२२३,१८६ | ३,७८३,३८६ | ८५,३०४ | ४ |
| ५ | संयुक्त अधिराज्य | ४,१६३,०८५ | २,७७९,१६९ | १२२,४१५ | ५ |
| ६ | फ्रान्स | ३,७१२,०२० | २५४,८६८ | ८६,१४७ | ६ |
| ७ | स्पेन | ३,१८८,५५३ | २,६४७,४४६ | ६९,१४२ | ७ |
| ८ | इटाली | २,८८८,९२३ | २,३८७,०३२ | ९७,२२७ | ८ |
| ९ | टर्की | २,६८३,९७१ | २,५५६,७८५ | २८,४३२ | ९ |
| १० | जर्मनी | २,४३६,५०६ | २,२३५,७०० | ७०,४२१ | १० |
| ११ | कोलम्बिया | २,२४४,७९२ | २,१४१,८७४ | ५९,५१८ | ११ |
| १२ | अर्जेन्टिना | २,०९८,७२८ | १,८९२,८३४ | ५१,८८७ | १२ |
| १३ | मेक्सिको | २,०७६,८८२ | १,६२५,३२८ | १८४,४७४ | १३ |
| १४ | पोलान्ड | १,६८४,७८८ | १,४०५,५५२ | ४३,३५३ | १४ |
| १५ | इरान | १,६१५,१८४ | १,३७९,९२२ | ५९,८९९ | १६ |
| १६ | दक्षिण अफ्रिका | १,५१०,७७८ | १,४२६,४१७ | ४९,७८४ | १५ |
| १७ | युक्रेन | १,३३३,८४४ | १,१६३,५५५ | २५,७४२ | १७ |
| १८ | इन्डोनेसिया | १,३२२,८६६ | १,१२८,६७२ | ३५,७८६ | १९ |
| १९ | पेरू | १,३१६,३६३ | १,२१८,४०९ | ४६,०९४ | १८ |
| २० | चेक गणतन्त्र | १,२१२,७८० | १,०५५,०८३ | १९,९९९ | २१ |
| २१ | नेडरलान्ड | १,०७९,०८४ | अप्राप्त | १५,५०३ | २० |
| २२ | क्यानाडा | ८६१,४७२ | ८०९,०३९ | २१,९१५ | २२ |
| २३ | चिली | ८१६,९२९ | ७७२,९५१ | २०,४०० | २४ |
| २४ | पोर्तुगल | ८०२,७७३ | ७१४,४९३ | १६,२४३ | २६ |
| २५ | रोमानिया | ७९५,७३२ | ७३६,०२० | २०,२३३ | २३ |
| २६ | इजरायल | ७७०,७८० | ७२५,९५३ | ५,६९७ | २७ |
| २७ | बेल्जीयम | ७६६,६५४ | ५२,२३३ | २२,०३४ | २५ |
| २८ | इराक | ६८८,६९८ | ६३०,१७८ | १३,३६५ | २८ |
| २९ | स्वीडेन | ६५७,३०९ | अप्राप्त | १२,८२६ | २९ |
| ३० | पाकिस्तान | ५७८,७९७ | ५४४,४०६ | १२,८३७ | ३० |
| ३१ | फिलिपिन्स | ५७१,३२७ | ५२४,५८२ | १२,२४७ | ३२ |
| ३२ | स्विट्जरलान्ड | ५५४,९३२ | ५०७,८५६ | ९,९६१ | ३३ |
| ३३ | बंगलादेश | ५४५,४२४ | ४९५,४९८ | ८,३९५ | ३१ |
| ३४ | मोरोक्को | ४८२,९९४ | ४६८,३८७ | ८,६०८ | ३४ |
| ३५ | अस्ट्रिया | ४५४,८६० | ४२७,२५७ | ८,५१५ | ३५ |
| ३६ | सर्बिया | ४५३,२४० | ४००,३४७ | ४,४१४ | ३६ |
| ३७ | जापान | ४२९,४७२ | ४०६,५८४ | ७,७२२ | ३७ |
| ३८ | हङ्गेरी | ४१९,१८२ | ३१७,८९९ | १४,७९५ | ३९ |
| ३९ | संयुक्त अरब इमिरेटस | ३८५,१६० | ३७७,५३७ | १,१९८ | ४३ |
| ४० | जोर्डान | ३८३,९१२ | ३४३,८४० | ४,६५० | ४० |
| ४१ | साउदी अरेबिया | ३७६,७२३ | ३६७,६९१ | ६,४८३ | ३८ |
| ४२ | लेबनान | ३६९,६९२ | २८५,०५० | ४,६१० | ४२ |
| ४३ | पनामा | ३३९,७८१ | ३२४,८३६ | ५,८२० | ४१ |
| ४४ | स्लोभाकिया | ३०३,४२० | २५५,३०० | ६,९६६ | ४७ |
| ४५ | मलेसिया | २९५,९५१ | २६६,८४६ | १,१११ | ४६ |
| ४६ | बेलारूस | २८४,५०० | २७४,७४३ | १,९५७ | ४८ |
| ४७ | इक्वेडर | २८२,५९९ | २३८,८१७ | १५,७१३ | ४६ |
| ४८ | नेपाल | २७३,९८४ | २७०,२७७ | २,७७१ | ४४ |
| ४९ | जर्जीया | २७०,१३७ | २६४,०४७ | ३,४८५ | ४५ |
| ५० | बोलिभिया | २४७,८९१ | १९१,९५० | ११,६०९ | ५२ |
| ५१ | बुल्गेरिया | २४५,६२७ | २०३,४९४ | १०,१२८ | ५१ |
| ५२ | क्रोएसिया | २४२,०९७ | २३३,५४८ | ५,५०३ | ४९ |
| ५३ | डोमिनिकन गणतन्त्र | २३८,२०५ | १८९,१६३ | ३,०८२ | ५३ |
| ५४ | अजरबैजान | २३३,९८९ | २२८,४७९ | ३,२१३ | ५० |
| ५५ | ट्युनिसिया | २३१,९६४ | १९६,९४५ | ७,९४२ | ५४ |
| ५६ | आयरलान्ड | २१८,२५१ | २३,३६४ | ४,३०० | ५८ |
| ५७ | कजाखस्तान | २१२,०१८ | १९५,७५२ | २,५४० | ५९ |
| ५८ | डेनमार्क | २१०,२१२ | २०१,५३१ | २,३५३ | ५५ |
| ५९ | कोस्टा रिका | २०४,३४१ | १७७,०९९ | २,८०० | ५७ |
| ६० | लिथुआनिया | १९६,६९० | १८२,२६३ | ३,२२५ | ६० |
| ६१ | कुवेत | १८९,०४६ | १७७,१३३ | १,०७२ | ६३ |
| ६२ | स्लोभेनिया | १८८,६७६ | १७१,९०५ | ३,८२३ | ६४ |
| ६३ | ग्रीस | १८८,२०१ | १६५,७१८ | ६,४३९ | ६८ |
| ६४ | मोल्डोभा | १८३,३३८ | १६४,८८८ | ३,८९९ | ६५ |
| ६५ | मीश्र | १८१,२४१ | १३९,९२७ | १०,५९० | ६२ |
| ६६ | प्यालेस्टिन | १८०,८४८ | १६५,२०५ | २,०१९ | ६६ |
| ६७ | ग्वाटेमाला | १७३,८१४ | १६०,५७६ | ६,३४८ | ६७ |
| ६८ | आर्मेनिया | १७१,५१० | १६३,१६५ | ३,१८३ | ६१ |
| ६९ | होन्डुरस | १६८,९११ | ६५,८७३ | ४,११७ | ७० |
| ७० | कतार | १६२,७३७ | १५२,८०७ | २५७ | ६९ |
| ७१ | पारागुए | १५७,६०३ | १३१,४६१ | ३,१५२ | ७४ |
| ७२ | इथियोपिया | १५७,०४७ | १३४,५६१ | २,३४० | ७२ |
| ७३ | नाइजेरिया | १५५,०७६ | १३२,५४४ | १,९०२ | ७५ |
| ७४ | म्यानमार | १४१,८७५ | १३१,४३५ | ३,१९८ | ७१ |
| ७५ | ओमान | १४०,५८८ | १३१,६८४ | १,५६२ | ७३ |
| ७६ | भेनेजुयला | १३८,२९५ | १३०,३७९ | १,३३८ | ७६ |
| ७७ | लिबिया | १३२,४५८ | ११९,४९२ | २,१७४ | ७८ |
| ७८ | बोस्निया र हर्जगोभिना | १३०,९७९ | ११५,८४७ | ५,०७१ | ७७ |
| ७९ | बहराइन | १२१,१२७ | ११३,७९९ | ४४२ | ८० |
| ८० | अल्जेरिया | ११२,८०५ | ७७,८४२ | २,९७७ | ७९ |
| ८१ | केन्या | १०५,४६७ | ८६,५२१ | १,८५३ | ८१ |
| ८२ | अल्बानिया | १०५,२२९ | ६८,००७ | १,७५६ | ८७ |
| ८३ | उत्तर मेसेडोनिया | १०१,७६२ | ९०,८९५ | ३,११९ | ८२ |
| ८४ | चीन | ८९,८८७ | ८५,०२१ | ४,६३६ | ८३ |
| ८५ | दक्षिण कोरिया | ८९,३२१ | ८०,३३३ | १,५९५ | ८६ |
| ८६ | कीर्गीजस्तान | ८६,१८५ | ८३,१२७ | १,४६३ | ८४ |
| ८७ | लात्भिया | ८४,९८३ | ७४,०७८ | १,६०१ | ८८ |
| ८८ | घाना | ८२,५८६ | ७६,५७३ | ५९४ | ८९ |
| ८९ | श्री लंका | ८२,४३० | ७७,६२५ | ४६४ | ९१ |
| ९० | उज्बेकिस्तान | ७९,८३६ | ७८,३७३ | ६२२ | ८५ |
| ९१ | जाम्बिया | ७७,६३९ | ७२,६३५ | १,०६६ | ९७ |
| ९२ | मोन्टेनेग्रो | ७४,७८९ | ६५,२५१ | ९९४ | ९२ |
| ९३ | नर्वे | ७०,५६४ | ६३,७८३ | ६२२ | ९० |
| ९४ | इस्टोनिया | ६२,८३० | ४८,४९१ | ५७५ | ९९ |
| ९५ | सिंगापुर | ५९,९१३ | ५९,८०३ | २९ | ९३ |
| ९६ | एल साल्भाडोर | ५९,८६६ | ५५,३१२ | १,८४१ | ९५ |
| ९७ | मोजाम्बिक | ५८,२१८ | ३९,८०६ | ६१३ | १०२ |
| ९८ | उरूग्वे | ५६,५४२ | ४९,०१२ | ६०१ | १०० |
| ९९ | फिन्लान्ड | ५६,४०७ | ४६,००० | ७४२ | ९८ |
| १०० | अफगानिस्तान | ५५,७०७ | ४९,२८५ | २,४४३ | ९४ |
| १०१ | लक्जम्बर्ग | ५५,११० | ५१,४८७ | ६३७ | ९६ |
| १०२ | क्युबा | ४८,४४१ | ४३,७३५ | ३१४ | १११ |
| १०३ | उगान्डा | ४०,३२२ | १४,६१६ | ३३४ | १०१ |
| १०४ | नामिबिया | ३८,४२४ | ३५,९९४ | ४१८ | १०३ |
| १०५ | जिम्बाबे | ३६,०४४ | ३२,५३९ | १,४६३ | १०४ |
| १०६ | क्यामरून | ३५,७१४ | ३२,५९४ | ५५१ | १०६ |
| १०७ | साइप्रस | ३४,१८१ | २,०५७ | २३१ | १०५ |
| १०८ | सेनेगल | ३४,०३१ | २८,३७७ | ८५७ | ११० |

| | | | | | |
|---|---|---|---|---|---|
| १०९ | आइभोरि कोस्ट | ३२,४७८ | ३१,४३१ | १९० | १०८ |
| ११० | मलावी | ३१,६७५ | १८,१८३ | १,०३७ | ११३ |
| १११ | अस्ट्रेलिया | २८,९६५ | २६,१६६ | ९०९ | १०७ |
| ११२ | बोत्स्वाना | २८,३७१ | २३,२४४ | ३१० | ११४ |
| ११३ | सुडान | २८,३०३ | २२,८६३ | १,८७८ | १०९ |
| ११४ | थाइलान्ड | २५,८८१ | २५,०२२ | ८३ | १२० |
| ११५ | प्रजातान्त्रिक गणतन्त्र कङ्गो | २५,६९१ | १८,२८६ | ७०७ | ११० |
| ११६ | जमैका | २२,४७१ | १३,२३१ | ४१३ | १२३ |
| ११७ | माल्टा | २१,९८२ | १९,०८७ | ३१३ | ११८ |
| ११८ | अंगोला | २०,७५९ | १९,३०७ | ५०४ | ११५ |
| ११९ | मडागास्कर | १९,८३१ | १९,२९६ | २९७ | ११६ |
| १२० | माल्दिभ्स | १९,४७९ | १७,००२ | ६० | १२२ |
| १२१ | र्वान्डा | १८,६८९ | १७,३०२ | २५८ | १२६ |
| १२२ | फ्रेन्च पोलीनेसिया | १८,३८७ | ४,८४२ | १३९ | ११७ |
| १२३ | मौरितानिया | १७,१८७ | १६,५३४ | ४३९ | ११९ |
| १२४ | इस्वाटिनी | १६,९७२ | १४,२४१ | ६५० | १२४ |
| १२५ | मायोत्ते | १६,८६१ | २,९६४ | १०७ | १४३ |
| १२६ | फ्रेन्च गीयाना | १६,६२७ | ९,९९५ | ८५ | १२१ |
| १२७ | गिनी | १५,८९४ | १४,८७९ | ८९ | १२५ |
| १२८ | सिरिया | १५,४६७ | ९,६३७ | १,०१८ | १२७ |
| १२९ | क्याबो भर्ड | १५,२५३ | १४,७५४ | १४६ | १२८ |
| १३० | ग्याबोन | १४,५६४ | १३,१४३ | ८३ | १३२ |
| १३१ | ताजिकिस्तान | १३,३०८ | १३,२१८ | ९० | १२९ |
| १३२ | हैटी | १२,४३० | ९,६७९ | २४९ | १३१ |
| १३३ | रियुनियन | १२,४१६ | ११,२७० | ५२ | १३५ |
| १३४ | बेलिज | १२,२९३ | ११,८३६ | ३१५ | १३० |
| १३५ | बुर्किना फासो | ११,९३९ | ११,४०४ | १४२ | १३४ |
| १३६ | हङ कङ | १०,९५१ | १०,४९३ | १९८ | १३३ |
| १३७ | अन्डोरा | १०,८२२ | १०,३९४ | ११० | १३६ |
| १३८ | लेसोथो | १०,४९१ | ३,७४५ | २९२ | १४० |
| १३९ | ग्वाडेलौप | ९,७४६ | २,२४२ | १५९ | १३७ |
| १४० | सुरिनाम | ८,९१३ | ८,३९१ | १७० | १३८ |
| १४१ | कंगो | ८,८२० | ७,०१९ | १२८ | १४२ |
| १४२ | बहामाज | ८,५१९ | ७,३०९ | १७९ | १३९ |
| १४३ | गुयाना | ८,५१३ | ७,९४५ | १९५ | १४५ |
| १४४ | माली | ८,३५८ | ६,३५५ | ३५० | १४१ |
| १४५ | अरूबा | ७,८४९ | ७,५२६ | ७१ | १४६ |
| १४६ | ट्रिनिडाड एन्ड टोबागो | ७,७०४ | ७,४४५ | १३९ | १४४ |
| १४७ | दक्षिण सुडान | ७,५९७ | ४,१०७ | ९० | १४९ |
| १४८ | टोगो | ६,७३० | ५,५२२ | ८२ | १५३ |
| १४९ | सोमालिया | ६,६८७ | ३,७८४ | २२३ | १५४ |
| १५० | मार्टिनक्यू | ६,६८७ | ९८ | ४५ | १४७ |
| १५१ | निकारागुआ | ६,४४५ | ४,२२५ | १७३ | १४८ |
| १५२ | जिबौटी | ६,०६२ | ५,८९४ | ६३ | १५० |
| १५३ | आइसलान्ड | ६,०४९ | ६,००६ | २९ | १४९ |
| १५४ | इक्वेटोरियल गिनी | ५,९५७ | ५,६०५ | ९१ | १५१ |
| १५५ | बेनिन | ५,४३४ | ४,२४८ | ७० | १६० |
| १५६ | केन्द्रीय अफ्रिकी गणतन्त्र | ५,००४ | ४,९२० | ६३ | १५२ |
| १५७ | नाइजर | ४,७४० | ४,२५० | १७२ | १५६ |
| १५८ | कुरासाओ | ४,७१७ | ४,६३१ | २२ | १५५ |
| १५९ | गाम्बिया | ४,६९१ | ४,०८९ | १४८ | १५८ |
| १६० | जिब्राल्टर | ४,२३६ | ४,१२२ | ९२ | १५७ |
| १६१ | च्यानल टापू | ४,०३३ | ३,८९३ | ८६ | १६१ |
| १६२ | चाड | ३,९५७ | ३,४५० | १३८ | १६२ |
| १६३ | सिएरा लियोन | ३,८८४ | २,६१२ | ७९ | १६३ |
| १६४ | सान मारिनो | ३,६७१ | ३,२२४ | ७३ | १६४ |
| १६५ | कोमोरोस | ३,५५८ | ३,२५५ | १४४ | १६६ |
| १६६ | सेन्ट लुसिया | ३,३५६ | २,९१२ | ३५ | १८२ |
| १६७ | गिनी बिसाउ | ३,२४१ | २,५९७ | ४८ | १६५ |
| १६८ | बार्बाडोस | २,९९४ | २,२७० | ३३ | १७६ |
| १६९ | मंगोलिया | २,८६६ | २,१८३ | २ | १७३ |
| १७० | इरिट्रिया | २,८४७ | २,२५३ | ७ | १७० |
| १७१ | सेशेल्स | २,५९२ | २,२६३ | ११ | १८१ |
| १७२ | लिक्टेन्स्टाइन | २,५६४ | २,४८४ | ५४ | १६७ |
| १७३ | भियतनाम | २,४२६ | १,८३९ | ३५ | १७४ |
| १७४ | न्यु जीलान्ड | २,३७२ | २,२८० | २६ | १६८ |
| १७५ | यमन | २,२६७ | १,४३४ | ६२७ | १६९ |
| १७६ | बुरून्डि | २,१४३ | ७७३ | ३ | १७५ |
| १७७ | टर्क्स एन्ड कैकोस | २,०८८ | १,८४७ | १४ | १७८ |
| १७८ | सिन्ट मार्टेन | २,०५३ | १,९९३ | २७ | १७२ |
| १७९ | लाइबेरिया | २,०१० | १,८८४ | ८५ | १७१ |
| १८० | मोनाको | १,९४२ | १,६९२ | २३ | १७७ |
| १८१ | साओ टोम एन्ड प्रिन्सिप | १,७४५ | १,३३६ | २८ | १७९ |
| १८२ | सेन्ट मार्टिन | १,५४४ | १,३९९ | १२ | १८० |
| १८३ | सैन्ट भिन्सेन्ट ग्रेनाडिन्स | १,५३० | ९१३ | ८ | १८६ |
| १८४ | पपुआ न्यु गिनी | १,२२८ | ८४६ | १२ | १८५ |
| १८५ | ताइवान | ९५१ | ९०६ | ९ | १८३ |
| १८६ | भुटान | ८६७ | ८६२ | १ | १८४ |
| १८७ | कम्बोडिया | ७६७ | ४७७ | | १९२ |
| १८८ | डाइमन्ड प्रिन्सेस | ७१२ | ६९९ | १३ | १८७ |
| १८९ | बर्मुडा | ७०५ | ६८२ | १२ | १८८ |
| १९० | एन्टिगुआ एन्ड बर्बुडा | ७०१ | २७१ | १४ | १९७ |
| १९१ | फैरोए टापू | ६५८ | ६५७ | १ | १८९ |
| १९२ | मौरिसियस | ६१० | ५७१ | १० | १९० |
| १९३ | सेन्ट बार्थ | ५७३ | ४६२ | १ | १९६ |
| १९४ | तान्जानिया | ५०९ | १८३ | २१ | १९१ |
| १९५ | आइल अफ मान | ४७५ | ४१० | २५ | १९३ |
| १९६ | केमान आइलान्ड | ४४४ | ४१३ | २ | १९४ |
| १९७ | क्यारिबियन नेडरल्यान्ड | ४२९ | ४०२ | ४ | १९५ |
| १९८ | ब्रूनइ | १८५ | १७८ | ३ | १९८ |
| १९९ | ब्रिटिस भर्जिन टापू | १५३ | १३१ | १ | २०० |
| २०० | ग्रेनाडा | १४८ | १४७ | १ | १९९ |
| २०१ | डोमिनिका | १४२ | १२७ | | २०१ |
| २०२ | टिमोर लेस्टे | ११० | ८९ | | २०२ |
| २०३ | फिजी | ५९ | ५४ | २ | २०३ |
| २०४ | न्यू क्यालेडोनिया | ५८ | ५५ | | २०६ |
| २०५ | फक्लान्ड टापू | ५४ | ४६ | | २०७ |
| २०६ | मकाओ | ४८ | ४७ | | २०४ |
| २०७ | लावस | ४५ | ४२ | | २०५ |
| २०८ | सेन्ट किट्स एन्ड नेभिस | ४१ | ४० | | २०८ |
| २०९ | ग्रीनलान्ड | ३० | ३० | | २०९ |
| २१० | भेटिकन सिटी | २७ | १५ | | २१० |
| २११ | सेन्ट पीरे मिक्वेलोन | २४ | १६ | | २११ |
| २१२ | मोन्टसेराट | २० | १३ | १ | २१४ |
| २१३ | अन्गिवला | १८ | १८ | | २१३ |
| २१४ | सोलोमन टापू | १८ | १४ | | २१२ |
| २१५ | पश्चिमी सहारा | १० | ८ | १ | २१५ |
| २१६ | एमएस जान्डाम | ९ | ७ | २ | २१६ |
| २१७ | वालिस एन्ड फुटुना | ९ | ७ | | २१७ |
| २१८ | मार्शल टापू | ४ | ४ | | २१८ |
| २१९ | समोआ | ३ | २ | | २१९ |
| २२० | माइक्रोनेसिया | १ | १ | | २२० |
| २२१ | भनौतु | १ | १ | | २२१ |
| | **जम्मा** | ११३,९९१,७६४ | २,५२९,४२१ | ८९,५५०,८३१ | |
| | माघ १५ सम्म जम्मा | १०,१४,४१,९७९ | ७,३३,२८,७५८ | २१,८४,२८३ | |
| स्रोत | WORLDOMETERE | मिति : २०७७।११।१५ समय : ११:४५ (GMT: 06:00) | | | |

# स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (१६)

## परिच्छेद–८

## न्यायिक कार्य सम्बन्धी व्यवस्था

**४६. न्यायिक समिति** : गाउँपालिका तथा नगरपालिकामा संविधानको धारा २१७ बमोजिमको एक न्यायिक समिति रहनेछ ।

*(**धारा २१७**, (१) कानून बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहनेछ ।*

*(२) उपधारा (१) बमोजिमको न्यायिक समितिमा गाउँ सभा वा नगर सभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरू रहनेछन् ।)*

**४७. न्यायिक समितिको अधिकारक्षेत्र** : (१) न्यायिक समितिलाई देहायका विवादको निरूपण गर्ने अधिकार हुनेछः–

(क) आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,

(ख) अर्काको बाली नोक्सानी गरेको,

(ग) चरन, घाँस, दाउरा,

(घ) ज्याला मजुरी नदिएको,

(ङ) घरपालुवा पशुपंक्षी हराएको वा पाएको,

(च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,

(छ) नाबालक छोरा छोरी वा पति–पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको,

(ज) वार्षिक पच्चीस लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा,

(झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,

(ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,

(ट) सँधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको,

(ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुर्‍याएको,

(ड) सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरूपण हुने भनी तोकेका अन्य विवाद ।

(२) न्यायिक समितिलाई देहायका विवादहरूमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरूपण गर्ने अधिकार हुनेछः–

(क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको,

(ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,

(ग) पति–पत्नीबीचको सम्बन्ध विच्छेद,

(घ) अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,

(ङ) गाली बेइज्जती,

(च) लुटपिट,

(छ) पशुपंक्षी छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको,

(ज) अरुको आवासमा अनधिकृत प्रवेश गरेको,

(झ) अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको,

(ञ) ध्वनि प्रदूषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुर्‍याएको,


(ट) प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति बादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद ।

(३) उपदफा (२) बमोजिमको विवादको सम्बन्धमा पक्षले चाहेमा सिधै अदालतमा मुद्दा दायर गर्न बाधा परेको मानिने छैन ।

(४) यस दफामा उल्लिखित विवादमा प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिने कुनै हदम्याद तोकिएकोमा सोही म्यादभित्र र कुनै हदम्याद नतोकिएकोमा त्यस्तो कार्य भएको भए गरेको मितिले पैंतीस दिनभित्र न्यायिक समिति समक्ष निवेदन दिनुपर्नेछ ।

**स्पष्टीकरण** : यस परिच्छेदको प्रयोजनका लागि निवेदन भन्नाले उजुरी वा फिरादलाई समेत जनाउँछ ।

**(क्रमशः)**



Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 57

## CHAPTER XXV.

### MASSACRE IN THE PALACE

This conversation between Jang and Fateh Jang took place in the quadrangle surrounding the building of the Kot. When it was over, Fateh Jang went into the lower room on the ground floor, where Abhiman Singh Rana was sitting, and Jang went up to the Rani on the second or upper floor. It is supposed that Fateh Jang repeated to Abhiman Singh what Jang had just said to him; for Abhiman Singh immediately sent for the officers of his three regiments and desired them to be on the alert, and to load their muskets with balled cartridges. Jang, seeing from the window that the men were loading, directed the Rani's attention to the fact. She immediately left him and descended, sword in hand, to the large western apartment, where Fateh Jang, Abhiman Singh, Dalbanjan Pandi, and the other Sirdars, with some of Jang's brothers, were assembled. Addressing them all, she called out, "Who has killed my faithful General Gagan Singh? Name him quickly." No one answered, but Fateh Jang promised a full investigation. Much enraged, the Rani tried to use her own sword on Bir Kishor Pandi, who was in irons, but the three ministers restrained her, and trying to pacify her, followed her from the ball towards the upper story. The Rani mounted the dark and narrow staircase alone, the three ministers waiting at the foot of it (it is a steep narrow ladder rather than a staircase, dark, and surmounted by a trap-door), and preparing to follow her as soon as she had reached the second story, when suddenly shots were fired within the building, and Fateh Jang and Dalbanjan Pandi fell dead, and Abhiman Singh Rana wounded. Abhiman Singh, exclaiming " This is Jang's treachery," staggered back to the hall, and endeavoured to get out of it to join his regiment, which was out- side the building, in the surrounding quadrangle ; but Krishna Bahadur, with one stroke of his sword, nearly cut him in two, and he fell dead. This occurred in the presence of a number of Sirdars, Kajis, and other officers, among whom was Kharak Bikram Sah, son of Fateh Jang, and several other Chauntrias.

### ORIGIN OF THE MASSACRE

Hearing of his father's death in the adjoining pas- sage-room, and seeing Abhiman Singh cut down before his eyes, Kharak Bikram Sah hastily drew his kukery, and rushing on Bam Bahadur, inflicted a gash across his head, and another across the head of Krishna Bahadur ; then having cut down a sepoy, he turned again upon Bam Bahadur, who, quite un-prepared for this sudden melee, was somewhat stunned by the blow on his head, and half blinded by the blood which was streaming over his face, was endeavouring to draw his talwar from its sheath, in which it was fastened by a twisted knot. Kharak Bikram Sah's hand was upraised, and in another instant he would have cut down Bam, who was incapable of defending himself from his sword being entangled, when Jang Bahadur (who had been upstairs till now, but on hearing the noise below had rushed down) entering the apartment, and seeing his brother's danger, seized a rifle and shot Kharak Bikram Sah through the chest, and he, staggering backwards, was despatched by a sword-cut from Deher Shamshir, Jang's youngest brother. This was Jang's first appearance on the scene of bloodshed; he had been above at its commencement, waiting for and upon the Rani, and only came down on hearing the firing below.

The unpremeditated origin of the disturbance is confirmed by the fact of Bam being unarmed, except with his talwar, which he had not even taken the precaution to have ready for use, and which he had not time to draw in self defence, before he was attacked. Who fired the first and fatal shots on the three Sardars (Fateh Jang, Dalbanjan Pandi, and Abhiman Rana) as they followed the Queen out of the apartment, is unknown.* There had been high words passing below among the Sardars of different parties as the Queen withdrew, and it is probable that in the excitement of the wrangling, one or more of Jang's younger brothers, who were present, on seeing Abhiman Rana's soldiers loading their muskets in accordance with that General's orders, imagined that this was preliminary to some treachery against them or Jang, and rashly gave the order to fire on General Abhiman Rana. In the heat of the moment this order being obeyed by more than one excited partisan, several shots were fired at the General at the same instant, and Chautria Fateh Jang and Dalbanjan Pandi, who were standing at the time close to him, fell dead by the same discharge by which he was mortally wounded.

* In reporting to the Resident Lis own nomination to the office of Sole Premier on the 16th of September (two days after the massacre), and giving an account of the matter, Jang stated that on the Council being assembled to investigate into the death of Gagan Sing, the Queen publicly accused all the ministers by name as accomplices in the murder, and she called out to Gagan Sing's regiment to seize them, and she would have put them all to death en masse. Great confusion followed; the ministers mutually recriminated each other, swords were drawn, and the first blood was shed by Fateh Jang's son, who attacked and wounded Bam Bahadur. He said that Fateh Jang himself and the other ministers were killed, not at the outbreak, but during the progress of the slaughter. Jang says that had he not restrained her she would have put the Heir- Apparent and his brother to death at the time of the massacre, and imprisoned the Rajah. He always maintains that the massacre originated entirely in the violent and outrageous conduct of the Queen, who, holding supreme power at the time, ought to be held responsible for it.

**(To be continued)**

सम्पादकको पृष्ठ

# संसदीय व्यवस्था- बुच्चे कि 'मौलिक' ?

हामीलाई बहुदलीय प्रजातन्त्र अर्थात संसदीय व्यवस्था र गणतन्त्र शासन र व्यवस्थामा विगतका विकृति, विसंगति, अनियमितता, भ्रष्टाचारलगायतबाट मुक्त पार्न आवश्यक भएको हो । तर देश र जनताले व्यवस्थाको नाम र शासकको रूप बाहेक तात्त्विक रूपमा भिन्नता अनुभव गर्न पाएका छैनन् । नेपालसँगै स्वतन्त्र भएका देशहरू कहाँ पुगिसके हामी भने जतिसुकै दौडे र उफ्रेपनि इनारका भ्यागुता झैँ जहाँको तहिँ छौं । यसको निम्ति ठूल्ठूला डीङ हाँक्दै सत्तामा जाने दलहरू नै जिम्मेवार भएको तथ्यमा कसैको दुईमत नहोला ।

बहुदलीय प्रजातन्त्रलाई हिजो 'सर्वोत्कृष्ट' र 'अद्वितीय' भनेर प्रसंसा गरिएको थियो भने पूँजीवादी गणतन्त्रलाई पनि सत्तामा जानेहरूले त्यसरी नै व्याख्या गरिरहेका छन् । तर पञ्चायती मानसिकताबाट मुक्त न व्यवस्था देखियो न शासक नै । नेपाल र नेपालीको नियति यो र त्यो रूपमा 'उही नाम्लो उही कुम्लो' भइरहेको छ ।

यस्तो स्थितिमा देशलाई अग्रगति दिन, जनताको सर्वोच्चतालाई कायम राख्न राज्यका अङ्गहरूको भूमिका महत्त्वपूर्ण र प्रभावकारी हुनुपर्ने सबैको अपेक्षा हो । परन्तु प्रतिनिधिसभा पुनःस्थापनाको फैसलाले संसदीय व्यवस्थाका सर्वमान्य र स्थापित मूल्य-मान्यतामाथि नै प्रहार गर्दै नयाँ व्याख्या गरेको छ । फैसलामा भनिएको छ- 'संसदीय प्रणालीका अन्तर्भूत विशेषताहरूभन्दा फरक ढङ्गको आफ्नो मौलिकताबाट सिर्जना गरिएका संवैधानिक व्यवस्थाहरूको संरचनाबाट अनुप्राणित रहेको हुँदा यस संविधानमा परम्परागत संसदीय शासन प्रणालीका सबै गुणहरू स्वतः समाहित छैनन् ।'

फैसलाले संज्ञा दिएको देशको संसदीय व्यवस्थालाई 'मौलिक' ले हिजो पञ्चायत व्यवस्थालाई 'माटो सुहाउँदो' र बहुदलीय प्रजातन्त्रलाई 'सर्वोत्कृष्ट' र 'अद्वितीय' को मानसिकताकै झल्को दिएको छ ।

विश्वका सबै देशका संसदीय व्यवस्थाका गुणहरू समान छैनन्, धेर-थोर आ-आफ्ना विशेषताहरू सम्माहित भएकै हुन्छ । त्यसले 'मौलिक' प्रमाणित हुँदैन । तर संसद विघटन गर्ने प्रधानमन्त्रीको 'भरेको बन्दुक' संसदीय व्यवस्थाको नाक हो । नकटो वा बुच्चे संसदीय व्यवस्था के 'मौलिक' हुन्छ ?

हाम्रो संसदीय व्यवस्थालाई 'मौलिक' संज्ञा दिइएको फैसलाको मसी नसुक्दै राजनीतिक स्थायित्व सङ्कटमा पुगेको विश्लेषण हुन थालेको छ, सांसद खरिद बिक्रीको फोहोरी खेल उकालो लागेको छ, दोषीलाई सजाय र निर्दोषलाई पुरस्कार दिने सार्वभौम जनताको राजनीतिक अधिकार कुण्ठित भएको छ ।

हरेक जसो देशमा संविधानको व्याख्या न्यायपालिकाले गर्छ । तर संविधानको व्याख्याको अर्थ स्वस्थानी पढे जस्तो वा गायत्रीमन्त्र जपे जस्तो होइन । व्याख्या वर्तमान र भविष्यलाई दिशा निर्देश गर्ने प्रभावकारी मार्ग प्रशस्त गर्ने हुनुपर्छ । तर फैसला त्यस्तो नभएको अनुभव सम्भवतः 'ऐतिहासिक र साहसी' भन्नेहरूले पनि गर्न थालेको हुनुपर्छ । अथवा भविष्यमा पछुताउने निश्चित छ । अनि पुनःस्थापनाको फैसला गर्ने 'न्यायमूर्ति' हरू विकसित राजनीतिक सङ्कट, विकृति र विसंगतिको जिम्मेवारी र उत्तरदायित्वबाट पन्छिन पाउँछन् कि पाउँदैनन् ? सचेत जनतामा जिज्ञासा देखिन्छ ।

## भक्तपुर नगरपालिकाको आठौं नगरसभाका केही दृश्य (पुस २९-फागुन ३)










# बहुदलीय व्यवस्था पुनःस्थापनाका लागि शहादत प्राप्त गर्ने प्रातःस्मरणीय अमर शहीदहरूमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।



राजकुमार सुवाल
(२०२५ माघ १० - २०४६ फागुन ८)



कृष्णराम दुवाल
(२०२३ असार ७ - २०४६ फागुन ८)



हरिकृष्ण भुजु
(२०२७ फागुन २८ - २०४६ फागुन ८)



निर्मल कुमार शाक्य
(२०२२ असार १५ - २०४६ फागुन ८)



पुष्परत्न शाक्य
(२०१९ भाद्र १ - २०४६ चैत्र २६)



महेश श्रेष्ठ
(२०२३ - २०४७ बैशाख ३०)

## भक्तपुर नगरपालिका परिवार